जि.प्र.का. काठमाडौं, द.नं. ३६३/०७४/०७५

नेफ्स्कून

# साकोस आवाज
# SACCOS AAWAJ

नेफ्स्कूनको त्रैमासिक प्रकाशन

वर्ष ३ अंक १० फाल्गुन - बैशाख (२०७६)

## साकोस सञ्जाल व्यवस्थापनका सफलतम योजना



नयाँ बानेश्वर, काठमाडौं
फोन नं.: ०१-४७८१९६३, ४७८०२०१
इमेलः nefscun@nefscun.org.np

www.nefscun.org.np

# संघसंस्थाका विविध गतिविधिका झलकहरु



















**प्रकाशक**
नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफ्स्कून)

**संरक्षक**
डी.बी. बस्नेत
अध्यक्ष, नेफ्स्कून


**सूचना तथा प्रकाशन उपसमिति संयोजक**
चन्द्र प्रसाद ढकाल
महासचिव

**सूचना तथा प्रकाशन उपसमिति सदस्यहरू**
नवराज अर्याल
जगदिश शर्मा
हरेराम प्रसाद पट्टेल
पुण्यराज पुडासैनी

**सम्पादक**
शिवजी सापकोटा
प्रमुख कार्यकारी अधिकृत

**सह-सम्पादक**
राधा पौडेल
सूचना तथा सञ्चार अधिकृत

**आवरण/सज्जा**
एक्सिस प्रिन्टर्स प्रा. लि.
न्यूप्लाजा, काठमाडौं
०१-४४३६८६१




**सम्पादकीय**

*सहकारी सुशासन : सिद्धान्त र व्यवहार........ ५*
*सहकारीको दार्शनिक मान्यताहरु........ ११*
*सहकारी मर्जरका लागि सरकार दवाव दिन बाध्य हुने........ १३*
*सहकारी कर्मचारीहरुको अवस्था, दक्षता र अपेक्षा........ १७*
*सहकारीमा महिला सहभागिता : रोजगारीका लागि अवसर र चुनौती........ २१*
*नेपालमा सहकारी पर्यटनको सम्भावना : एक चर्चा........ २५*
*वित्तीय सहकारी सञ्जाल व्यवस्थापन : संघको आगामी रणनीतिक कार्यदिशा........ ३१*
*प्रभावकारी तालिम, शिक्षा र सूचना सहकारीमा जनशक्ति विकासको सवाल........ ३५*

© नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)
केन्द्रीय कार्यालयः नयाँ बानेश्वर, काठमाडौं
फोन नं.: ०१-४७८१९६३, ४७८०२०१, फ्याक्स नं.: ०१-४७८३०७१
इमेलः nefscun@nefscun.org.np, adcom@nefscun.org.np
वेबसाइटः www.nefscun.org.np

**यस साकोस आवाजमा प्रकाशित सबै धारणाहरु लेखकका निजी धारणा हुन् । -सम्पादक**

नेफ्स्कून

# सम्पादकीय

लामो पखाईपछि तर्जुमा भै कार्यान्वयनमा आएको नयाँ सहकारी ऐन २०७४ ले सहकारी सुशासनका लागि विस्तृत व्यवस्थाहरू गरेको छ । सहकारीका सिद्धान्त र मूल्यका सेरोफेरोमा रहेर सहकारीको संस्थागत विकासका लागि क्रियाशील हुनुपर्छ भन्ने मान्यता ऐनले राखेको छ । सहकारी नियमावली, २०७५ ले सहकारी ऐन, २०७४ का प्रावधान कार्यान्वयनका लागि कार्यविधिगत आधार तयार गरी सहकारी संस्थाभित्र असल संस्कृतिको विकास र सुशासन कायम गराउन विभिन्न पक्षको विस्तृत परिभाषा गरेको छ । सहकारी संस्थाहरूले सुशासन र आन्तरिक नियन्त्रणका लागि आन्तरिक कार्यविधि, मापदण्ड र नीतिहरू बनाउनु पर्ने कुरा पनि स्पष्ट पारिदिएको छ ।

कुनै व्यक्ति एकै प्रकृतिको एकभन्दा बढी सहकारीको सदस्य तथा सञ्चालक बन्न नपाइने, जुन उद्देश्यका लागि स्थापित सहकारी हो सोही अनुसार काम गर्नुपर्ने व्यवस्था, अभिलेख र सूचना प्रणालीको व्यवस्थापन, लाभांश वितरणको सीमा, ऋण लगानी तथा बचत परिचालन, विभिन्न कोषहरूको व्यवस्था, सम्पत्ति शुद्धीकरण सम्बन्धी निर्देशनको पालना, कर्जा सूचना केन्द्रको व्यवस्था, निरीक्षण, अनुगमन र प्रतिवेदनको व्यवस्था र कसुर, दण्ड सजायको व्यवस्था सम्बन्धमा नियमावलीले स्पष्ट परिभाषा गरेको छ । सहकारी नियामावलीले सन्दर्भ ब्याजदर तोक्ने आधार र प्रक्रियालाई स्पष्ट पारेको छ । यी व्यवस्थाहरूले संस्थाको संख्यात्मक विस्तार तथा बेथितिलाई व्यवस्थित र गुणस्तरीय बन्ने आधार दिएको छ । तरपनि कानूनी प्रावधानले मात्र सहकारी सुशासन कायम गराउन सहज छैन ।

सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ को सफलतम पूर्ण कार्यान्वयनबाट सहकारी क्षेत्रमा विविध उपलब्धीहरू प्राप्त हुनेछन् ।

दोहोरो सदस्यता अन्त्य हुने, जनसंख्याको आधारमा सहकारी मर्जर प्रक्रियाबाट आफूँखुसी सहकारी संस्था सञ्चालन गर्ने परिपाटीको अन्त्य हुने, एक भन्दा बढी सहकारीको नेतृत्वमा रही सहकारीलाई राजनीतिक प्रभावबाट परिचालन गर्नखोज्ने संस्कृतिको अन्त्य हुने, विषयगत उद्देश्यमा मात्र केन्द्रित हुनुपर्ने कार्यप्रकृतिबाट सहकारी संस्थामा वेथिती समाप्त हुने, संरक्षित पूँजी फिर्ताकोष, कर्जा सूचना केन्द्र, ऋण असुली न्यायाधिकरणको व्यवस्था, स्थिरीकरण कोषको व्यवस्था, सन्दर्भ ब्याजदरको व्यवस्था लगायतका राम्रा पक्षको कार्यान्वयनबाट सहकारी क्षेत्रको कारोवार प्रभावकारी र सुशासित बन्ने अपेक्षा आम सहकारीकर्मीको रहेको छ ।

**संरक्षकः** डी.बी. बस्नेत, अध्यक्ष, नेफ्स्कून
**सूचना तथा प्रकाशन उपसमिति संयोजकः** चन्द्र प्रसाद ढकाल । **सदस्यहरूः** नवराज अर्याल, जगदिश शर्मा, हरेराम प्रसाद पट्टेल, पुण्यराज पुडासैनी
**सम्पादकः** शिवजी सापकोटा, प्रमुख कार्यकारी अधिकृत, नेफ्स्कून
**सह-सम्पादकः** राधा पौडेल, सूचना तथा सञ्चार अधिकृत, नेफ्स्कून

**© नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)**
केन्द्रीय कार्यालयः नयाँ बानेश्वर, काठमाडौं, फोन नं.: ०१-४७८१९६३, ४७८०२०१, इमेलः nefscun@nefscun.org.np, वेबसाइटः www.nefscun.org.np

# सहकारीले ठूलो मात्रामा कृषि उत्पादनतर्फ जोड दिनुपर्छ : प्रधानमन्त्री

प्रधानमन्त्री केपी शर्मा ओलीले वर्तमान सरकारले अगाडि बढाएको प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम सहकारीको माध्यमबाट मात्रै सम्भव हुने भएकोले अब सहकारीहरूले ठूलो मात्रामा कृषि उत्पादनमा जोड दिनुपर्ने बताउनुभएको छ ।




भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, राष्ट्रिय सहकारी महासंघ र राष्ट्रिय सहकारी विकास बोर्डको संयुक्त आयोजनामा २०७५ चैत्र १९ गते काठमाडौंमा आयोजित ६२ औं राष्ट्रिय सहकारी दिवस विशेष समारोहका अवसरमा बोल्दै प्रधानमन्त्री वलीले सो कुरा बताउनुभएको हो ।

उहाँले नेपालको आधुनिकीकरणको पहिलो सर्त कृषिको आधुनिकीकरण भएको तर, २/४ कट्ठा जग्गामा सम्भव नहुनेहुँदा अब सहकारीमार्फत ठूलो क्षेत्रमा एउटै बाली लगाउन र प्रधानमन्त्री कृषि आधुनिकीकरणसँग जोड्न आग्रह गर्नुभएको थियो । सहकारीले ठुला फाँटमा धेरै उत्पादन गरेर किसानलाई पनि समृद्ध बनाउनु पर्नेमा जोड दिनुभयो । "हाम्रो अहिलेको समस्या भनेको खेतीको खण्डिकरण हो । यसलाई रोक्नु पर्दछ र चक्ला खेती सुरु गर्नु पर्दछ" प्रधानमन्त्री ओलीले भन्नुभयो । "भूगोल अनुसार जे बाली उत्पादन हुन्छ । त्यो ठूलो मात्रामा उत्पादन गर्नुपर्दछ । जसले गर्दा बजारीकरणमा समस्या हुँदैन ।"

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्मा अर्यालले नेपालमा वि.सं. २०१३ साल चैत्र २० गते चितवनको बखानपुरमा बखान सहकारीबाट शुरू भएको सहकारी अभियानले आज देशको कुल ग्राहस्थ उत्पादनमा ४ प्रतिशत, कुल कारोवार १८ देखि २० प्रतिशत, देशभर ३४,५१२ सहकारी संस्था सञ्चालनमा रहेको बताउनुभयो । मुलुकको आर्थिक समृद्धिका लागि सहकारीको यो महान अभियान, नेपालको संविधानले सहकारीलाई अर्थतन्त्रको प्रमुख तीन खम्बामध्येको मुख्य एक खम्बाको रूपमा गरेको व्यवस्थाले अब सहकारी एक्लै नभइ सरकार र सहकारी सँगसँगै योजनावद्ध ढंगबाट अगाडि बढ्ने बताउनुभयो ।



भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव गोपिनाथ मैनालीले सहकारीको संख्यात्मक बृद्धिलाई रोकेर गुणात्मक सहकारी निर्माणका लागि सहकारी एकीकरणप्रति आम सहकारीकर्मीहरूलाई आकर्षित गर्नुपर्नेमा जोड दिनुभयो । सहकारी एकीकरण रहर नभई बाध्यता र आवश्यकता हो, सहकारीहरूबीच एकीकरण हुँदा पूँजी सुदृढ भई सदस्यलाई दिने सेवामा गुणात्मकता ल्याउन सकिने र सहकारी नियमन पनि प्रभावकारी रहने उहाँले बताउनुभयो ।

# संघले सबै सदस्य संस्थाहरुको गुणस्तर सुनिश्चितता गर्ने

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) ले आवद्ध सबै सदस्यहरुको गुणस्तर सुनिश्चित गर्न तथा साकोसमा विद्यमान जोखिम सुपरिवेक्षण गरी अभियानलाई दीगो बनाउन गुणस्तर सुनिश्चितता तथा जोखिम सुपरिवेक्षण कार्यक्रम सञ्चालन तथा व्यवस्थापन नीति २०७५ कार्यान्वयनमा ल्याएको छ । संघमा आवद्ध सबै सदस्य संस्थाहरू कार्यक्रमहरूमा सहभागी हुन सक्ने गरी नीतिगत व्यवस्था संघले गरेको छ । परिमार्जित नीति २०७६ बैशाख १ गतेदेखि लागु भएको हो । एक्सेस, प्रोबेशन, कर्वस् तथा सार गरी चार तहका कार्यक्रमहरू यस नीति भित्र विकास गरिएको छ ।

एक्सेस कार्यक्रम एशियाली ऋण महासंघको प्राविधिक सहयोगमा विश्वस्तरका साकोस क्षेत्रका विकासलाई आन्तरिकीकरण गर्न २०६४ साल देखि सञ्चालनमा रहेको कार्यक्रम हो । यसको म्यानुअल अद्यावधिक गरी परिमार्जन सहित थप विकास गरिएको छ । त्यस्तै संघले विकास गरेको पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम (प्रोबेशन) कार्यक्रमको म्यानुअल अद्यावधिक गरी कार्यक्रमको नियमितता यस नीतिले गरेको छ । साकोस व्यवसायमा रहेको जोखिम विश्लेषण गरी स्व व्यवस्थापनको माध्यमबाट संस्थालाई सुरक्षित गर्न कर्वस् कार्यक्रम विकास गरिएको छ । एक्सेस, प्रोबेशन तथा कर्वस् कार्यक्रममा स्थालगत रूपमा नै सहजिकरण सेवा संघले उपलब्ध गराउने छ ।

त्यस्तै वित्तीय विवरण संघमा तोकिएको ढाँचामा पठाउने साकोसहरू सबैको नि:शुल्क गैर स्थलगत सेवा वार्षिक रूपमा दिने व्यवस्था संघको यस नीतिले मिलाएको छ । कर्वस् कार्यक्रममा स्थलगत सहजिकरणका लागि पाँच करोड, प्रोबेशन कार्यक्रममा स्थलगत सहजिकरण सहितको सेवाका लागि दश करोड र एक्सेस कार्यक्रममा स्थलगत सहजिकरणका लागि पच्चिस करोड भन्दा माथि वासलात भएमा समुदायमा आधारित साकोसहरूलाई प्राथमिकता नीतिले प्रदान गरेको छ ।

गुणस्तर सुनिश्चितताका कार्यक्रमहरुमा सहभागिताका लागि व्यवस्थापनको क्षमता, प्रविधिको उपलब्धतालाई पनि सहभागिताको आधार बनाइएको छ । यस नीतिले लागत सहभागितामा सञ्चालन भएका एक्सेस, प्रोबेशन, कर्वस् तथा सार कार्यक्रमहरूको साकोसहरूले गर्ने योगदान दरको समायोजन गरी समय सापेक्ष बनाएको छ । सबै कार्यक्रमको शुरू अवधि २ वर्षको कायम गरी एक कार्यक्रममा सहभागी भएपछि अरू २ वटा कार्यक्रमका प्रक्रियामा सहभागी हुन सक्ने नीतिगत व्यवस्था संघले गरेको छ ।

पाँच करोड भन्दा कम वासलात भएका साकोसहरूको लागि सार कार्यक्रम यस नीतिले तय गरेको छ । जसमा सामुहिक रूपमा जोखिम विश्लेषण गरी सहकारीका समसामयिक जोखिम व्यवस्थापन गर्न सकिन्छ । संघले राखेको सञ्जालिकृत दीगो साकोस अभियानको दुरदृष्टीलाई सहयोग पुग्ने गरी न्यूनतम मापदण्ड पुगेको सदस्य साकोसहरू जुन सुकै कार्यक्रमहरूमा सहभागी भइ निरन्तर गुणस्तर विकासमा अगडि बढ्न सक्ने व्यवस्था यस नीतिले गरेको छ । यस नीतिले कार्यक्रमका प्रक्रिया तथा प्रणालीहरूमा नविनताका साथै प्रविधिमा आधारित सेवा विकासलाई प्राथमिकतामा राखेको छ ।

पाँच कारोड भन्दा माथि कारोवार भएका सदस्य साकोसहरूलाई अनिवार्य गर्ने रणनीति सहित विकास गरिएको यस नीतिले बजारमा देखिएका साकोस व्यवस्थापनका चुनौतीहरूको सामना गर्न सहयोग गर्नेछ । एकका लागि सबै र सबैका लागि एक भन्ने भावनाबाट स्व अनुशासनमा रही सुरक्षित साकोस विकास मार्फत देश विकासमा योगदान र अभियानको छबी उच्च राख्न योगदान गर्ने अपेक्षा गरिएको छ ।

# सहकारी सुशासन : सिद्धान्त र व्यवहार



**गोपीनाथ मैनाली**

सचिव
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

**विषय प्रवेश**

संस्था वा व्यवसायलाई आदर्श पद्धति अनुरूप सञ्चालन गर्नु सुशासन हो । सिद्धान्त र मूल्यको अवलम्बन नै आदर्श पद्धतिका आधार हुन् । स्थापित उद्देश्य हासिल गर्न सिद्धान्त, विधि, प्रक्रिया र पद्धतिको अवलम्बन गरिन्छ, मानदण्ड स्थापना गरिन्छ । शक्ति, साधन र स्रोतको अभ्यास उचित तवरले गरेर नै संस्थाले सुशासन हासिल गर्दछ । बृहत परिप्रेक्ष्यामा भन्दा वैधता र आवाज, दिशावोध, कार्यउपलब्धी, उत्तरदायित्व र स्वच्छता सुशासनका सिद्धान्त हुन् । नेपालमा सुशासन (प्रत्याभूति र व्यवस्था गर्न बनेको) ऐन, २०६४ ले पारदर्शिता, वस्तुनिष्ठता, जवाफदेहिता तथा इमान्दारिता, आर्थिक अनुशासन, भ्रष्टाचारमुक्त, चुस्त र जनमुखी प्रशासन, समन्याय र समावेशीकरण जस्ता कुराहरूलाई सुशासनको आधारमा लिएको छ । सुशासन ऐनको बृहत्तर खाकाभित्र अन्य निकाय तथा व्यवसायका सुशासन पद्धतिहरू निर्दिष्ट हुन्छन् र विषयगत कानूनले यही खाकालाई आफ्ना विषयक्षेत्रमा कार्यान्वयन गरी संस्थाभित्र असल संस्कार र पद्धति विकास गर्दछन् ।

**सहकारीमा सुशासन**

संयुक्त स्वामित्व र प्रजातान्त्रिक नियन्त्रणमा रहने उद्यमको माध्यमबाट समान आर्थिक, सामाजिक तथा सांस्कृतिक आवश्यकता एवं आकांक्षा पूरा गर्न स्वेच्छाले एकतावद्ध व्यक्तिहरूबाट स्थापित संगठन सहकारी हो । वैयक्तिक उद्यमशीलता र कम्पनीका बजारवादी सिद्धान्तबाट सहकारी व्यवसाय पृथक भई सामूहिक हित र समान आवश्यकता पूरा गर्न केन्द्रित हुन्छ । मिहेनत र परिश्रम, सहकार्य र समर्पण सहकारीका गुण हुन् । यी गुणका आधारमा नै सहकारी समूह भावना परिचालन गर्न क्रियाशील हुन्छ । सिद्धान्त र मूल्य मान्यतालाई अवलम्बन गर्न सकिएमा सहकारिता एउटा आदर्श अभियान र जीवन पद्धति नै बन्न सक्छ ।

सहकारी समाजको अव्वल अभियान हो, जो आदर्श, स्वयम् अनुशासित र स्वयम् संयमित रहन्छ । सहकारीका आदर्श र अनुशासन कायम गर्न यो आफैमा सुशासित र स्वयम् शासित रहन्छ, जसलाई सहकारी सुशासन भन्ने गरिन्छ । सहकारी सुशासन तीन आयामको जोड हो । पहिलो असल प्रणाली, दोस्रो असल सम्बन्ध र तेस्रो

सहकारी समाजको अव्वल अभियान हो, जो आदर्श, स्वयम् अनुशासित र स्वयम् संयमित रहन्छ । सहकारीका आदर्श र अनुशासन कायम गर्न यो आफैमा सुशासित र स्वयम् शासित रहन्छ, जसलाई सहकारी सुशासन भन्ने गरिन्छ ।

असल कार्य । असल प्रणाली स्थापना यस्तो परिपाटी जसले स्रोत, साधन र शक्तिको आदर्श अभ्यास मार्फत संस्थाको उद्देश्य हासिल गर्न सघाएको हुन्छ । असल सम्बन्ध सञ्चालक, सदस्य र व्यवस्थापनबीच असल व्यवहार हो भने असल कार्य सहकारीको लक्ष्य र चाहना प्राप्त गर्न असल सोच, असल बुझाइ र असल कार्य गर्ने तत्परता हो । सहकारी सुशासनका केही सूचकहरू पनि छन्, जसले असल प्रणाली, असल सम्बन्ध र असल कार्यका मापन गर्दछ । सदस्यहरूको व्यवहार स्वच्छ र उचित छ ?, सहकारी सञ्चालन गर्ने व्यवस्थापन समूह सक्षम र कार्यकुशल छ ? सहकारीका कामप्रतिको जवाफदेहिता स्तर पर्याप्त छ ? सहकारी सञ्चालनका प्रक्रिया विधिसम्मत छन् ? सबै कारोवार पारदर्शी छन् ? र व्यवस्थापनले सदस्य मूल्य (मेम्वर्स भ्यालु) सिर्जना गरिरहेको छ ? जस्ता सूचकबाट नै सहकारी सुशासनको मापन गर्न सकिन्छ ।

**सहकारी सुशासनका आन्तरिक संयन्त्र**

सहकारीभित्र सुशासन कायम गर्न सदस्य, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र व्यवस्थापनले आआफ्नो भूमिका निर्वाह गर्नुपर्दछ । सञ्चालक समिति व्यवस्थापनप्रति सुपरिवेक्षण र निगरानी, नीति कार्यक्रम निर्माण, जोखिम तथा अवसरको आंकलन र बैकल्पिक योजना, कार्यक्रम समीक्षा, सदस्यलाई सहकारी शिक्षा दिने, सदस्य तथा पदाधिकारी आचार संहिता कार्यान्वयन, सदस्यहरूको रचनात्मक सहभागिता सुनिश्चित गर्ने, सामाजिक उत्तरदायित्वको काम, असल अभ्यास विनिमय, सम्बन्धपरक कार्य (सञ्चालक, व्यवस्थापन, सरकार, नियामक), संस्था सञ्चालनमा पारदर्शीता प्रवर्द्धन, सम्पत्ति शुद्धीकरण निवारण कानून कार्यान्वयन र प्रशासकीय कार्य मार्फत सुशासनको महत्वपूर्ण भूमिका खेल्ने पात्र हो । त्यस्तै व्यवस्थापन समूहले साधारण सभा एवं सञ्चालक समितिको निर्देशन र निगरानीमा रही संस्थाको रणनीति निर्माण एवं कार्यान्वयन, बोर्ड वैठकको एजेण्डा तय एवं सञ्चालन, बोर्डका निर्णयका कार्यान्वयन, लेखा सुपरिवेक्षण समितिको निर्णय कार्यान्वयन, संस्थाको रणनीतिक योजना कार्यान्वयन, संस्थाको बजेट कार्यक्रम तर्जूमा, स्वीकृतिका लागि प्रस्तुत र कार्यान्वयन, आन्तरिक नियान्त्रण, जोखिमहरूको पहिचान, आचार संहिता, सम्पत्ति शुद्धीकरण र पारदर्शिता प्रवर्द्धनको काम, व्यवस्थापन र बोर्डबीचको सम्बन्ध सूत्र लगायत अन्य प्रशासनिक कार्यमार्फत सुशासनलाई संस्थागत गराउने कार्यमा रहनु पर्दछ ।

लेखा सुपरिवेक्षण समिति अर्को महत्वपूर्ण पात्र हो जसले आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित पार्ने, प्रत्येक चौमासिकमा आलेप गर्ने गराउने, आधार भूत लेखा सिद्धान्त मानको प्रयोग, वित्तीय कारोवारको मूल्यांकन, समितिको कामको सुपरिवेक्षण र सल्लाह, लेखा प्रतिवेदन सभामा प्रस्तुति, सुझाव कार्यान्वयनको मूल्यांकन र हिनामिना र अनियमितता भएमा विशेष सभा बोलाउन सिफारिस जस्ता धेरै महत्वपूर्ण काम मार्फत सहकारीभित्र सुशासनलाई आन्तरिकीकरण गराउन मद्दत गर्दछ । त्यस्तै सहकारीका सदस्यले दैनिक कार्य सञ्चालनमा चासो राखेर, विभिन्न क्रियाकलापमा सक्रिय सहभागिता जनाएर र सूचना तथा प्रतिवेदन लिएर आफ्नो संस्थालाई सुशासित बनाउने भूमिका खेल्न सक्दछन् । साधारण सभामा औचिरिकतावस उपस्थित भएर शेयर लाभांश खोज्ने सदस्य सहकारी सुशासनमा योगादन गर्न सक्दैनन् ।

**सहकारी सुशासनमा संघहरूको भूमिका**

सहकारी संघहरू संस्थाभित्र पद्धति र सुशासन बसाल्न सहजकर्ताको भूमिकामा रहनसक्छन् । शिक्षा, स्वशासन, सहयोग, समझदारी र सुशासनजस्ता पक्षमा केन्द्रित रही संघहरूले आफ्ना कार्यक्षेत्रमा सहकारी प्रवर्द्धन एवं व्यावसायिकता विकासका लागि कार्य गर्दछन् । अनुगमन, सहजीकरण, क्षमता विकास, अध्ययन–अनुसन्धान, मार्फत सहकारी भावना, मर्म, मूल्य र मान्यता संस्थागत गर्नु गराउनु यस्ता संघहरूको कार्य हो । साथै समय समयमा मन्त्रालय, रजिष्ट्रार र रजिष्ट्रारको अधिकार प्रयोग गर्ने नियामक पदाधिकारीको निर्देशन अनुरुप संघहरूले सहकारी संस्थालाई सुशासनमा निर्दिष्ट गर्नसक्दछन् । संघहरूले सहकारीहरूको असल अभ्यास र अनुभव आदानप्रदान एवं प्रशिक्षा गरी संस्थाहरूलाई व्यावसायिक तथा सुशासित बनाउने भूमिका निभाउन सक्दछन् ।

सहकारी संस्थाहरू सहकारीका मर्म अनुसार चलुन र सदस्य केन्द्रित भावनाबाट सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक समृद्धि हासिल होस भनेर नै प्रारम्भिक संस्थाका साझा निकायका रूपमा विषयगत, भौगोलिक र केन्द्रीय संघ तथा राष्ट्रिय महासंघको गठन र कार्यको व्यवस्था सहकारी ऐन, २०७४ ले गरेको हो । शिक्षा, स्वशासन, सहयोग, समझदारी र सुशासन जस्ता पक्षमा केन्द्रित रही संघहरूले आफ्ना कार्यक्षेत्रमा सहकारी प्रवर्द्धन एवं व्यावसायिकता विकासका लागि कार्य गर्दछन् । अनुगमन, सहजीकरण, क्षमता विकास, अध्ययन–अनुसन्धान, मार्फत सहकारी भावना, मर्म, मूल्य र मान्यता संस्थागत गर्नु गराउनु यस्ता संघहरूको कार्य हो भन्ने स्पष्ट उल्लेख सहकारी ऐन, २०७४ को परिच्छेद ३ मा गरिएको छ । साथै ऐनको दफा २५ (ज) ले मन्त्रालय, रजिष्ट्रार र रजिष्ट्रारको अधिकार प्रयोग गर्ने नियामक पदाधिकारीको निर्देशन संघहरूले पालन गर्नुपर्ने उल्लेख गरेको छ । यी कानूनी तथा सैद्धान्तिक व्यवस्थाहरू सहकारीको विकास, विस्तार, विविधीकरण, विशिष्टीकरण र संस्थागत सुशासन प्रवर्द्धनमा लक्षित छन् । सहकारी सामुदायिक संस्था भएकोले समुदाय (सदस्य) को हित प्रवर्द्धनमा स्वयम् परिलक्षित होस् र स्वयम् नियमित, स्वयम् अनुगमित होस् भन्ने विधिको चाहना रहेको स्पष्ट छ । विधिले सहकारीलाई समाजको आदर्श संस्था, आदर्श अभियान र स्वयम् उत्तरदायी क्रियाकलापका रूपमा कल्पना गरेको छ । अन्तर्राष्ट्रिय सहकारी महासंघले पनि म्यानचेष्टर घोषणा (१९९५) मार्फत स्वावलम्बन, स्वउत्तरदायित्व, लोकतन्त्र,

समानता, समन्याय र ऐक्यवद्धतालाई सहकारी पहिचानका मूल आधार भनेको छ । यस घोषणाले पनि सहकारीलाई सामाजिक जीवनको आदर्श उदाहरणका रूपमा स्थापित गर्न, अझ भनौ सहकारीलाई जीवन पद्धति बनाउन आकांक्षा राखेको छ ।

के सहकारीका उल्लिखित सिद्धान्त र मूल्य व्यवहारमा देखिए ? ऐन र अभियानको आकांक्षा अनुवाद भयो ? यो नै हाम्रा सन्दर्भमा मात्र होइन, समस्त सहकारी अभियानका लागि यक्ष प्रश्न हुन्, जसको आधारमा सहकारीको सफलता मापन गरिन्छ ।

नेपालमा सहकारी संस्थाहरू विस्तारित छन् । पञ्चायती शासन व्यवस्थमा साझाहरू सीमित थिए, साझा भनिएपनि साझा (सहकारी) भावना अनुसार क्रियाशील थिएनन् । राजनैतिक दर्शनका भरिया थिए । पहिलो जनआन्दोलनपछि उदार प्रजातान्त्रिक वातावरणले सहकारी ऐन, सहकारी बोर्ड लगायत नीति संरचना स्थापना गरेपश्चात सहकारी विस्तार हुने अवसर पाए । सहकारी ऐन, २०४८ ले सहकारी संस्था विस्तारमा निकै बल पुऱ्यायो । दोस्रो जनआन्दोलनपछि निर्माण भई कार्यान्वयनमा आएको नेपालको संविधान र सहकारी ऐन, २०७४ ले सहकारीलाई विस्तृत महत्व र कार्याभूमिका दिएको छ र सहकारीहरू नेपाली जीवनको अक्षुण्ण भाग बन्ने हैसियतमा छन् । गत आर्थिक वर्षको आंकडा अनुसार ३४५१२ प्रारम्भिक सहकारी संस्था छन् भने संस्थाहरूको शेयर, निक्षेप र ऋण क्रमशः रू. ७३,३०२ र २७४ अर्ब पुगेको छ । कार्य प्रकृतिका आधारमा बचत ऋण (३९.३४), कृषि (३१.६४), बहुउद्देश्यीय, (१२.६७), देग्ध (४.८), विद्युत (१.३४) बाँकी ६ प्रतिशत कफी, जडीबुटी, मौरी, सञ्चार, स्वास्थ्य, उखु, जुनार आदिमा संलग्न छन् । विकसित मुलुकका आधारमा हेर्दा जनसंख्या र सहकारी संख्याको आयतन नेपालमा साघुरो छ भने नेपालकै बैंक तथा वित्तीय संस्थाका प्रति शाखाले करिव ४००० लाई सेवा पुऱ्याइ रहेका छन् भने औसत करिव ७०० मा एक सहकारी संस्था कार्यरत छ । आर्थिक वर्ष २०६९/७० सम्म संस्था विस्तारको वार्षिक वृद्धि दर १० प्रतिशत रहेकोमा त्यसपछिका आर्थिक वर्षहरूमा ३ प्रतिशतको हाराहारीमा रहेको छ । कति संख्या हाम्रा लागि उपयुक्त हो भन्ने कुरा स्पष्ट भन्न नसकिएता पनि सहकारी संस्थाहरूले विस्तारको चरण लगभग पार गर्नलागेको हो भन्न सकिन्छ र अब गुणस्तर र परिपक्वताको चरण अपेक्षित छ । गत आर्थिक वर्षबाट संघीयता कार्यान्वयनका सन्दर्भमा सहकारी संस्थाहरू कार्यक्षेत्रका आधारमा स्थानीय तह एवं प्रदेश सरकारमा हस्तान्तरण गरिएका छन् । संघीय सहकारी ऐनको मार्ग दर्शन अनुरूप स्थानीय तह तथा प्रदेश सरकारले सहकारी कानून निर्माण गरिसकेका छैनन् । त्यसैले सहकारी दर्ता, विगठन, नियमनका र प्रवर्द्धनका कामहरू हुन सकेका छैनन् । परिणामतः संस्था दर्तामा उल्लेख्य वृद्धि भएको छैन । साथै संघीय ऐनले सहकारी एकीकरणको व्यवस्था पनि गरेकोले विषय, कार्यक्षेत्र, भूगोल र भावना मिल्ने संस्थाहरू एकीकरण पनि हुदैछन् । यसबीच नियमनको संक्रमण पनि देखिएकोले संस्थाहरूको सुशासनको पक्ष कमजोर देखिन थालेको छ । किनकी सुशासन पक्षलाई बल पुऱ्याउने सुपरिवेक्षण, अनुगमन, प्रतिवेदन, तथ्यांक प्रणाली व्यवस्थापन र कमजोरीप्रतिको निगरानीका पक्षहरू व्यवस्थित भैसकेका छैनन् । काठमाडौं (३८३२), काभ्रेपलाञ्चोक (१४९५), ललितपुर (११५३), मोरङ (१०९१), धनुषा (९०९), झापा (८९१), सर्लाही (८५७), महोत्तरी (७९७), रूपन्देही (७७९) जस्ता शहरी क्षेत्रमा सहकारीको संख्यात्मक र कार्यगत विस्तार देखिएको छ । सहकारी संस्थाहरूबीच सहकार्य र समन्वय विस्तार हुन नसकी अस्वस्थ्य प्रतिस्पर्धा पनि देखिन थालेको छ भने कार्यक्षेत्रगत र सदस्यगत दोहोरो/तेहोरोपन देखिन थालेको छ । नियमनको संक्रमणका कारण संस्थाहरूको आन्तरिक नियन्त्रण प्रणाली र सुशासनका अन्य पक्षमा सुपरिवेक्षण हुन सकेको छैन । सदस्यहरूमा आफ्नै संस्थाको क्रियाकलापप्रति कम चासो, लोकतान्त्रिक व्यवस्थापन र सदस्य केन्द्रीयताको औपचारिकता देखिन थालेको छ । परिणामतः व्यवसाय, लगानी, बचत मा जोखिम पक्ष जोखिमयुक्त बन्दै जाने संभावना बढाएको छ । कानूनका प्रावधान विपरित समयमा साधारण सभा नगर्ने, साधारण सभालाई औपचारिकतामा लिने, सञ्चालकहरू नै व्यवस्थापन जिम्मेवारीमा रहने, सदस्यको दोहोरोपना, स्वार्थको द्वन्द्व रहने स्थिति पनि छ । कतिपय संस्थाहरू पारदर्शी छैनन, कतिपय संस्थाहरू समस्याग्रस्त बन्न थालेका छन् । यस अवस्थामा संघहरूको भूमिका अरू महत्वपूर्ण देखिएको छ । जिल्लाहरूमा रहेका जिल्लास्तरीय संघ र विषयगत जिल्ला संघ, २० विषयगत केन्द्रीय संघको क्रियाशीलताले यो अभावलाई पूरा

> सहकारीका सदस्यले दैनिक कार्य सञ्चालनमा चासो राखेर, विभिन्न क्रियाकलापमा सक्रिय सहभागिता जनाएर र सूचना तथा प्रतिवेदन लिएर आफ्नो संस्थालाई सुशासित बनाउने भूमिका खेल्न सक्दछन् । साधारण सभामा औचारिकतावस उपस्थित भएर शेयर लाभांश खोज्ने सदस्य सहकारी सुशासनमा योगादन गर्न सक्दैनन् ।

गर्नसक्छ । सहकारी संस्था/संघहरूको छाता संगठनका रूपमा रहेको राष्ट्रिय सहकारी महासंघले सहकारी संस्थाहरूको सुशासन प्रवर्द्धनमा नेतृत्वदायी भूमिका खेल्न सक्छ ।

संघहरूले आफूमा आवद्ध संस्थाहरूको कार्यप्रणालीको सवलीकरण, व्यावसायिकता विकास र सुशासनका लागि अभिभावक, उत्प्रेरक, क्षमता विकासकर्ता, सुपरिवेक्षक, अनुगमनकर्ता, सहजकर्ता र समस्या समाधानकर्ताको भूमिका खेल्नु पर्दछ । यी कार्य गर्दा सहकारीका आधारमूल्य र आदर्श एवं सहकारी ऐनले निर्दिष्ट गरेका कार्यलाई आधार मान्नु पर्दछ । यी कार्य गर्ने सन्दर्भमा संघहरू स्वयम् उदाहरण बन्न सकेनन् भने आफूमा आवद्ध संस्थाहरूप्रति निर्वाह गर्नुपर्ने भूमिका प्रभावकारी हुन सक्दैन । संघहरूले अन्य संघ तथा नियामक निकाय र स्वयम् संस्थासँगको सहकार्यमा यी कार्य गर्नसक्दछन् । व्यावसायिक मापदण्ड, कार्यसञ्चालन मापदण्ड, आन्तरिक कार्यविधि, लगानी, सेवा, जवाफदेहिता मापदण्ड जस्ता आधारमा संघले आवद्ध संस्थाहरूलाई सबल, सुशासित र स्वयम् शासित बनाउनु पर्दछ । संघहरूले सहकारी संस्थाका विनियमहरूमा एकरूपता ल्याउन सक्दछन्, एकीकरणलाई सहजीकरण गर्न सक्दछन्, व्यावसायिक योजना र बजार विविधिकरणमा सघाउन सक्छन्, कोपोमिसजस्ता सूचना व्यवस्थापन प्रणालीका सहजकर्ता बन्न सक्दछन्, अध्ययन र अनुसन्धान मार्फत नयाँ नीति र कार्यक्रमको पैरवी गर्न सक्दछन् र संस्थाभित्र रहेका मानवीय कमजोरी र संस्थागत अपचलनलाई निगरानी गर्न सक्दछन् । सरकार र संस्थाहरूबीचको सम्बन्ध सेतु बन्न सक्दछन् । तर यी कार्य गर्दा संघहरू भार होइन, अभिभावक बन्नु पर्दछ ।

कतिपय संघहरूले व्यावसायिक कार्यमापदण्ड व्यवस्थित रूपमा अपनाई संस्थाहरूको विश्लेषण एवं मूल्यांकन पनि गरिरहेका छन् । उदाहरणको लागि झापा जिल्ला सहकारी संघले आफूमा आवद्ध संस्थाहरूको मूल्यांकनका लागि 'पर्ल्स झापा' (कुप मापदण्ड) कार्यान्वयनमा ल्याएको छ । जस अन्तर्गत १०० अंकमा (क) सदस्यलाई न्याय र सुरक्षणमा २०, (ख) संस्थाको स्वास्थ्यमा २०, (ग) वैधानिकता र जवाफदेहितामा २०, (घ) नीति र योजनामा २० र (ङ) व्यवस्थापनमा २० अंकभार कायम गरिएको छ । नेफ्स्कूनले जोखिम विश्लेषण सूचकहरू प्रयोगमा ल्याएको छ, साना किसान केन्द्रीय संघले बजार अभिमुखीकरण र डेमोस्ट्रेशन कार्य अघि बढाएको छ । काठमाडौं जिल्ला संघले एकीकरणको अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्दैछ । यी केही सांकेतिक उदाहरण मात्र हुन् । अन्य संघहरूले पनि यस्ता कार्य गरिरहेका हुनसक्दछन् । यी बाहेक अन्य इनोभेटिभ अभ्यास ल्याउन सकिन्छ ताकि सहकारी संस्थाहरू जोखिमबाट टाढा रहुन, सदस्य केन्द्रीयता कायम रहन सकोस, साझा बन्धन वास्तविकतामा नै देखियोस्, संस्थाहरू निरन्तर क्रियाशील बन्न सकुन, संस्थाहरू स्वउत्तरदायी, स्वनियमित र स्वयम् सुशासित बनिरहन सकून । अन्ततः सहकारीका यी आदर्श मूल्यहरूको ग्रहण समाजका अन्य संस्थामा समेत विस्तार भई स्वावलम्बन र सहकारी संस्कृति नेपाली समाजमा विकास हुन सकोस् । सहकारी नेपाली जीवन पद्धति बन्न सकोस ।

**सहकारी सुशासनमा ऐन तथा नियमावली**

लामो पखाईपछि तर्जुमा भई कार्यान्वयनमा आएको नयाँ सहकारी ऐन २०७४ ले सहकारी सुशासनका लागि विस्तृत व्यवस्थाहरू गरेको छ । ऐनले सहकारीका आधारभूत मूल्य र मान्य सिद्धान्तलाई सहकारी सञ्चालनको मर्मको रूपमा उल्लेख गरेको छ । सहकारी संस्थाहरू, नियामक निकाय र विषयगत संघ एवं महासंघहरू सहकारीका यिनै सिद्धान्त र मूल्यका सेरोफेरोमा रहेर सहकारीको संस्थागत विकासका लागि क्रियाशील हुनुपर्छ भन्ने मान्यता ऐनले राखेको छ । कार्यक्षेत्रमा आधारित भई सदस्य केन्द्रित आर्थिक, सामाजिक तथा सांस्कृतिक समृद्धि हासिल गर्नु सहकारीको उद्देश्य हुने कुरा उल्लेख छ । संस्था सञ्चालनमा वाधा नपरोस भन्ने उद्देश्यले ऐनले विभिन्न पक्षको विस्तृत परिभाषा गरेको छ । सहकारी संस्थाहरूले सुशासन र आन्तरिक नियन्त्रणका लागि आन्तरिक कार्यविधि र मापदण्ड र नीतिहरू बनाउनु पर्ने कुरा पनि स्पष्ट पारिएको छ ।

एकै व्यक्ति सञ्चालक र कर्मचारी रहेमा स्वार्थको द्वन्द्व र नियन्त्रण र सन्तुलनको स्थिति विग्रन सक्छ भन्नेमा पनि ऐन स्पष्ट छ । साथै कुनै व्यक्ति एकै प्रकृतिको एकभन्दा बढी सहकारीको सदस्य तथा सञ्चालक बन्न नपाइने, एक उद्देश्यमा स्थापित संस्थाले स्थापनाका समयमा जुन कार्यलाई मुख्य कारोवार भनेको थियो, त्यसैलाई मुख्य कारोवार बनाउनु पर्ने, जथाभावी रकम लगानी गर्न नपाइने, लगातार तीन साधारणसभामा विनासूचना अनुपस्थित भए सदस्यता नरहने, सञ्चालन पद्धति सदस्य केन्द्रित र लोकतान्त्रिक हुनुपर्ने र सदस्यबीच आपसी साझा बन्धन (कमन वण्ड) कायम हुनुपर्ने र संस्थाको सेवा उपयोग गर्नेलाई मात्र सदस्य बनाउनुपर्ने जस्ता पक्षमा ऐनले विशेष व्यवस्था गरेको छ । आन्तरिक सुशासन, आर्थिक स्थायित्व, जोखिम व्यवस्थापन, आन्तरिक नियन्त्रणका लागि नियामक निकायका निर्देशन पालना गर्नुपर्ने, सदस्य सहभागिताका विस्तारित मञ्च विकसित गर्नुपर्ने र मन्त्रालयबाट स्थापित कोपोमिस प्रणालीमा आवद्ध हुनुपर्ने दायित्व पनि सहकारी संस्थाहरूमा रहेको छ ।

ठूलो कार्यक्षेत्रमा विस्तारित सहकारी संस्थाहरूमा लोकतान्त्रिक पद्धति कायम हुन असजिलो पर्दछ, साथै एकै कार्यक्षेत्रमा एकै प्रकृतिका धेरै प्रारम्भिक सहकारी संस्थाहरू भएमा सेवा तथा उत्पादनको विशिष्टीकरण र व्यावसायिकतामा आँच आउन सक्छ । यसर्थ नयाँ सहकारी ऐनले संस्थाको एकीकरण, खण्डीकरण र विशिष्टीकरणको प्रावधान पनि राखेको छ । सहकारी आफैमा समावेशी संस्था भएकाले महिला सदस्य कम्तिमा पनि ३३ प्रतिशत हुनैपर्ने व्यवस्था गरिएको

छ । अभिलेख र सूचना प्रणालीको व्यवस्थापन, लाभांश वितरणको सीमा, ऋण लगानी तथा बचत परिचालन, विभिन्न कोषहरूको व्यवस्था, सम्पत्ति शुद्धीकरण सम्बन्धी निर्देशनको पालना, कर्जा सूचना केन्द्रको व्यवस्था निरीक्षण, अनुगमन र प्रतिवेदनको व्यवस्था र कसुर, दण्ड सजायको व्यवस्था पनि ऐनले सुशासनका सन्दर्भमा राखेका प्रावधान हुन् । संस्थाहरूको सुशासनमा विषयगत संघ र राष्ट्रिय सहकारी महासंघले सक्रियता देखाउनुपर्ने विषयलाई पनि पहिलोपटक स्पष्ट उल्लेख गरिएको छ । तर कानूनी प्रावधानले मात्र सहकारी सुशासन कायम हुन सक्दैन, ती प्रावधानको अनुशरणमा नै सुशासन देखिने हो ।

यी प्रावधानहरूले संस्थाको संख्यात्मक विस्तार तथा बेथितिलाई व्यवस्थित र गुणस्तरीय बन्ने आधार दिएको छ । संस्थालाई नियामक संस्थाबाट गरिने व्यवहार र कारोवारको विश्लेषणका लागि यसले आधार दिएको छ । त्यस्तै आफ्नो व्यावसायिक आवश्यकताका आधारमा दर्ता हुँदाका बखतको विषय परिवर्तन गर्नसक्ने गरी आधार शर्तहरू राखिएको छ । ता कि एक विषयमा दर्ता गरिएका संस्थाहरू त्यही विषय क्षेत्रमा मात्र मुख्य कारोवार गर्न प्रोत्साहित हुन सकून ।

सहकारी सुशासनका सन्दर्भमा अहिले बढी उठेको प्रश्न संस्थाहरूको आर्थिक कारोवारमा लिने-दिने बीचको ब्याजको

प्राप्त बैंकहरूको औसत ब्याज दर,

- ब्याज दरका सम्बन्धमा नेपाल सरकारका मन्त्रालय र नेपाल राष्ट्र बैंकले गरेका अध्ययन प्रतिवेदनहरू,
- राष्ट्रिय सहकारी महासंघ, विषयगत संघहरूबाट प्राप्त सुझाव,
- सन्दर्भ ब्याज दर निर्धारण समितिले उपयुक्त देखेका अन्य आधार ।

उल्लिखित आधारहरूबाट सन्दर्भ ब्याज दर निर्धारण गर्दा यी तीन सिद्धान्त अवलम्बन गर्नुपर्ने व्यवस्था छ :

(क) बचतमा भारित औसत ब्याज दरभन्दा सामन्यतया बढी,

(ख) ऋणमा भारित औसत ब्याज दरभन्दा सामान्यतया कम,



सहकारी नियामावली, २०७५ ले सहकारी ऐन, २०७४ का प्रावधानका कार्यान्वयनका कार्यविधिगत आधार तथा संरचना सञ्चालनका प्रक्रियाहरू विस्तृत बनाइ सहकारी संस्थाभित्र असल संस्कृति विकासमा योगदान पुऱ्याउने व्यवस्थाहरू गरेको छ । सहकारीलाई व्यवस्थित, व्यावसायिक र विशिष्टीकृत बनाई संस्थात्मक संस्कृतिको विकास गर्ने उद्देश्यले विशिष्टीकृत सहकारी संघको गठन विधिहरू व्यवस्था गरिएको छ । त्यस्तै बचत तथा ऋण सहकारी संस्थाको दर्ताको मापदण्ड निर्धारण गरिएको छ । सहकारी संस्थाहरूको कार्यक्षेत्र समेत निर्धारण गरिएको छ ।

अन्तर, ब्याज दरमा रहेको असमानता र यससँग जोडिएका बेथितिहरूसँग सम्बन्धित छन् । यस विषयलाई व्यवस्थित गर्न सहकारी नियामावलीले सन्दर्भ ब्याज दर तोक्ने आधार र प्रक्रियालाई स्पष्ट पारेको छ । रजिष्ट्रारको अध्यक्षतामा रहने निर्धारण समितिले यी चार आधारमा सन्दर्भ ब्याज दर निर्धारण गर्दछ :

- बचत तथा ऋण कारोवार गर्ने केन्द्रीय विषयगत संघमा आवद्ध संस्था र संघहरूको औसत ब्याज दर
- सहकारी बैंकको औसत ब्याज दर,
- बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून बमोजिम 'क' वर्गमा इजाजत

(ग) बचत र ऋणको ब्याज दरको अन्तर ६ प्रतिशतभन्दा घटी ।

सहकारी संस्थाहरूको दिगोपना, वित्तीय स्वस्थता र व्यावसायिकता कायम गरी सुशासन प्रवर्द्धन गर्न ऐनले व्यवस्था गरेको विभिन्न कोषहरूको सञ्चालन विधि र आधारहरू पनि नियामावलीले स्पष्ट पारेको छ । यी कोषहरूमा संरक्षित पूजी फिर्ता कोष, सहकारी प्रवर्द्धन कोष, सहकारी बचत तथा कर्जा सुरक्षण कोष, स्थीरीकरण कोष र अन्य कोषहरू रहेका छन् । यी कोषहरू विशिष्टीकृत सहकारी संघका ढाँचामा सहकारी सिद्धान्त अनुरूप सञ्चालनमा आउने छन् ।

त्यसैगरी विशिष्टीकृत सहकारी संघको ढाँचामा नै कर्जा सूचना केन्द्रको स्थापना र सञ्चालन हुने व्यवस्था छ । सहकारी शिक्षा र पाठ्यक्रम सम्बन्धी नीति र सहकारी सम्बन्धी शैक्षिक क्रियाकलापको प्रमाणीकरणका लागि मन्त्रालयका सचिवको संयोजकत्वमा प्रमाणीकरण समितिको व्यवस्था छ ।

सहकारी संस्थालाई सहकारीका मूल्य र सिद्धान्त अनुरूप सञ्चालन गराउन, मानकहरूको अवलम्बन गराउन र विधि प्रक्रियाबाट सञ्चालन गराउन निरीक्षण तथा अनुगमनको महत्वपूर्ण भूमिका रहन्छ । अनुगमन प्रभावकारी नहुँदा वित्तीय जोखिम बढ्न गई संस्था नै धराशायी पर्ने र सहकारी मुल्यको स्खलन हुने सम्भावना पनि रहन्छ । संविधान अनुसार सहकारी नियमनको विषय तीनै तहको सरकारमा रहेकाले पनि निरीक्षण तथा अनुगमनमा विधिगत एकरूपता आवश्यक छ । यसै कुरालाई संवोधन गर्न नियमावलीले निरीक्षण र अनुगमनको कार्यक्षेत्र र विधिलाई देहाय अनुसार व्यवस्था गरेको छ :

- सहकारी बैंकका अतिरिक्त रू ५० करोडभन्दा बढी बचत तथा ऋण कारोवार गर्ने संस्थाको निरीक्षण र हरहिसाब जाँच नेपाल राष्ट्र बैंकले गर्न, गराउन सक्ने,
- स्थानीय तह नियमन क्षेत्राधिकार भित्रका रू ५ करोडभन्दा बढी बचत दायित्व भएका संस्थाको स्थानीय तह र प्रदेश सरकारको नियामक निकायको तर्फबाट निरीक्षण गरिने,
- स्थानीय तह वा प्रदेश सरकारको क्षेत्राधिकार भित्रका रू २५ करोडभन्दा बढी बचत दायित्व भएका संस्थाको स्थानीय तह, प्रदेश सरकारको नियामक निकाय र विभागका तर्फबाट निरीक्षण अनुगमन गरिने,
- रू ५० करोडभन्दा बढी बचत दायित्व भएका सहकारी संस्थाको स्थानीय तह, प्रदेश सरकारको सहकारी नियमाक निकाय, विभाग र नेपाल राष्ट्र बैंकबाट निरीक्षण अनुगम गरिने,
- रू ५ करोडभन्द बढी वित्तीय कारोवार गर्ने सहकारी संस्थाले नियम प्रारम्भ भएको एकवर्षभित्र मन्त्रालयले स्वीकृत गरेको एकीकृत व्यवस्थापन सूचना प्रणालीमा आवद्ध भैसक्नुपर्ने ।

साथै सहकारी संस्थाहरूले सुरक्षण, वित्तीय संरचना, सम्पत्तिको स्तर, तरलता, लगानीको क्षेत्र लगायतका विषयमा विभागले तेकेको मानकहरू पनि कार्यान्वयन गर्नुपर्ने हुन्छ । सोको पालन गरे नगरेको अनुगमन विभागले गर्नुपर्दछ । विभागले यसरी अनुगमन गरिएका विषय लगायत सहकारीको सम्पूर्ण पक्षहरूको विवेचना सहितको प्रतिवेदन वार्षिक रूपमा मन्त्रालयमा पेश गर्नु पर्दछ । प्रतिवेदनका आधारमा मन्त्रालयले सहकारी सुशासनका लागि लिनुपर्ने कदम र सहकारी प्रवर्द्धन एवं प्रोत्साहनका क्षेत्र पहिचान गर्न सक्दछ ।

**सहकारी सञ्जाल र सहकारी सुशासन**

मन्त्रालय, विभाग, राष्ट्रिय सहकारी महासंघ, विषयगत केन्द्रीय संघहरू लगायत सहकारी क्षेत्रमा सरोकार राख्ने व्यक्ति/निकायको संलग्नतामा राष्ट्रिय सहकारी सञ्जालको गठन भएको छ । यो एक प्रकारको अनौपचारिक अन्तरक्रिया मञ्च (लूज फोरम) हो । यसले आवधिक रूपमा सहकारी क्षेत्रमा देखिएको राम्रा कुराहरू, कमी कमजोरीहरू एवं असल अभ्यासहरूको विनिमय गर्दछ । सहकारी सरोकारवाला, नियामक निकाय र नीतिगत तहका पदाधिकारीको यस प्रकारको सञ्जालले सहकारीलाई मूल्यमान्यता र सिद्धान्तको कार्यान्वयन गराउन, Roght Tracking गर्न, सुझाव लिनदिन सघाइरहेको छ ।

**उपसंहार**

नेपालको आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा सहकारी संस्थाहरूले उल्लेख्य योगदान गर्दै आएका छन् । सुशासनको स्थिति जति दरिलो बनाउन सक्यो, सहकारीको समाज र राष्ट्रिय विकासमा योगदान त्यत्तिकै बढ्दै जाने स्पष्ट छ । तर कतिपय सहकारीहरूमा अझै पनि सुशासनको पक्ष सुधार गर्नुपर्ने अवस्थामा देखिएको छ । कतिपय सहकारीहरू सहकारीका मान्य मूल्य र सिद्धान्तका आधारमा चल्न सकेका छैनन् । सहकारी सहकारीबीचको सहकार्यभन्दा प्रतिष्पर्धा पनि देखिएको छ । संस्थाको कारोवारमा पारदर्शिताको पक्ष पनि कमजोर देखिएको छ । कमजोर धितो लिने, सदस्यको धितोलाई आग्रही रूपमा लिलाममा लैजाने, गैरसदस्यमा गई कारोवार गर्ने, एकै व्यक्ति फरकफरक नामबाट सदस्य बन्ने, बचत तथा लगानीमा कानूनी मापदण्डको पालन नगर्ने, संकलित बचत तथा शेयरको रकमबाट विपरीत बैंक तथा वित्तीय संस्थाको शेयर खरिद गर्ने र ठूलो बचत लगानी गर्दा अपनाउनु पर्ने पर्ल्स अनुगमन पद्धति अवलम्बन नगर्ने जस्ता कुराहरू पनि कतिपय सहकारी संस्थामा देखिएको छ । स्वनियमनमा रहनुपर्ने संस्थाहरू स्वनियमनमा रहन नसक्दा सुशासन कायम हुन नसक्ने प्रष्ट छ । साथै सदस्यहरू संस्थाभित्रको क्रियाकलापमा निस्क्रिय रहने र आफू सदस्य भएको संस्थाको सेवा उपयोगमा ध्यान नदिने प्रवृत्तिले पनि सहकारी सुशासनमा केही बाधा पुगेको छ । मुलुक संघीय शासन प्रणालीमा गएको र सहकारी तीनै तहको सरकारको कार्यक्षेत्रमा पर्न गएको सन्दर्भमा सूचना व्यवस्थापन र नियमन प्रणालीमा आउनसक्ने संक्रमणमा स्वयम् सहकारी चनाखो भई स्वयम् नियमन र स्वयम् अनुशासनमा रहेर सुशासन स्थापनामा सक्रिया हुनु पर्दछ ।

**सन्दर्भ**


१. सहकारी सम्बन्धी ऐनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन, २०७४

२. सहकारी नियमावली, २०७५

३. लेखकद्वारा यसअघि विभिन्न सहकारी भेलामा प्रस्तुत कार्यपत्रहरू ।

# सहकारीको दार्शनिक मान्यता

**परितोष पौड्याल**

बरिष्ठ उपाध्यक्ष
नेफ्स्कून



प्रस्तुत मुल्यको आधारमा सहकारी संस्थालाई नैतिक समानताको आधारमा मार्गदर्शन गर्नु पर्दछ । सहकारिता हरेक सदस्यको आचरण र व्यवहार नैतिक समानताको आधारमा सञ्चालित हुनु पर्दछ ।

समाज विज्ञानमा मानव जातिको बीचमा समानता न्यायको लागि विभिन्न दार्शनिक सोच र अवधारणाहरू विकास भएका छन् । सहकारी चिन्तन पद्धतिको व्यवहारिक प्रयत्न, अभ्यास र सोचले सहकारीतामा आधारित जीवन पद्धति विकासको परिकल्पना भयो । यो जीवन पद्धतिमा सहकारी दर्शनको विकासले समानता र न्यायमा आधारित मानव समाजको निर्माण गर्नु पर्दछ । आज सहकारीताको अपरिहार्यताले विश्वव्यापी रूपमा मानिसहरूको जीवन पद्धतिलाई रूपान्तरण गर्दै छन् । उल्लेखित सहकारी र्दशनले सिर्जना गरेका आधार भूत मान्यताका आधारमा हाम्रा लक्ष्य र उद्देश्य लक्षित हुनु पर्दछ ।

### एकको लागि सबै र सबैको लागि एक ।

वित्तीय सहकारीले सदस्यलाई पहिलो प्राथमिकतामा राखी समृद्धिको यात्राको नेतृत्व गर्दछ । समृद्धिको यात्राका दुई पक्ष आर्थिक विकासको लागि एकको लागि सबै र सबैको लागि एकको भावनाका साथ विश्व बन्धुत्वको आधारमा वित्तीय समावेशीकरण (वित्तीय सक्षमता, वित्तीय पहुँच र वित्तीय उपलब्धता) का आधारमा उत्पादन र सेवाको विस्तार तथा स्तरयुक्त जीवनको लागि वित्तीय शिक्षा, व्यवसायीक शिक्षा र संस्कृति (जीवन पद्धति र चिन्तन पद्धति) को शिक्षा मार्फत जीवनस्तर विकास गर्न नागरिकहरूले वित्तीय सहकारीको सञ्चालन, व्यवस्थापन र विकास गर्दछन। बचत तथा ऋणका प्रवर्तक राइफाइसनका अनुसार सहकारीका सदस्यहरूले शुन्दर सन्सार र सन्ततिको उज्ज्वल भविष्यको निर्माणका लागि सहकारीमा संगठित सदस्यहरूले स्वसहयोग, स्वशासन र स्व उत्तरदायित्वको आधारमा आफ्ना क्रियाकलाप र गतिविधिलाई सञ्चालन गर्दछन् ।

### वित्तीय सहकारीहरू नाफाका लागि होइन, दानको लागि होइन सेवाका लागि हुन ।

वित्तीय सहकारीहरू नाफाको लागि सन्चालित गरिदैन बरू यिनीहरूले आफ्ना सदस्यहरूलाई सम्पूर्ण वित्तीय समाधान सहित उनीहरूको जीवनस्तर विकासका लागि योगदान पुर्‍याउँछन् । समुदायमा आधारित यस्ता संस्थाबाट फाईदालाई कम गरी ऋणमा कम व्याजदर र बचतमा बढी ब्याजदर र सदस्यहरूलाई न्यून सेवाशुल्क लिई स्तरिकृत सेवामा पहुँच दिनु पर्दछ । वित्तीय सहकारी संस्थाहरू फाइदा प्रेरित सेवा उन्मुख संस्था भएकाले WOCCU ले "Not

for Profit, Not for Charity, But for Service." भन्ने थिमलाई दार्शनिक रूपमा स्विकार गरेको छ ।

**वित्तीय सहकारी संस्थाहरू स्वयसेवीबाट सञ्चालित गरिन्छ ।**

सहकारी संस्थाहरूमा मानिसहरूले सदस्यहरूको इच्छा, चाहना र आवश्यकता परिपूर्तिको लागि आफुसँग भएको शक्ति, समय र ज्ञानलाई मुल्यमा गणना नगरी स्वयमसेवीको रूपमा संगठित भई सहकारीको दर्शन र राज्यको कानूनबाट निर्देशित भई सञ्चालन गर्दछन । संस्था सञ्चालन गर्ने दायित्व, जिम्मेवारी, कार्य र कामको आधारमा भूमिका निर्वाह गर्दछन । सुशासन र नीतिको सर्वोत्चताको लागि संस्थाको नीति निर्माता र नीति कार्यान्वयन गर्ने पक्ष फरक फरक हुनु पर्दछ । संस्थाहरू स्वयसेवीको एउटाको विवेकको आधारमा होइन लिखित गरिएका र प्रमाणित गरिएका नीतिको आधारमा चल्नु पर्दछ ।

**नैतिक समानताको लागि सहकारी मार्फत सामाजिक पूँजीको निर्माण गर्नु पर्दछ ।**

सहकारी अभियानको जीवनशील तत्वलाई भनेको स्वयंसेवकको निर्दिष्ट आचरण, सदस्यको विश्वास र पारस्परिक सहयोगबाट गतिशील बनाउनु पर्दछ । संस्था र सदस्य बीचको सम्बन्ध आधार मुल्य र संस्था र समाज बीचको सम्बन्ध नैतिक मुल्य हुन् । प्रस्तुत मुल्यको आधारमा सहकारी संस्थालाई नैतिक समानताको आधारमा मार्गदर्शन गर्नु पर्दछ । सहकारिता हरेक सदस्यको आचरण र व्यवहार नैतिक समानताको आधारमा सञ्चालित हुनु पर्दछ । सामाजिक पूँजीले समुदायको प्रभावकारी कार्यसम्पादन, वित्तीय सहकारी संस्थाका साझा सिद्धान्त, साझा बुझाई, साझा मुल्य र मान्यता, पहिचानको साझा अर्थ, एक साझा ज्ञान र पारस्परीकतामा आधारित सामर्थको विकास गर्दछ । सामाजिक पूँजीको रूपमा नेफस्कूनले निर्माण गरेको एकरूपता प्रणाली सामाजिक पूँजीको निर्माण, रणनीतिक गठबन्धन र पहिचानको आधारमा मुल्यको सिर्जना गर्दछ ।

**सहकारीले विपतको समयमा ऐक्यवद्धता जनाउनु पर्दछ ।**

सुखमा साथ दुखमा हातको भावनाबाट सदस्यहरूलाई विषम आर्थिक अवस्थामा संस्थाको तर्फबाट सहयोग पुऱ्याउनु पर्दछ । सदस्यको नियन्त्रण वाहिरको परिस्थितिमा सदस्यहरूलाई राहतको लागि सहकारी संस्था तयार रहनु पर्दछ । २०७२ सालको भुकम्पको समयमा नेफ्स्कूनले सदस्य संस्थाहरूलाई विपत व्यवस्थापनको लागि तात्कालिन अवस्थामा राहत र दीर्घकालिन अवस्थामा सहयोगको लागि सुलभ र सस्तो ऋणको प्रवन्ध गरेको थियो । सहकारीले पूँजीको परिचालनमा सदस्यको सुरक्षाको लागि तत्परता देखाउनु पर्दछ ।




**सहकारीले दीगो समुदायको विकासमा योगदान पुयाउनु पर्दछ ।**

सहकारी संस्थाले आफ्ना क्रियाकलापहरू समुदायमा आधारित र व्यक्ति केन्द्रित भई उनीहरूको आर्थिक सामाजिक, सांस्कृतिक र पर्यावरणीय अधिकार प्राप्तिको लागि सदस्यहरूलाई संगठित गरी उन्नत समाजको निर्माणमा समर्पित भई समुदायको आवश्यकताको परिपूर्ति गर्न निरन्तर समायोजन गर्नु पर्दछ । सहकारीको सामाजिक उत्तरदायित्व वहन गर्दै समाज विज्ञानलाई समृद्ध वनाई सुन्दर सन्सारको निर्माणमा योगदान पुयाउनु पर्दछ ।

**विपन्न वर्गको सेवामा लक्षित हुनु पर्दछ ।**

वित्तीय सहकारीले विपन्न सिमित विकल्प भएका सदस्यहरूको लागि विभिन्न अवसर र सहयोगको सिर्जना गर्नु पर्दछ । साकोसले नागरिकहरूलाई लोकतन्त्रको अभ्यास र आर्थिक क्रियाकलापलाई जीवन्त वनाउनु पर्दछ । त्यसैले सहकारीले सिमान्तकृत वर्गलाई सार्थक सहभागितामा बदल्नु पर्दछ स्वयंसेवकहरूले ती सदस्य र त्यो समुदायको विकासका लागि विकासको अधिकारको अभ्यास गराउनु पर्दछ । साकोसले आफ्नो समुदायमा वित्तीय समावेशीकरणको अवसर सिर्जना गरी उनिहरूलाई प्रशिक्षण सहायता, सहयोग र समर्थन गर्नु पर्दछ । साकोसले आफ्नो सन्जालमा साझा सिकाई र नेतृत्वका माध्यमले स्वरोजगारमा पहुँच, सामाजिक समर्थन जुटाउनु पर्दछ । संस्थाले नागरिहरूलाई कुनै जाति, भाषा, धर्म, लिंग, राजनीति सेवाबाट फरक व्यवहार, बहिष्कार निषेध गर्नु हुन्न ।

प्रस्तुत दार्शनिक मार्गदर्शनको जगमा सहकारी अभियानको सञ्चालन, व्यवस्थापन र विकासका आधारभुत दार्शनिक अवधारणाहरूको विकास गरिएको छ । यस्ता मान्यता एउटा पुस्ताले अर्को पुस्तालाई, एउटा युगले अर्को युगलाई हस्तान्तरण गर्दै परिस्कृत गर्दै आएका छन । अझ नयाँ आयमको खोज र अनुसन्धान गर्दै समाज विज्ञानलाई उच्चस्तरमा जान सहकारी अभियानले पहलकदमी र सक्रियताका साथ आफ्नो भूमिका निर्वाह गर्न आवश्यक छ ।

अन्तर्वार्ता

# स्वेच्छिक मर्जर नभए सरकार दवाव दिन बाध्य हुन्छ



**डा. टोकराज पाण्डे,** रजिष्ट्रार, सहकारी विभाग

## सहकारी समाजको प्रतिविम्व हो । समय अनुसार परिवर्तित हुन सक्नुपर्छ ।

सहकारी ऐन २०७४ कार्यान्वयनका लागि सरकारले सहकारी नियमावली २०७५ ल्याएको छ । नयाँ वर्ष २०७६ को शुरूवाती सँगै नेपालका सम्पूर्ण सहकारीकर्मीहरूमा दीगो सहकारी आन्दोलनका लागि थप बल प्राप्त भएको अवस्था छ । नेपालको सहकारी क्षेत्रको इतिहासमा महत्वपूर्ण उपलब्धीको रूपमा रहेको सहकारी ऐनको कार्यान्वयनका लागि नियमावलीले आधार तय गरेको छ । सहकारी नियमावली २०७५ को समयमै प्रभावकारी कार्यान्वयन सरकारले गर्न सक्ने हो भने सहकारी आन्दोलनमा धेरै महत्तम उपलब्धी हासिल गर्न सकिने देखिन्छ । यसै विषयमा केन्द्रित रहेर सहकारी विभागका नवनियुक्त रजिष्ट्रार डा. टोकराज पाण्डेसँग साकोस आवाज पत्रिकाका प्रतिनिधि राधा पौडेलले गर्नुभएको कुराकानीको सारसंक्षेपः

**संघीय सरकार गठन भएसँगै सहकारीको कार्यजिम्मेवारी पनि स्थानीय तह मातहत गएको छ । केन्द्रीय सरकार अन्तर्गत सहकारी विभाग यतिवेला के मा केन्द्रित छ ?**

✍ सहकारी विभाग सहकारी ऐन २०७४ र नियमावली २०७५ कार्यान्वयन गर्ने निकाय हो । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गत रहेर यी दुई कानूनको कार्यान्वयन र परिपालनामा विभाग केन्द्रित छ । यस सँगै नेपालको संविधानले तीन खम्बे अर्थनीतिको परिकल्पना गरे अनुसार सार्वजनिक, नीजि र सहकारी क्षेत्रमध्ये सहकारी एउटा प्रमुख क्षेत्र हो । जसमा मुलुकको झण्डै ६० लाख मानिस प्रत्यक्ष रूपमा रोजगारीमा र अरू लाखौ मान्छे अप्रत्यक्ष रूपमा रोजगारीमा छन् । यो निकायमा बसेर हामीले अझै थप रोजगारी सिर्जना गर्ने, आर्थिक सामाजिक रूपान्तरण गर्ने र गरिबी निवारण गर्ने कुरामा कसरी योगदान पुऱ्याउन सक्छौं भनेर सैद्धान्तिक रूपमा अगाडि बढेका छौं । त्यसलाई मूर्त रूप दिन कार्यविधि बनाएर तुरून्तै काम गर्छौं ।

विशेषत सहकारी विभागले गर्ने तीनवटा प्रमुख काम कानूनले तोकेको छ । नियमन, प्रवर्द्धन र प्रशिक्षण । सहकारी ऐन र नियमावलीले दिएको अधिकार प्रयोग गरेर विभागले नियमनको काम गर्दछ । दोस्रो प्रवर्द्धनको कार्य हो । सहकारी संस्थाहरू स्थापना पूर्व पनि र सहकारी संस्था स्थापना पछि कार्यान्वयनको चरणमा पनि प्रवर्द्धनको काम विभागले गर्छ । जस्तै सहकारी ऐन र नियमावलीले सहकारी संस्थाहरू दर्ता गर्नुपूर्व पूर्व प्रशिक्षण लिनुपर्ने व्यवस्था छ, त्यसलाई प्रवर्द्धनात्मक हिसाबले हामी अगाडि बढाउँदैछौं । सञ्चालनमा आईसकेपछि विषयगत, कुनै उत्पादनमुलक र नागरिकको प्रत्यक्ष रोजगारीमा असर पुऱ्याउने, आर्थिक वृद्धि र विकासका लागि योगदान पुऱ्याउने सहकारी संघ संस्थाहरूलाई अनुदान समेत दिने काम गर्छौं । जिल्ला, विषयगत, श्रमिक, सञ्चार लगायतका सहकारी संघ संस्थाहरूलाई अनुदान, कार्यक्रम अनुदान पूँजीगत लगायतका अनुदान उपलब्ध गराउँछौं ।

कार्यक्रम कार्यान्वयनका लागि सहजीकरण गर्ने प्रशिक्षक उपलब्ध गराउने लगायतका कामहरू गर्छौ जसलाई प्रवर्द्धनात्मक कामहरू अन्तर्गत राखेका छौं ।

सहकारी क्षेत्रमा जनशक्ति उत्पादनका लागि सहकारी प्रशिक्षण केन्द्र छ । प्राचार्यको नेतृत्वमा २४ जना कर्मचारी छन् । उहाँहरूले सहकारी क्षेत्रमा क्रियाशील जनशक्ति, नियामक निकायका पदाधिकारी, जननिर्वाचित जनप्रतिनिधि र सहकारी क्षेत्रमा क्रियाशील संघ संस्था तथा त्यस क्षेत्रका अभियन्ताहरूलाई समेत प्रशिक्षण दिने काम विभागले गर्छ ।

**सहकारीलाई समृद्ध समाज निर्माणको दिशातर्फ केन्द्रित गराउन सहकारी नियमावली २०७५ मा उल्लेखित महत्वपूर्ण विषयहरू के के हुन् ?**

✍ मुलुकको राष्ट्रिय लक्ष्य भनेको सुखी नेपाली समृद्ध नेपाल हो । यो राष्टिय लक्ष्य हासिल गर्न सहकारी ऐन र नियमावली जारी भएको छ । नियमावलीले विशेषत उत्पादनशील सहकारीहरूको प्रवर्द्धनको कुरालाई जोड दिएको छ । नियमावलीले सहकारी क्षेत्रमा देखिएका विकृतीहरू नियन्त्रणका लागि केही इनफोर्समेन्टका कार्यक्रमहरू अगाडि बढाएको छ । जस्तै दोहोरो सदस्यता अन्त्य । समुदायको र सदस्यको हितको लागि क्रियाशील हुने सहकारी क्षेत्र दोहोरो तेहोरो सदस्यताका

कारणले केही गलत अभ्यासहरू भएको तीतो यथार्थता छ त्यसलाई अन्त्य गर्नका लागि हामीले प्रक्रिया अगाडि बढाउँछौं ।

सहकारी संस्थाको मर्जर र एक्विजिसनका लागि विशेषत नियमावलीले महानगरपालिका क्षेत्रमा सर्टेन ५ हजार सम्म, नगरपालिका क्षेत्रमा २ हजारसम्म र गाउँपालिका तहसम्म १ हजारसम्म भनेर तोकिदिएको छ । त्यो भन्दा बढी भएका र अस्वस्थ प्रतिष्पर्धामा रहेका सहकारी संस्थाहरूलाई मर्जर गर्ने कुरामा हामी जोड दिएर अगाडि बढ्छौं ।

सन्दर्भ ब्याजदरको कुरा छ । सहकारी संस्था भन्ने वित्तिकै एक समुदाय अहिले पनि तर्सिराखेको अवस्था छ । किनकी त्यहाँ देखिएका केही कमी कमजोरीहरू र त्यहा भित्रका केही सिमित विकृतिहरूले पनि गलत ट्यागिङ बेहोर्नुपरेको अवस्था छ । त्यो अन्त्यका लागि सहकारी संस्थाको नियमन हामी कडाइका साथ अगाडि बढाउँछौं । विशेषत राष्ट्र बैंकको सहयोगमा र आफूसँग भएको जनशक्तिको अधिकतम परिचालन गरी नपुग जनशक्ति आउट सोर्सिङ गरेर भएपनि नियमनको कुरालाई अगाडि बढाउँदैछौं ता कि संस्था समस्यामा पुगिसकेपछि संकटग्रस्थ सहकारी घोषणा गरेर त्यसको दायित्व राज्यले लिनुको साटो समयमै सहकारी संस्थाको सघन नियमन अनुगमन र स्थलगत सर्बे गरी त्यहाँ समस्या नआओस् भन्ने कुरामा हामी सचेत छौं ।

सहकारी संस्थाहरूलाई प्रवाह गरिने सेवाको कुरा हो । हामीले नियमन, कडाइ, दण्ड जरिवानाको कुरा गरेर मात्रै पुग्दैन त्यसका लागि सहकारी संस्थाहरूले प्राप्त गर्नुपर्ने सेवा, सहकारी प्रशासनले वितरण गर्नुपर्ने सेवा जुन आजको दिनमा ७ सय ६१ वटा सरकारले गरेका छन् । संघीय सरकार, ७ वटा प्रादेशिक सरकार र ७ सय ५३ वटा स्थानीय सरकार त्यो सरकारबाट डेलिभरी हुने सेवाहरू पनि गुणस्तरीय आवोस् भन्नेमा हामी दत्त चित्त छौं र त्यसका लागि केही कार्यविधिहरू बनाएका छौं, केही सहजीकरण र सरलीकरणका कुराहरू अगाडि बढाएका छौं र हामीले दिने

> परिवर्तनलाई कसैले अवरोध गर्न सक्दैन । दुनियामा सबै चिज परिवर्तनीय छ । परिवर्ति र बदलिदो परिवेश अनुसार आम सहकारी प्रशासन, आम सहकारीकर्मी र आम सहकारी आन्दोलन आफूलाई परिवर्तित गर्दै अगाडि बढ्नु जरुरी देखिन्छ त्यसका लागि सहकारी प्रशासनले यो कुरा मनन गरेको छ ।

सेवामा सहकारी प्रशासनको तर्फबाट मैले मेरो इफोर्ट र आफ्नो स्कीलको पूर्ण प्रयोग गर्छु । जसले गर्दा सहकारी प्रशासनबाट प्रवाह हुनुपर्ने सर्भिसमा क्वालिटी भित्रियोस् भन्ने म चाहन्छु ।

**सहकारी मर्जरको विषय धेरै महत्वका साथ उठेको छ । यसको प्रभावकारी कार्यान्वयनका लागि कस्तो तयारी गर्दैहुनुहुन्छ ?**

✍ सहकारी संस्था मर्ज गर्ने विषयमा ६२ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा विभागीय मन्त्रीले पनि स्पष्ट ढंगले आफ्नो कुरा व्यक्त गर्नुभएको छ । जहाँसम्म मर्जरको विषय छ यो छलफल, बहश, चर्चा र परिचर्चा बाट अगाडि आएको विषय हो । सहकारी संस्था मर्ज गर्ने विषयमा धेरैको दुई मत छैन । केही अस्पष्ट भएका कुराहरूलाई स्पष्ट गर्न सकिन्छ । तर मुखले मर्ज गर्ने भन्ने तर व्यवहार मर्जरका लागि फ्यासिलेट गर्ने हो की मर्जरलाई अवरोध गर्ने हो त्यो कुरामा चाँही प्रष्ट हुनु जरूरी छ । कसैले मर्ज गर्छु भन्यो भने उसलाई छुल्याउन, दुःख दिन, रिगाउन पाइँदैन, यो राज्यको प्राथमिकता भैसकेपछि सहजीकरण गर्ने र सहज ढंगले अगाडि बढाउनुपर्छ । मलाई के लाग्छ भने सहकारी विभागमा रजिष्ट्रारको भूमिका रहँदा हामीले गर्ने चाँही भन्ने तर त्यो गर्नका लागि फ्यासिलेट गर्ने कुरामा कतै कतै केही सुधार गर्नुपर्ने जस्तो देखिन्छ । त्यो कुरालाई सुधार गर्दै मर्जरलाई प्राथमिकता दिन्छौं त्यसका लागि एउटा कार्यविधि जरूरी हुन्छ र त्यो बनाएर हामी अगाडि बढ्छौं । अब मर्जर पनि भन्ने अनि भुलाउने पनि गरेर हुन्न, अभिप्रेरित गरेर या दवावमा मर्जर अनिवार्य छ म चाँही यसमा प्रस्ट छु ।

**सहकारी नियमावली २०७५ ले सन्दर्भ ब्याजदरको विषयलाई महत्व दिएको पाइन्छ ? यसको कार्यान्वयन कति सान्दर्भिक छ ?**

✍ सन्दर्भ ब्याजदर भनेको बैंक वित्तीय संस्थाहरूका लागि नेपाल राष्ट्र बैंकले तोक्छ । वित्तीय कारोवार गर्ने सहकारी संस्थाहरूका लागि सहकारी विभागले तोक्नै पर्छ । कानूनमा भएको व्यवस्था परिपालनाका लागि पनि हामीले सन्दर्भ ब्याजदर तोक्दै बाँकी अरू प्रक्रियाहरू अगाडि बढाउँछौं त्यसको लागि एउटा विज्ञ कमिटी छ, जुन विज्ञ कमिटीको बैठक बोलाउँछौं, छलफल गर्छौं त्यसमा हामी मात्र होइन सरोकारवालाहरूलाई समेत सहभागी बनाएर अगाडि बढ्छौं । जसले सन्दर्भ ब्याजदर तोकियोस्, सहकारी क्षेत्र मर्यादित होस्, सहकारी क्षेत्रबाट नागरिकले पाउनुपर्ने अधिकतम लाभ, बचत कर्ताले पाउनुपर्ने अधिकतम प्रतिफल र शेयर सदस्यहरूले त्यसबाट पाउनुपर्ने गुणात्मक फाइदा पाउन सकुन् ।

**कर्जा सूचना केन्द्र कहिलेदेखि कार्यान्वयनमा आउँछ ?**

✍ कर्जा सूचना केन्द्रका लागि ऐनमा भएको व्यवस्थाको प्रभावकारीताका लागि नियमावलीले थप स्पष्ट गरेको छ । त्यसका लागि नेपाल राष्ट बैंकले बैंक वित्तीय संस्थाहरूको लागि यस्तो व्यवस्था गरेको छ भने सहकारी क्षेत्रको लागि सहकारी विभागमा यो निकाय जरूरी छ । त्यसका लागि नियमावलीमा गरेको व्यवस्था अनुसार प्रक्रिया अगाडि बढ्छ र छिट्टै कर्जा सूचना केन्द्रको गठन हुन्छ । कानूनले तोकेको व्यवस्था परिपालना गर्नु सबैको कर्तव्य हो । त्यसकारण कानूनमा स्पष्ट व्यवस्था भएको कारणले यो कार्यान्वयन भएरै अगाडि बढ्छ । सरकार त्यो दिशामा अगाडि बढेको छ ।

**सहकारी प्रशासन स्थानीय तहमा पुगेको लामो समय भएरपनि सहकारीको प्रशासनिक काम कारवाहीमा सुस्तता र प्राविधिक असहजता धेरै रहेको जनगुनासो छ नि ?**

✍ नयाँ अभ्यास गर्दा कहिलेकाँही जटिलता हुन सक्छन् । नयाँ अभ्यासका क्रममा देखिएका कमी, कमजोरी, समस्याहरूलाई कोट्याउनुको साटो समाधान गरेर अगाडि बढ्ने हो । मुलुककले संघीयतालाई कार्यान्वयन गर्ने दिशामा अगाडि बढेपछि हिजोका दिनमा एकात्मक सरकारको सट्टा आजको दिनमा जनताको नजिकको निकायमा सरकार पुगेको छ । त्यो सरकारले आफ्नो काम सञ्चालन गर्ने क्रममा जनशक्तिका कमी कमजोरी, कार्यविधि तथा कानून पर्याप्त नवनेका होलान् र केही पूर्वाधार र श्रोत साधनको कमी होला त्यसैले पनि सहकारी संघ संस्था नियमन प्रवर्द्धनका लागि केही समस्याहरू पक्कै देखिएका हुनसक्छन् तर हामी नयाँ प्रणालीमा जाँदा केही न केही समय लाग्छ बुझ्नका लागि र बुझाउनका लागि र कार्यान्वयन गर्नका लागि भएको त्यहि मात्रै हो । पानी सङ्लो हुन समय लाग्छ । अबको केही एक दुई वर्षपछि सहकारी प्रशासन प्रभावकारी हुन्छ । हिजो एउटै निकायले गर्दा त्यो निकायको सबै क्षेत्रमा ध्यान पुग्न नसकेको र जनशक्ति पर्याप्त पुग्न नसकेको हुन्थ्यो भने दुर दराजमा पहुँच पुऱ्याउन गाह्रो हुन्थ्यो । अब नजिकको निकायले व्यवस्थापन गर्ने कारणले केही समयपछि व्यवस्थापन गर्न सरल सहज र नजिकको निकायबाट सेवा पाइन्छ ।

**साकोस आवाज मार्फत सहकारीकर्मीहरुमाझ के शन्देस दिन चाहनुहुन्छ ?**

✍ जस्तो माटो त्यस्तै कमिला हुन्छन् भनिन्छ । त्यो व्यावहारिक जीवनमा पनि लागु हुन्छ । ढुङ्गा भएको माटोमा कडा खालको कमिलाहरू हुन्छन् भने नरम बलौटे माटोमा ध्यू कमिला हुन्छन् । भन्नुको अर्थ जस्तो माटो त्यस्तै कमिला भनेजस्तै नै समाजको प्रतिविम्ब सहकारी क्षेत्रमा आउँछ, सार्वजनिक प्रशासनमा आउँछ, राजनीतिमा आउँछ, निजामति क्षेत्र सबैमा आउँछ । त्यसैले सहकारी क्षेत्रमा पनि समाजको एक प्रकारको प्रतिविम्व छ । तर समाज परिवर्तनको दिशामा अगाडि बढेको छ । परिवर्तनलाई कसैले अवरोध गर्न सक्दैन । दुनियामा सबै चिज परिवर्तनीय छ । परिवर्ति र बदलिदो परिवेश अनुसार आम सहकारी प्रशासन, आम सहकारीकर्मी र आम सहकारी आन्दोलन आफूलाई परिवर्तित गर्दै अगाडि बढ्नु जरूरी देखिन्छ त्यसका लागि सहकारी प्रशासनले यो कुरा मनन गरेको छ । हामीले त्यो अनुसारको काम शुरू पनि गरिसकेका छौं र साकोस आवाज मार्फत समग्र सहकारीकर्मीहरू बचत ऋण मात्रै होइन सबै सहकारी क्षेत्र नै सुधार गरेर अगाडि बढनुपर्छ । हामीसँग सुधारिनुको, प्रभावकारी सेवा वितरण गरिनुको, सहकारी क्षेत्रमा गुणात्मक तह वृद्धि गर्नुको विकल्प छैन । समयलाई चिन्ने जिवन्त रहन्छ समयलाई चिन्न नसक्ने पतन भएर जान्छ ।

❑ ❑ ❑



# सुरक्षित साकोस दीगो अभियानका लागि कर्मचारी क्षमता विकास

सुरक्षित साकोस दीगो अभियानका लागि नेफ्स्कून कर्मचारी क्षमता विकास कार्यशाला काभ्रेको धुलिखेलमा सम्पन्न भएको छ । नेफ्स्कूनको आयोजना र एशियाली ऋण महासंघ (ACCU) को प्राविधिक सहयोगमा सञ्चालित बचत ऋण सहकारी जोखिम व्यवस्थापन कार्यशाला (CREDIT UNION RISK MANAGEMENT CONCLAVE–2019) मा संघका १८ कर्मचारी सहभागी भएका थिए ।




कार्यशालामा सहभागी कर्मचारीहरूलाई अकुका प्रमुख कार्यकारी अधिकृत एलिनिता भि.स्यान रोक्योले साकोस सुपरिवेक्षक प्रमाणपत्र प्रदान गर्नुभएको थियो । कार्यशाला समापनका क्रममा अकुका कन्सल्ट्यान्ट रन्जित हिताराची, संघका प्रमुख कार्यकारी अधिकृत शिवजी सापकोटा, सदस्य सेवा विभाग प्रमुख दुर्गाप्रसाद ढकाल र तालिम प्राचार्य सज्जयराज तिमिल्सेना उपस्थित रहनुभएको थियो ।

कार्यशालाको पहिलो दिन संघका सदस्य सेवा विभाग प्रमुख दुर्गा प्रसाद ढकालको सहजीकरणमा साकोस जोखिम सुपरिवेक्षण निर्देशिका सम्बन्धी विश्लेषण तथा साकोसमा देखिएको विद्यमान जोखिम अवस्थाको बारेमा छलफल तथा अन्तरक्रिया भएको थियो । कार्यशालाको दोस्रो र तेस्रो दिन अकुका प्रमुख कार्यकारी अधिकृत एलिनिता भि.स्यान रोक्यु र अकुका प्राविधिक कन्सल्ट्यान्ट रन्जित हिताराचीले साकोसको वास्तविक जोखिम पत्ता लगाउन प्रयोग हुने जोखिम मापन सूचकहरूको परीक्षण प्रभावकारीता, साकोस सञ्चालनमा देखिएका चुनौती, साकोस सुशासन मापनका लागि आवश्यक सम्पूर्ण नीति, बजेट तथा योजना सम्बन्धी परीक्षण प्रभावकारीताको विषयमा जानकारी गराउनुभएको थियो ।

कार्यशालामा साकोसमा देखिने वित्तीय तथा गैर वित्तीय जोखिम मापनका सूचकहरू (PEARLS) को विश्लेषण, छलफल तथा अन्तरक्रिया भएको थियो । कार्यशाला सहजीकरण नेफ्स्कूनका सदस्य सेवा विभाग प्रमुख दुर्गा प्रसाद ढकालले गर्नुभएको थियो ।

## सुशासित साकोस निर्माणका लागि नेकोस प्लस सफ्टवेयर

सुशासित साकोस निर्माणका लागि साकोस अभियानको आफ्नै सफ्वेयर नेकोस प्लस सफ्टवेयर सम्बन्धी तालिम लिएर सुदूरपश्चिमका कैलाली र कञ्चनपुर जिल्लामा सञ्चालित साकोसहरू पूर्ण प्रविधिमैत्री बन्ने भएका छन् ।

बैशाख १३ र १४ गते नेफ्स्कूनको आयोजनामा कञ्चनपुरमा आयोजित नेकोस प्लस सफ्टवयेर तालिममा सुदुरपश्चिमका विभिन्न जिल्लाका ३० जना साकोसकर्मीहरूको सहभागिता रहेको थियो । हालसम्म सुदूरपश्चिमका ५० भन्दा बढी सहकारी संस्थाहरूले नेकोस प्लस सफ्टवेयर प्रयोग गरिरहेको र तालिम पश्चात थप ३० साकोसहरूले सफ्टवेयर जडान गर्ने भएका हुन् ।

नेफ्स्कूनको आयोजनामा सञ्चालित उक्त दुई दिवसीय तालिमको उद्घाटन नेफ्स्कूनका सञ्चालक सदस्य माधव प्रसाद जोशीले गर्नुभएको थियो । तालिम उद्घाटन सत्रमा बोल्दै सञ्चालक जोशीले साकोसको वित्तीय सुशासन कायम गर्न नेकोस प्लस सफ्टवयेर अपरिहार्य रहेको बताउँदै समय सापेक्ष सफ्टवेयरमा नविन विशेषताहरू समेत थप हुँदै गईरहेकोले सफ्टवेयरको प्रयोग गरी सेवा प्रवाहमा गुणस्तरीयता, विश्वसनीयता कायम गर्न र सुशासित संस्था विकास गर्न सहयोग पुग्ने बताउनुभयो ।

तालिम सहजीकरण नेफ्स्कूनका सूचना अधिकृत राजन सुवेदीले र सञ्चालन व्यवस्थापन कञ्चनपुर फिल्ड ईन्चार्ज विष्णुदत्त जोशीले गर्नुभएको थियो ।

# सहकारी कर्मचारीहरुको अवस्था, दक्षता र अपेक्षा

**केशव प्रसाद पोख्रेल**

कोषाध्यक्ष
नेफ्स्कून



आ.व. २०७२/०७३ को तथ्याङ्क अनुसार आज नेपालमा करिव ३३,५९९ सहकारी संस्थाहरू रहेका छन् । यी सहकारी संघ संस्थाहरुमा करिव ५६,४७५ कर्मचारीहरू रहेका छन् ।

सहकारी संघ संस्थाहरूको अवस्थालाई हेर्दा आमरूपमा प्रवर्द्धन र जागरणकै अवस्थामा रहेका छन । कतिपय सहकारीहरू विकासको चरणमा प्रवेश गरेका छन । सदस्यता वृद्धि, शेयर पूँजी वृद्धि, बचत निक्षेप वृद्धि र ऋण लगानीमा वृद्धि गरी सहकारीहरू स्वयंसेवीहरूकै योगदानबाट चलिरहेका छन् । त्यस्ता सहकारीहरूले न्यून सुविधा प्रदान गरेर आंशिक कर्मचारीहरूको व्यवस्था गरी संघ संस्था चलाइरहेका हुन्छन ।

अर्का थरी सहकारी संघ संस्थाहरु विकासको चरणभन्दा अगाडि बढी व्यावसायिकता तर्फ उन्मुख हुँदै छन् । कार्यालय व्यवस्थापन नीति तथा योजना निर्माण, कर्मचारी व्यवस्थापनलाई ध्यान दिइ अगाडि बढेको पाइन्छ ।

यद्यपि कर्मचारीको वृत्ति विकासमा विशेष ध्यान नदिँदा सहकारी क्षेत्रमा कर्मचारीले आफ्नो भविष्य देख्न सकेको अवस्था छैन । त्यसैले व्यावसायिकरण र गुणस्तर कायम भईसकेका सहकारीहरूबाट समेत अन्य बैंक तथा वित्तीय संस्थामा जानेक्रम उच्च रहेको छ । यहाँ प्रश्न उठेको छ कसरी सहकारीका कर्मचारीहरूको वहिर्गमनलाई रोक्न सकिएला ?

**१. कर्मचारीहरूको योग्यता र क्षमता :**

सहकारीमा काम गर्ने कर्मचारीहरु स्वभाविक रूपमा शैक्षिक प्रतिष्ठानहरूमा अध्ययन गरी प्रमाण-पत्र हातमा लिएर सहकारीहरूमा प्रवेश गर्छन् । सहकारीमा प्रवेश गरेर कामको प्रारम्भ गर्दा सहकारी उसको पहिलो विद्यालय हुन्छ । किनकी सहकारी सम्बन्धी ज्ञान तथा सिपको पढाई पूर्ण रूपमा कतै भएको हुँदैन । व्यवहारिक रूपमा पहिलो सिकाई सहकारीमा काम सँगसँगै हुन्छ । कतिपय ठाँउमा उच्च शिक्षा हासिल गरेको छ तर तल्लो दर्जामा काम गरिरहेको छ । अर्कोतिर कम योग्यता छ तर क्षमताको आधारमा माथिल्लो पदमा समेत काम लगाइएको छ । स्थिति जे भए पनि पद र श्रेणी अनुसार कर्मचारीले आफ्नो योग्यता मात्र होइन क्षमता विकास समेत गर्नु आवश्यक छ । जसको कार्यविवरण जे छ त्यो अनुसार उसले आफ्नो ज्ञान, सिप र क्षमता विकास गर्नै पर्छ ।

कर्मचारीले आफ्नो ज्ञान, सिप र क्षमताको विकास दुई प्रकारले गर्न आवश्यक छ ।

(क) आधारभूत ज्ञान र सिप

(ख) उच्चस्तरको क्षमता विकास

सहकारीमा कार्यरत कर्मचारीले आधारभूत रूपमा सहकारी अवधारणा, यसको दार्शनिक पक्ष, मूल्य, मान्यता र सिद्धान्त, विकासको चरण, सहकारीको वर्गीकरण, सहकारी गठनको मुख्य उद्देश्य, सहकारी र अन्य व्यवसाय बीचको भेद, आधार भूत लेखाप्रणाली, कम्प्यूटरको आधारभूत ज्ञान, वित्तीय साक्षरता, वित्तीय परामर्शको ज्ञान, सहकारीको संगठनात्मक स्वरूप, आफ्नो जिम्मेवारी अनुसारका कार्यहरू आदि उच्चस्तरको क्षमतामा आफ्नो पद अनुसारका कार्यमा दक्षता तथा दखल प्राप्त गर्नु पर्छ । व्यवस्थापकले सहकारीको समग्र व्यवस्थापनको ज्ञान, सिप तथा दक्षता, सहकारीको आन्तरिक नियन्त्रण प्रणाली, अनुगमन तथा मूल्यांकन प्रणाली, कार्यालय व्यवस्थापन समन्वयको भूमिका, योजना तथा नीति निर्माण र कार्यान्वयन, उत्पादन तथा सेवाको विकास, वित्तीय विश्लेषण, वित्तीय व्यवस्थापन, प्रतिवेदन तयारी, प्रेरणा कार्यन्वयनको क्षमता र समग्रमा संस्थाको नेतृत्व प्रदान गर्न सक्ने क्षमताको विकास गर्नसक्नु पर्छ ।

त्यस्तै उच्च अभिलेख व्यवस्थापन, रणनीति निर्धारण, सूचना तथा सञ्चार व्यवस्थापन, साधारणसभा तथा बैठक व्यवस्थापन तथा सञ्चालन, जोखिम बिश्लेषण तथा न्यूनिकरण, कार्य

विभाजन, मानव संशाधन व्यवस्थापन, लेखा व्यवस्थापन, ब्याजदर निर्धारण तथा बजेट निर्माण आदि जान्न आवश्यक छ । त्यस्तै ऋण सम्बन्धी काम गर्ने कर्मचारीहरूले कागजातको विकास तथा व्यवस्थापन, ऋण परामर्श, ऋण अनुसन्धान, ऋण फाइलको निर्माण तथा अध्ययन, लेखा प्रणाली, उत्पादन तथा सेवाको पूर्ण ज्ञान, ऋण अभिलेखको तयारी, ऋण शिक्षा धितो मूल्यांकन, ऋणको सिफारिस, ऋणको कानूनी व्यवस्था, ऋणको सिमा, किस्ता समयावधि, ब्याजदर, हर्जना व्यवस्था, ऋण असुली, ऋण अद्यावधिक, भाखा नाघेको ऋण व्यवस्थापन, ऋणको सुरक्षण, पर्ल्स अनुगमन प्रणाली, ऋण नीतिको ज्ञान, ऋणको बजारीकरण, धितो लिलाम प्रक्रिया र ऋणको अनुगमन आदि ।

त्यस्तै बचत सम्बन्धी काम गर्ने कर्मचारीले बचतका उत्पादन तथा सेवाको ज्ञान, बचतका ब्याजदरहरू, उत्पादन तथा सेवाको बजारीकरण, बचत वृद्धिको योजना, वित्तीय साक्षरता, बचत विश्लेषण तरलता व्यवस्थापन, बचत फिर्ता, योजना र विश्लेषण, बचतका उपकरण र बजार सामग्री निर्माण, बचतको सुरक्षा, बचतको उत्पादन तथा सेवाको विकास त्यस्तै लेखा सम्बन्धी काम गर्ने कर्मचारीले लेखा व्यवस्थापन, बिल, भरपाई तथा भौचर व्यवस्थापन, सफ्टवेयर सञ्चालन, आर्थिक प्रतिवेदन तयार, खाता व्यवस्थापन, दैनिक प्रविष्टि, वित्तीय विश्लेषण, ब्याजदरको विश्लेषण, फरकता दर तथा सटहीदर, विश्लेषणको तय, खरिद बिक्री योजना, बाह्य ऋणको आवश्यकता र विश्लेषण, आर्थिक प्रशासन नीतिको पूर्ण ज्ञान तथा कार्यान्वयन, बजेटको नियन्त्रण, योजना तथा बजेटको पूर्ण ज्ञान, रकम विकास तथा खर्चको नियन्त्रण आदि ।

कार्यक्रममा काम गर्ने कर्मचारीले कार्यक्रम आयोजना तथा सञ्चालन, भेला, गोष्ठी, सेमिनार, तालिमको योजना, समन्वय, सहकार्य र सम्वद्धता सम्बन्धी ज्ञान, प्रस्ताव लेखन, सम्झौता सदस्यता वृद्धिको योजना र रणनीति निर्माण र सहभागिता योजना आदि ।

नगदमा काम गर्ने कर्मचारीले नगद व्यवस्थापन, नगदको सुरक्षा, नगदको निकासा, नगद गन्ती, फर्जिनोटको पहिचान, नगदको आवश्यकता, तरलताको अवस्थाको पूर्ण ज्ञान हुनु आवश्यक छ ।

सूचना र सञ्चारमा काम गर्ने कर्मचारीले प्रतिवेदन प्रकाशन, वित्तीय सूचनाको प्रबन्ध, सामाजिक सञ्जाल, वेबसाइटको विकास र अद्यावधिक, मेल इमेलको प्रबन्ध तथा सञ्चालन, कार्यक्रम उत्पादन तथा प्रशारण, बुलेटिन प्रकाशन, नेट इन्टरनेटको प्रबन्ध, डकुमेन्ट्री निर्माण, फोटोहरूको प्रबन्ध संकलन तथा प्रदर्शन, प्रविधिको विकास, प्रविधिको उपयोग आदि बारे ज्ञान, तथा सिप हुनु आवश्यक छ ।

यसरी प्रत्येक कर्मचारीहरू अध्ययनशील तथा चिन्तनशील हुँदै आफ्नो क्षमता विकासमा विशेष ध्यान पुऱ्याउनु पर्दछ ।

**२. कर्मचारी क्षमता विकासका उपायहरू :**

कर्मचारीहरूको क्षमता विकास गर्न संस्थाले योजनाका साथ अगाडि बढ्नुपर्छ । कर्मचारी क्षमता विकासका लागि विशेष बजेटले संशोधन गर्न सक्नुपर्छ । कर्मचारीको पदीय हैसियत अनुसार विशेष तालिम योजना बनाई आवश्यकता अनुसार तालिमको आयोजना तथा सहभागिता गराउनु पर्छ ।

१. व्यवस्थापक क्षमता अभिवृद्धि तालिम
२. ऋण कर्मचारी क्षमता विकास तालिम
३. ऋण व्यवस्थापन तालिम
४. पर्ल्स अनुगमन प्रणाली तालिम
५. लेखा व्यवस्थापन तालिम
६. उत्पादन तथा सेवाको विकास
७. योजना तथा बजेट निर्माण
८. प्रस्ताव लेखन तालिम
९. वित्तीय व्यवस्थापन तालिम
१०. कम्प्यूटर तथा सफ्टवेयर तालिम
११. अभिलेख व्यवस्थापन तालिम
१२. कार्यक्रम व्यवस्थापन
१३. वित्तीय साक्षरता/परामर्श
१४. बजार प्रतिनिधिहरूको तालिम
१५. प्रतिवेदन लेखन
१६. फर्जिनोट पहिचान तालिम
१७. जोखिम बिश्लेषण तालिम
१८. संस्थागत विकास तालिम
१९. धितो मूल्यांकन तालिम
२०. नीति निर्माण
२१. मूल्य निर्धारण/ विश्लेषण तथा वितरण
२२. मानव संशाधन व्यवस्थापन
२३. तरलता व्यवस्थापन

यसरी कर्मचारीहरूलाई समय सापेक्ष संस्थाको आवश्यकता अनुसार अनवरत तालिम तथा शिक्षा दिई राख्नुपर्छ । आवश्यकता अनुसार गोष्ठी, भेला, अन्तरक्रियामा समावेश गर्दै जानुपर्छ । उत्तम अभ्यासहरूको आन्तरिकीकरण गर्न अन्तर्राष्ट्रिय अवलोकन भ्रमणमा समावेश गराउनु पर्छ । कर्मचारीको क्षमता विकासका लागि योजनावद्ध ढंगले लाग्नुपर्छ ।

**३. कार्य विवरण र भूमिका निर्वाह**

प्रत्येक कर्मचारीलाई उसले के काम गर्ने भन्ने बारेमा लिखित रूपमा कार्य विवरण दिनु आवश्यक छ । व्यवस्थापकलाई सञ्चालकले र अन्य कर्मचारीलाई व्यवस्थापकले प्रत्येक आ.व. समाप्त भएको ७ दिन भित्र वा जिम्मेवारी हेरफेर भएको अवस्थामा लिखित कार्यविवरण अनुसार प्रत्येक कर्मचारीले संस्थामा भूमिका निर्वाह गर्नुपर्दछ । भूमिका निर्वाह गर्दा व्यवसायलाई ध्यान दिनुपर्छ । व्यवसाय भन्नाले संस्थामा आइ स्वतःस्र्फूत कारोवार गर्ने भन्दा पनि कति जना आम समुदायका मान्छेलाई सम्पर्क गरी सदस्यता बढाउन सकियो ? कति जना सदस्यलाई सम्पर्क गरी बचत बढाइयो ? कति जना सदस्यलाई चित्त बुझाएर ऋण लगानी गरियो । भाखा नाघेका ऋणलाई कति प्रयास गरेर असुली गरियो ? त्यो नै व्यवसाय हो । हरेक कर्मचारीले संस्थामा लक्ष्य प्राप्तिका लागि व्यवसाय गर्न सकेमा संस्थामा वृद्धि र विकास तीव्र रूपमा हुनजान्छ ।

**४. कर्मचारी र वृत्ति विकास**

कर्मचारी सहकारी संस्थाको महत्वपूर्ण सरोकारवाला अङ्ग हो । उसको स्वार्थ,

सेवा र सुविधामा निहित हुन्छ । उ सधैं भरी सन्तुष्टी चाहन्छ । उसले आफ्नो सेवामा भविष्य देख्न सक्नुपर्छ ।

कर्मचारीले सधैं ध्यान दिनु पर्ने कुरा के हो भने काम प्रतिको जिम्मेवारी । निष्ठापूर्वक काम गर्ने कर्मचारीले सेवा र सुविधाको अपेक्षा गर्नु स्वभाविक हो । योग्य तथा सन्तुष्ट कर्मचारी भएमा मात्र संस्थाको विकास सम्भव छ भन्ने बुझ्नु पर्छ ।

संस्थाले काम अनुसारको दाम दिन




कर्मचारी र सदस्यको अनुपात अर्थात कर्मचारी उत्पादकत्व १:५०० बनाउन सक्नुपर्छ । एक जना सदस्य बसाबर ५०० सदस्य पर्ने गरी व्यवस्थापन गर्न सकेमा र १ जना कर्मचारी वरावर २ करोड कम्तिमा शुद्ध ऋण लगानी हुन सकेमा कर्मचारीको सेवा सुविधा राम्रोसँग दिन सकिन्छ ।

कर्मचारीलाई सेवा सुविधा प्रदान गर्न औसत कुल सम्पतीको अनुपातमा सञ्चालन खर्च ५% भन्दा कम र ३% भन्दा बढी गरी कुल सञ्चालन खर्चको कम्तीमा ५०% कर्मचारी सेवा सुविधामा छुट्याई बितरण गर्दा बढी वैज्ञानिक हुनजान्छ । यसरी सञ्चालन खर्च योजना बनाई कर्मचारी सेवा सुविधा वितरण गर्दा पद र श्रेणी अनुसार विभाजन गरी दिन सके संस्थाको क्षमता अनुसार सेवा सुविधा प्रदान गर्न सकिन्छ ।

कर्मचारीको वृत्ति विकास गर्न संस्थाले मानव श्रोत विकास विधिको निर्माण गर्नुपर्छ । जसका लागि मानव संशाधन नीति बनाउनु पर्छ । कर्मचारीलाई सृजनशील, जागरूक, उत्साहित, दक्ष र क्षमता विकास गर्न समेत नीतिको आवश्यक पर्दछ । कर्मचारीलाई दिइने सेवा सुविधा शर्तहरूको स्पष्ट खाका भएमा मात्र संस्थामा कर्मचारीले आफ्नो भविष्य देख्दछ । स्थायी प्रक्रिया, तलब सुविधा, सञ्चय कोष, उपदान, ग्रेड, औषधी उपचार, घरविदा, दुर्घटना बीमा, पर्व खर्च, पोशाक खर्च, विदा सुविधा र बढुवा प्रक्रिया आदि ।

**५. व्यावसायिक व्यवस्थापन :**

कर्मचारीहरूलाई जिम्मेवारी र उत्तरदायी बनाउन व्यावसायिक बनाउनै पर्दछ । नीति निर्माण गर्ने तह, सञ्चालक र कार्यन्वयन गर्ने तह कर्मचारी हो भन्ने कुरा संस्थामा स्थापित गर्न सक्नु पर्दछ । सञ्चालक समितिको कर्मचारी व्यवस्थापक र व्यवस्थापकको अन्य कर्मचारी हो भन्ने मान्यता संस्थामा स्थापित गर्न सक्नुपर्छ ।

सञ्चालक र व्यवस्थापन बीचको सम्बन्धलाई संस्था भित्र बुझाईमा एकरूपता कायम गर्न सके संस्था स्वतःस्फूत रूपमा सञ्चालन हुनसक्छ । सञ्चालक भनेको Effectiveness अर्थात Deciding right things असल भावमा र असल नियतले काम गर्ने भन्ने बुझिन्छ ।

व्यवस्थापन भन्नाले Efficiency अर्थात Deciding right things प्रविधि र सिपद्वारा काम गर्ने भन्ने बुझिन्छ ।

व्यवस्थापनले सञ्चालकसँग लक्ष्य, स्वच्छ र इमान्दार मूल्यांकन; सहयोग र विश्वास, स्रोत, स्पष्ट नीति, योजना र लक्ष्य, आवश्यकता अनुसार पहुँच, कर्मचारीसँग प्रत्यक्ष सम्बन्ध नराख्ने अपेक्षा गर्दछ । त्यस्तै सञ्चालकले पनि व्यवस्थापनबाट संस्थाको बारे सबैको वोलीमा एउटै आवाज होस्, परिमाणमुखी कार्य होस् ! संस्थाको सम्पूर्ण काम सबैले देख्न सकून । कामको बारेमा द्विविधा नहोस् । योजना तथा बजेटको कार्यन्वयन समयमा होस् भन्ने ठान्दछ ।

सञ्चालकले अपेक्षा गरेको परिकल्पना पुरा गर्ने दिशामा सम्पूर्ण व्यवस्थापन दत्त चित्त भएर लागि परून भन्ने सो चाई हुन्छ । यो अपेक्षा पुरा हुन सके कर्मचारीको वृत्ति विकासमा सायद द्विविधा उत्पन्न हुँदैन ।

**६. कार्यकुशलताको मूल्यांकन**

प्रत्येक कर्मचारीलाई दिएको जिम्मेवारी पुरा भयो वा भएन भनेर उसको कार्य कुशलताको मूल्यांकन आवश्यक छ । त्यसको लागि प्रत्येक कर्मचारीको कार्यसम्पादन मूल्यांकन वार्षिक रूपमा गर्नुपर्छ ।

कार्यकुशलताको मूल्यांकनले आशातित उपलब्धीको लेखाजोखा गर्ने, कर्मचारीलाई उत्प्रेरित गर्ने, औपचारिक अनौपचारिक पृष्ठपोषण गर्ने काम गर्दछ ।

कार्यसम्पादन मूल्यांकनको मापन कार्य विवरण अनुसारको काम, दिएको जिम्मेवारीको लक्ष्य र उपलब्धीको स्थितिबाट गर्नुपर्छ ।

यसैको आधारमा कामको जिम्मेवारी पदोन्नति, सरूवा, अवसर र सुविधा वृद्धि गर्ने आधार बनाउन आवश्यक छ ।

**७. निष्कर्ष**

अन्त्यमा कर्मचारीको वर्तमान अवस्थालाई व्यवस्थित गर्दै अझ उन्नत बनाउन काम प्रति सजगता, ज्ञान र सिपको विकास, प्रतिष्पर्धात्मक पारिश्रमिक, श्रम ऐनको पालना, समय सापेक्ष सेवा सुविधा दिदैं जानुपर्छ । नत्र व्यवस्थापन कमजोर, सन्तुष्टी तहमा ह्रास, तीव्र बहिर्गमन, काम प्रतिको आकर्षणमा कमी, नैतिक आचारण कमजोर र कार्यकुशलतामा प्रश्न चिन्ह खडा हुन्छ ।

यसरी कर्मचारीहरूको वर्तमान अवस्थालाई माथि उठाउन उनीहरूको अपेक्षालाई सहकारीहरूले उठाउन सक्नुपर्छ । कर्मचारीहरूले समेत आफ्नो योग्यता, सिप र दक्षतालाई उच्च राख्दै कार्य सम्पादन गर्न सके सहकारी संस्थाहरूको विकासमा महत्वपूर्ण योगदान पुग्न सक्छ ।



# ब्राण्डिङ साकोस–सदस्यहरुको बचत पूर्ण रुपमा सुरक्षित हुने

एक्सेस (A1 Competitive Choice for Excellence in Service and Soundness) ब्राण्डिङ कार्यक्रममा आवद्ध साकोस व्यवस्थापकहरूले सदस्यहरूको बचत सुरक्षित गर्न ब्राण्ड सफल सावित भएको बताएका छन् । नेफ्स्कूनको आयोजना र एशियाली ऋण महासंघ (ACCU) को प्राविधिक सहयोगमा काभ्रेको धुलिखेलमा २०७५ फागुन ६ देखि ८ गतेसम्म आयोजित एक्सेस ब्राण्डिङ साकोसहरूको प्राविधिक कार्यशाला गोष्ठी कार्यक्रममा अकुका प्रमुख कार्यकारी अधिकृत एलिनिता भि. स्यान रोक्यो र प्राविधिक कन्सल्ट्यान्ट रञ्जित हिताराची बीच भएको छलफलका क्रममा व्यवस्थापकहरूले सो कुरा बताएका हुन् ।

प्राविधिक कार्यशालाको उद्घाटन गर्दै नेफ्स्कूनका अध्यक्ष डी.बी. बस्नेतले एक्सेस ब्राण्ड प्राप्त साकोसका व्यवस्थापकहरू नेफ्स्कूनको एउटा थिंङ्क ट्यांकको रूपमा रहेको र संघका प्रत्येक क्रियाकलाप र निर्णायक क्षणहरूमा महत्वपूर्ण भूमिका सहित सहभागी बन्ने विश्वास लिएको बताउनुभयो ।

संघका बरिष्ठ उपाध्यक्ष परितोष पौड्यालले साकोस अभियानको मार्गनिर्देशनमा ब्राण्डिङ साकोसका व्यवस्थापकहरूको भूमिका महत्वपूर्ण रहने हुँदा अन्तर्राष्ट्रिय अभ्यासको आन्तरिकीकरण र Network Management मार्फत वित्तीय समावेशीकरण, वित्तीय पहुँच र सक्षम वित्तीय उपलब्धता स्थापित गर्न बढी भन्दा बढी कार्य प्रभावकारिता र परिश्रम आवश्यक रहेको बताउनुभयो ।

कार्यशालाका सहभागीहरूलाई स्वागत गर्दै संघका प्रमुख कार्यकारी अधिकृत शिवजी सापकोटाले साकोस अभियानलाई सुरक्षित र दीगो बनाउने भूमिकामा व्यवस्थापहरू प्रमुख हस्ती भएकोले एक्सेस ब्राण्डको प्रभावकारीता र सम्भावित चुनौतीहरूको विषयमा प्रष्ट धारणा राख्न अनुरोध गर्नुभएको थियो ।

एक्सेस ब्राण्डिङ कार्यक्रममा सहभागी भएर संस्थालाई सुरक्षित तवरबाट अगाडि बडाउन, सदस्यहरूलाई बचत सुरक्षाको ग्यारेन्टी दिन, बजेट तथा रणनीतिक योजना निर्माण गरी योजनावद्ध रूपमा वित्तीय कारोवार गर्न, सदस्य सन्तुष्टीलाई ध्यानमा राखेर वस्तु तथा सेवा प्रवाह गर्न एक्सेस कार्यक्रमले नै सिकाएको भन्दै सहभागी व्यवस्थापकहरूले अकुलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो । एक्सेस ब्राण्डमा आवद्ध भएपछि काम गर्ने दौरानमा विविध कठिनाइहरू झेल्नुपरे पनि त्यसको सफलता प्राप्तिपछि सदस्यहरूमा आएको सकारात्मक परिवर्तनले साकोसले थप उचाई प्राप्त गरेको बताउनुभयो ।

कार्यशालामा सन् २०१८ मा एक्सेस (Silver + Bronze) ब्राण्ड प्राप्त गर्न सफल २० साकोसका व्यवस्थापकहरूको उपस्थिति रहेको थियो ।

नेफ्स्कूनको अगुवाइमा एशियाली ऋण महासंघको मार्गदर्शनमा नेपालमा २०६५ सालदेखि एशियाली स्तरको गुणस्तर सुनिश्चितता कार्यक्रम (ACCESS) लागू भएको हो । एशियाली ऋण महासंघले दिएको ८६ वटा सूचांकहरू पुरा गर्दै साकोसहरू ब्राण्ड प्राप्त गर्न सफल भएका हुन् ।



# सहकारीमा महिला सहभागिता : रोजगारीका लागि अवसर र चुनौती



**शान्ति ढकाल अधिकारी**

सञ्चालक सदस्य
नेफ्स्कून

लेख

सन् १८४४ मा बेलायतबाट शुरू भएको सहकारी व्यवसायको इतिहास हेर्दा महिला र पुरूष दुवैले समान निर्वाचन प्रणाली, सञ्चालक समितिको नेतृत्वमा सहभागिता भएको पाइन्छ । उक्त समय बेलायत र अमेरिकामा महिलाको नेतृत्वलाई स्वीकार गरी समानतामा विश्वास गर्दै जीवनस्तर उकास्न र प्रजातान्त्रिक परिपाटी मार्फत महिला र पुरूषको सह अस्तित्व र सह सम्बन्धलाई स्वीकार गरिएको पाइन्छ ।

सहकारीको आधारभूत सिद्धान्त नै ईच्छुक व्यक्ति सदस्य बन्न पाउने हुनुपर्ने भएकाले यसमा महिला भएकै कारण सदस्य हुनबाट बञ्चित हुनपर्दैन । लैङ्गिक वा अन्य कुनै बहानामा विभेद गर्न नहुने व्यवस्था गरेकाले सहकारीमा सदस्य बन्ने, आर्थिक क्रियाकलापमा सहभागी बन्ने कुरा महिलाका लागि सुनिश्चत गरेको छ । सहकारीको सिद्धान्तले संस्थाका सदस्यहरूले नै सहकारीलाई लोकतान्त्रिक व्यवस्था बमोजिम नियन्त्रण गर्नु पर्ने निर्दिष्ट गरेकोले सदस्य भै सकेपछि सहकारीको हरेक गतिविधिमा सहभागी हुनसक्ने अधिकार पाउने सुनिश्चत गर्छ ।

**सहकारीमा महिला सहभागिता :**

सन् १९९५ मा विश्वबाटै लैङ्गिक अन्तर हटाउन विश्व महिला सम्मेलन बेइजिंगमा सम्पन्न भयो । सो अवसरमा १२ वटा महिला सरोकारका क्षेत्रमा (महिला र गरिबी, स्वास्थ्य, शिक्षा आदि) काम गर्न आब्हान गरियो । नेपालमा पनि महिलाका सवालमा धेरै कार्यक्रमहरू भए तथापि, गहिरो जरा गाडेको लैङ्गिक असमानताहरू अझै पनि कायमै छन् । राजनीतिक र आर्थिक निर्णय गर्ने प्रक्रियामा महिला सहभागिता कम छ । सभ्य, निष्पक्ष श्रमको अभाव, सुरक्षित रोजगारिको अभाव, अनौपचारिक र अवैतनिक श्रममा संलग्न हुनुपर्ने बाध्यता अझैपनि कायम छ । संयुक्त राष्ट्रसंघले यो वास्तविकतालाई बुझि लैङ्गिक समानतालाई विशेष प्राथमिकतामा राखी दीगो विकास लक्ष्य (SDG) को पाँचौ लक्ष्यमा समावेश गरेको छ । सहकारी मार्फत विश्वव्यापी सहकारी सिद्धान्त, मूल्य मान्यतालाई आत्मसात गर्दै लैङ्गिक समानता प्राप्त गर्न र सन् २०३० सम्ममा दीगो विकास लक्ष्य प्राप्तिका लागि सहयोग पुग्ने आशा गरिएको छ ।




नेपालमा वि.सं. २०१३ बाट २०४८ सम्मको अवधिमा ८३० वटा सहकारी गठन भएका थिए । पञ्चायतकालिन त्यस अवधिमा महिला मात्र सदस्य रहेको सहकारी संस्था गठन हुन सकेका थिएनन् । प्रजातन्त्रको पुनर्स्थापनापछि हाल देशभर ३४ हजार ५ सय १२ सहकारी संस्थाहरू दर्ता भएका छन् । जसमध्ये करीब ४ हजार ५ सयवटा सहकारी महिलाले मात्र संचालन गर्दै आईरहेका छन् । सहकारीका सदस्य

६३ लाख भन्दा बढी पुगेको छ जसमा ५०.९६% (३२ लाख १३ हजार ५ सय १४) महिला छन । तथ्यांक हेर्दा देशभरिका सहकारी संस्थाको सञ्चालक समितिको कुल संख्याको ३९.३४% (९७ हजार ५ सय १२) महिला सञ्चालक पुगेको पनि देखिन्छ । सहकारीका कुल कर्मचारी ६०५१७ मध्ये ४७.९८% महिला कर्मचारी रहेका छन् ।

**सहकारीमा लैङ्गिक समानताका लागि अन्तर्राष्ट्रिय प्रयास र अभ्यास**

सन् १९९५ मा अन्तर्राष्ट्रिय सहकारी महासंघ ICA ले जारी गरेको Gender Equality in Coop प्रतिवद्धता पत्र सहकारीमा महिला सहभागिताका लागि गरिएको अन्तर्राष्ट्रिय प्रयासको पहिलो र महत्वपूर्ण कडी मानिन्छ । महासंघले सन् १९९० देखि नै लैगिक समानतालाई प्रवर्द्धन गर्न विभिन्न तालिम सामाग्री बनाई सदस्य देश र संस्थाहरूमा पठाएको थियो । अन्तर्राष्ट्रिय श्रम संगठन ILO ले सन् २००२ मा प्रकाशित गरेको सुझाव नं.१९३ ले Promotion of Cooperative Recommendation अर्न्तगत व्यवस्थापन र नेतृत्व विकासमा महिला सहभागिता बढाउनुपर्ने सुझाव पेश गरेको थियो, यो अर्को महत्वपूर्ण अन्तर्राष्ट्रिय प्रयास थियो ।

विश्व ऋण परिषद र फाइलेन अनुसंन्धान संस्थाले (World Council of Credit Union and Filene Research Institute) लैङ्गिक विभेद सम्बन्धी गरेको अनुसन्धानबाट विश्वव्यापी रूपमा वित्तीय क्षेत्रमा काम गर्ने महिलाहरू समान लक्ष्य, इच्छा, आकांक्षा, शिक्षा स्तर र अनुभव हुँदा पनि तल्लो तहबाट पदीय जिम्मेवारी शुरू गर्नु पर्ने बाध्यात्मक अवस्था रहेको, स्पष्ट महत्वकांक्षा व्यक्त भएतापनि कार्यकारी तहमा महिलाहरू कम मात्रामा पुगेको, समुदायको निम्नस्तरका तहमा पनि महिलाहरूले असमानुपातिक तरिकाले आर्थिक प्रणालीबाट बञ्चित हुनुपरेको, आर्थिक क्रियाकलापमा सम्मान योग्य स्थान पाउन नसकेको जस्ता लैङ्गिक अन्तर Gender Gap देखियो तर पछिल्लो समय विश्वब्यापी रूपमै सहकारीमा महिला सहभागिता बढिरहेको कुरा सहकारी, महिला र लैगिक समानता विषयमा कोपेक COPAC ले २०१५ मा गरेको अनुसन्धानले बताउँछ ।

जापानमा ९५ प्रतिशत महिला उपभोक्ता सहकारीको सदस्य छन् । महिलाहरूको किनमेलको ज्ञान र रूचिले विश्वमै यो क्षेत्रमा महिलाको एकाधिकार जस्तै देखिन्छ । उपभोक्ता सहकारीमा महिलाहरू प्रशसाकीय पद एवं नेतृत्वमा समेत आसिन छन् । तान्जानियामा नेतृत्व तहमा ६५ प्रतिशत महिला रहेका छन् । संयुक्त राज्य अमेरिकामा क्रेडिट युनियनमा ७० प्रतिशत महिला कार्यरत छन भने महिला अध्यक्ष २१ प्रतिशत रहेको छ । स्पेनमा श्रमिक सहकारीमा महिला ४९ प्रतिशत रहेको छ । युगाण्डामा कृषि सहकारीमा १३२ प्रतिशतले महिला सहभागिता बढिरहेको छ । इटलिमा ९५ प्रतिशत फेशन सहकारी महिला बाट सञ्चालित छन । अरेबियन देशहरूमा महिला मात्र सदस्य रहने सहकारी स्थापना र सञ्चालनमा जोड दिइदैछ । विश्वमै बचत तथा ऋण सहकारीमा आबद्द हुनका लागि महिलालाई प्रोत्साहन गर्ने गरिन्छ जस अन्तर्गत वित्तीय श्रोतहरू र अवसरहरू वृद्धि गर्न सहयोग पुग्दछ । सहकारीमा महिला सहभागिताले श्रम शक्ति र औपचारिक अर्थव्यवस्थामा सकारात्मक प्रभाव पारेको छ

सहकारीले नागरिक समाज, समुदाय सँग समन्वय गरी सरकारी मान्यता प्राप्त गरेर महिलाहरूलाई सशक्त पार्न सक्ने क्षमता बढाउन सक्छ । सहकारीले महिलाहरूलाई निरन्तर सहयोग गर्ने नीतिहरू विकास गर्न सक्छन् ।

> अन्तर्राष्ट्रिय सहकारी महासंघ ICA मा नोभेम्बर १४, २०१५ मा निर्वाचित हुनु भएका महिला अध्यक्ष Ms. Monique F. Leroux जो विश्वकै पाचौं शक्तिशाली वित्तीय संस्था (७० लाख सदस्य, ४६ हजार २१६ कर्मचारी र ३ हजार ७ सय ७९ निर्वाचित स्वयंसेवकबाट सञ्चालित) Desjarding group को अध्यक्ष तथा कार्यकारी प्रमुख हुनुहुन्थ्यो ।

> उहाँले विश्वको सहकारी अभियान हाँक्ने जिम्मेवारी सफलतापूर्वक सम्पन्न गरिसक्नु भएको छ ।

अन्तर्राष्ट्रिय सहकारी महासंघ ICA मा नोभेम्बर १४, २०१५ मा निर्वाचित हुनु भएका महिला अध्यक्ष Ms. Monique F. Leroux जो विश्वकै पाचौं शक्तिशाली वित्तीय संस्था (७० लाख सदस्य, ४६ हजार २१६ कर्मचारी र ३ हजार ७ सय ७९ निर्वाचित स्वयंसेवकबाट सञ्चालित) Desjarding group को अध्यक्ष तथा कार्यकारी प्रमुख हुनुहुन्थ्यो । उहाँले विश्वको सहकारी अभियान हाँक्ने जिम्मेवारी सफलतापूर्वक सम्पन्न गरिसक्नु भएको छ ।

**सहकारी श्रम बजारमा महिला** :

अन्तर्राष्ट्रिय सहकारी महासंघ ICA का अनुसार विश्वमा रहेको, सात अर्व ७१ करोड जनसंख्या मध्ये ३० लाख सहकारीमा १२ प्रतिशत आवद्ध रहेका छन् । विश्वको जनसंख्यामा १० प्रतिशतलाई सहकारीले रोजगारीको अवसर दिएको छ । विश्वमै व्यवस्थापकीय तहमा हेर्दा २४ प्रतिशत महिला अधिकृत तहमा रहेको देखिन्छ । महिलाहरू सहकारीको माध्यमबाट राम्रो जीवनशैली हासिल गरेका छन् । विश्वभरी फैलिएको सहकारीको संजाल र हरेक क्षेत्रमा काम गर्न पाउने वातावरणले गर्दा महिलाहरूको सहभागिता सहकारीमा बढ्दो रूपमा रहेको छ ।

नेपालमा प्रत्यक्ष रूपमा सहकारीमा ६० हजार पाँच सय १७ जनाले रोजगारी पाएका छन् । त्यसमध्ये ४८% महिला कर्मचारी रहेका छन । अप्रत्यक्ष रूपमा करीब १० लाखले सहकारी क्षेत्रबाट रोजगारी पाएका छन् । नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) मा आवद्ध ३५ सय वटा बचत तथा ऋण सहकारी संघ/संस्था मध्ये ५ सय ९० वटा साकोसहरूमा व्यवस्थापक महिला रहेका छन् भने १० वटा जिल्ला बचत संघको व्यवस्थापक भएर महिलाले हाकिरहेका छन् । नेफ्स्कूनमा कार्यरत कर्मचारीहरू १ सय २६ जना मध्ये ३३ जना महिला



र कुल ३४ अधिकृत मध्ये १० जना अधिकृत महिला रहेका छन । समग्रमा सहकारीमा महिला कर्मचारीको अवस्था हेर्दा सन्तोषजनक मान्न सकिदैन् । त्यसमा पनि निर्णायक तहमा औलामा गन्न सकिने मात्रै महिला सहभागिता हुनुले यसमा उल्लेख्य मात्रामा लैगिक मैत्री रणनिती नभएको देखाउँछ । सन् २०१५ मा गरिएको एक अध्ययन अनुसार सहकारीमा महिला कर्मचारीको संख्या वढाउन लैगिक समानताका रणनीतिहरू, स्रोत र साधनहरूको विकास र कार्यान्वय गनुपर्ने उल्लेख छ । अनुसन्धानले तल उल्लेखित बुँदाहरूलाई कार्यान्वयन गर्न सकेको खण्डमा सहकारीमा महिला नेतृत्व विकास र व्यवस्थापनमा महिलाको संख्या बढाउन सकिने सुझाव दिएको छ । महिलाहरूलाई वित्तीय र प्राविधिक सहयोग गर्नुपर्ने सरकारी निकाय, सदस्यता, सम्पत्ति माथिको स्वामित्व र आयमा पहुँच आदी महिला सहभागिताको सुचक हुनाले यसप्रति जवाफदेही बनाउने ।

**रोजगारीका लागि अवसर र चुनौती** :

रोजाइ होस् वा बाध्यता अहिले सबै महिलाका लागि आर्थिक सशक्तीकरण प्रमुख लक्ष्य र आवश्यकता बनेको छ । आर्थिक सक्षमताले जीवनका अन्य धेरै पक्षलाई सहज बनाउने हुँदा यो आवश्यकता स्वाभाविक धारणा मानिन पुगेको छ । परिवार चलाउन महिला र पुरूष दुवैको सहकार्य आवश्यक हुन्छ । बदलिँदो समय र परिवेशमा परम्परागत रूपमा निर्वाह गर्नुपर्ने कार्यका अतिरिक्त अर्थोपार्जनको जिम्मेवारी र चाहना महिलाको काँधमा थप भएको छ । कामकाजी महिलालाई घरबाहिर र भित्रका काम उत्तिकै जिम्मेवारीपूर्ण तरिकाले गर्नु निकै चुनौतीपूर्ण बनेका छन् । एकातर्फ ठूला शैक्षिक उपाधि हासिल गरी वृत्ति विकासमा पुरूषकै दाँजोमा क्षमता प्रदर्शन गर्नु र आर्थिकरूपमा महिलाले अन्यमा आश्रित नभई स्वावलम्बी बन्नु सबै महिलालाई जरूरी भएको छ । यो चुनौतीलाई अवसरका रूपमा लिई पेसागत रूपमा महिलाहरू आफूलाई परिभाषित गर्न कुनै पनि जिम्मेवारी लिन पछि सर्दैनन् भन्ने सन्देश दिनु छ । कार्यालयमा हुनुपर्ने व्यवसायीक ज्ञानमा महिलाले आफुलाई अगाडि बढाउनु पर्ने देखिन्छ । केवल निर्वाहमुखि भएकै कारण धेरै महिलाहरू पछाडी परेका छन् । विषयगत शिक्षाको कमी, पारिवारिक सहयोगको कमी, आधुनिक प्रविधिको प्रयोग गर्न नसक्नु, खुलेर आफ्नो प्रतिभा देखाउन नसक्नु, तालिमको कमी, जोखिम मोल्न तयार नहुनु, घर पायक रोजगारको अवसर मात्रै खोज्नु लगायतका समस्याले गर्दा महिलाहरू निर्णायक तहमा पुग्न सकिरहेका छैनन् । यसो हुनुमा कतै न कतै हाम्रो समाजमा जरा गाढेर बसेको समाजिक संरचनाको मनोविज्ञानले पनि काम गरिरहेको छ । विभिन्न चुनौतीका बावजुद पनि महिलाहरू घर व्यवस्थापन गर्दै आफ्नो कार्यक्षेत्रमा अगाडि बढिरहेका छन् । परम्परागत भूमिका निर्वाह गर्न महिलालाई घर परिवारको सहयोगको खाचो हुन्छ महिलाले निर्वाह गरिरहेको चुनौतीपूर्ण दोहोरो भूमिकालाई आत्मसाथ गर्दै कामकाजी महिलाले सक्षमता र आत्मनिर्भरताको आनन्द लिँदै नयाँ जिम्मेवारीका साथ अगाडि बढ्नु पर्ने देखिन्छ ।

सहकारीले महिलाहरूलाई संगठित गरी आर्थिक तथा सामाजिक क्षमताको विकासमा सघाउ पुऱ्याउँदै आएको छ । यसले समाजमा महिलाको हैसियत वृद्धि भएको छ । उनीहरूको बोलीको महत्व बढेको छ । लैङ्गिक मूल्य मान्यता र संस्कृतिको प्रभावले गर्दा सहकारीमा महिला सहभागिता नेपालमा मात्र होईन विश्वमै तुलनात्मक हिसाबले बढ्दै गएको छ । अझ त्यसमा पनि नेतृत्व तहमा सक्रिय सहभागिता (कार्यकारी पद) र व्यवस्थापकीय भूमिका (व्यवस्थापक) मा अगाडि बढ्नु पर्छ । चुनौती मुक्त नभएपनि महिला मैत्री परिवेश तयार हुँदै गरेकाले सक्रिय सहभागिता मार्फत नयाँ नयाँ अवसर प्राप्त गर्न महिलाहरू लाग्नु पर्छ ।

# नेतृत्व तहमा महिलाको कम्तिमा ३३ प्रतिशत सहभागिता सुनिश्चित गराउन पहल

सहकारी क्षेत्रको नेतृत्व तहमा महिलाको ३३ प्रतिशत सहभागिता सुनिश्चित गराउन सहकारीकर्मी महिलाहरूले सबै सहकारी संघ संस्थाहरूमा विनियम संशोधनका लागि पहल गर्न गराउन जोड दिने भएका छन् ।

सहकारीमा पदाधिकारीमा कम्तिमा १ जना महिला रहने गरी नेतृत्व तहमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्ने लक्ष्यका साथ अभियान अघि बढाइने सहकारीकर्मी महिलाहरूले बताएका हुन् । मार्च ८, २०१९, ११० ९ औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसर पारेर राष्ट्रिय सहकारी महासंघ लि. नेपालले आयोजना गरेको सहकारीमा महिला सशक्तिकरण र समावेशिता विषय गोष्ठीमा महिला सहकारीकर्मीहरूले यो निस्कर्ष निकालेका हुन् ।

नेपालको सहकारी क्षेत्रमा महिला सदस्यको सख्या ५१ प्रतिशत रहेको भए पनि नेतृत्व तहमा महिलाको सहभागिता अझै प्रयाप्त नभएको उनीहरूले बताएका छन् ।

सहकारीमा महिला सशक्तीकरण र समावेशिताका लागि सबै संघहरूमा छुट्टै महिला उपसमिति गठन गरी महिला सशक्तीकरणका लागि अनिवार्य रूपमा बजेट छुट्याउनका लागि लविङ गर्ने गण्डकी प्रदेश सांसद तथा राष्ट्रिय सहकारी महासंघ लि. नेपालकी सञ्चालक प्रभा कोइरालाले बताउनुभयो । महिलाहरूलाई आत्मनिर्भर बनाउन उद्यमशीलता कार्यक्रम अगाडि बढाउने र सहकारीमा महिलाको अवस्थाको विषयमा तथ्यांक संकलन गर्नका लागि गोष्ठीले मार्गनिर्देश गरेको कोइरालाले बताउनुभयो ।

प्रारम्भिक सहकारीहरूलाई हेर्दा सञ्चालक समितिमा लैङ्कि अवस्था सन्तोषजनक रहेको महासंघकी कामु




महाप्रबन्धक चित्राकुमारी थाम्सुहाङ सुब्बाले बताउनुभयो । 'प्रारम्भिक तहका संस्थाहरूमा सञ्चालकमा महिलाको उपस्थिति ३९ प्रतिशत भए पनि जिल्ला तथा केन्द्रीयस्तरका संघहरूमा महिलाको उपस्थिति कमजोर देखिएको हुँदा यसलाई सुनिश्चित गर्न सकेको खण्डमा मात्र नीति निर्माण तहमा महिलाको पहुँच पुग्ने उहाँले बताउनुभयो ।

केन्द्रीय तथा राष्ट्रिय संघहरूको नेतृत्वमा १७ प्रतिशत मात्र महिला रहेका छन् । महिलाले नै सञ्चालन गरेको ४ हजार बढी सहकारी भएकाले प्रारम्भिक तहका सहकारीमा पनि ३९ प्रतिशत सहभागिता देखिएको महासंघकी उपाध्यक्ष ओमदेवी मल्लले बताउनुभयो । महिला सशक्तिकरणका लागि नीति, कार्यक्रम तथा बजेटको व्यवस्थाका लागि नेतृत्वलाई बुझाउन कठिन र सामाजिक सोचका कारण अझ पनि महिलालाई मुख्य ठाउँमा स्थान दिन कठिनाई भएको उहाँले बताउनुभयो ।

देशभरी रहेका २० वटा केन्द्रीय संघहरूमा २ सय ३ जना सञ्चालकमध्ये ५० जनामात्र महिला रहेको राष्ट्रिय सहकारी बैंक लि. का सञ्चालक सरिता तिमल्सिनाले बताउनुभयो । सहकारी क्षेत्रमा ५३ दशमलब २६ प्रतिशत कर्मचारी महिला रहेको बताइएको छ । करिब ३५ हजार सहकारीमध्ये १२ प्रतिशत महिलाले मात्र सञ्चालन गरेको सहकारी रहेको तथ्यांक छ । राष्ट्रिय सहकारी महासंघ लि. नेपालका अध्यक्ष केशव बडालले सहकारी बाक्लो भएका जिल्लाहरूमा महिलाको नेतृत्व विकास भएको औंल्याउनुभयो ।

उहाँले महिलाहरूको सशक्तिकरणका लागि सहकारीले महत्वपूर्ण भूमिका खेलेको र अब उत्पादनमा सहकारीलाई जोड्नुपर्नेमा जोड दिनुभयो । संचार तथा सूचना प्रविधि मन्त्रालयकी सह सचिव राधिका अर्यालले महिला सशक्तिकरणमा योगदान दिएको महिला विकास कार्यक्रम स्थानीय तहमा गएसँगै यसबाट प्रवर्धित महिला सहकारी संस्थाहरूमा समस्या सिर्जना भएको बताउनुभयो ।

उहाँले स्थानीय तहको प्राथमिकतामा महिला उत्थानका लागि प्रवर्द्धित महिला सहकारी पर्न नसकेका कारण यो कार्यक्रममा चुनौती देखिएको बताउँदै स्थानीय तहले यसलाई सम्बोधन गर्न सके महिला समावेशिता र सशक्तिकरणमा यसले अहम भूमिका खेल्ने बताउनुभयो ।

पछिल्लो तथ्यांक अनुसार नेपालको सहकारीमा ५० दशमलब ९६ प्रतिशत महिला सहभागिता रहेको छ । ६३ लाख ५ हजार ५ सय ८१ सदस्यमध्ये महिलाको सख्या ३२ लाख १३ हजार ५ सय १४ रहेको छ । सहकारीमा कुल कर्मचारीमध्ये ४७ दशमलब ९९ प्रतिशत महिला रहेका छन् ।

# नेपालमा सहकारी पर्यटनको सम्भावना : एक चर्चा



**भीम गुरुङ्ग**

सञ्चालक
नेफस्कून

> गत वर्ष मात्र रोयलमा २०५ सहकारी मार्फत १८०० बढी अवलोकनकर्ता सहकारीकर्मीहरु भ्रमणमा आए । यसले पनि नेपालमा सहकारी पर्यटनको सम्भावना छ भन्ने बहस प्रारम्भ गरेको हुँ ।

मैले केही समय अगाडि सामाजिक सञ्जाल (फेसबुक) को स्टाटसमा के नेपालमा सहकारी पर्यटनको सम्भावना छ ? भनेर एउटा विषय बहसको लागि राखेको थिएँ । २४ घण्टामा करिब ५ दर्जन जति विचारहरू प्राप्त भयो, अझ त्यो स्टाटसमा साथीहरूको सुझाव र प्रतिक्रिया आउने क्रम जारी छ । फेसबुकमा प्राप्त सुझाव र प्रतिक्रिया पढेपछि भने मलाई यो शीर्षकमा केही अध्ययन गर्न र थप विचार सम्प्रेषण गर्न निकै हौस्यायो । राष्ट्रिय सहकारी महासंघका अध्यक्ष केशव बडाल, नेफ्स्कूनका सञ्चालकहरू शान्ति अधिकारी, यज्ञप्रसाद ढकाल, राष्ट्रिय सहकारी बैंक लि. का सञ्चालक अमृता सुब्बा, हरिहरनाथ योगी, सहकारी विभागमा लामो समय सेवा गरी सेवानिवृत्त भएका केशव बहादुर थापा लगायत थुप्रै सहकारीकर्मी र सामाजिक कार्यकर्ताहरूबाट यो सम्भावना छ, हामीले शुरुवात गरेका छौं, राम्रो सहकारी बनायो भने त सहकारी हेर्नेको घुँईचो बढी हाल्छ नि, भन्ने लगायतका सकारात्मक प्रतिक्रिया प्राप्त भयो भने कति सहकारीकर्मीले त यो अभियान शुरू गरिसकेको समेत बताए ।

केही बिचारहरू भने अलि फरक ढंगबाट आए । सहकारी विभागका पूर्व रजिष्ट्रार सुदर्शनप्रसाद ढकालले सहकारीलाई लगानीको मोडलको रूपमा राज्यले स्वीकार गर्नुपर्ने तर्क दिईरहँदा गण्डकी प्रदेशका नीति तथा योजना आयोगका उपाध्यक्ष डा. गिरीधारी शर्माले भने सहकारीलाई उत्पादनसँग जोडिदा पर्याप्त सम्भावना रहेको विचार अगाडि सारे । यहि स्टाटसमा पर्यटन क्षेत्रमा विशेष दखल राख्नुहुने सह-प्राध्यापक श्रीकान्त शर्मा खतिवडाले समेत समर्थन जनाउदै यो विषयको चर्चा गर्न सही समय आएको प्रतिक्रिया दिए । बरिष्ठ पत्रकार नारायण कार्कीको केही फरक शैलीमा सरकारको सहकारी मैत्री नीति आउने र सहकारीको पूँजी कृषि पर्यटन क्षेत्रमा लगाए मात्र सम्भावना रहेको प्रतिक्रिया पढिरहँदा अर्को युवा पत्रकार सरिता तिम्सिना पंगेनीले भने एकदिन मिडियामा यहि विषयमा बहस गर्न समेत निम्तो दिन भ्याए । नेपालमै पर्यटक ल्याउन त खोई तर सहकारीको पैसाले देश विदेश घुम्ने विकास चाही भईरहेको देखिन्छ हो भीम सर भन्ने पत्रकार मित्र लालप्रसाद शर्माको प्रतिक्रियाले भने मलाई अलि फरक ढंगबाट सोच्न बाध्य बनायो । के साँच्चै यो क्षेत्रमा सम्भावना छ ? के सहकारीलाई पर्यटन उद्योगको रूपमा विकास गर्न सकिदैन ?

के हाम्रा गतिविधि पर्यटकीय दृष्टिकोणले अध्ययनको विषय बनिरहेको छ ? कि हामीले भ्रमणका नाममा आय विवरणमा खर्चको शीर्षक मात्र थपिरहेका छौं ? यो विषयले मलाई केही लेख्न घचघच्याउदै लग्यो ।

## पर्यटन उद्योग र सहकारी

मेरो विषय पर्यटन होईन, मेरा विचारहरू विषयान्तर हुन सक्छन्, तर पनि पछिल्लो समय सहकारी मार्फत भए गरेका अध्ययन भ्रमणको ग्राफ बढिरहेको देख्दा यो विषयमा कलम चलाउन मन लागेको हो । पूर्व पर्यटन मन्त्री रविन्द्र अधिकारीले आफ्नो पुस्तक समृद्ध नेपालमा पर्यटन संसारको सबैभन्दा ठूलो उद्योगभित्र पर्ने बताउदै नेपालको सन्दर्भमा पर्यटनलाई उद्योगहरूको पनि उद्योगको रूपमा लिएका छन् भने पर्यटन क्षेत्रको विकास अपरिहार्य रहेको सन्दर्भ पुस्तक मार्फत उल्लेख गरेका छन् । सन् २०१५ मा आएको भुकम्प पश्चात यतिखेर मुलुक नेपाल भ्रमण वर्ष २०२० को संघारमा छ । यसले २० लाख पर्यटक भित्र्याउने महत्वकाँक्षी लक्ष्य समेत लिएको छ । यो अभियानमा सहकारी क्षेत्रको के योगदान रहन सक्छ ? एउटा बहसको विषय बन्न जरूरी छ ।

मैले सन् २००५ मा एउटा तालिमको शिलशिलामा भारतको कृषि सहकारी ईफ्कोमा जाने अवसर प्राप्त गरेको थिएँ । त्यति बेला ईफ्को सहकारीको गतिविधि हेर्न र सहकारी शिक्षा लिन विभिन्न मुलुक र भारतको विभिन्न राज्यबाटै सहकारी अध्ययन अवलोकन गर्नेहरूको भीड देख्दा कुनै समय नेपालमा पनि यस्तै हुन्छ कि त ? भन्ने प्रश्न उब्जने गर्थ्यो । मैले त्यो संख्या अझ बढी देखें जुनबेला सन् २००९ मा भारतकै अमूल दुग्ध सहकारीको अध्ययन भ्रमणमा थिएँ । सहकारीका असल अभ्यासहरू सिक्ने, अध्ययन गर्ने अनि त्यसलाई आफ्नो क्षेत्रमा अनुशरण गर्ने प्रचलन संसारैभर पाईन्छ । पछिल्लो समय बेलायतको म्यान्चेष्टर सिटीमा रहेको रोचडेल सहकारी, अध्ययन अवलोकन र अनुसन्धानको लागि प्रमुख



आकर्षक केन्द्र बनेको छ । जहाँ वार्षिक लाखौं सहकारीकर्मीहरू पुग्ने गर्छन् । उसो त नेपाली सहकारीकर्मीहरू पनि विभिन्न कार्यक्रममा सहकारी मार्फत बैदेशिक भ्रमण गरिरहेको पाइन्छ, तर यसबाट नेपाली सहकारी अभियानमा के कति सकारात्मक प्रभाव परेको छ ? हामीले नेपाली सहकारी हेर्नका लागि कति विदेशी पर्यटक भित्र्याउन सफल भयौं ? कि अध्ययन भ्रमणका नाममा सहकारीको पैसाले देश विदेश घुम्ने मेलो मात्र बनेको छ ? यो विषयमा सहकारीका सदस्य एवं नियामक निकाय मौन बस्न भने हुँदैन । यसको बेग्लै खालको अध्ययनको विषय बन्ला ।

एक अध्ययन प्रतिवेदन अनुसार नेपाल प्राकृतिक स्रोतका हिसाबमा विश्वको २५औं उत्कृष्टमा पर्दछ । नेपाली पर्यटनको विषयमा चर्चा गर्दा यहाँको प्राकृतिक दृश्यावलोकन, कला संस्कृति, पदयात्रा, जलयात्रा, खेल पर्यटन, धार्मिक पर्यटन, भुकम्प पछिको अवस्था अवलोकन, ग्रामीण जनजीवनको अध्ययन, हिमाली क्षेत्रको अवलोकन, जंगल सफारी र शान्ति प्रक्रिया पश्चात नेपालमा भएको राजनीतिक स्थिरताको अनुभव साटा साट गर्न समेत पर्यटकहरू आउने गरेको पाइन्छ भने पछिल्लो समयमा नेपालमा आन्तरिक पर्यटनको व्यापकता बढ्दै गएको छ । यसको एउटा जवरजस्त कारण हो सहकारी अभियान । यो अभियान मार्फत आन्तरिक पर्यटनमा ठूलै हिस्सा ओगटेको विभिन्न तथ्यहरूबाट प्रस्ट हुन्छ ।

## सहकारी पर्यटन र मैले देखेको सम्भावना :

कुनै समय मलाई लाग्थ्यो, बचत तथा ऋण सहकारीमा के हेर्ने ? के देखाउने ? एक पानाको ब्लालेन्स सिट पढ्यो सकियो, देखाउने कुरा खै हाम्रो ? तर एशियाकै ठूला बचत सहकारीको श्रेणीमा पर्ने सफल भारतको बुलदाना अर्वान सहकारी हेरेपछि भने मेरो होस् खुल्यो । बुलदानाको करिब ७५ अर्बको वासालात, ३५० बढी शाखा, १६ लाख बढी सदस्य, ५ हजार कर्मचारी, ४३८ बढी शाखा, २ दर्जन बढी सदस्य केन्द्रित परियोजना र त्यसले अवलम्बन गरेको विकासे गतिविधि, सामाजिक तथा साँस्कृतिक अयिभान सँच्चिकै सहकारी पर्यटन लक्षित रहेको पाइयो । नेपालको सन्दर्भमा भने हामीले सञ्चालन गरेको केही गतिविधिबाट सहकारी पर्यटनको सम्भावना छ है भन्न करै लाग्छ ।

नेपालमा भएका ३४ हजार बढी सहकारीमा ६२ लाख बढी मानिसहरू आवद्ध छन् भने ती संस्थाहरू मार्फत ३ खर्ब बढीको पूँजी परिचालन भएको छ । सहकारी मार्फत लगानी भएको पूँजीले स्थानीय उत्पादन वृद्धि, रोजगारी सिर्जना र आयआर्जनको क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएको तथ्यांक हामीसँग ताजै छ । नेपालको सन्दर्भमा बचत तथा ऋण सहकारी संख्यात्मक रूपमा सबैभन्दा धेरै भएको क्षेत्र हो । कूल सहकारीको करिब ४८ प्रतिशत हिस्सा ओगटेको बचत ऋण सहकारी विस्तारै व्यवसायीकरण

हुँदै स्तरीकरणको बाटोमा अग्रसर भईरहेको छ । गत वर्ष फिलिपिन्सको मनिलामा सम्पन्न एशियाली ऋण महासंघको वार्षिक साधारण सभामा २३ वटा संस्थालाई एशियाली स्तरको ब्राण्ड प्रदान गर्दा २० वटा संस्था नेपालको छनौट हुनुले नेपालको बचत तथा ऋण सहकारी अभियान गौरव लाग्दो इतिहास कायम गर्ने चरणमा प्रवेश गरेको बुझिन्छ । यसबाट समग्र एशियाली सहकारीकर्मीको ध्यान नेपालले तानेको छ । केही समय अगाडि मात्र नेपालको ब्राण्डेड संस्थाको अवलोकन र एशियाली स्तरको एक्सेस ब्राण्ड अध्ययन गर्न फिलिपिन्स, बंगलादेश र भुटानका सहकारी प्रतिनिधिहरू नेपाल आएका थिए । उसो त, राष्ट्रिय सहकारी महासंघ, नेफ्स्कून, राष्ट्रिय सहकारी बैंक र कृषि सहकारी केन्द्रीय संघ मार्फत जापान, भारत, थाईल्याण्ड, श्रीलंका, क्यानडा, अष्ट्रेलिया, फिलिपिन्स, म्यान्मार, इजरायल जस्ता देशबाट नियमित रूपमा आउने गरेको छ । विदेशबाट आउने सहकारी पर्यटकहरू खासगरी नेपालको संविधानमा व्यवस्था गरेको ३ खम्बे अर्थनीतिको कानूनी अवधारणा, सहकारी संघ संस्थाहरूले गरेको व्यवसाय र बजारीकरणको अवस्था, स्तरीकरण तथा एकरूपता प्रणालीको नमूना र छोटो समयमा सहकारी क्षेत्रले प्राप्त गरेको सफलताको उदाहरणहरू सिक्न आएको नेफ्स्कूनका अध्यक्ष डी.बी. बस्नेतको बुझाई छ ।

त्यसरी नै हालसम्म २१ वटा बचत ऋण सहकारीले नेपाल स्तरको ब्राण्ड प्रोबेशन (पूर्ण तथा व्यवासायिक साकोस विकास कार्यक्रम) मा सफलता हासिल गरेका छन् । यस्ताखाले ब्राण्ड प्राप्त गरेको खबरले देशैभर एउटा सुखद संचार संप्रेषण गरेको छ भने यसबाट सहकारीकर्मीहरूमा यो ब्राण्ड के हो, कसरि प्राप्त गर्न सकिन्छ, यसबाट सहकारीलाई दीर्घकालिन फाइदा के छ, सहकारी मार्फत सदस्यहरूलाई कसरी उद्यमशील बनाउन सकिन्छ, सहकारीमा सुशासन कसरी कायम गर्ने भन्ने लगायतका अनुभव आदानप्रदान गर्न समेत पछिल्लो समयमा सहकारी अध्ययन अवलोकन भ्रमण हुने गरेको छ । त्यसरी नै मौरीपालन केन्द्रीय सहकारी संघको सहकारी मह ब्राण्ड, सहकारी चिया, कफि, दुग्ध जन्य पदार्थको ब्राण्ड, मसला, अगरबत्ती, महिला सहकारीहरूद्वारा उत्पादित हस्तकला सामाग्री, फोटो फ्रेम उद्योग, कृषि सहकारीको किसानको पोको ब्राण्ड, सहकारी पत्र पत्रिका, पुस्तक, श्रव्यदृश्य सामग्री आदिले पनि सहकारी पर्यटन वृद्धिको लागि केही आधारशीला तयार गरेको छ भन्न सकिन्छ ।

**के हुन सक्छ सहकारी पर्यटनको आकर्षण केन्द्र :**

सहकारीकर्मीहरूले पछिल्लो समयमा ब्राण्डेड संस्थाहरू, ब्राण्डमा आवद्ध संस्थाहरू, नमूना सहकारी फार्म र बहुमुखी परियोजना सञ्चालन गरिरहेका संस्थालाई छनौटको सूचीमा राख्ने गरेको छ । धेरै सहकारीकर्मीहरूको भ्रमणको प्राथमिकतामा चितवनमा अवस्थित नेपालकै पहिलो सहकारी बखान, राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय सहकारी बैक, नेफ्स्कून, नवलपरासीका विकू, किसान, गैंडाकोट स्वाभिमान, चितवनकै प्रभात दिदीबहिनी, चित्रवन, लालीगुराँस गाई फार्म र सहकारी पेट्रोल पम्प, दोलखाका जनसचेतन, मिलिजुली र हाम्रो जनकल्याण, काभ्रेका विन्दवासिनी, सामुदायिक र बुडोल, भक्तपुरको उपकार, बाराही र सिद्धिगणेश ललितपुरका कल्याणकारी, धादिङ्गका जनकल्याण र स्रोत परिचालन, रूपन्देहीका जनउत्थान र कोलिय, झापाका सहारा नेपाल, एनएमसि र महारानी झोडा, सर्लाहीका सगुन शिक्षा, मोरङ्गको इटहरा र मनकामना, सुनसरीका किसान कल्याण र महिला साकोस, हेटौडाको महिला जागरण, महिला अभियान, कास्कीका पोखरा रोयल, रोयल दिदीबहिनी किचन, सहकारी संघको दुग्ध उधोग र सहकारी हाईटेक ग्रीन हाउस, बाग्लुङ्गका सिवाईसी, नेपालगञ्जका सहकारी शित भण्डार, बर्दियाका सिको, सुर्खेतको गंगामाला र जनहितकारी, कैलालीका नवजिवन र किसान बहुउद्देश्यीय आदि संस्थाहरू पर्ने गरेको छ । यी नामहरू केही प्रतिनिधि संस्थाहरू मात्र हुन्, पछिल्लो समयमा प्रत्येक जिल्लामा २/४ वटा नमूना संस्थाहरू भ्रमण गर्न योग्य सूचीमा रहेका छन् भने सहकारीबाटै सञ्चालनमा आउन लागेका केही सुपर बजार, तरकारी तथा फलफूल बजार, पर्यटकीय उद्योगहरू यो क्षेत्रका थप आकर्षक गन्तव्यको रूपमा विकास भईरहेको छ ।

पर्यटनको कुरा गरिरहँदा किन किन मेरो मानसपटलमा सहकारी पर्यटनले ठूलो छाप गाडेको छ । राष्ट्रिय सहकारी महासंघको सहकार्यमा आईसिएको १०५ दिने तालिममा भारत, ईरान र जापानको सहकारीहरूको सुक्ष्म अध्ययन पश्चात मैले सहकारीमा कृषि पर्यटन शीर्षकमा परियोजना रिर्पोट तयार गरेको थिएँ । आज यो परियोजनाको केही कामको थालनी भएको छ । पोखरा रोयल साकोसमा आवद्ध ९९ जना महिला सदस्यहरूले शुरू गरेको रोयल दिदीबहिनी किचन यसको ज्वलन्त उदाहरण हो, यो अभियानबाट हामी पर्यटन क्षेत्रमा प्रवेश गरेका छौं । यही मोडल हेर्न केही समय अगाडि मात्र नेफ्स्कूनका अध्यक्ष डी.बी. बस्नेत दोलखाको मातृसंस्था एकीकृत फ्रेन्डसिपको ग्रुप लिएर पोखरा पुग्नुभयो भने भ्रमणमा आएका अन्य मध्ये एक दर्जन बढी सहकारी समूहले यसको अनुशरण गर्ने बताएका छन् । गत वर्ष मात्र रोयलमा २०५ सहकारी मार्फत १८०० बढी अवलोकनकर्ता सहकारीकर्मीहरू भ्रमणमा आए । यसले पनि नेपालमा सहकारी पर्यटनको सम्भावना छ भन्ने बहस प्रारम्भ गरेको हुँ ।

आजकल धेरै सहकारीहरूले आफ्ना सदस्यहरूलाई विभिन्न स्थानमा भ्रमणमा लैजाने गरेको छ । संस्थाको वार्षिक कार्यक्रममा नै सदस्य तथा कर्मचारीको अध्ययन भ्रमणका लागि बजेट विनियोजन गरेको हुन्छ । यो सन्दर्भमा सहकारीले भ्रमण मार्फत फजुल खर्च गरे भन्नेहरूको जमात पनि नभएको होइन, तर सहकारी भनेको नै सदस्यहरूको लागि हो । सदस्य सम्मिलित वार्षिक साधारण सभाले बनाएको कार्यक्रम मार्फत साँच्चिकै नमूना संस्थाहरूको






अध्ययन गरी आफ्नो संस्थालाई दीगो र सवल बनाउने क्रममा सहकारी संस्थाहरूको साथै केही पर्यटकीय, ऐतिहासिक तथा धार्मिक स्थलको समेत भ्रमण गर्नु अन्यथा नहोला । तर अध्ययन भ्रमणको नाममा फजुल खर्च गर्ने र रमाईलोको लागि भ्रमण गर्ने हो भने यसको नकरात्मक प्रभाव पर्छ नै, जो तत्काल रोक्न जरूरी पनि छ । नेपालमा भएका ३४ हजार सहकारी मध्ये १० प्रतिशत सहकारीले मात्रै पनि वार्षिक ३० जनाको दरले सदस्यहरूलाई भ्रमणमा पठायो भने पनि सहकारी मार्फत वार्षिक १ लाख भन्दा बढी मानिसहरू आन्तरिक पर्यटनमा घुम्ने देखिन्छ ।

र अन्तमा,

सहकारी पर्यटनको विषय नितान्त नौलो विषय हो । जसरी खेल पर्यटन, पर्या पर्यटन, धार्मिक पर्यटन, साहसिक पर्यटन र सांस्कृतिक पर्यटनको सम्भावना छ त्यसरी नै नेपालमा सहकारी पर्यटनको उत्तिकै सम्भावना छ अझ भनौ सहकारी मार्फत आन्तरिक पर्यटन । सहकारी र पर्यटन क्षेत्र दुवैले देशको कूल गार्हस्थ्य उत्पादनमा करिब ४/४ प्रतिशतका हाराहारीमा योगदान दिएको तथ्यांक हामीसँग छ । हामीलाई लाग्न सक्छ, सहकारीकर्मीहरू धार्मिक तथा पर्यटकीय क्षेत्रको भ्रमण गर्ने क्रममा केही समय बचाएर सहकारीमा छिर्छन् तर होइन, अब सहकारीको अध्ययन अवलोकन पहिला गर्छन् र बचेको समय पर्यटकीय तथा धार्मिक क्षेत्रमा समेत घुम्छन् भन्ने बनाउन हरेक क्षेत्रमा विभिन्न विषयका नमूना सहकारी निर्माण गर्न आवश्यक छ । यो बनाउने तपाई हामीले नै हो । यो बिल्कूल सम्भव छ । यसको लागि राज्य र सहकारी अभियानले सहकार्य गर्नै पर्छ ।

सहकारी पर्यटनलाई संस्थागत गर्न, यसको संख्या बढाउन, गुणात्मक नतिजा हासिल गर्न र पर्यटन उद्योगमा यसको हिस्सा स्थापित गर्न हामीले केही कदम अगाडि बढाउनै पर्छ । सहकारी नीतिमा व्यवस्था भए बमोजिम सहकारी उद्योगहरू स्थापनामा जोड दिने, चिया, कफी, मह, दुग्ध तथा जडिबुटी जन्य उत्पादनहरूलाई थप सहकारी ब्राण्डिङ्गमा लाने, साकोस एकरूपता प्रणालीको लागि नमूना जिल्लाहरूको निर्माण ब्यापक बनाउने, एक स्थानीय तह एक नमूना सहकारी उद्योग स्थापना गर्ने, ठूला तथा सवल सहकारीको स्थापनामा जोड दिने, विशिष्टीकृत संघहरू मार्फत उत्पादन, बजारीकरण र वितरण, पर्यटनसँग सम्बन्धित होटल, जलविद्युत, शिक्षा, स्वास्थ्य, रेष्टुरेण्ट, ट्राभल तथा सेवा उद्योगहरूमा सहकारीको प्रवेश, सहकारी नमूना गाँउहरू स्थापना गर्ने, सहकारी म्यूजियम तथा स्रोत केन्द्रहरूको स्थापना, बखान सहकारीलाई सहकारी संग्रहालयको रूपमा विकास गर्ने र सहकारी विश्वविद्यालयको अवधारणामा परिणत गर्न सकेको खण्डमा धेरै मानिसहरू सहकारी मार्फत भएका विकास र परिवर्तन हेर्न र राम्रो कामको अनुशरण गर्न सहकारी संस्थाहरूमा आउनेछन्, यसले सहकारी पर्यटनको जग बसाल्ने छ । यस मार्फत भए गरेका गतिविधि र भ्रमणले आन्तरिक पर्यटनमा यूटर्न लिनेछ । अबको दशक सहकारीको दशक हो, सबैलाई चेतना भया ॥

जय सहकारी ॥

# वार्षिक योजना तथा बजेट निर्माण तालिम



नेफ्स्कून तालिम केन्द्रको आयोजनामा तालिम केन्द्र चावहिलमा २ दिवसीय वार्षिक योजना तथा बजेट निर्माण तालिम बैशाख ६ गते सम्पन्न भएको छ । तालिममा विभिन्न १५ वटा साकोसहरूबाट १७ जनाको सहभागिता रहेको थियो ।

तालिममा गोंगबुसिद्दि, अमर ज्योति, चोभार, तिर्थ, डल्लु एकता, युनाइटेड ह्यान्डस, प्रगति महिला उत्थान, दिव्यश्वरी, भिमकुल, शुभ खबर, गुडविल, सर्वमान्य, हिमनदी साकोस र अजम्बरी बहुउद्देश्यीय सहकारीका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

तालिममा सहभागीहरूले वार्षिक योजना र उक्त योजनालाई पुरा गर्न आवश्यक पर्ने बजेटको विषयमा विस्तृत छलफल गरी कार्ययोजना तयार पार्नुभएको थियो भने शुभ खबर साकोसका व्यवस्थापक डी.के. बस्नेतले साकोस एकीकरण सम्बन्धमा छोटो प्रस्तुतिकरण गर्नुभएको थियो ।

तालिम समापन कार्यक्रममा तालिम केन्द्रका प्राचार्य संजय राज तिमिल्सिनाको उपस्थितिमा सम्पूर्ण सहभागीहरूलाई प्रमाणपत्र वितरण गरी कार्यक्रम समापन गरिएको थियो । दुई दिवसीय उक्त तालिम सहजीकरण तालिम प्राचार्य सञ्जय राज तिमिल्सिना र तालिम अधिकृत कृष्ण प्रसाद आचार्यले गर्नु भएको थियो ।

# सहकारीको सफलतम योजना तथा आगामी कार्यदिशा सम्बन्धी तालिम



सहकारी व्यवस्थापनमा सफलताको योजना र आगामी कार्यदिशा सम्बन्धी तालिम फागुन १७ गते पोखरामा सम्पन्न भएको छ ।

कोअपरेटिभ म्यानेजर्स क्लब कास्कीको आयोजना र नेफ्स्कूनको प्राविधिक सहयोगमा उक्त तालिम सम्पन्न भएको हो ।

तालिम उद्घाटन सत्रलाई संवोधन गर्दै नेफ्स्कूनका सञ्चालक सदस्य भीम गुरूङले सहकारीमा वार्षिक बजेट नीति तथा रणनीतिक योजना बनाएर अगाडि बढेमात्र सहकारी सञ्चालनमा



सफल भइने बताउनुभयो । उहाँले भन्नुभयो, "अब हामीले सहकारी संस्था ठूलो बनाउनुभन्दा पनि गुणात्मक रूपमा कसरी प्रभावकारी सेवा प्रवाह गर्न सकिन्छ भन्नेतर्फ सोचेर काम गर्नुपर्छ ।"

नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत शिवजी सापकोटाले सहकारीले समाजको आर्थिक तथा सामाजिक विकासको पक्षमा रहेर पुलको भूमिका निर्वाह गरिरहेको बताउँदै हामीले समय अनुसार आफूलाई परिवर्तन गर्न सकिएन भने सामाजिक तथा आर्थिक उद्देश्य र आवश्यकताबाट विमुख हुनुपर्ने र संस्थालाई सफल र दीगो बनाउन नसकिने बताउनुभयो ।

को-अपरेटिभ म्यानेजर्स क्लबका अध्यक्ष मिलन ढकालले सिकेका ज्ञान र सिप व्यवहारमा उतारी कास्कीको सहकारी अभियानलाई सफल पार्न निरन्तर सबैको साथ र सहयोगको भूमिका रहेने बताउनुभयो ।

को-अपरेटिभ म्यानेजर्स क्लबका अध्यक्ष मिलन ढकालको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा उपाध्यक्ष डम्बरसिंह बस्नेतले स्वागत मन्तव्य र कार्यक्रम सञ्चालन सचिव अपिल कोइरालाले गर्नुभएको थियो । तालिममा ५२ वाटा सहकारी संस्थाका प्रमुख कार्यकारी अधिकृत एवं व्यवस्थापकहरूको सहभागिता रहेको थियो ।

❑ ❑ ❑

---

# सहकारी अभियानमा नेफ्स्कूनको योगदान अतुलनीय रहेको छ : रजिष्ट्रार पाण्डे

सहकारी विभागका नवनियुक्त रजिष्ट्रार टोकराज पाण्डेले सहकारी क्षेत्रको विकास, प्रवर्द्धन र सुशासन कायम गराउने क्षेत्रमा नेफ्स्कूनको भूमिका अतुलनीय रहेको बताउनुभएको छ ।

चैत्र १२ गते नेफ्स्कून केन्द्रीय कार्यालयमा आयोजित सहकारी विभाग र नेफ्स्कून बीच सम्बन्ध विस्तारका आयामहरूको छलफल एवं स्वागत कार्यक्रममा बोल्दै रजिष्ट्रार पाण्डेले सहकारी संस्थालाई विघटन गरेर होईन एकीकरण गरेर अगाडि जाने सरकारको नीति रहेकोले यसमा नेफ्स्कूनको भूमिका अझ बढी गहन हुने बताउनुभयो । उहाँले सहकारीको संस्थागत दीगोपनाको लागि सहकारी विभाग अभिन्न अंग हो, यसलाई पुरा गर्न सबैको साथ र सहयोग आवश्यक हुने बताउनुभयो । सहकारीको संख्यात्मक वृद्धि पर्याप्त भएको छ, अबको समय गुणात्मक विकासका लागि हुने र त्यसमा विभागबाट कहिल्यै पनि हतारमा निर्णय गरेर फुर्सदमा पछुताउने काम नहुने कुरामा प्रतिवद्ध रहेको जानकारी गराउनुभयो ।

अब सहकारीले प्राविधिक विकासको पाटोलाई अनिवार्य रूपमा अवलम्बन गर्नुपर्ने बताउँदै सहकारी क्षेत्रमा दक्ष प्राविधिक जनशक्तिको खडेरी पर्न नदिन योजनावद्ध रूपमा काम गर्ने आवश्यकता रहेको औंल्याउँदै यस आर्थिक वर्षको अन्तसम्ममा कोपोमिस मार्फत तयार हुने सहकारी विभागको एकीकृत तथ्यांकलाई सार्वजनिक गर्ने बताउनुभयो । उहाँले सहकारी अनुदानको कार्यविधि जटिल रहेको प्रति चिन्ता व्यक्त गर्दै त्यसको सहजताका लागि समेत कार्य गर्न प्रतिवद्ध रहेको जानकारी गराउनुभयो ।

रजिष्ट्रार पाण्डेलाई नेफ्स्कूनका अध्यक्ष डी.बी. बस्नेतले स्वागत गर्नुभएको थियो । कार्यक्रममा नेफ्स्कूनका बरिष्ठ उपाध्यक्ष परितोष पौड्याल, सञ्चालक सदस्य उद्धव सापकोटा, दीपक पनेरू, चण्डि प्रसाद शर्मा पौडेल, प्रमुख कार्यकारी अधिकृत शिवजी सापकोटा लगायत विभागीय प्रमुखहरू र कर्मचारीहरूको सहभागिता रहेको थियो । नेफ्स्कूनका विविध विषयवस्तुको बारेमा संघका प्रमुख कार्यकारी अधिकृत सापकोटाले प्रस्तुतिकरण गर्नुभएको थियो भने कार्यक्रममा अभियानको आगामी कार्यदिशा सम्बन्धमा अन्तरक्रिया समेत भएको थियो ।

❑ ❑ ❑

# वित्तीय सहकारी सञ्जाल व्यवस्थापनः संघको आगामी रणनीतिक कार्यदिशा



**शिवजी सापकोटा**

प्रमुख कार्यकारी अधिकृत
नेफ्स्कून

वि.स. २००७ साल भन्दापछि नेपालमा शुरूवात गरिएका गरिबी न्यूनिकरणका कार्यक्रम र त्यस अन्तर्गत सञ्चालित बचत मार्फत आर्थिक विकासका क्रियाकलापहरूले आवश्यकता महसुस गराई तिनीहरूको व्यवस्थापनका लागि सहजिकरण गर्न २०४५ सालमा अनौपचारिक संघको रूपमा शुरुवात भएको हालको नेफ्स्कून नेपालका बचत तथा ऋण सहकारीहरूको विषयगत केन्द्रीय संघको रूपमा २०५० मा कानूनी मान्यता पाएको छ । करिब ३२ वर्ष लामो यात्रामा विश्वमा भएगरेका असल अभ्यासहरूको आन्तरिकीकरण, सिकाई र व्यवस्थापनको पक्षलाई अझ दरिलो पार्दै देशमा सबल संघको रूपमा आफ्ना क्रियाकलापहरू अघि बढाइरहेको छ ।

नेपालमा बचत तथा ऋण सहकारीको अभियान मार्फत समुदायको सामाजिक, आर्थिक र सांस्कृतिक जीवनस्तर उकास्न क्रियाशील रहेका बचत तथा ऋण सहकारी संस्थाहरू नेपालका सबै जिल्लाहरूमा विद्यमान रहेको र ७६ जिल्लाहरूबाट प्रतिनिधित्व गर्ने करिब ३७०० बचत तथा ऋण सहकारी संस्थाहरू, ६३ वटा जिल्ला बचत संघहरू र करिब २६ लाख व्यक्तिगत सदस्यहरू जोडिएको यो बचत तथा ऋण सहकारी अभियान आज नेफ्स्कून मार्फत विश्व ऋण परिषदसम्मको सञ्जालमा जोडिएकोछ । यद्यपी केन्द्रीय संघको सञ्जालमा करिब ८००० संस्थाहरूलाई मात्र प्रत्यक्ष अप्रत्यक्ष समाहित गर्न सकेको छ ।

विश्वव्यापी रूपमा सहकारी मूल्य, मान्यता र सिद्धान्तको आधारमा समुदायलाई वित्तीय सेवाहरू उपलब्ध गराउने परिकल्पना र मार्गदर्शनका प्रणेताको रूपमा जर्मनीका एफ डब्ल्यू राइफाइसन (१८१८-१८८८) लाई चिनिन्छ । सन् १८५० तिरको बचत सहकारी अवधारणाको अभ्यास आज संसारभर फैलिएको छ ।

यो संघ चरणवद्ध रूपमा स्थापनाकाल देखि सदस्यहरूको प्रवर्द्धन, संस्थागत विकास, स्तरीकरण र प्रविधि उपयोग/हस्तान्तरणको माध्यमबाट अनुशासित र मर्यादित सहकारीको संस्कृति सिकाउनमा तल्लिन छ र निरन्तर लागिपरेको छ । शुरूका दिनहरू देखि एशियाली ऋण महासंघको प्रत्यक्ष मार्गनिर्देशनमा प्रवर्द्धन तह : संघ संस्थाको विनियम, नीतिहरू निर्माण र सदस्यता अभिवृद्धिको क्षेत्र, संस्थागत विकास तह : आवश्यक अनिवार्य नीतिहरू, पर्ल्स अनुगमन प्रणाली मार्फत बचत तथा ऋण सहकारीको वित्तीय एवं आत्मनिर्भरता/दीगोपना परीक्षण, सुशासन मार्फत भूमिका र जिम्मेवारी विषयमा छलफल र बहस, सहकारी एवं लेखा व्यवस्थापन मार्फत दैनिक सञ्चालनमा चुस्त एवं दुरूस्तता कायम, स्तरीकरण तह : पर्ल्स अनुगमन, राष्ट्रिय (प्रोबेशन), अन्तर्राष्ट्रिय (एक्सेस) मापदण्डहरूको निर्माण, कार्यान्वयन र परीक्षणका पछिल्लो पटक एशियाका साकोसहरूलाई लक्षित गरी सिफारिस गरिएको मोडेल सहितको एकीकृत प्रविधि उपयोगको तह : क्यानडा, अमेरिका र कोरियामा अभ्यास गरिएका आधुनिक नवप्रवर्तनहरूको हस्तान्तरण साकोस यूनिफिकेशन मोडेलले नेपालको साकोस अभियानलाई अझ बढी मर्यादित, अनुसाशित, सुरक्षित र जिम्मेवार बनाउने लक्ष्य लिएको छ । सघन रूपमा विगत २ वर्षदेखि दोलखा जिल्लाका सबै बचत तथा ऋण सहकारी संस्थाहरूलाई एकै नीति, एकै विधि र एकै प्रविधिमा लैजान यो कार्यक्रमको नमूना कार्यान्वयन भइरहेकोछ जसले जिल्ला भित्रका ८८% सदस्य र ९२% पूँजी एकीकृत रूपमा सञ्जालिकरण भएकोछ ।

विश्वमा बचत तथा ऋण सहकारी अभियानको सञ्जालिकरणलाई सञ्जाल व्यवस्थापन, एकरूपता प्रणाली, एकीकृत व्यवस्थापन आदि

नामहरूले चिनिन्छ । सफल बचत सहकारी अभ्यासकर्ता मुलुकहरूमा अवलम्बन गरिएको यस मोडेलले केन्द्रीकृत नीतिगत सर्वोच्चता, कार्यगत स्वायत्तताको आधारमा केन्द्रले तयार गरेको नीति एवं मार्गदर्शनहरूको पालना गरी आफ्नो संस्थालाई एक सुरक्षित र कुनै निकायबाट निर्देशित एवं संरक्षित वित्तीय सहकारीको रूपमा पहिचान दिलाउछ । यस मोडेलमा केन्द्रीय संघका सदस्य संस्थाहरू सबै केन्द्रको नेटवर्कमा सामेल हुन्छन् र केन्द्रले जारी गरेको समयानुकुल नीति, कार्यविधि, वस्तुविविधिकरण एवं मार्गनिर्देशनहरूलाई स्वीकार गर्दछन् । विशेषगरी सुशासनका नीतिहरू, लेखा अभिलेख, व्यवस्थापकीय क्षमता विकास, प्रविधि प्रयोगमा एकरूपता र वस्तु तथा सेवामा केन्द्रीय संघको नीतिगत सर्वोच्चता रहन्छ भने संस्थाले यसलाई आफ्ना सदस्यहरू सामुलैजाने तौर तरिका एवं प्रजातान्त्रिक तवरले नेतृत्व चयन र सञ्चालनमा स्वायत्तता रहन्छ । यस यूनिफिकेशन मोडलमा साकोस अभियानको ऐक्यवद्धता प्रदर्शनका लागि केन्द्रीय संघको पहिचान संकेत प्रयोग गर्नुपर्ने हुन्छ र अनिवार्य रूपमा संघको अनुगमनमा रहनुपर्ने साथै निश्चित अवधिमा संघले तोके बमोजिमको ढाँचामा व्यवस्थापन, पहुँच र वित्तीय प्रतिवेदन पेश गर्नुपर्ने हुन्छ ।

यसरी केन्द्रले तयार गरेको प्रविधिको उपयोग मार्फत एकै सञ्जालमा सदस्य साकोसहरू आइसकेपछि अभियानको पहुँच र क्षमता केन्द्रीय संघमा जानकारी हुन्छ र आफ्नो सञ्जालमा परिचालित मानव श्रोत, व्यक्तिगत सदस्यता, पूँजीको अवस्था र आर्थिक विकासमा साकोस क्षेत्रले पुर्‍याएको योगदानलाई मापन गर्न सकिन्छ । यसका अलावा यसको कार्यगत तहमा तत्काल जानकारीहरू केन्द्रमा पुग्ने भएकाले संस्थाको वित्तीय एवं व्यवस्थापकीय जोखिमको स्थीति प्रति जानकार हुने र तत्काल सम्बोधन गरी निराकरणमा सहयोग पुग्नेछ जस्ले गर्दा वित्तीय क्षेत्रमा कार्य गर्ने साकोसहरू सुरक्षित हुनेछन् र समुदायमा साकोसको छवी उच्च हुनेछ ।

अब यसको प्रभावकारी कार्यान्वयनका लागि नेफ्स्कूनले आगामी रणनीतिक कार्यदिशा तय गरेकोछ ।

**१) श्रोतहरूमा पहुँच र एकरूपता :** साकोस अभियानले विकास गरेको प्रविधिहरू, तालिम शिक्षाका सामाग्रीहरू, तरलता व्यवस्थापनका सेवाहरू, वित्तीय सेवालाई सरल बनाउने सफ्टवेयर, एटिएम एवं साकोसका सदस्यहरूलाई लक्षित गरी सञ्चालन गरिने एकीकृत वीमाका सुविधाहरूलाई केन्द्र मार्फत सदस्य साकोसहरूले उपयोग गर्न सक्नेछन् । संघले आफ्ना सदस्यहरूको सहभागितामा यी प्राविधिक विषयहरूमा सहकार्य गर्ने र आवश्यकतामा आधारित विज्ञताको प्रयोग मार्फत बचत सहकारी क्षेत्रमा सदस्यहरूको चाहनालाई सम्बोधन गर्ने र अभियानको सुरक्षा तथा छवी जोगाउन मिलेर काम गर्ने वातावरण तयार गरिनेछ ।

**२) स्तरीय कार्यसञ्चालन :** साकोसको पहिचान सहित समुदायमा बेग्लै छवी कायम गर्न हरेक साकोसमा स्तरीय नीति, कार्यविधि, लेखा, प्रविधि, सुरक्षित लगानी र लोगो तथा प्रतिनिधित्वमा केन्द्रले एकरूपता कायम गर्नेछ । केन्द्रले संस्था सञ्चालनका सम्पूर्ण पक्षहरूलाई व्यवस्थापकीय चुस्तताका औजारहरू प्रविधिहरू तयार गर्नेछ ।

**३) करारीय ऐक्यवद्धता :** सबै साकोसहरू केन्द्रको सदस्य हुनुपर्छ भन्ने छैन तर यस अभियानलाई व्यवस्थित, मर्यादित र सदस्यहरू प्रति जवाफदेही हुन साकोसहरूले केन्द्रको आवद्धतालाई करारीय ऐक्यवद्धताको रूपमा लिनु पर्नेछ जसमा केन्द्रले लागू गरेका नीति एवं स्तर कायम गर्न सबै सदस्य साकोसहरू मञ्जुर हुनु पर्नेछ । केन्द्रका सबै निर्देशनहरू पालना गर्नुपर्नेहुन्छ र वस्तु तथा सेवाहरू एवं विद्यमान ऐनले परिकल्पना गरेको स्थिरीकरण कोषमा अनिवार्य आवद्धता जनाउनु पर्ने व्यवस्था मिलाइनेछ ।

**४) सुशासन एवं स्वनियमन कायम :** केन्द्रको नीति एवं मार्गनिर्देशन बमोजिम स्वनियमनमा रहने, अनिवार्य प्रतिवेदन पेश गर्ने, तोकिएको ढाँचामा लेखा अभिलेख राख्ने र साकोसमा प्रजातान्त्रिक अभ्यासको प्रत्याभूति गर्नुका साथै सदैव जोखिम सुपरिवेक्षण गर्ने गराउने व्यवस्था मिलाइनेछ ।

विश्वका बचत सहकारीको सञ्जाल व्यवस्थापनको जिम्मेवारी सरकारबाट वा वित्तीय नियमक निकायबाट प्राप्त गरेका मुलुकुहरूः कोरिया, ब्राजिल, अष्ट्रेलिया, क्यानडा, आयरल्याण्डले सदस्य संस्थाहरूबाट कुल सम्पत्तिको निश्चित प्रतिशत अभियान व्यवस्थापन गरेवापत शुल्क लिने गरेका छन् । जस्तो कोरियामा कुल सम्पत्तिको ०.२५%, ब्राजिलमा ४%, भियतनाममा औसत ऋण लगानीको ०.०८%, अन्य देशहरूमा ०.७% देखि १%, यसरी नेपालको बचत सहकारी अभियान पनि व्यवस्थापन गर्ने तर्फ साकोस सञ्जाल व्यवस्थापनको रणनीति रहने हुनाले अथोचित प्रतिशत तोकी एकमुष्ठ संघलाई भुक्तानी गर्दा तपशिलका सेवाहरू निःशुल्क उपलब्ध गराउने व्यवस्था मिलाउनु आजको आवश्यकता भएको छ ।

- व्यक्तिगत नविकरण
- केन्द्रले आवश्यक ठानेका तालिमहरू
- लेखा तथा व्यवस्थापन सूचना प्रणाली
- तथ्यांक भण्डार (डाटा व्याकअप)
- जोखिम सुपरिवेक्षण, प्रोबेशन, एक्सेस अनुगमन र सहजिकरण
- प्रतिवेदन तयारी, विभिन्न प्रकाशनहरूका नमूना र वस्तु तथा सेवा विकास
- आवश्यक राष्ट्रिय एवं अन्तराष्ट्रिय अवलोकनहरू

यसरी साकोस यूनिफिकेशन (वित्तीय सहकारीको सञ्जाल व्यवस्थापन) ले समुदायका व्यक्तिहरूको लगानी एवं बचतलाई सुरक्षित गर्दै साकोस अभियानले समग्र राष्ट्रको आर्थिक समुन्नतिमा विशेष टेवा पुऱ्याउने कुरामा नेपाल सरकार, सम्बन्धित निकायहरू एवं अभियान सुनिश्चित हुने अवस्थाको सिर्जना गर्ने भएकाले यसलाई नेफ्स्कूनले यस रणनीतिक योजना वर्ष (२०२०-२०२३) भित्र अभ्यास गर्ने लक्ष्य लिएको छ ।

# दैलेखका साकोसकर्मीहरु बीच नेफ्स्कून अन्तरक्रिया

दैलेख जिल्ला बचत संघको आयोजना र नेफ्स्कूनको प्राविधिक सहयोगमा दैलेख जिल्लामा सञ्चालित बचत तथा ऋण सहकारी संस्थाका प्रतिनिधिहरू बीच चैत्र २८ गते नेफ्स्कून अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

जिल्ला बचत संघका अध्यक्ष दिपक हमालको अध्यक्षता र नेफ्स्कूनका महासचिव चन्द्र प्रसाद ढकालको प्रमुख आतिथ्यतामा सम्पन्न अन्तरक्रिया कार्यक्रममा दैलेख जिल्ला बचत संघ र प्रारम्भिक सहकारी संस्थाबाट गरी ३२ जनाको सहभागिता रहेको थियो ।

महासचिव ढकालले सदस्य संस्थाको दीगो संस्थागत विकासका लागि विभिन्न योजनाहरू बनाई लागु गरेको र सोही योजना अनुसार दुर दराजमा रहेका सबै संस्थाहरूलाई स्वस्थ, सक्षम र व्यवसायी बनाउन नेफ्स्कून निरन्तर लागिपरेको जानकारी गराउनु भयो । संघले प्रारम्भिक साकोसको दीगो संस्थागत विकास साथै जिल्ला संघ साझेदारी कार्यक्रम सञ्चालन गर्दै आइरहेको जानकारी गराउनु भयो ।

कार्यक्रमका विशेष अतिथि संघका कोषाध्यक्ष केशव प्रसाद पोखेलले अव सहकारी संस्थाको संख्यात्मक विकास नभई गुणात्मक विकास गर्नुपर्ने समय आएकोले सबै संस्था व्यावसायिक बन्नु पर्ने र आफै व्यवस्थित बन्न नसक्ने संस्था सहकारी ऐनको व्यवस्था बमोजिम मर्जको प्रकृयामा जानुपर्ने बताउनुभयो । उहाँले नीति, विधि र प्रविधि अनुरूप संस्था सञ्चालनका लागि प्रेरित गर्न र सदस्य संस्थाहरूमा नजिकबाटै प्रभावकारी सेवा प्रदान गर्ने उद्देश्य सहित सुर्खेतमा फिल्ड कार्यालय स्थापना गरिएको प्रशंङ्ग उल्लेख गर्दै सम्पूर्ण बचत तथा ऋण सहकारी संस्थाहरूले संघका सम्पूर्ण सेवाहरूको उपयोग गर्न अनुरोध गर्नु भयो ।

कार्यक्रममा नेफ्स्कूनका सञ्चालक सदस्य यज्ञ प्रसाद ढकाले स्वागत मन्तव्य राख्नुभएको थियो । कार्यक्रम सहजीकरण सुर्खेत फिल्ड कार्यालय इन्चार्ज छत्र प्रसाद धमलाले गर्नुभएको थियो ।

# दाङमा तहगत कानून कार्यान्वयनमा सम्भावना र चुनौती विषयक अन्तरक्रिया

नेफ्स्कूनको आयोजना एवं जिल्ला बचत तथा ऋण सहकारी संघ लि. दाङको व्यवस्थापन सहयोगमा दाङको तुलसीपुरमा स्थानीय तहका जनप्रतिनिधि एवं सहकारीकर्मीहरू बीच तहगत कानून कार्यान्वयनमा सम्भावना र चुनौती विषयक अन्तरक्रिया कार्यक्रम फागुन २९ गते सम्पन्न भएको छ ।

नेफ्स्कूनका अध्यक्ष डी.बी. बस्नेतको अध्यक्षता एवं तुलसीपुर उपमहानगरपालिकाका प्रमुख घनश्याम पाण्डेको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा नेफ्स्कूनका वरिष्ठ उपाध्यक्ष परितोष पौडेल, महासचिव चन्द्र प्रसाद ढकाल, लेखा संयोजक दामोदर अधिकारी, राष्ट्रिय सहकारी बैंकका सञ्चालक सदस्य विजया धिताल लगायतले मन्तव्य राख्नु भएको थियो ।

कार्यक्रममा तुलसीपुर उपमहानगरपालिका, दंगीशरण गाउँपालिका, ववई गाउँपालिका र शान्तिनगर गाउँपालिकाका जनप्रतिनिधिहरू, नेफ्स्कूनका केन्द्रीय पदाधिकारीहरू, ५ नं. प्रदेश भित्रका जिल्ला बचत तथा ऋण सहकारी संघ लि. का अध्यक्ष एवं प्रतिनिधिहरू, दाङका सहकारीकर्मीहरू र पत्रकारहरू गरी ८० जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि पाण्डेले सहकारीहरू अब नीति विधि



र प्रविधिमा चल्नुको बिकल्प नभएको बताउनु भयो । नेफ्स्कूनले सञ्चालन गरेको जोखिममा आधारीत साकोस सुपरिवेक्षण कार्यक्रम फलदायी रहेको बताउँदै साकोसहरूमा यस कार्यक्रम सञ्चालनका लागि तुलसीपुर उपमहानगरपालिका नेफ्स्कूनसँग साझेदारी गर्न तयार रहेको बताउँदै तुलसीपुरमै अत्याधुनिक आवासीय तालिम हल निर्माणका लागि नेफ्स्कूनलाई तुलसीपुर उपमहानगरपालिकाले जग्गा दिने समेत घोषणा गर्नु भयो ।

नेफ्स्कूनका अध्यक्ष डी.बी. बस्नेतले सहकारी ऐन र तहगत कानूनले सहकारी क्षेत्रमा सम्भावना र अवसरहरू प्रदान गरेको भएपनि सम्पत्ति शुद्धीकरण ऐन जस्ता ऐन, नियम, कानूनले सहकारी सञ्चालनमा केही चुनौती थपिएका छन्, त्यसका लागि अब एउटै कार्यक्षेत्र भित्रका सहकारीहरू एकीकरण गरेर बलियो र विश्वासिलो बनाउनु पर्नेमा जोड दिनुभयो । अध्यक्ष बस्नेतले तुलसीपुर उपमहानगरपालिकाले नेफ्स्कून तालिम केन्द्रका लागि जग्गा दिएको छ महिना भित्रमा नेफ्स्कूनले तालिम हल बनाई सक्ने समेत जानकारी गराउनुभयो । कार्यक्रममा नेफ्स्कूनका सदस्य सेवा विभाग प्रमुख दुर्गा प्रसाद ढकालले सहकारी ऐन र सो सम्बन्धी तहगत कानूनको कार्यान्यवयनमा भएका सम्भावना र चुनौती विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

कार्यक्रममा जिल्ला बचत संघ दाङका अध्यक्ष रूप बहादुर खत्रीले स्वागत मन्तव्य राख्नुभएको थियो भने उपाध्यक्ष हुमा डि.सी.ले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

---

# बर्दिबासमा नेफ्स्कून अभिमुखीकरण

नेफ्स्कून फिल्ड कार्यालय हरीवन, सर्लाहीको व्यवस्थापनमा सात वटा फिल्ड कार्यालयका व्यवस्थापन उपसमितिहरूको अभिमुखीकरण महोत्तरीको बर्दिबासमा फागुन २७ गते सम्पन्न भएको छ ।

दमक, इटहरी, जनकपुर, हरिवन, विरगञ्ज, हेटौंडा र चितवन जिल्लामा सञ्चालित नेफ्स्कून फिल्ड कार्यालयहरूमा गठित कार्यालय व्यवस्थापन उपसमिति संयोजक तथा सदस्यहरू र  जिल्ला बचत संघका अध्यक्षहरू सहितको उपस्थितिमा एक दिवसीय अभिमुखीकरण सम्पन्न भएको हो ।

कार्यक्रममा नेफ्स्कूनका बरिष्ठ उपाध्यक्ष परितोष पौड्याल, कोषाध्यक्ष केशवप्रसाद पोखेल,  सदस्य सेवा विभाग प्रमुख दुर्गाप्रसाद ढकाल, कार्यक्रम विकास विभाग प्रमुख गणेशप्रसाद तिमिल्सिना लगायत नेफ्स्कून कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

उद्घाटन कार्यक्रममा बोल्दै नेफ्स्कूनका बरिष्ठ उपाध्यक्ष परितोष पौड्यालले सहकारी मन्त्रालय, विभागले नेफ्स्कूनका कार्यक्रमलाई साथ, सहयोग र समर्थन गरी रहेकोमा पछिल्लो समय राष्ट्रिय योजना आयोगले समेत सहकारी अभियान्ताहरूको सुझाव लिएकोले सरकारले अबका योजनामा सहकारीलाई प्राथमिकतामा राख्नेमा नेफ्स्कून विश्वस्त भएको विचार व्यक्त गर्नु भयो । उहाँले करको विषयमा हाललाई सफलता मिलेको र नियमावली निर्माण अन्तिम चरणमा पुगेकोले हाम्रा सुझावहरूलाई समेटिने विषयप्रति अभियान पूर्ण विश्वस्त रहेको बताउनुभयो ।

कार्यक्रम सञ्चालन तथा सहजीकरण कार्यक्रम विकास विभाग प्रमुख गणेशप्रसाद तिमिल्सिनाले गर्नु हुँदै नेफ्स्कूनको परिचय सहितको प्रस्तुति मार्फत फिल्ड कार्यालय व्यवस्थापन उपसमिति गठन, जिम्मेवारी, अन्तरलगानी नीतिमा भएका व्यवस्था र आगामी रणनीतिहरूको बारेमा प्रष्ट पार्नु भएको थियो । त्यसै गरी नेफ्स्कून कोषाध्यक्ष केशवप्रसाद पोखेलले आफ्नो प्रस्तुति मार्फत केन्द्रीय संघहरू मध्ये नेफ्स्कूनको कामलाई विश्वास गरेको, करको विषयमा सबै पक्षले पहल गरे पनि साकोस मैत्री निर्णय भएको, सहकारीमा पर्ल्स प्रणाली लागु गराउन नेफ्स्कूनको भूमिका रहेको प्रष्ट पार्नु भएको थियो । प्रस्तुतिको क्रममा फिल्ड कार्यालयहरूले लक्ष्य र प्रगतिलाई तुलना गरी सफलता र असफलताका करणहरूमा छलफल गरी रणनीति बनाएर कार्यान्वयन गर्न धेरै वटा रणनीतिहरू उदाहरणका रूपमा राख्नु भएको थियो । यसैगरी प्रस्तुतिमा उठेका नीतिगत प्रश्न र जिज्ञासालाई समेत प्रष्ट पर्नु भएको थियो ।

फिल्ड कार्यालय दमक, इटहरी, जनकपुर, हरिवन, विरगञ्ज, हेटौंडा र चितवनका कार्यालय प्रमुखहरूले आ–आफ्नो फिल्ड कार्यालयको लक्ष्य, प्रगती, अनुभव र आगामी रणनीतिहरू समेत प्रस्तुत गर्नु भएको थियो ।

नेफ्स्कून सञ्चालक तथा फिल्ड कार्यालय नारायणगढ, चितवन व्यवस्थापन उपसमिति संयोजक शान्ति अधिकारीले मन्तव्यको क्रममा उपस्थित सम्पूर्णलाई धन्यवाद दिँदै अबका हरेक योजनामा महिला सशक्तिकरण र उद्यमशीलता समावेश हुनुपर्ने विचार व्यक्त गर्दै उपसमितिले स्थानीय आवश्यकतालाई केन्द्रमा सुझाव पठाउन, व्यवसायलाई धेरै भन्दा धेरै सहयोग र योगदान पुर्‍याउन र जिल्ला संघ साझेदारी कार्यक्रमलाई कार्यान्वयन गराउन अनुरोध गर्नु भएको थियो ।

❑ ❑ ❑

# प्रभावकारी तालिम, शिक्षा र सूचना
# सहकारीमा जनशक्ति विकासको सवाल




**सन्जय राज तिमिल्सीना**

प्राचार्य
नेफ्स्कून तालिम केन्द्र



आजभोली दैनिकजसो विभिन्न सञ्चार माध्यम र सामाजिक सञ्जालमा सहकारी संस्थामा कर्मचारी आवश्यकता सम्बन्धी सूचनाहरू प्रकाशन भइरहेका हुन्छन् । यो क्रम विस्तारै रोजगारी पसल (Job Shop) सम्म पुगेको छ । कर्मचारी प्राप्ति (भर्ना) जनशक्ति विकासको प्रारम्भिक चरणमा पर्दछ त्यसकारण यो सबैभन्दा महत्वपूर्ण पक्ष हो भन्दा अतिशयोक्ति नहोला । किनकी फल त्यस्तै लाग्दछ, जस्तो बीउ रोपिन्छ । यसरी कर्मचारी भर्ना प्रक्रियामा संस्थाहरूले लाखौंलाख रकम खर्च गरिरहेका हुन्छन्, जसको वास्तविक लेखाजोखा कसैसँग छैन । यसरी सूचना प्रकाशनमा आधारभूत तहका कर्मचारीको लागि एकैपटक ठूलो संख्यामा आवेदन प्राप्त भएता पनि अधिकृत वा व्यवस्थापन तहका कर्मचारी प्राप्तिको सूचना पटक पटक प्रकाशन गर्दा समेत योग्य र दक्ष आवेदनहरू प्राप्त हुँदैन र संस्थाले अदक्ष व्यवस्थापकीय जनशक्तिबाट नै संस्था सञ्चालन गर्न बाध्य छन् । यसको मुख्य कारण सहकारी क्षेत्रभित्र प्रभावकारी जनशक्ति विकास योजना नहुनु नै हो । तर यसको विधि, प्रक्रिया र बजेट व्यवस्थापनको उचित ज्ञान र श्रोत नहुँदा जनशक्ति विकास योजना कमजोर बनेको छ । जसलाई नियमित तालिम, शिक्षाको माध्यमबाट समाधान गर्न सकिन्छ । हुनत जनशक्ति भन्नाले केवल कर्मचारी मात्र नभई सञ्चालकीय नेतृत्व पनि पर्दछ । सञ्चालकीय नेतृत्वमा पनि वैकल्पिक जनशक्ति विकास गर्नु जरूरी छ, अन्यथा हाम्रो विनियममा लेखिएको अविच्छिन्न उत्तराधिकारवाला स्वसाशित संस्था विनियमको पानामा मात्र सिमित हुनेछ ।



जनशक्ति विकासको लागि निरन्तरको सिकाई जरूरी हुन्छ । सिकाई आर्जन गर्ने विभिन्न माध्यमहरू हुन्छन् । स्व-अध्ययन, कार्य अनुभव, पारिवारिक एवं सामाजिक सम्बन्ध र पृष्ठभूमिहरू सिकाईका मुख्य आधार एवं माध्यम हुन् यसरी प्राप्त गरिने सिकाईमा एकरूपता नहुँदा त्यसको कार्यान्वयन र परिणाम पनि फरक फरक नै हुन्छ । अब प्रश्न आउँछ सिकाईको लागि कति खर्च गर्ने ? खर्च कसरी धान्ने ? यसका लागि सहकारीमा कुनै निश्चित मापदण्डहरू बनेको देखिंदैन । तर बेन्जामिन फ्रयांकलिनको एउटा भनाई "तपाईंको लगानिको उत्कृष्ट प्रतिफलको लागि, तपाईंको थैली टाउकोमा खन्याउनुहोस् ।" ले सिकाईमा लगानी कति महत्वपूर्ण हुन्छ भन्ने स्पष्ट हुन्छ । भनिन्छ सिकाई जन्मपूर्व (गर्भावस्था) देखि मृत्यु वरण

नगरून्जेल चलिरहन्छ । सहकारी क्षेत्रको गुणात्मक र दीगो विकासको सुनिश्चितामा प्रश्न उठ्नुको मुख्य कारण पनि सिकाईमा लगानी नगरिनु हो । हामी सिकाईमा गरिएको लगानीलाई खर्चको रूपमा बुझ्दछौं जुन लेखा अभिलेखको हिसाबले सही छ तर वास्तविक रूपमा यो लगानी हो ।

सिकाईको कुनै सीमारेखा कोरिएको छैन जसले सिकाईको पूर्णता गरोस् । सानोले सक्दैन, युवालाई फूर्सद हुँदैन, प्रौढावस्थामा सिकाईको लागि किन खर्च गर्नु भन्ने जस्ता मान्यताले सिकाई अभ्यासमा प्राथमिकता स्थापित हुन सकेको छैन । तर हेनरी फोर्डको बिचारमा "सिक्न छोड्ने जोसुकै व्यक्ति वृद्ध हो, चाहे बीस वर्षको होस् वा असी वर्षको । जो सदैव सिकिरहन्छ उ सदैव युवा रहिरहन्छ ।" अब जुनसुकै उमेर समूहको व्यक्ति किन नहोस् युवा सोच र चेतनाको व्यक्तिले नै सहकारी अभियानको नेतृत्व गर्ने हो ।

आज सदस्यहरूबीच साझा बुझाई र समझदारीको अभावमा सहकारी संस्थाहरू उद्देश्यविमुख बन्दै गएकाछन् । सिद्धान्त, मूल्य र मान्यताबाट विमुख कुनैपनि संस्थामा जोखिमको दर उच्च रहेको हुन्छ । आज कुनै सहकारी संस्था जोखिममा छन् भने तीनै संस्था छन् जसमा सदस्यहरूबीच साझा बुझाई र समझदारी कायम हुँदैन । व्यक्तिगत महत्वाकांक्षाका आधारमा सञ्चालित संस्थाहरूले छोटो अवधिको लागि तिव्र गतिको वृद्धि र उच्च प्रतिफल प्रदान गर्न सक्दछन्, जसले समुदायमा भ्रम उत्पन्न गराउँदछ । त्यसैले सहकारी संस्थाको दीगो विकासका लागि प्रभावकारी तालिम, शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्नु जरूरी छ । सहकारी समुदायमा आधारित संस्था भएकोले सञ्चालकको नेतृत्वमा आउने व्यक्तिहरू समय समयमा समुदायको विश्वासको आधारमा परिवर्तन हुनसक्ने भएकोले व्यवस्थापन पक्ष क्षमतावान भयो भने सञ्चालकीय नेतृत्वबाट भावनात्मकरूपमा हुनसक्ने गलत निर्णयलाई सही मार्गदर्शन गर्न सकोस् । व्यवस्थापन शास्त्री सी.बी. मेमोरियाका अनुसार "तालिम ज्ञानको प्रयाग हो यसले मानवले गर्ने व्यवहारको नीति नियम र कार्यविधिहरूका विषयमा सचेत गराउँदछ ।"

**तालिम, शिक्षाको प्रारम्भ** :

रोचडेल अग्रणी संस्थाको १८६० को सभाले सदस्यहरूमा "पारस्परिक व्यपारका साथै सहकारी सिद्धान्तका सम्बन्धमा सदस्यहरूलाई शिक्षा प्रदान गर्ने" निर्णय गरेबाट सहकारीमा तालिम, शिक्षा सैद्धान्तिक पक्षको रूपमा विकास भएको पाइन्छ । रोचडेल अग्रणी संस्थाको सन् १८६० मा प्रकाशित मुखपत्रमा "शिक्षामा नाफाको निश्चित प्रतिशत छुट्याइनु पर्दछ" भन्ने उल्लेख गरेको पाईन्छ । तर आज पर्यन्त यो सैद्धान्तिक पक्षको व्यवहारिक प्रयोगको अवस्था हेर्ने हो भने निकै दयनीय छ । अन्तर्राष्ट्रिय सहकारी महासंघले समय समयमा सहकारीका सैद्धान्तिक पक्षको समीक्षा र अद्यावधिक गर्दछ । यसैक्रममा सन् १९९५ मा भियनामा भएको महासभाबाट सहकारीका सात सिद्धान्त अनुमोदित गरेको छ जसमध्ये तालिम, शिक्षा र सूचना एउटा महत्वपूर्ण सिद्धान्त बनेको छ ।

**जनशक्ति विकासका अभ्यासहरू** :

विद्वान अतुल गौंडेले भनेका छन् "हामी धारणा भर्ना गर्छौं र सिपको लागि तालिम प्रदान गर्दछौं" । तालिमले व्यक्तिको ज्ञान, सिप र धारणामा परिवर्तन गराउन सक्नु पर्दछ । ज्ञानको लागि विभिन्न पुस्तकहरू अध्ययन गर्ने वा औपचारिक शिक्षा प्राप्त गर्न सकिन्छ । सिप भनेको प्राविधिक विषय हो र यसको लागि प्रविधिमा आधारित अभ्यास गर्न सकिन्छ । तर जबसम्म धारणामा परिवर्तन आउँदैन तबसम्म ज्ञान र सिपले मात्र व्यक्तिलाई परिवर्तन गराउन सक्दैन । सहकारीको औपचारिक शिक्षा विना सहकारी व्यवसाय सफल बनाउन नसकिने भएकोले अन्तर्राष्ट्रिय सहकारी महासंघले सहकारी शिक्षा, तालिम र सूचनालाई सहकारीको पाँचौं सिद्धान्तमा समावेश गरेको छ । जस अनुसार– सहकारीले आफ्ना सदस्य, निर्वाचित प्रतिनिधि, व्यवस्थापक र कर्मचारीका लागि शिक्षा र प्रशिक्षण प्रदान गर्दछन् ताकी उनीहरूले सहकारीको विकासमा प्रभावकारी योगदान गर्न सकुन् । जसले सहकारी संस्थामा नविनतम अभ्यासहरू अवलम्बन गर्नुका साथै सदस्यमैत्री सेवा प्रवाहको सुनिश्चितता गर्दछ । अझै बचत तथा ऋण सहकारी संस्थाको विश्व सञ्जाल विश्व ऋण परिषद्को सन् २०१८ मा सिंगापुरमा सम्पन्न सभाले वित्तीय सहकारी सञ्चालनको मार्गदर्शनकोरूपमा वित्तीय साक्षरताको विषयलाई समावेश गरेको छ ।

आजका विश्वका धेरै मुलुकहरूका विद्यालय, विश्वविद्यालय स्तरीय पाठ्यक्रममा सहकारीलाई समावेश गर्ने, सहकारी मोडलका शैक्षिक संस्थाहरू स्थापना गर्ने क्रम बढेको पाइन्छ । नेपालमा पनि पछिल्लो समय यसको केही हदसम्म भएपनि शुरूवात भएको छ । यद्यपी विश्वविद्यालय स्तरमा उच्चस्तरको दक्ष जनशक्ति विकास गर्ने तहमा शिक्षाको स्तर पुगेको देखिंदैन । केही शिक्षा सहकारी स्थापित भएतापनि राजनीतिक र कानूनी वातावरणले व्यवसायिकस्तरमा सञ्चालन हुन सकिरहेका छैनन् । भनिन्छ सहकारी एउटा व्यवसाय गर्ने माध्यममात्र नभएर जीवन शैली हो । सहकारी अभियानलाई शैक्षिक जागरण एवं सशक्तिकरणको माध्यमको रूपमा पनि लिन सकिन्छ । त्यसैले सहकारी संघ संस्थाले नै नियमित तालिम, शिक्षाको अभियान चलाउन आवश्यक छ ।

सहकारीमा हाल २९०४२ महिला र ३१४७५ पुरूष गरी ६०,५१७ जना कर्मचारीहरू कार्यरत रहेका छन् । समयगत र कार्यगत रोजगारीमा रहेकाहरूको संख्या समेत जोड्ने हो भने यो संख्यामा थप हुने निश्चित छ । तर जनशक्ति विकासको लागि विगतमा केन्द्रीय सहकारी प्रशिक्षण केन्द्र बाहेक अन्य सरकारी निकायहरू छैनन् । केही सहकारी संघहरू बाहेक निजी क्षेत्रका प्रशिक्षण केन्द्र समेत उल्लेख्य मात्रामा छैनन् । उपलब्ध भएकाबाट समेत

तालिम शिक्षाका अवसरहरूको वितरण र उपयोग कसरी गर्ने भन्ने सही ज्ञान नहुँदा सिकाई प्रभावकारी सिकाई हुन सकिरहेको छैन ।

बैंक तथा वित्तीय संस्थाहरूमा भने सिकाईलाई नीतिगत रूपमा नै प्रष्ट व्यवस्था भएकोले बढी प्रभावकारी भएको पाइन्छ । यस क्षेत्रमा युवा जनशक्तिको आकर्षण र औपचारिक शिक्षाका प्रशस्त अवसर उपलब्ध हुनुले पनि सहज बनाएको छ । मौद्रिक नीति २०७५ मा "बैंक तथा वित्तीय संस्थाहरूमा कार्यरत सहायक स्तरदेखि अधिकृत स्तरसम्मका कर्मचारीहरूका लागि बैंकिङ्ग सम्बन्धी तालिम अनिवार्य गर्ने व्यवस्था मिलाइने छ । बैंकिङ्ग क्षेत्रमा दक्ष जनशक्तिको विकास गर्न बैंक तथा वित्तीय संस्थामा नयाँ भर्ना भएका कर्मचारीहरूले बैंक प्रवेश गरेको २ वर्ष भित्र यस प्रकारको तालिम लिईसक्नु पर्ने व्यवस्था मिलाइने छ ।" भन्ने व्यवस्था गरिएको छ । त्यस्तै खर्च सम्बन्धी व्यवस्थाको लागि समेत नीतिमा स्पष्ट व्यवस्था गरिएको छ । जसमा "इजाजतप्राप्त संस्थाले यस बैंकको निर्देशन बमोजिम सञ्चालक शिक्षा तथा कर्मचारी दक्षता अभिवृद्धिका लागि तोकिएको खर्च रकम अनिवार्य रूपमा सोही प्रयोजनमा लगाउनु पर्ने व्यवस्था गरिनेछ । कुनै कारणवश त्यसरी खर्च हुन नसकेको रकम एउटा छुट्टै कोषमा जम्मा गर्नु पर्ने र सो को परिचालन सम्बन्धित उद्देश्य प्राप्तिका लागि गर्ने व्यवस्था मिलाइनेछ ।" भनि किटान गरिएको छ ।

त्यस्तै बैंक तथा वित्तीय संस्था सम्बन्धी एकीकृत निर्देशिकामा "बैंक तथा वित्तीय संस्थामा नयाँ सञ्चालक नियुक्त/मनोनित भई आए पश्चात् सम्बन्धित संस्थाले आफ्नो संरचना, व्यवसायको प्रकृति, संस्थागत सुशासन, संस्थागत रणनीति, व्यवसायिक योजना, सञ्चालकको कर्तव्य तथा उत्तरदायित्व, जोखिम व्यवस्थापनका सम्बन्धमा अपनाइएका रणनीति, समष्टिगत आर्थिक एवं वित्ती अवस्था, वर्तमान कानूनी व्यवस्था, प्रचलनमा रहेका बैंकिङ्ग सेवा तथा पद्धति र यस बैंकबाट जारी गरिएका निर्देशन आदि विषयहरू समेटी एक महिनाभित्र अभिमुखीकरण गराउनुपर्ने । बैंक तथा वित्तीय संस्थाले समग्र बैंकिङ्ग प्रणालीको संस्थागत सुशासन एवं जोखिम व्यवस्थापनको गुणस्तर सुधार गर्नका लागि पारदर्शिता, खुलासा, स्वार्थको द्वन्द्व, अनुपालना र अन्य नियामक निकायसँगको सम्बन्ध एवं समन्वय लगायतका विषयमा अन्तर्राष्ट्रिय असल अभ्यास समेटी आफ्ना सबै सञ्चालकहरूलाई हरेक वर्ष कम्तिमा एकपटक अभिमुखीकरण/पुनर्ताजगीकरण गराउने व्यवस्था मिलाउनु पर्ने । बैंक तथा वित्तीय संस्थाका सञ्चालक समितिले सञ्चालकको योग्यता तथा बैंकिङ्ग क्षेत्रको कार्य अनुभवका आधारमा प्रत्येक सञ्चालकलाई प्रदान गर्ने सञ्चालक शिक्षा कार्यक्रम सम्बन्धी कार्यविधि बनाई लागू गर्नुपर्नेछ र त्यस्तो कार्यविधिको १/१ प्रति बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नुपर्ने भन्ने व्यवस्था गरेको छ ।

त्यसैगरी कर्मचारी दक्षता अभिवृद्धि सम्बन्धमा समेत स्पष्ट व्यवस्था गरेको छ । जसमा इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले आफ्ना कर्मचारीहरूको दक्षता अभिवृद्धिका लागि प्रत्येक वर्ष कुल कर्मचारी खर्चको न्यूनतम ३ प्रतिशत रकम तालिम तथा वृत्ति विकासमा खर्च गर्नु पर्ने भनी सोको आधारमा समेत तोकिदिएको छ । जसमा तालिम तथा वृत्ति विकास खर्चको गणना गर्दा गत वर्षको कुल कर्मचारी खर्चलाई आधार लिनु पर्ने, तालिम तथा वृत्ति विकास खर्चबाट संस्थाका सबै कर्मचारीहरूले दक्षता अभिवृद्धिमा समान अवसर प्राप्त गर्ने गरी आवश्यक व्यवस्था मिलाउनु पर्ने, तालिम प्रदायक संस्थाको छनौट गर्दा त्यस्तो संस्थाको ख्याति, प्रतिष्ठा र विश्वसनीयतालाई आधार बनाउनु पर्ने, संस्थामा नयाँ भर्ना भएका सहायक स्तरदेखि अधिकृत स्तरसम्मका कर्मचारीहरूलाई बैंक प्रवेश गरेको २ वर्ष भित्र यस प्रकारको तालिम प्रदान गरिसक्नु पर्ने, सञ्चालक समितिका अध्यक्ष, सञ्चालक र प्रमुख कार्यकारी अधिकृतको विदेश भ्रमण सम्बन्धी कुनै पनि खर्च र आफ्नो संस्थाको तर्फबाट प्रतिनिधित्व गर्दै सभा वा सम्मेलनमा सहभागी हुँदाको प्रतिनिधि मण्डलको खर्च यस अन्तर्गत समावेश गर्न नपाइने जस्ता व्यवस्था गरिएको छ जसले बैंक तथा वित्तीय संस्थामा जनशक्ति विकास सहज बनाएको छ ।

माथि उल्लेखित उदाहरणबाट हामी सहकारी संस्थामा जनशक्ति विकास र सिकाईलाई कसरी प्रभावकारी बनाउन सक्दछौं भन्ने स्पष्ट हुन सक्दछ । हुनत यी उदाहरणहरूबाट प्रस्तुत गरिएका कुराहरूमा सहकारी र बैंक फरक फरक संस्था भएकोले कहाँ त्यस्तो हुन्छ ? भन्ने जिज्ञासा सिर्जित हुन सक्दछ । तर अहिले सहकारी प्रारम्भिक सिकाईको केन्द्रकोरूपमा मात्र विकास हुने र थप सिकाई एवं वृत्ति विकासका लागि बैंक वित्तीय संस्था तर्फ आकर्षित हुने अवस्थाको अन्त्य गर्न पनि सिकाईलाई व्यवस्थित बनाउनु जरूरी छ । अवसरको वितरण गर्दा आग्रहपूर्ण र व्यक्तिगत सम्बन्धमा आधारित नभई स्पष्ट मापदण्ड बनाएर लागु गर्न सकिएमा यसबाट आउने नैराश्यतालाई समेत न्यूनिकरण गर्न सकिन्छ । संस्थामा दक्ष र तालिमप्राप्त कर्मचारीबाट संस्थाले देहायका प्रतिफल प्राप्त गर्न सक्दछ ।

- उत्पादकत्व वृद्धि,
- नयाँ प्रविधिको अवलम्बन,
- सकारात्मक भावनाको विकास,
- गुणस्तरीय कार्यसम्पादन,
- संस्थागत छवी सुधार,
- संस्था र सदस्यलाई प्रतिफल वृद्धि,
- व्यक्तिको आत्मविश्वास अभिवृद्धि,

**राज्यका नीतिमा सहकारी शिक्षा** :

राष्ट्रिय सहकारी नीति, २०६९ ले सहकारी सम्बन्धी जनचेतना अभिवृद्धिको लागि सरकार, स्थानीय निकाय, सहकारी क्षेत्र, नागरिक समाज, विकास साझेदार, शैक्षिक क्षेत्र, सञ्चार जगतका साथै सम्बद्ध सामाजिक संघ संस्थाहरू परिचालन गरिने नीति लिएको छ । नीतिको पहिलो उद्देश्यमा शिक्षा तालिम र सूचनाको माध्यमबाट सहकारीको

संस्थागत क्षमता विकास र सहकारी सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने उल्लेख गरिएको छ ।

सहकारी ऐन, २०७४ को दफा १३८ को उपदफा १ मा नेपाल सरकारले विद्यालय तहको पाठ्यक्रममा आधारभूत सहकारी ज्ञान समावेश गर्नुका साथै सहकारी विद्यालय र विश्व विद्यालय अन्तर्गत सहकारी संकाय वा शिक्षालय (स्कूल अफ को-अपरेटिभ) स्थापना गर्न सहयोग गर्ने कुरा छ भने उपदफा २ मा सहकारी शैक्षिक क्रियाकलाप सञ्चालन गर्ने सहकारी संस्था वा निकायको प्रमाणिकरण (एक्रेडिटेसन) लगायत सहकारी शिक्षा सम्बन्धी अन्य व्यवस्था गर्ने कुरा उल्लेख छ । तर नियमावली जारी नहुँदासम्म यस विषयमा कसरी गर्ने भन्ने द्विविधा भने कायमै रहेको छ ।

सहकारी मापदण्ड २०६८ ले सहकारी संस्थाको गठन गर्दा र नयाँ सदस्यता प्रदान गर्दा अनिवार्य रूपमा पूर्वसहकारी शिक्षा लिएको हुनुपर्ने व्यवस्था गरेको पाइन्छ । यसबाट पनि सहकारी संघ संस्थामा तालिम शिक्षा कति महत्वको छ भन्ने बुझ्न सकिन्छ । नीतिगतरूपमा राज्यले विभिन्न व्यवस्था गरेता पनि राज्यको तर्फबाट तालिम शिक्षामा खासै पहल गरेको पाईंदैन । संघीय संरचनामा जानुपूर्व एक केन्द्रीय सहकारी प्रशिक्षण केन्द्र र ५ वटा सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालयबाट तालिम सञ्चालन हुँदै आएकोमा हाल केन्द्रीय सहकारी प्रशिक्षण केन्द्रमा मात्र सिमित रहेको छ । हाल अस्तित्वमा रहेका ३४५१२ भन्दा बढी सहकारी र ६४ लाख भन्दा बढी सहकारीकर्मीहरूलाई प्रशिक्षित गर्न राज्यको संरचना त अपुरो छ नै सहकारी संघ संस्थाहरूमा समेत पर्याप्त बजेटको व्यवस्था र दक्ष जनशक्तिको उपलब्धता नहुँदा यसले गति लिन सकिरहेको छैन ।

**सहकारी अभियानमा सिकाईका प्रयासहरू** :

हाल केही जिल्ला संघहरू, केन्द्रीय संघहरू, सहकारी बैंक र राष्ट्रिय सहकारी महासंघले सहकारी सम्बन्धी आधारभूत जानकारी दिनका लागि अल्पकालिन एवं मध्यकालिन अवधिका तालिमहरू सञ्चालन हुने गरेका छन् भने केन्द्रीय सहकारी प्रशिक्षण केन्द्रले १-३० दिनसम्मका विभिन्न किसिमका तालिम, अन्तरक्रिया, छलफल, गोष्ठीहरू सञ्चालन गरेर सहकारीको सन्दर्भमा जागरण र सूसुचित गराउने काम गरिरहेको छ । नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कून) ले आफ्ना सदस्य संस्थामा सुशासन र गुणस्तर विकास गर्न तालिम केन्द्रका स्थापना गरी नियमित तालिम शिक्षाका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । वार्षिक ३०० हाराहारी कार्यक्रम मार्फत १० हजार जनशक्तिलाई सशक्तिकरण गरिरहेको छ । संघको तालिम सञ्चालनमा राज्यको पर्याप्त श्रोत प्राप्त नहुँदा वित्तीय क्षमता कमजोर भएका वा सिकाईमा लगानी गर्न नसक्ने संस्थाहरूको सहभागितास्तर निकै कमजोर पाइन्छ । सहभागी संख्यामा धेरै देखिएता पनि तालिमको महत्व बुझ्ने र वित्तीय व्ययभार ग्रहण गर्न सक्नेहरूको बारम्बारताले यो संख्या अनुरूपको उपलब्धी भने नभएको पाइन्छ ।

**निश्कर्ष** :

सहकारी विषय अध्ययनको लागि स्पष्ट र प्रभावकारी पाठ्यक्रम विकास नहुँदा सहकारी क्षेत्रमा जनशक्ति विकास कमजोर भएको छ । बैंक तथा वित्तीय संस्थामा जस्तो सहकारीको सञ्चालक हुन न्यूनतम शैक्षिक योग्यता समेत नतोकिनु र प्रभावकारी सिकाईका श्रोतको अभावमा व्यवस्थापकीय कार्य सञ्चालन हुनु निकै चुनौतीको विषय पनि हो । सहकारी संस्थाहरू (विशेष गरी बचत तथा ऋण सहकारी) लगानीकर्ता नभई वित्तीय पथ प्रदर्शक हुन् । सहकारी संस्थाले आपूर्तिको लागि सदस्यहरूको उत्पादन (आय) क्षमता बढाउने र मागको लागि उद्यमशीलता विकास गराई माग सिर्जना गराउने तर्फ केन्द्रित हुनु पर्दछ । त्यसको लागि संस्थामा दक्ष जनशक्ति विकास गर्नुपर्दछ ।

थुप्रै संस्थाले क्षमता विकासका लागि तालिम शिक्षामा वर्षेनी लाखौं रूपैयाँ खर्च गरेको पनि पाइन्छ तर त्यसका लागि प्रभावकारी पाठ्यक्रम, नविनतम प्रविधि र दक्ष प्रशिक्षक नहुँदा सिकाई कर्मकाण्डीय बन्दै गइरहेको छ । सहकारी संस्थाले तालिम, शिक्षाका कार्यक्रमको लागि सहकारी शिक्षा कोषको प्रयोग गर्नु पर्दछ । यसमा विनियोजित कोषको रकमले अपुग हुँदा कर अगाडि नै खर्च जनाई तालिम सञ्चालन वा सहभागी बन्न सकिन्छ । तर समग्रमा हेर्ने हो भने सहकारी संस्थाहरूको शिक्षा कोषको समेत भरपुर उपयोग नभएको अवस्था पाईन्छ । तसर्थ सहकारी संस्थाहरूले दक्ष जनशक्ति विकास गरी उच्चस्तरको सेवा प्रवाह गर्नु जरूरी छ, जसले गर्दा निजी क्षेत्रका प्रतिस्पर्धीहरूसँग जीतको मानसिकता सहित काम गर्न सकियोस्, कर्मचारीले काम छोड्ने दरमा न्यूनिकरण गरी उत्पादकत्व वृद्धि गर्न सकियोस् । व्यवस्थापक वा अन्य कर्मचारीले काम छोड्दा नयाँ जनशक्तिको लागि पटक पटक विज्ञापन गर्ने र कोरा व्यक्ति भर्ना गरी सिकाईमा तत्काल लगानी गर्नु नपरोस् । यसको निमित्त आफूहरूले तालिम प्राप्त गर्ने निकायको छनौट पनि उपयुक्त हुनु पर्दछ । त्यसको लागि अब नाफा (बचत) बाँडफाँड मार्फत गएको रकमको आधारमा होइन वार्षिक सञ्चालन खर्चको निश्चित (३ देखि ४) प्रतिशत रकम कर्मचारीको सिकाईमा खर्च गर्ने व्यवस्था गर्नुपर्दछ भने सञ्चालक र सदस्यहरूको लागि नाफा बाँडफाँडबाट छुट्टिएको रकम खर्च गर्दा सञ्चालक र कर्मचारी दुवैतर्फ वैकल्पिक जनशक्ति विकास गर्न सहज हुनेछ । र अन्तमा "जान्नु पर्याप्त हुँदैन : हामीले अवलम्बन गर्नु पर्दछ, । ईच्छा पर्याप्त हुँदैन हामीले गर्नु पर्दछ" भन्ने गोथेको यो भनाईलाई आत्मसाथ गरौं ।

**सन्दर्भ सामाग्री** :


- सहकारीता, सहकारी विभाग
- मौद्रिक नीति २०७५, नेपाल राष्ट्र बैंक
- एकीकृत निर्देशन २०७५, नेपाल राष्ट्र बैंक

# नुवाकोटमा जिल्ला बचत संघ गठन

नुवाकोटमा सञ्चालित बचत तथा ऋण सहकारी संस्थाका प्रतिनिधिहरू सहित नुवाकोटको विदुर नगरपालिकामा बैशाख १२ गते बसेको एक भेलाले नुवाकोट जिल्ला बचत तथा ऋण सहकारी संघ तदर्थ समिति गठन गरेको छ ।

पञ्चकन्या साकोसका अध्यक्ष रमेश श्रेष्ठको संयोजकत्वमा ११ सदस्यीय सञ्चालक समिति र संगम साकोसका अध्यक्ष केशव मिश्रको संयोजकत्वमा ३ सदस्यीय लेखा समिति सहितको तदर्थ समिति गठन गरेको हो । नेफ्स्कूनका सञ्चालक सदस्य दीपक पनेरू, जिल्ला सहकारी संघ नुवाकोटका अध्यक्ष राजेश श्रेष्ठ र नेफ्स्कूनका कार्यक्रम तथा विकास विभागका कामु विभागीय प्रमुख गणेशप्रसाद तिमल्सिनाको उपस्थितिमा गठित उक्त तदर्थ समितिले अबको तीन महिनाभित्र नुवाकोट जिल्ला बचत तथा ऋण सहकारी संघ दर्ता गर्ने निर्णय गरेको छ ।

उक्त तदर्थ समितिको सह संयोजकमा छहारी साकोसका प्रतिनिधि नारायण प्रसाद खनाल, सचिवमा दक्षिणकाली साकोसका प्रतिनिधि नविन्द्रमान प्रधान, कोषाध्यक्षमा सम्पन्न साकोसका प्रतिनिधि भोला शंकर गुर्वाचार्य र सदस्यहरूमा फिर्केप साकोसका प्रतिनिधि कृष्ण प्रसाद धिताल, श्रीकृष्ण साकोसका प्रतिनिधि मछिन्द्र प्रसाद पाण्डे, उपकार साकोसका प्रतिनिधि केशव प्रसाद प्याकुरेल, संगम साकोसका प्रतिनिधि केशव रिमाल, मेरो आफ्नै साकोसका प्रतिनिधि कबिन्द्र प्रधान, रानीपौवा साकोसका प्रतिनिधि भुन बहादुर खत्री र रूपनिदेवी साकोसका प्रतिनिधि सुदिप श्रेष्ठ रहनुभएको छ ।

त्यसैगरी लेखा सुपरिवेक्षण समिति संयोजकमा संगम साकोसका प्रतिनिधि केशव मिश्र र सदस्यहरूमा शुभप्रभात साकोसका प्रतिनिधि रामराजा श्रेष्ठ र त्रिशुली साकोसका प्रतिनिधि सूर्य कुमार श्रेष्ठ रहनुभएको छ ।

---

# नुवाकोटमा सञ्चालित साकोसहरु संस्थागत गुणस्तर सुधारमा लाग्न प्रतिवद्ध




नुवाकोट विदुर नगरपालिकाका मेयर सञ्जु पण्डितले जिल्लाको सहकारी क्षेत्रको गुणात्मक विकासका लागि स्थानीय सरकार प्रतिवद्ध रहेको बताउनुभएको छ । बैशाख १२ गते नुवाकोटको विदुरमा नेफ्स्कूनको आयोजना र नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सहकारी विभागको सहयोगमा सञ्चालित साकोस जोखिम विश्लेषण कार्यशाला (SARAW) गोष्ठीको अवसरमा बोल्दै मेयर पण्डितले सहकारी अभियानलाई अगाडि बढाउने दिशामा आवश्यक सहयोग गर्न स्थानीय सरकार तयार रहेको बताउनुभएको हो । उहाँले यतिवेला स्थानीय तह ऐन तथा नियमावली निर्माणको क्रममा रहेको छ, हामीले सहकारी क्षेत्रलाई कसरी मर्यादित र अनुशासित बनाएर लैजान सकिन्छ, राज्यले लिएको नीति अनुरूप सहकारी एकीकरणको विषयलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने विषयमा छलफल आवश्यक रहेको बताउनुभयो ।

विशिष्ट अतिथि विदुर नगरपालिकाका उप मेयर गिता दाहालले सहकारी संख्यात्मक रुपमा अध्याधिक रहेको बताउँदै संख्या बढी भएको ठाउँमा सहकारी मर्ज गर्नुपर्ने र सहकारी संस्थाहरूको उपस्थिति नै नभएको ठाउँमा सहकारी खोल्नुपर्ने आवश्यकता रहेको औल्याउनुभयो ।

नेफ्स्कूनका सञ्चालक सदस्य दीपक पनेरूले सहकारी अभियानलाई अगाडि

बढाउने र गुणस्तर साकोस निर्माण गर्ने दिशामा नेफ्स्कून निरन्तर लागिरहेको बताउँदै अब नुवाकोटमा सञ्चालित बचत तथा ऋण सहकारी संस्थाहरू पनि नेफ्स्कूनद्वारा सञ्चालित गुणस्तर सुनिश्चितताका कार्यक्रममा आवद्ध भई नीति, विधि र प्रविधिमा चल्न आग्रह गर्नुभएको थियो ।

नेफ्स्कूनका सञ्चालक सदस्य दीपक पनेरूको अध्यक्षतामा सम्पन्न उक्त कार्यशालामा स्थानीय सहकारका प्रतिनिधिहरू, वडाका प्रतिनिधिहरू, बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष तथा अन्य पदाधिकारी र स्थानीय सहकारीकर्मीहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रममा जिल्ला सहकारी संघका अध्यक्ष राजेश श्रेष्ठ र जिल्ला बचत तथा ऋण सहकारी संस्था रसुवाका ओम प्रसाद आचार्यले कार्यक्रममा शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

नेफ्स्कूनका कार्यक्रम विकास विभाग प्रमुख गणेश प्रसाद तिमल्सिनाले प्रशिक्षण गर्नुभएको उक्त कार्यक्रममा २५ वटा बचत तथा ऋण सहकारी संस्थाका प्रतिनिधिहरू सहित ४४ जनाको सहभागिता रहेको थियो ।

❑ ❑ ❑

# CURBS कार्यक्रममा सहभागी साकोस व्यवस्थापकहरुलाई अभिमुखीकरण




जोखिममा आधारित साकोस सुपरिवेक्षण तथा अनुगमन कार्यक्रम अन्तर्गत काठमाडौं जिल्ला स्तरीय साकोस व्यवस्थापकहरूको अभिमुखिकरण फागुन २६ गते सम्पन्न भएको छ ।

लोकसागर साकोस काठमाडौंको आयोजनामा सम्पन्न अभिमुखीकरण कार्यक्रमको उद्घाटन नेफ्स्कूनका अध्यक्ष डी.बी. बस्नेतले गर्नुभएको थियो ।

कार्यक्रममा नेफस्कूनका सञ्चालक समिति तथा कास्कूनका अध्यक्ष दिपक पनेरू, प्रमुख कार्यकारी अधिकृत शिवजी सापकोटा, कलंकी फिल्ड कार्यलयका व्यवस्थापन उपसमिति सदस्य केशव शर्मा पौडेल, सामुदायिक साकोस काभ्रेका व्यवस्थापक मदन बस्नेत लगायत विभिन्न १४ साकोसका व्यवस्थापकहरूको उपस्थिति रहेको थियो ।

संघका अध्यक्ष बस्नेतले साकोसको विद्यमान समस्या पहिचान गरी संस्थागत दीगो विकास र प्रभावकारी सदस्य सेवा प्रवाहका लागि व्यवस्थापकहरूको सामुहिक जमघट र अन्तरक्रिया प्रभावकारी हुने बताउनुभयो । उहाँले साकोसको अवको प्राथमिकता सदस्यहरूको आवश्यकता केन्द्रित प्रोडक्ट डिजाइन हुनुपर्नेमा जोड दिनुभएको थियो ।

संघका प्रमुख कार्यकारी अधिकृत सापकोटाले सबै बचत तथा ऋण सहकारी संस्थामा ६ वटा आधारभूत नीतिहरू अनिवार्य रूपमा हुनुपर्ने र नीति अनुरूप काम गर्ने परिपाटिको विकास गर्दै संस्थालाई ब्राण्ड प्राप्त गर्ने स्तरमा विकास गर्न व्यवस्थापक, कर्मचारी र सञ्चालकले आ-आफ्नो कार्यप्रति उत्तरदायी भएर कार्य गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रम सहभागीको तर्फबाट बोल्दै तरकारी फलफूल साकोसका व्यवस्थापक बिमला पुडासैनीले सहकारीमा भइरहेको सदस्य वृद्धिको चुनौतीको बारेमा आफ्नो धारणा व्यक्त गर्नुभएको थियो । स्मरण साकोसका व्यवस्थापक निर्मल हुमगाईले साकोसमा राम्रा कुराहरूको अनुसरण गर्न सहकारी अवलोकन भ्रमण फलदायी हुन सक्ने धारणा व्यक्त गर्नुभएको थियो । त्यसैगरी अन्य सहभागी व्यवस्थापकहरूले साकोसको संस्थागत पूँजी वृद्धि, सम्पत्ति शुद्धीकरण लगायत बिभिन्न विषयमा आफ्ना जिज्ञाहरू राख्नुभएको थियो ।

❑ ❑ ❑

# साकोस व्यवसायमा ब्राण्डको विकास सम्भावना र चुनौतीहरु



**दुर्गा प्रसाद ढकाल**

प्रमुख, सदस्य सेवा विभाग
नेफ्स्कून



सहकारी समाजको अव्वल अभियान हो, जो आदर्श, स्वयम् अनुशासित र स्वयम् संयमित रहन्छ । सहकारीका आदर्श र अनुशासन कायम गर्न यो आफैमा सुशासित र स्वयम् शासित रहन्छ, जसलाई सहकारी सुशासन भन्ने गरिन्छ ।

**अवधारणा**

सहकारी सदस्यहरू मार्फत नियन्त्रित, सदस्यहरूबाट नै सञ्चालित व्यवसाय हो । सहकारीका सेवा विकास गर्न र सेवा प्रयोग गर्नमा सदस्यहरूको नै महत्वपूर्ण योगदान रहेको हुन्छ । सहकारीको वस्तु तथा सेवाको विकास र प्रयोगमा सदस्यको सक्रियता साकोसमा सामान्य अभ्यास हो तर आजको दिनमा हरेक व्यवसायमा ब्राण्डको अवधारणाले प्रभुत्व जमाएको पाइन्छ । यो अवधारणा वित्तीय व्यवसायमा अन्य व्यवसायमा भन्दा तुलनात्मक रूपमा ढिलो शुरु भएको हो । लामो समयसम्म सहकारी व्यवसाय हो कि सेवा हो भन्ने दुविधामा अल्झेको थियो भने नेपालको सन्दर्भमा त साकोस अभियान सरकारको अनुदार नीतिका कारण खुम्चिएर रहेको हो । अझ पनि बचत ऋण सहकारीलाई सरकारले वित्तीय सेवा प्रदायको रूपमा लिएको छैन । साकोस स्थापनाको संख्या बढेको छ तर यसलाई सरकारका अंगहरूले अनौपचारिक वित्तीय सेवाको रूपमा व्यवहार गरेको पाइन्छ ।

बचत तथा ऋण सहकारीले विस्तारै समुदायको वित्तीय समस्या समाधानको पहिलो छनौटको रूपमा विकास हुँदै जांदा यस व्यवसायमा पनि ब्राण्डको अवधारणाले प्रवेश पाएको छ । ब्राण्डको अवधारणाको सम्बन्धमा अमेजन डट कम का प्रमुख कार्यकारी अधिकृत भन्नु हुन्छ ब्राण्ड भनेको तपाई नभएको समयमा तपाईको बारेमा सामान्य नागरिकहरूले राख्ने धारणा हो । ब्राण्डले सामान्य नागरिकहरूको मनोवैज्ञानिक अवस्थाको प्रतिनिधित्व गर्दछ । नेपालको साकोस अभियानमा ब्राण्डको प्रयोग नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. ले एशियाली ऋण महासंघको प्राविधिक सहयोगमा सञ्चालित एक्सेस कार्यक्रम मार्फत सन् २००८ बाट मात्र शुरू भएको हो । हालसम्म पनि साकोस अभियानका अभियानकर्मीहरूमा ब्राण्ड निर्माणको सन्दर्भमा जागरूकता आउन सकेको छैन ।

सामान्यतया ब्राण्ड संगठनको नाम, लोगो, नारा तथा प्रवर्द्धनात्मक क्रियाकलापहरूसँग सम्बन्ध राख्ने हुन्छ । प्रजातान्त्रिक नियन्त्रण प्रणालीमा प्रवर्द्धन हुने यस व्यवसायमा अलग अलग नाम, विनियममा नै परिभाषित लोगो, सदस्यहरूको मन जित्ने सृजनात्मक नारा आदिको अलग अलग प्रयोग भएको त पाइन्छ तर समग्रमा ब्राण्डको रूपमा परिभाषित प्रतिनिधित्व ब्राण्डको सम्बन्धित निकायमा दर्ता, बौद्धिक

सम्पत्तिको रूपमा अधिकारको स्थापना आदिको प्रयास भएको पाइदैन । ब्राण्डको सामान्य प्रकृति भनेको नागरिकहरूको संवेगात्मक पक्षको प्रतिनिधित्व गर्नु हो वा साकोसको सम्बन्धमा सदस्यहरूले राख्ने सामान्य धारणहरूको चित्र हो । नेपालमा बढेको सहकारीको संख्या र व्यावसायिक स्थलमा ती साकोसको गैर व्यावसायिक चरित्रले राम्रो काम गरी रहेका साकोसहरूको ब्राण्डको स्थापना गर्ने काममा पनि असहज परिस्थितिको सिर्जना गर्नमा योगदान गरेको पाइन्छ ।

व्यवसायमा ब्राण्डले वस्तु तथा सेवाहरूको र समग्रमा व्यावसायिक प्रतिष्ठानको मौलिक प्रतिष्ठाको प्रतिनिधित्व गर्दछ । ब्राण्डले सेवाग्राहीहरूको विस्वास तथा वस्तु र सेवाहरूको गुणस्तरीयताको प्रतिनिधिन्व गर्दछ । त्यस्तै ब्राण्ड भन्नाले वस्तु तथा सेवाहरूको प्रयोग कर्ताले निरन्तर वस्तु तथा सेवाहरूको प्रयोग गर्दा प्राप्त गर्ने अनुभव र सन्तुष्टी पनि हो । ब्राण्ड त्यस्तो अवधारणा जसले बस्तु तथा सेवा उत्पादकहरूले व्यावसायिक कौशलताहरूको समुचित व्यवस्थापन गरेको हुन्छ जसबाट साकोस व्यवसायमा पनि ब्राण्डको अवधारणाको कार्यान्वयनले सहकारीको भिडमा विशिष्ट पहिचान सहितको गुणस्तरीय सेवा प्रवाह गर्न सक्षम साकोसको विकास गर्न सहयोग गर्दछ । त्यसैले साकोस व्यवसायमा ब्राण्ड भनेको कुनै व्यावसायिक प्रतिष्ठानको वस्तु तथा सेवाहरूको प्रयोग गर्दा संगालेको अनुभव तथा प्रतिष्ठा र धारणागत विषय हो । ब्राण्डको अवधारणाले वस्तु तथा सेवाहरूको गुणस्तरको सुनिश्चितता निरन्तरको स्तरोन्नतीको अपेक्षा गर्दछ ।

### नविनताको खोजी र गुणस्तरमा सुनिश्चितता

वित्तीय व्यवसायको भिडमा नविनताको खोजी र सेवाको सनिश्चितताको आधार प्रदान गर्ने माध्यम भनेको नै ब्राण्डको अवधारण हो । ब्राण्ड विकासको अवधारणाले सहकारीलाई सदस्यहरू र भावि सदस्यहरूको माझमा फरक विशेषता सहित विकास हुन सहयोग गर्दछ । ब्राण्डको मुल भावना भनेको नै बजारमा आफुलाई अरू भन्दा फरक क्षमता सहित रणनीतिक रूपमा विकास गर भन्ने हो तथा ब्राण्डले सेवा गुणस्तरको सुनिश्चित गरेको हुन्छ वा सेवा प्रयोग गर्नेले जति पटक सेवा प्रयोग गरे पनि नयाँपन तथा बजार भन्दा गुणस्तरीय पाएको हुन्छ । यसको लागि सेवा विकास तथा वितरणमा रणनीतिक अवधारणाहरूको कार्यान्वयन गरिएको हुन्छ । ब्राण्डको अवधारणा बाहिरबाट होइन हरेक साकोस आन्तरिक रूपमा सक्षमता सहित विकास भएको हुन्छ । ब्राण्डको अवधारणाले साकोस भित्र नविनतम खोज तथा फरकपन विकास गर्न सक्षम जनशक्तिको विकासमा योगदान गरेको हुन्छ ।

### साकोस व्यवसायमा ब्राण्डको आवश्यकता

ब्राण्डको अवधारणले साकोस अभियानमा दिन सक्ने बहु उपयोगिताको स्वीकार गर्नु आजको साकोस अभियानको आवश्यकता हो किनकी अभियानकर्मीहरूमा नै ब्राण्डको फाइदाको बारेमा प्रयाप्त स्वीकारोक्ती छैन । ब्राण्डको रूपमा साकोसले न त सृजनात्मक ईमेजहरूको प्रयोग नै गरेको छ । यदि साकोसमा स्थापित ब्राण्ड विकास गर्न सकेमा सदस्यहरूलाई सेवाहरूको पुन प्रयोग प्रति विस्वासको सिर्जना गर्दछ । जसबाट वस्तु तथा सेवाहरूको प्रयोग कर्ताहरूको खोजीको लागि सहजता प्रदान गर्दछ वा सदस्य थप गर्ने व्यवस्थापनको चुनौतिको सामना गर्न सहयोग गर्दछ ।साकोस अभियानका जानाकारहरूलाई राम्रो थाहा छ कि साकोस व्यवसायमा सदस्य बनाउन भन्दा बनेका सदस्यहरूको वित्तीय आवश्यकता पुरा गरी निरन्तरता दिनु बढी कठिन छ र अझै कठिन हुने छ किनकी सदस्यहरूको वित्तीय आवश्यकता र बजारमा सामाधारको विकल्पहरूको प्राविधिक विकासको गति अत्यन्तै धेरै छ ।

स्थापित ब्राण्डले सदस्यहरूको वित्तीय समस्या समाधानको सरल र अत्याधुनिक उपायहरूको स्थापनामा योगदान गर्न सक्दछ । सदस्यहरू नै वस्तु तथा सेवा विकासमा योगदान गर्न सक्षम बन्दै जाने सम्भावना रहन्छ । सदस्यहरूको आवश्यकता र क्षमाता अनुसारको वस्तु तथा सेवा रोजाइको अवसर बढाउन सहयोग गर्दछ । वस्तु तथा सेवा प्रयोगमा ब्राण्डको अवधारणाले कसरी काम गर्न सक्दछ भने एक पटक वस्तु तथा सेवा प्रयोग गरी सकेका व्याक्तिहरूले पुन सोही वस्तु तथा सेवा प्रयोग गर्दा हुने निर्णय प्रक्रियाको अवलम्बन गरी रहनु पर्दैन र विस्तारै साकोस र सदस्यहरूको बीचको दीगो सम्बन्धको स्थापना गर्दछ । ब्राण्डको अवधारणले यसको समाधानमा साधनको रूपमा काम गर्न सक्दछ । विश्वासिलो ब्राण्डको लागि सामान्यतया सदस्यहरू बढी मुल्य तिर्न तयार रहने हुन्छन् जसबाट सदस्यहरूको छोड्ने दर घट्न सक्दछ यसले साकोसको व्यावसायिक फाइदाको लागि महत्वपूर्ण भूमिका खेल्दछ ।

नेपालको साकोस अभियान आज पनि दीगो व्यावसायिक अभ्यासमा भन्दा बजारको नक्कल गर्न वा क्षमता भन्दा बाहिरको वित्तीय सेवा दिएको देखाउन तल्लिन छ सदस्यको दीगो सम्बन्ध भन्दा देखासिकीमा चलेको छ । साकोसको ब्राण्डको विकास गर्नु भनेको साकोसको सेवाको गुणस्तरको सुनिश्चित गर्नु हो वा सहकारी मुल्य मान्यता भित्र रहेर अत्याधुनिक वित्तीय सेवा प्रवाह गर्न सक्षम बनाउनु पनि हो ।

### साकोस अभियानमा उपलब्ध ब्राण्डहरू

सेवा विकास र प्रवाह सदस्यहरूको नियन्त्रणमा सम्बन्ध सञ्चालक तथा व्यवस्थापनको जिम्मेवारी हुन्छ तर त्यस सेवाको गुणस्तरको सुनिश्चितता गर्ने काम तेस्रो पक्षको उपस्थिति जरूरी छ । साकोस अभियान स्व नियन्त्रित भएकोले यस अभियानका अवयबहरू बुझेर त्यसको गुणस्तर निर्धारण गर्न सक्ने निकाय पाउन कठिन छ । त्यसैले साकोस अभियानमा ब्राण्डमा स्वःविकासको अवधारणामा आधारित छ । साकोस एकरूपता प्रणाली मार्फत सबै साकोसहरूको स्तर विकास गरी विकास भएको स्तरको आधारमा तपसिलका तीन तहको ब्राण्ड प्रदान गर्ने अवधारण संघको रहेको छ ।

**एक्सेस ब्राण्ड**

एक्सेस ब्राण्ड ISO स्तरको छ । एशियाली ऋण महासंघले विकास गरेको यो ब्राण्ड एशियाको ब्राण्ड हो । रणनीतिक व्यवस्थापनको अवधारणामा विकास गरिएको यो ब्राण्डको अवधारण सिकाउने पहिलो कार्यक्रम हो । सन् २००८ देखि हालसम्म निरन्तर ब्राण्डको अभ्यासमा रहेका साकोसहरू अब्बल साकोसको रूपमा विकास हुँदै जानु र कुनैपनि संकटमा नपर्नुले व्यवहारिक अभ्यासमा पनि नेपालमा ब्राण्डको अभ्यास सफल भईसकेको छ । यस ब्राण्डमा ८६ वटा सूचकहरूको आधारमा साकोसहरूको स्तर निर्धारण गरिन्छ ।

**प्रोबेशन ब्राण्ड**

नेपालको साकोस अभियानले विकास गरेको अभियान र नेपाल सरकार दुवैको संयुक्त योगदानमा सञ्चालित यो कार्यक्रम सन् २०१३ बाट शुरू गरिएको हो । ५५ वटा सूचकहरूको आधारमा स्तर निर्धारण गरिने यस कार्यक्रममा हाल १५० भन्दा बढी साकोसहरू आवद्ध भई सकेका छन् । यसले पनि साकोको आधारभूत गुणस्तर भए नभएको सुनिश्चित गर्दछ । वित्तीय रूपमा सुरक्षित सदस्य मैत्री साकोसहरूले यो ब्राण्ड प्राप्त गर्दछन् ।

**कर्वस् ब्राण्ड (जोखिममा आधारित साकोस सुपरिवेक्षण कार्यक्रम)**

जोखिम सबै साकोसहरूको अन्तरनिहित छ । जोखिम व्यवस्थापन गरी साकोसलाई सुरक्षित र सदस्य मैत्री तथ दीगो बनाउन सकिन्छ भन्ने नविनतमा मान्यताको आधारमा विकास गरिएको यो कार्यक्रम सबै भन्दा नविनतम अवधारणमा आधारित कार्यक्रम हो । वित्तीय जोखिम, ऋण जोखिम, व्यावसायिक जोखिम, आन्तरिक नियन्त्रण तथा सूचना प्रणाली जोखिम, कानूनी तथा नियमन जोखिम र सञ्चालन, वातावरण तथा ख्यातीको जोखिम जस्ता क्षेत्रका जोखिमहरूको व्यवस्थापन मार्फत साकोस अभियान सुरक्षित बनाउन यो कार्यक्रमको शुरुवात भएको छ ।

**वित्तीय सहकारीमा ब्राण्ड व्यवस्थापन र चुनौतीहरू**

नेपाल जस्तो विकासशील देशमा ब्राण्डको व्यवस्थापन वास्तवमा नै चुनौतीपूर्ण कार्य हो । वित्तीय सेवा प्रदायक व्यावसायिक प्रतिष्ठानको अलावा सरकारी अनुदान परिचालन गर्ने वा गरिव भनिएकाहरूको नाम मात्रको बचत संकलन गर्ने वा ऋण प्रवाहको साधनको रूपमा स्वीकार गरी सांघुरो वातावरणमा गुज्रिएको साकोस अभियानमा ब्राण्डको अवधारणा स्थापित गरी व्यावसायिक विकास गर्ने कार्य चुनौतीपूर्ण छ ।

- साकोस व्यवसायमा तुलनात्मक रूपमा नयाँ अवधारणा भएकोले अभियानकर्मी तथा नियमनकारीहरूमा साझा बुझाईको अभाव रहनु ।
- साकोसका सेवाग्राहीहरूको माग तथा आवश्यकताहरूको अधारमा विविधता स्वीकार गरिएका ब्राण्डको विकास गर्नु ।
- साकोसहरूले प्रस्ताव गरेका सेवाहरूको मुल प्रकृतिमा रहेको समता ।
- सदस्यहरूबाट नै व्यवस्थापन भन्ने भावनाबाट सञ्चालित साकोस व्यवसायको व्यावसायिक वस्तु तथा सेवा विकासको पेशागत कौशलको अभाव
- नियमनकारी निकायहरूको ब्राण्ड प्रतिको उदासिनता ।

साकोस व्यवसायमा ब्राण्डको अवधारणा स्वीकार गरी विकास गरिएको एक्सेस कार्यक्रम भित्रको रणनीतिक व्यवस्थापनको चार पक्षहरू स्वीकार गरी ब्राण्डको विकास र प्रवर्द्धन आजको आवश्यकता हो । ब्राण्ड निर्माण र विकासमा साकोसको सञ्चालक र व्यवस्थापनको मात्र नभई सदस्यहरूको पनि महत्वपूर्ण भूमिका हुन्छ किनकि साकोसका वस्तु तथा सेवाको उत्पादक र उपभोक्ताहरू सदस्यहरू नै हुन् । साकोसको ब्राण्डलाई बलियो र प्रभावकारी बनाउन अबैतनिक साकोस दुतको रूपमा सदस्यले आफ्नो संस्थाको वस्तु तथा सेवाहरूको राम्रा पक्षहरू भावी सदस्यहरू समक्ष जानकारी गराउनु पर्ने हुन्छ भने सुधारका लागि रचनात्मक सुझाव साकोस व्यवस्थापनलाई निरन्तर उपलब्ध गराउनु पर्ने हुन्छ । साकोसको छवि उच्च राखी निरन्तर विकासका लागि ब्राण्डको अवधारणा स्वीकार गरी अगाडि बढ्नु साकोस अभियान आजको आवश्यकता हो ।

साकोसलाई ब्राण्डेड बनाउन नेफ्स्कूनले सञ्चालन गरेको प्रोबेशन, एक्सेस तथा कर्वस् ब्राण्डमा साकोसको सहभागिता र सफलता अपरिहार्य छ । यसले समुदायमा छवि उत्थान गर्न सहयोग मात्र गर्दैन साकोसको विकासमा प्राविधिक सहयोग र निरन्तर परिवर्तनका लागि तयार पार्न पनि सहयोग गर्दछ र साकोसलाई समुदायको पहिलो रोजाईको रूपमा विकास गर्न मद्दत पुग्दछ ।

❑ ❑ ❑

# सदस्यसँग नेफ्स्कून अन्तरक्रिया




बचत तथा ऋण सहकारी संस्थाहरूको सुरक्षित यात्रा, सदस्य सुरक्षा र वित्तीय सवलताका लागि नेफ्स्कूनसँगको सहयात्रा अनिवार्य रहेको नेफ्स्कूनका महासचिव चन्द्र प्रसाद ढकालले बताउनु भएको छ ।

बैशाख ३० गते सदस्यसँग नेफ्स्कून कार्यक्रम अन्तर्गत न्यूरोड काठमाडौं क्षेत्रका बचत तथा ऋण सहकारी संस्थाहरू र नेफ्स्कूनबीच भएको अन्तरक्रिया कार्यक्रममा बोल्दै महासचिव ढकालले साकोस संघ परिवारभित्रको सदस्य रहेको हुँदा सदस्यहरूको वित्तीय सुरक्षा र सवलता प्रति संघको गहन चिन्ता रहेको कुरा अभिव्यक्त गर्नुभयो । उहाँले सहकारी अभियानलाई बलियो बनाउन र साकोसको सुरक्षित यात्रामा सहभागी बन्न अब प्रत्येक बचत तथा ऋण सहकारी संस्थाहरू र संघको सहयात्रा निरन्तर जारी रहने विषयमा दुवै पक्ष प्रतिवद्धताका साथ अगाडि बढ्नुपर्ने आवश्यकता औंल्याउनु भयो ।

नेफ्स्कूनका सदस्य सेवा विभाग प्रमुख दुर्गा प्रसाद ढकालले सहकारीको दीगो संस्थागत विकासका लागि विकसित मुलुकले अवलम्बन गरेका बचत तथा ऋण सहकारी नीति र नेपालको सन्दर्भलाई उल्लेख गर्दै सुरक्षित यात्राका लागि साकोस सञ्जालिकरण अपरिहार्य रहेको विषय सन्दर्भसहितको कार्यपत्र प्रस्तुतीकरण गर्नुभएको थियो ।

नेफ्स्कूनका वरिष्ठ उपाध्यक्ष परितोष पौड्यालको अध्यक्षतामा आयोजित उक्त कार्यक्रममा संघका महासचिव चन्द्र प्रसाद ढकाल, नेफ्स्कूनका विभागीय प्रमुखहरू, कर्मचारीहरू, नेफ्स्कून न्यूरोड फिल्ड कार्यालय व्यवस्थापन उपसमिति सदस्यहरू, न्यूरोडमा सञ्चालित १५ बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष, उपाध्यक्ष, सञ्चालक सदस्य, व्यवस्थापक, सहित २५ जनाको उपस्थिति रहेको थियो ।

कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष पौडेल र महासचिव ढकालद्वारा संघका उत्कृष्ट शेयर सदस्य संस्थाहरूलाई सम्मान तथा कदरपत्र प्रदान गर्नुभएको थियो ।

---

# छुवाछूत विरुद्ध अभियानका पदयात्रीहरुलाई स्वागत



जातीय छुवाछुत विरुद्ध महाकाली-मेची पदयात्राका अभियन्ताहरू समाजशास्त्री होमराज आचार्य, पत्रकार अशोक दर्नाल र सामाजिक अभियन्ता रिता परियारलाई बैशाख ३० गते नेफ्स्कूनमा भव्य स्वागत तथा बधाई कार्यक्रम सम्पन्न भएको छ ।

पदयात्री अभियन्ताहरूलाई नेफ्स्कूनका महासचिव चन्द्रप्रसाद ढकाल, लेखा समिति सदस्य विपिन शर्मा, विभागीय प्रमुखहरू, व्यापार संघका प्रतिनिधि लगायत नेफ्स्कून कर्मचारीहरूले स्वागत तथा बधाई ज्ञापन गर्नुभएको थियो ।

'जातीय छुवाछूत विरुद्ध पदयात्रा अभियान २०१९' मा सहभागी अभियन्ताहरूको अभियान महाकालीको चाँदनी दोधारबाट चैत ३ गते शुरू भएर ५४ दिनमा मेचीनगरको काँकर भिट्टामा सकिएको थियो । कार्यक्रममा पदयात्राका अभियन्ताहरूबाट ५४ दिने छुवाछुत विरुद्धको अभियानका अनुभवहरू सुनाउनुभएको थियो ।

# साकोस एकरुपताका लागि व्यवस्थापकको भूमिका



**मीलन ढकाल,** मुख्य प्रबन्धक, पोखरा रोयल साकोस (अध्यक्ष, को-अपरेटिभ म्यानेजर्स क्लब, कास्की)



मुलुकभर ३४ हजार ५१२ सहकारी संस्थाहरू छन भनी रहँदा वास्तविक सहकारीको संख्या यति नै हो भनेर भन्न सक्ने अवस्था अवस्य छैन किन कि लामो समयदेखि हामीले यही संख्यालाई नै आधार मानि रहेका छौ । मुलुक संघीय संरचनामा गई सकेपछि कति सहकारी संस्थाहरू थपिएका छन कति मर्ज भएर कम भएका छन् त्यसको यकिन तथ्यांक हामीले प्राप्त गर्न सकिरहेका छैनौ । साकोस अर्थात बचत तथा ऋण सहकारी संस्थाको संख्या १३ हजार ५७८ देखिन्छ । यसरी हेर्दा साकोसले मात्र ३९.३४ प्रतिशत भाग ओगटेको छ । नेफ्स्कूनले परिस्कृत गरेको प्रतिवेदनलाई आधार मान्दा नेफ्स्कूनमा ३४०१ आवद्ध भएकोमा हाल विविध कारणले गर्दा ३२२० सदस्य कायम रहेको विवरण प्राप्त हुन्छ । यही आधारमा मुल्यांकन गर्दा २३.७१ प्रतिशत सदस्य संस्था मात्र नेफ्स्कूनमा आवद्ध भएको देखिन्छ । यसरी पछिल्लो विवरण लाई अध्ययन गर्दा नेफ्स्कून आफैले र सहकार्यमा ल्याएको कार्यक्रम एक्सेसमा ५३, प्रोबेशनमा १७२ र कर्वसमा ३८५ गर्दा जम्मा १८.९४ प्रतिशत सहकारी संस्था मात्र स्तरीकरण (ब्राण्डिङ्) कार्यक्रममा आवद्ध छन । यो विवरणलाई केलाएर हेर्न लागियो भने सहकारी अभियानमा सहकारी संस्थाको सक्रिय सहभागिता कस्तो छ भन्ने प्रस्ट हुन्छ ।

७७ जिल्लाको तथ्यांक हेर्दा सहकारीहरूमा हाल ६० हजार ५१७ कर्मचारी कार्यरत भएको देखिन्छ । यही जनशक्तिद्वारा ६३ लाख बढी सदस्यलाई सहकारीको सेवा प्रदान गरिरहेको छ भने ७३.१७ अरव शेयर पूँजी, ३०२ अर्ब बचत र २७४ अर्ब ऋण परिचालन भएको छ । यसरी हेर्दा वित्तीय कारोवारमा सहकारीको योगदान २१ प्रतिशत भन्दा बढी रहेको छ भने कुल गार्हस्थ उत्पादन (जिडिपी) मा योगदान ४ प्रतिशत रहेको विभिन्न तथ्यांकहरूबाट पाइन्छ । सहकारीको इतिहास केलाएर हेर्दा २०१३ साल बाट २०७५ सालसम्म आईपुग्दा धेरै उताढ चढावहरू आएका छन । ६२ वर्षको अवधिमा हामीले कत्तिको क्षमतावान जनशक्ति उत्पादन गर्न सक्यौ र सहकारी संस्थामा हामीसँग कतिको क्षमतावान जनशक्ति छ कि छैन भन्ने विषय अति महत्वपूर्ण विषयको रूपमा रहन्छ । कतिपय संस्थामा तालिम प्राप्त कर्मचारीको अभावले गर्दा लेखा प्रणाली चुस्त दुरूस्त राख्न नसकेको, समयमा प्रतिवेदन बुझाउन नसकेको पनि देखिन्छ । कर्मचारीले जानेर भन्दा पनि नजानेर धेरै गल्ती गरी रहेको हामीले देख्न र सुन्न पाइन्छ । यसको निराकरणको लागि नत सञ्चालकले सोचिरहेको हुन्छ, नत व्यवस्थापन नै चिन्तित देखिन्छ तर यसको दुरगामी असर परिरहेको पछि मात्र थाहा हुन्छ तव संस्थामा समस्या आउँदछ । यसको समाधानको लागि व्यवस्थापनले समयमा नै ध्यान दिनु जरूरी छ ।

विश्व इतिहास हेर्दा पनि हाल बहुराष्ट्रिय कम्पनीहरूले मानव संशाधनको अतिनै महत्व दिइएको पाइन्छ, जसको कारण बहुराष्ट्रिय कम्पनीहरू सफल भएका छन् । यिनीहरूले आफ्ना कर्मचारीहरूलाई आवश्यक तालिम दिई दक्ष र सक्षम बनाउने कार्य गरेका छन् । यसरी हेर्दा हाम्रो देशमा दिन प्रति दिन सहकारीको संख्या बढ्दै गईरहेको परिप्रेक्ष्यमा मानव संशाधनको उचित व्यवस्थापन र आवश्यक तालिम अनिवार्य देखिन्छ । कर्मचारी छनौट गर्दा विषय अनुसारको काममा दक्ष भएको, शेयर सदस्यलाई अन्तर दिलबाट सम्मान गर्ने, निरन्तर अध्ययनशील र धैर्यसाथ काम गर्ने सम्भावना भएकालाई छनौट गर्नुपर्दछ । एक अध्ययन अनुसार दैनिक कार्य सञ्चालन गर्दा संचार र सूचनाको अभावका कारण २५ प्रतिशत मात्र क्षमताको प्रयोग भएको हुन्छ । ७५ प्रतिशत क्षमता सुसुप्त रूपमा रहेको हुन्छ जसलाई उजागर गर्न र प्रयोगमा ल्याउनका लागि नियमित तालिम, शिक्षा र सूचना सञ्चारको आवश्यकता पर्दछ । जुन सहकारीको अभिन्न अंगको रूपमा रहेको छ ।

सामान्यतया प्रत्येक व्यवसायको सफलता ५ वर्षमा दोब्बर हुनुपर्दछ । हरेक योजना

> "आज हामीले बनाउन खोजेको मानव संशाधन वास्तवमै नमुना मानव संशाधन हो जसको परिणाम सबल र सक्षम सहकारी संस्था निर्माण गर्नु हो ।"

निर्माण गर्दा पनि ५ वर्षमा दोब्बर हुने गरी योजना निर्माण गर्ने र सो अवधिमा आफूले तय गरेको योजना पूरा भए नभएको मापन गर्नुपर्दछ । व्यवसायको सफलताको लागि व्यवस्थापकको भूमिका कति महत्वपूर्ण छ भन्ने ख्याल गर्दैनन् । हो यही नै अहिलेको विद्यमान व्यावसायिक सफलता प्राप्त गर्ने कुरामा अदृष्य तवरबाट बाधक बनेको छ र आजको अवस्थामा आई पुग्दा हामीले यहि कुरालाई मिलाउनु पर्ने तड्कारो आवश्यकता भएको छ । संस्थागत विकासका लागि व्यवस्थापकहरूको क्षमता अभिवृद्धि गर्नुपर्ने आजको आवश्यकता हो । आज हामिले बनाउन खोजेको मानव संशाधन वास्तवमै नमुना मानव संशाधन हो जसको परिणाम सवल र सक्षम सहकारी संस्था निर्माण गर्नु हो । यस अवधिसम्म आई पुग्दा हामी बिच सहकारीको विकासको लागि थुप्रै छाता संगठनहरू स्थापित भएका छन । त्यो मात्र हैन व्यवस्थापकहरूले आफ्नो क्षमता विकास र सहकारी संस्थामा एकरूपता कायम गर्न गोलवन्द भई रहेको परिपेक्ष्यमा यिनीहरूले विगतमा के कस्ता कार्य गरे भनेर टिका टिप्पणी गर्नु भन्दा हाल नेफ्स्कूनले अवलम्बन गरेको वाटोमा सहकारी संस्थालाई मात्र हैन सहकारीका विषयगत संघहरूलाई पनि डोराउनु पर्ने जिम्मेवारी नेफ्स्कूनले लिनु पर्दछ तब मात्र सहकारी अभियान सफल हुन सक्दछ ।

नेफ्स्कूनले दोलखा जिल्लालाई साकोस एकरूपताको लागि नमूना जिल्ला अभियान शूरू गरेको पाइन्छ । यसका लागि जिल्लाभर रहेका साकोसहरूलाई विभिन्न क्लस्टरमा आवद्ध गरी गुणस्तर सुनिश्चितताको कार्यक्रममा आवद्ध गरेका छन् । साकोस एकरूपताको लागि खासगरी आधारभूत नीति एउटै बनाउने, गुणस्तर सुनिश्चितामा आवद्ध हुने, दोहोरो सञ्चालक र दाहोरो सदस्यताको अन्त्यको प्रतिवद्धता, ऐक्यवद्धता लोगो, एउटै रङ, वार्षिक साधारण सभा एउटै दिनमा गर्ने, साकोसको आफनै सञ्जाल बनाउने, एउटै ढाँचामा प्रतिवेदन तयार गर्ने, श्रम ऐनको कार्यान्वयन गर्ने, दृश्यमा एकरूपता कायम गर्ने (जस्तै : साईन बोर्ड, लेटर प्याड, भिजिटिङ कार्ड, पोशाक) जस्ता विषयमा एकरूपता कायम गर्ने प्रतिवद्धता गरेका पाइन्छ । जसरी यो कार्यक्रम शुरूवात भएको छ, त्यसरी नै साकोसका व्यवस्थापकहरूमा यसको साझा बुझाई, यसको दीर्घकालिन प्रभाव, दीगोपन, सदस्यहरूमा विश्वास आर्जन, साकोसहरूको ख्याती र आफ्नो छुट्टै पहिचान हुने कुरामा साझा धारणा बनाउन आवश्यक देखिन्छ । यसको लागि व्यवस्थापकहरू प्रतिस्पर्धी नभई सहयोगी र विन विनको भावनाबाट सहकारी अभियानमा सरिक हुन आवश्यक छ ।

सहकारी स्थापना गर्दा हामीले आफ्नो हिसाब चार खाताको रूपमा रजिष्टरमा नै कार्य गरी आएका हौ तर आज समयले कोल्टे फेरको छ, त्यो अवस्था छैन सहकारी संस्थाहरूले आफ्नो लेखा प्रणालीलाई पूर्ण रूपमा कप्यूटराईज्ड गर्दै एटिएम र ईन्टरनेट बैंकिङ्ग सम्मको यात्रा तय गरी सकेका छन र अवको केही वर्षमा पेपर लेस, चेक लेस हुँदै डिजिटलाईज्ड हुनेछन् तर यसो भनि रहँदा हामीले हाम्रो जनशक्तिलाई क्षमतावन बनाएनौ भने हामी त्यो लक्ष्यमा पुग्न सक्ने छैनौ । तसर्थ हिजोका कमि कमजोरीहरूलाई शिक्षाको रूपमा लिएर आगामी दिनमा संस्थामा कार्यरत कर्मचारीको क्षमता वृद्धि गर्ने र दीगो तथा गुणस्तरीय संस्था निर्माण गर्न सबैले हातमा हात मिलाएर अगाडी बढनु पर्ने देखिन्छ । विद्यमान कानूनको परिपालना गर्दै नेफ्स्कूनले अवलम्बन गरेको साकोस एकरूपता प्रणालीलाई आ आफ्नो जिल्लामा लागु गर्नको लागि देशभरीका साकोसका व्यवस्थापकहरूले आफ्नो सिप र ज्ञानको प्रयोग गरेमा हामी हाम्रो लक्ष्यमा पुग्ने कुरामा कुनै दुविधा हुने छैन । जय सहकारी ।

> "व्यवस्थापकहरु प्रतिस्पर्धी नभई सहयोगी र विन विनको भावनाबाट सहकारी अभियानमा सरिक हुन आवश्यक छ ।"

# होस्टे हैंसे साकोसको रक्तदान कार्यक्रम

होस्टे हैंसे बचत तथा ऋण सहकारी संस्था लि.को आयोजना र ब्लड डोनर्स एशोसियसन नेपाल (ब्लोदान), जिल्ला बचत संघ काठमाडौं (कास्कून) नेपाल रेडक्रस सोसाईटी जुनियर युवा सर्कल र क्याम्ब्रिज इन्टरनेशनल कलेजको संयोजनमा बैशाख ४ गते बृहत रक्तदान कार्यक्रम सम्पन्न भएको थियो ।



# परिवर्तित सन्दर्भमा सदस्य सेवा



**माधवप्रसाद पौडेल,** प्रमुख कार्यकारी अधिकृत, विकू साकोस, गैंडाकोट, नवलपरासी

संसारको सबैभन्दा उत्तम र विशिष्ट प्राणी मानव हो । चेतना र बौद्धिकताका कारण मानवजाति अन्य जातिभन्दा विशिष्ट हो । स्वभावतः मानिस सधैंभरी आफू सफल र उत्कृष्ट बन्न खोज्दछ । अरूले आफूलाई माया गरून्, सहयोग गरून्, मन पराऊन् र आफ्नो बारेमा सबैतिर सबैले राम्रो मात्र कुरा दिऊन् । सम्भवतः यस प्रकारको अपेक्षा सबै मानिसमा हुन्छ । मानवीय सहयात्रामा सबैभन्दा मिल्ने आफ्नो आत्मीय साथी कुनै काममा वा जीवनको कुनै पलमा असफल हुँदा जति दुःख लाग्छ त्योभन्दा अधिक दुःख आफ्नोभन्दा त्यो मित्रको प्रगतिमा हुन्छ । यो मानवीय अन्तर्निहित स्वभाव हो । यसै सन्दर्भमा विश्व प्रसिद्ध लेखक हेमिङ्वेयले भनेका छन् : "कि मानिसको स्वभाव र प्रकृति हेरेर उसप्रति व्यवहार गर्न आफू सक्षम भयो भने सबैको नजरमा लोकप्रिय बन्न सकिन्छ तर यसको निरन्तरता पीडादायी हुन्छ ।" त्यसकारण कुनै पनि मानिससँग गरिने व्यवहार उसको स्वभाव र चरित्रमा निर्भर गर्दछ ।

सन्दर्भ समुदाय एवं समस्यामा आधारित बचत तथा ऋण सहकारी संस्थाको हो । सदस्य केन्द्रित प्रायजसो संघ-संस्थाहरू संलग्न सदस्यलाई सेवा दिनका लागि सञ्चालित भएका हुन्छन् । समयको द्रुत गतिमा भएको परिवर्तन र त्यसले संवाहक मानिसमा परेको सकारात्मक प्रभावका कारण अन्तर्निहित समस्या सेवालाई समय सापेक्ष उत्कृष्ट, प्रभावकारी र उपलब्धिमूलक बनाउनु जरूरी छ । उत्कृष्ट एवं प्रभावकारी सेवा प्रदान गर्नका लागि चाहिने विषयमध्ये सदस्यलाई गरिने संस्थागत व्यवहार, उनीहरूप्रतिको चासो र हेरचाह एउटा संवेदनशील र महत्वपूर्ण विषय हो । विश्वको वर्तमान परिवेशमा समस्या केन्द्रित सेवालाई परिष्कृत र परिमार्जन गर्दै लैजाने क्रममा उल्लिखित विषयलाई आत्मसात् गरेर अगाडि बढेका संघ/संस्थाहरूले निकै उपलब्धी हासिल गरिसकेका दृष्टान्तहरू हाम्रा सामु छन् । सानो कुरा ठूलो होइन तर सानोसानो मिलेर ठूलो हुन्छ भनेझैं, सञ्चालनको क्रममा कुनै न कुनै रूपमा हाम्रो ज्ञानमा भएको अथवा अनुभवमा रहेको र त्यति धेरै महत्व नदिइएका सानासाना विषयले पनि समस्यालाई धेरै प्रभाव पारेको हुन्छ ।

मानिसमा भएको चेतना, भावना, सिप, संवेदनशीलताका कारण अन्य प्राणीभन्दा विशिष्ट हुँदाहुँदै पनि अहम्ता र प्रभुत्व निहित हुन्छ । मानिसले अरूको तुलनामा १० हजार गुणा बढी प्राथमिकता र महत्व आफैंलाई दिन्छ । तसर्थ मानिसका अन्तर्निहित दुईवटा पक्ष छन् : आन्तरिक र बाह्य । यिनै दुई पक्ष उसका आवश्यकता बनेर आउँछन् । मानव जीवनको अर्को कटुसत्य भनेको भावना र भौतिकता हो । भावनाले आन्तरिक पक्षको र भौतिकताले बाह्य पक्षको प्रतिनिधित्व गरेको हुन्छ । उदाहरणका लागि सदस्यले आफूलाई संस्थाले बढी महत्व देओस् भन्ने अपेक्षा राख्दछ । संस्थासँगको आफ्नो सामीप्य, संलग्नता, विश्वास र नेतृत्वले उसको समग्र भावनालाई प्रतिनिधित्व गर्दछ भने अर्कोतर्फ सेवा लिने क्रममा सहजताको अनुभव, पहुँच, ऋण लिने तथा दिने प्रक्रिया सरल, सहज वित्तीय पारदर्शिता, परामर्श, गोपनीयता र विश्वासिलो सेवा पाउनु सदस्यको भौतिक पक्षसँग सम्बन्धित रहन्छ ।

सदस्यलाई सेवा उपलब्ध गराउँदा सेवाप्रदायक जति सचेत र सजक हुन पर्छ, ज्ञान, सिप, अनुभव र धारणाको दृष्टिकोणले त्योभन्दा बढी सेवाको वितरणमा हुनुपर्दछ । ज्ञानका कारण अनुभव हुँदाहुँदै पनि सिप, अनुभव र धारणाको अभावका कारण दिइने सेवा उत्कृष्ट हुन पुग्दैन, जसका कारण समग्रतामा यसको असर पर्दछ ।

### सदस्यलाई प्राथमिकता

परिवर्तित सन्दर्भमा सदस्यलाई सेवा प्रदान गर्दा सदस्यले प्राथमिकता पाएको अनुभूति गर्नुपर्दछ । अथवा सेवा प्रदायकले गराउन सक्नु पर्दछ । तसर्थ सेवा प्रदायकले आफू केन्द्रित नभई सेवाग्राही केन्द्रित हुनु पर्दछ । हाम्रो केन्द्र सदस्य हुन् तसर्थ हाम्रो केन्द्र सदस्य सेवा हो । उच्च महत्वका साथ यस प्रकारको सेवा सेवाग्राहीले अनुभूति गर्ने गरी प्रदान गर्नुपर्दछ । उनीहरूसँगको वार्तालापमा, सदस्यलाई केन्द्रमा राखेर, उच्च महत्व दिएर, प्रशंसा गरेर सम्मान पाएको महसुस गराउन सक्नुपर्दछ ।

### पहिलो पाँच सेकेन्ड

पहिला हामी सेवाग्राही भएर कुनै कार्यालयमा सेवा लिन जाँदाको क्षणको

कल्पना गरौं कि त्यहाँका मानिसहरू खास देखिन्थे ? हामीलाई कार्यालयमा आएकोमा कुनै स्वागत सत्कार भयो ? अथवा अनुहारमा कुनै खुसी देखिन्थ्यो ? कार्यालय वास्तवमै कार्यालय जस्तो थियो ? सफा, सुग्धर, चिटिक्क परेको, व्यवस्थित थियो । सेवाको लागि कसैले सोधेको रूपमा अनुरोध गरेको, सुरुमा कार्यालय प्रवेश गर्दा अग्रभागमा रहेका सेवाप्रदायकले हामीलाई कुनै सम्बोधन गरे जस्तो लाग्थ्यो ? ठिक यस्तै जिज्ञासा सहितको प्रवेश हाम्रो संस्थामा हुँदा र हामीले सेवा प्रदान गर्ने क्रममा पहिलो ५ सेकेन्डमा यी माथिका जस्तै कुराहरूको सम्बोधन गर्न सक्नुपर्छ । समस्या संस्थामा प्रवेश गर्ने वित्तीय अग्रभागका सेवा प्रदायकबाट उच्च मुस्कान र हँसिलो अनुहारले उनीहरूलाई अभिवादन गर्ने, आफ्नो संस्थागत संस्कृति र अभ्यासका आधारमा समस्यालाई सम्बोधन गर्ने । संस्थाले सेवा दिने र बस्ने ठाउँलाई सफा, सुग्घर र व्यवस्थित राख्ने जस्ता क्रियाकलापहरू गर्नुपर्दछ ।

### सदस्यसँगको अनौपचारिकता

सदस्य सेवाका लागि संस्थामा प्रवेश गर्दा सदस्यलाई सम्बोधन (Response) गर्ने भनेको स-साना कुराकानीबाट सुरूवात गर्ने । जस्तैः आज कति गर्मी छ, कता बजारबाट कि घरबाट, घर परिवार सञ्चै हुनुहुन्छ ? जस्ता साना कुराले गर्दा सदस्यलाई नजिक ल्याउने र सेवामा सहजताको काम गर्दछ । कुराकानीको सुरूवातमा धेरै लामो वार्तालाप, उसको तयारी र समयलाई अनुकूल नहुन सक्छ । स-सानो कुराले सदस्यको मानिसकता बुझ्नमा र सोही अनुरूप काम गर्न मद्दत गर्दछ । यस्ता साना वार्तालापले उसको मानसिकता बुझिन्छ र सोही अनुरूपको व्यवहार उसलाई हामी गर्छौं, जसका कारण सेवा प्रदान गर्ने हामीलाई आत्मबल मिल्दछ । जसले गर्दा उत्कृष्ट सेवाका लागि योगदान गर्छ ।

कुनै पनि सदस्यलाई संथाले असाध्यै महत्व दिएको छ भन्ने अनुभूति भयो भने ऊ मात्र छैन ऊ लगायतका धेरै व्यक्तिलाई संस्थाप्रति सकारात्मक बनाउन ठूलो भूमिका खेल्दछ । खासमा आफूलाई समस्यासँग व्यक्तिगत परिचय स्थापित गर्न खोज्नु नै उनीहरूको मन जित्ने प्रमुख उपाय हो । नमस्कार... निकै लामो समयपछि भेट भयो, म संस्थाबाट बोलिरहेको छु, तपाईंलाई जन्म दिनको शुभकामना, व्यवसाय सुरू गर्नुभएको रहेछ, व्यावसायिक सफलताको शुभकामना, केही परेमा मलाई सम्झिनुहोला, यसरी कुरा गर्दा हामीले जो व्यक्तिसँग जसरी कुरा गर्दा हामीले जो व्यक्तिसँग कुरा गरिरहेका छौँ, त्यो व्यक्ति संसारकै सबैभन्दा महत्वपूर्ण व्यक्ति हो भनी सम्झनुपर्दछ ।

### वास्ता र हेरचाह

सहकारी मूल्य मान्यता अवगत गर्ने यसप्रकारको बानीले समस्यासँग सुमधुर सम्बन्ध गाँस्न महत्वपूर्ण भूमिका खेल्दछ । हामीले सेवा प्रदान गर्ने क्रममा सदस्यलाई वास्ता र हेरचाह गरिरहेका छौं भन्ने कुरामा उनीहरूलाई विश्वस्त गराउन सक्नु पर्दछ । सदस्यको समस्या तुरून्त समाधान गरेर गुनासोको उपयुक्त ढङ्गले सम्बोधन गर्ने, छिटो छरितो एवं आत्मीय रूपमा सेवा प्रदान गर्ने, आफूले गरेको प्रतिवद्धता अधुरो र अपूरो नराख्ने, आफू पूर्ण रूपमा सेवाप्रति इमान्दार रहेको अनुभूति सदस्यलाई गराउने राम्रो र स्पष्ट सञ्चार गर्ने, कुरा गर्दा प्रायः सदस्यको आँखामा हेरेर कुरा गर्ने, सुन्ने, पत्रपत्रिका, इन्टरनेटको प्रयोग गरी रहेर समस्यालाई बेवास्ता गरेको भान नपार्ने, समस्यालाई जहिले पनि उच्च महत्व र प्राथमिकतामा राख्ने ।

### स्मरणयोग्य क्रियाकलाप

समाजमा धेरै मानिससँग व्यवहार गर्छौं तर सबै मानिसलाई हामी सम्झिँदैनौं, त्यो मानिसलाई मात्र सम्झिन्छौँ जो उत्कृष्ट छ, अर्थात् उत्कृष्ट मानिसमात्रै सम्झन योग्य हुन्छ । तसर्थ सेवा प्रदान गर्ने क्रममा हामी पनि उत्कृष्ट सेवा प्रदान गरी जीवनभर अविस्मरणीय रहिरहने अथवा सम्झन योग्य हुनु पर्दछ । यसका साथै हाम्रा क्रियाकलाप र प्रवृत्ति उत्कृष्ट हुनु जरूरी छ । सदस्यले सोचेभन्दा छिटो काम सम्पन्न गरेर, वार्तालापको माध्यमबाट गहिरो सम्बन्ध राखेर र उसलाई मनपर्ने कुराको चासो व्यक्त गरेर ऊसँग असाध्यै नजिक हुने प्रयत्न गर्नुपर्दछ ।

### फरक अनुभूति

स्वाभाविक रूपमा हामीले गरेका कार्य जस्तै गर्ने अन्य निकायहरू पनि छन् । उनीहरूभन्दा हामी फरक छौं भन्ने कुरा गरेर मात्रै हुँदैन, व्यवहारमा पनि देखिनु पर्छ । तसर्थ अरूले गरेको भन्दा केही फरकपन हामीले गर्नुपर्छ । त्यसैले हामीले दिने सेवा अन्य निकायबाट दिइने सेवाभन्दा फरक हुनुपर्छ । फरकको अर्थ अविस्मरणीय ढङ्गले दिनुपर्छ । अङ्ग्रेजीमा एउटा भनाइ छ, " (Be a little, Make a Difference, Be a little MAD) "

### समस्याको जानकारी

सेवा प्रदान गर्ने सिलसिलामा जति धेरै समस्याको बारेमा जानकारी राख्न सक्यौं, त्यति नै धेरै मात्रामा सेवा गुणस्तरीयताको सम्भावना रहन्छ । समस्याको जानकारीको आधारमा वस्तु तथा सेवाको दरिलो विकल्प दिन सकिन्छ ।

### सुन्ने र प्रशंसा गर्ने

प्रकृतिले नै मानिसलाई सुन्ने र बोल्ने बारेमा भौतिक साधनको व्यवस्था गरेको छ । दुईवटा कान र एउटा मुख । यसको अर्थ हामी जति सुन्छौं ठिक त्यसको आधा बोल्नुपर्छ, तब मात्र सन्तुलन कायम हुन जान्छ । यसको अर्थ हुन्छ धेरै सुन्ने र थोरै बोल्ने । सदस्य सेवामा रहँदा जसको कुरा हामी सुनिरहेका हुन्छौं, उसलाई सहज हुने गरी हाम्रो प्रस्तुति हुनु जरूरी छ ।

यसै गरी मानिसको लागि अर्को महत्वपूर्ण पक्ष भनेको प्रशंसा हो । स्वाभाविक रूपमा मानिसले अरूको प्रशंसा गरेको त्यति रूचाउँदैन । आफ्नै प्रशंसा गरेको रूचाउँछ अथवा आफ्नो प्रशंसा चाहन्छ । यसरी अरूको प्रशंसा गर्दा पनि कौशलतापूर्ण तरिकाले गर्न नजानेमा त्यो कहिलेकाहीँ चाप्लुसीमा परिवर्तन हुन जान्छ । समग्र व्यक्तिको प्रशंसाभन्दा

पनि व्यक्तिभित्रको सिप, कला र दक्षताको प्रशंसा गर्ने कौशलता राखेमा वास्तविक प्रशंसा हुन जान्छ । भौतिक रूपमा मानिस जति सुविधा सम्पन्न भए पनि अन्तिममा उसले प्रशंसा नै खोजेको हुन्छ । जसका कारण काम गर्ने उत्प्रेरणा र जीवन सञ्चालनमा आनन्द आउँछ । प्रशंसाको प्रस्तुति ढङ्गपूर्ण एवं सौन्दर्यपूर्ण तरिकाबाट हुनुपर्दछ । असान्दर्भिक एवं अस्वाभाविक तरिकाले कसैको प्रशंसा गर्नुभन्दा, प्रशंसा नगरेकै धेरै राम्रो हुन्छ ।

### आलोचना र पृष्ठपोषण

मानिस यस जगतमा रहेका प्राणीमध्ये धेरै गुण भएको प्राणी हो यद्यपि हुनुपर्ने सबै गुण ऊसँग पनि हुँदैन । हरेक व्यक्तिमा केही न केही कमी-कमजोरी तथा अभाव त रहेकै हुन्छ । तर जीवनशैलीसँगै कहिलेकाहीँ मानिसको खराब प्रकृति र कार्यको बारेमा केही न केही बोल्नु पर्ने हुन्छ । एउटा भनाइ, "यदि हामीमा कुनै कमी कमजोरी नभईदिएको भए अरूको गल्ती पत्ता लगाउँदा आनन्द लाग्ने थिएन ।" हामीले अरूको कमी कमजोरीलाई धेरै मानिसको बिचमा प्रस्तुत गर्दा आनन्दको महसुस गर्छौं । ठूलै उपलब्धी हासिल गरेजस्तो अनुभव गर्छौं । यस्तै प्रकृतिमा हामी र हाम्रो समाज अभ्यस्त हुँदै आएको छ । यस प्रकारको अभ्यास व्यावहारिक सिद्धान्तको प्रतिकूल हो । कुनै व्यक्तिले केही गलत काम गऱ्यो भने त्यही गलत कामको मात्र आलोचना गर्नुपर्छ, व्यक्तिको होइन, गलत कामको आलोचना गरिरहँदा सम्बन्धित व्यक्तिले त्यस कामप्रतिको आफ्नो धारणा राख्ने मौका पाउनुपर्छ, कामको बारेमा सोझो आदेश निर्देशभन्दा पनि सहकार्य र समझदारीको स्तर बढाउनु पर्छ, कुनै कामको बारेको टिप्पणी एक पटक मात्र गर्ने, बारम्बार नदोहोऱ्याउने, कुनै काम प्रतिको आलोचना पश्चात् व्यक्तिसँगको सम्बन्धको आत्मीयता पूर्ववत् अवस्थामा राख्ने, आलोचना गर्दा एकान्त ठाउँ, शब्दको चयन, वरिपरीको वातावरण र उसको सहन क्षमताको आधारमा गरिनु पर्छ । अत्यन्त सुमधुर वातावरणमा कामको आलोचना गरिनु पर्छ । त्यसैले अङ्ग्रेजीमा एउटा भनाइ छ : Kiss them ahead of kick them.

सदस्य सेवाको पृष्ठभूमिलाई हेर्दा सन् १९८० को दशकमा ग्राहक सेवामुखी थियो । तर विकसित घटनाक्रम र परिवर्तन सन्दर्भका कारण सन् १९९० पछि सदस्य सेवा अगाडि आयो । आजको संसार उत्कृष्टताको समय हो । समग्रमा गरी वस्तु तथा सेवा उत्कृष्ट हुनुपर्दछ, सेवा प्रदान स्थल उत्कृष्ट हुनुपर्दछ, हाम्रो उत्पादन र प्रस्तुति उत्कृष्ट हुनुपर्दछ । हाम्रो सोच, विचार र चिन्तन उत्कृष्ट हुनुपर्दछ अनि हाम्रा अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण पनि उत्कृष्ट हुनु पर्दछ । तसर्थ जहाँ पनि आजको आवश्यकता र समयको माग पनि उत्कृष्टता नै हो । हामी बचत तथा ऋण सहकारी जस्तो समुदायमा आधारित अति संवेदनशील संस्थामा बसेर काम गरिरहँदा हामीले सदस्यलाई गर्ने व्यवहार र सदस्यसँगको सम्बन्धमा उत्कृष्टता कायम गर्न सकेमा मात्र अलग पहिचान स्थापित गर्न सक्छौं । जुन संस्था र संस्था सञ्चालनका सबै मानवीय स्तरमा आवश्यक हुन्छ ।

❑ ❑ ❑

# झापामा सहकारी सञ्चालनमा तहगत कानूनी व्यवस्था सम्बन्धी गोष्ठी

जिल्ला बचत संघ झापा र नेफ्स्कूनको संयुक्त आयोजनामा धुलाबारी झापामा एक दिवसीय सहकारी सञ्चालनमा तहगत (संघीय, प्रदेश र स्थानीय) कानूनी व्यवस्था सम्बन्धी गोष्ठी फागुन ११ गते सम्पन्न भएको छ । गोष्ठीको उद्घाटन संघीय मामिला तथा कानून मन्त्री माननीय भानुभक्त ढकालले गर्नुभएको थियो । गोष्ठीमा राष्ट्रिय सहकारी महासंघका अध्यक्ष केशव बडाल, माननीय सांसद घनश्याम खतिवडा, नेफ्स्कूनका अध्यक्ष डी.बी. बस्नेत, सहकारी मन्त्रालयका सचिव गोपीनाथ मैनाली लगायत नेफ्स्कूनका सञ्चालक सदस्यहरूको उपस्थिति रहेको थियो ।




गोष्ठीमा सहकारी सचिव गोपीनाथ मैनालीले सहकारी प्रवर्द्धन तथा नियमनमा तहगत सरकारको भूमिका विषयक कार्यपत्र प्रस्तुति गर्नुभएको थियो । सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मानदण्डको निर्माण, कार्यान्वयन र नियमन व्यवस्था सम्बन्धमा सचिव मैनालीले प्रस्तुत गर्नुभएको कार्यपत्रमा स्थानीय तहको सहकारी नियमन क्षेत्राधिकार र स्थानीय तहमा सहकारी नियमन संरचनाको व्यवस्था, अवस्था र सुझाव प्रस्तुत गर्नुभएको थियो ।




# न्यूरोडका साकोसकर्मीहरुका लागि नेतृत्व तथा कार्यकुशलता विकास तालिम

नेफ्स्कून न्यूरोड फिल्ड कार्यलयको आयोजनामा न्यूरोड क्षेत्रमा क्रियाशील ३३ बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष एवं व्यवस्थापकहरूको दुई दिवसीय साकोस नेतृत्व तथा कार्यकुशलता विकास तालिम भक्तपुरको नगरकोटमा चैत्र २३ गते सम्पन्न भएको छ ।

तालिम उद्घाटन समारोहमा नेफ्स्कूनका बरिष्ठ उपाध्यक्ष एवं न्यूरोड फिल्ड कार्यलय व्यवस्थापन उप समिति संयोजक परितोष पौड्यालको अध्यक्षता र नेफ्स्कूनका अध्यक्ष डी.बी. बस्नेतको प्रमुख आतिथ्यता रहेको थियो ।

काठमाडौं महानगरपालिकाका सहकारी विभाग प्रमुख नमराज ढकाल, काठमाडौं जिल्ला बचत संघका उपाध्यक्ष नवराज अर्याल, नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत शिवजी सापकोटा, नेफ्स्कूनका विभागीय प्रमुखहरू क्रमश सञ्जय राज तिमिल्सेना, दुर्गा प्रसाद ढकाल, राधेश्याम श्रेष्ठ, तालिम संयोजन समितिका संयोजक हेम बहादुर कार्की लगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रमका प्रमुख अतिथि एवं नेफ्स्कूनका अध्यक्ष डी.बी. बस्नेतले साकोस अभियानलाई माथि उठाउन नियमनकारी निकायले अभियानकर्मीको रूपमा साकोसहरूलाई व्यवहार गर्नु पर्ने कुरामा जोड दिनु भयो ।

कामनपाका सहकारी विभाग प्रमुख नमराज ढकालले आफू पनि सहकारी अभियन्ता भएकोले महानगरपालिकाको तर्फबाट सबैसँग समन्वय गरी अभियानलाई व्यवस्थित बनाउन लागि पर्ने बताउनु भयो ।

कार्यक्रमको दौरानमा हाँस्य कलाकार सिताराम कट्टेल धुमुर्स, सुबोध गौतम, मधुसुदन पाठक सहित लोक गायक सरोज लामिछानेको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा सहभागी संस्थाहरूबाट धुमुर्स सुन्तली फाउन्डेसनद्वारा निमार्णाधिन गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माणको लागि सहयोग स्वरूप रू. ३,८४,३३३/- रुपैयाँ सहयोगको प्रतिवद्धता व्यक्त भएको थियो ।

तालिम कार्यक्रमको सहजिकरण नेफ्स्कूनका बरिष्ठ उपाध्यक्ष परितोष पौड्याल, संघका प्रमुख कार्यकारी अधिकृत शिवजी सापकोटा, महानगपालिकाका सहकारी विभाग प्रमुख नमराज ढकालका साथै नेफ्स्कूनका सदस्य सेवा विभाग प्रमुख दुर्गा प्रसाद ढकाल र उत्प्रेरणात्मक सहजिकरण सुधन ज्ञवालीले गर्नु भएको थियो भने कार्यक्रम सञ्चालन न्यूरोड फिल्ड ईन्चार्ज प्रकाश अधिकारीले गर्नु भएको थियो ।





# सहकारी संस्थामा श्रम ऐन २०७४ को कार्यान्वयनको अवस्था



**दिपक बस्नेत,** प्रमुख कार्यकारी अधिकृत, हाम्रो जनकल्याण साकोस, दोलखा

कुनै व्यक्तिले आफूसँग भएको सिप तथा योग्यता कुनै व्यक्ति निकायको हित वा लाभका लागि प्रस्तुत गर्नुलाई श्रम वा काम भन्न सकिन्छ । श्रम गरेवापतको पुरस्कारलाई ज्याला वा पारिश्रमिक भन्न सकिन्छ । उचित व्यक्ति, उचित स्थान र उचित समय भन्ने प्रभावकारी व्यवस्थापनको सिद्धान्त हो । वर्तमान व्यवस्थापनको मुख्य चुनौती नै त्यही सिद्धान्तको कार्यान्वयन बनेको वर्तमान परिप्रेक्ष्यमा फस्टाउँदो सहकारी व्यवसायमा पनि मानव संशाधन व्यवस्थापन पेचिलो बन्दै गएको छ । बैंक तथा वित्तीय कारोवार अन्तरगत पर्ने सहकारी त्यसमा पनि बचत तथा ऋण कारोवार गर्ने सहकारीका लागि प्रचलित श्रमसँग सम्बन्धित ऐन, नियमको कार्यान्वयन र चुनौती महत्वपूर्ण विषय हो ।

विगतमा सहकारीमा सञ्चालक समितिले नजिकबाट चिनेको, सञ्चालक समितिका केही व्यक्तिको निर्देशन वा उनीहरूको स्वार्थ पुरा हुने काम गर्न तयार भएका व्यक्तिहरू व्यवस्थापन प्रमुख वा कर्मचारीका रूपमा कार्यरत रहन्थे । योग्यता र कार्य दक्षतालाई भन्दा पनि सीमित घेराभित्र काम गर्न सक्ने व्यक्तिहरू सहकारीका कर्मचारी हुने हुँदा न कार्यरत कर्मचारीको जागिरको स्थायित्व हुन सक्थ्यो न सहकारी संस्थाले नै फडको मार्न सक्थ्यो । त्यतिमात्र होइन रकम संकलन गर्ने संकलकका रूपमा मात्र सहकारीका कर्मचारीलाई बुझ्ने प्रवृत्ति पनि समाजमा थियो । सहकारी ऐन २०४८ ले सहकारीमा व्यवस्थापक हुने व्यवस्था गरेको थियो । तर योग्यता, अनुभव तथा क्षेत्रका बारेमा कुनै उल्लेख नभएकाले कतिपय संस्थामा सञ्चालक मध्यै बाटै कार्यकारी व्यवस्थपक भई कार्य गर्ने गरेको पाइन्थ्यो भने त्यही कुरालाई सहकारी ऐन २०७४ मा वार्षिक दुई करोडसम्मको पूँजी भएको संस्थामा सञ्चालक नै कार्यकारी हुन पाउने व्यवस्था राखिएको छ । ठूला सहकारीहरू जुन एक अर्बभन्दा बढीको वासलात छ तर त्यसका व्यवस्थापन प्रमुख तथा कर्मचारीहरू सीमित दायराबाट नियुक्ति गरेको पाइन्छ । एउटा बैंकको शाखा जहाँ १० करोडको वासलात छ शाखा प्रबन्धक भनेर नियुक्ति गरिन्छ । आधारुभत सुविधा सहितको सम्मान दिइन्छ । तर सहकारीमा १० करोड वासलात छ तर दस जोड दुई पास गरेको वा स्नातक गर्दै गरेको व्यक्ति व्यवस्थापक हुन्छ सञ्चालकको विवेकले १५ देखि २० हजारको तलब निर्धारण गरेर उसको भविष्यलाई नै धब्बा दिने प्रयास गरिन्छ । कति योग्य होलान तर अधिकांस सञ्चलाक निकटतम हुने भएकाले दैनिक गुजरा चलेको छ तर उसले जागिरबाट ठूलो प्रगतिको अपेक्षा कमै गरेको हुन्छ । अहिले नेपालमा प्रमुख कार्यकारी अधिकृतलाई एक लाखको हाराहारिमा तलब भुक्तानी गर्ने सहकारीहरू पनि छन् । तर त्यसको संस्थागत विकास र स्थायित्वका बारेमा भने प्रश्न उब्जिन सक्छ । उचित काम उचित दाम, आठ घण्टा काम, आठ घण्टा आराम र आठ घण्टा मनोरञ्जन अन्तर्राष्ट्रिय श्रम संगठनको निर्देशित व्यवस्था छ ।

सन्दर्भ श्रम ऐन २०७४ को कार्यान्वयनको हो । श्रम ऐन २०७४ ले प्रतिष्ठान भन्नाले मुनाफा आर्जन गर्ने वा नगर्ने गरी उद्योग, व्यवसाय, वा सेवा गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापना, संस्थापन, दर्ता वा गठन भएको वा सञ्चालनमा रहेको कुनै कम्पनी, प्राइभेट फर्म, साझेदारी फर्म, सहकारी संस्था वा संघ वा अन्य संस्था सम्झनुपर्दछ भनी स्पष्ट तोकिदिएका कारण पनि श्रम ऐन २०७४ सहकारीका कर्मचारीका लागि ऐतिहासिक व्यवस्थाका रूपमा लिन सकिन्छ । त्यसैगरी सोही ऐनमा रोजगार अवधि भन्नाले श्रमिकले रोजगारदातासँग रोजगरी गरेको अवधि सम्झनु पर्छ र सो शब्दले देहायको अवधिलाई समेत जनाउँछः जगेडामा रहेको अवधि, पारिश्रमिक सहित विदामा रहेको अवधि, प्रसुति वा प्रसुति स्याहारका लागि बेतलबी विदामा बसेको अवधि, रोजगारदाताको काम गर्दागर्दै वा सोही क्रममा भएको दुर्घटनाको कारण उपचारको क्रममा विदामा बसेको अवधि । त्यसैगरी व्यवस्थापक भन्नाले प्रतिष्ठानको कार्यकारी प्रमुखलाई सम्झनु पर्छ र सो शब्दले अन्तिम जिम्मेवारी बहन गर्ने वा अधिकार प्रयोग गर्ने गरी नियुक्त कुनै शाखा वा इकाईको प्रमुखलाई समेत जनाउँछ भनिएको छ । अहिलेसम्म सहकारीमा न रोजगार अवधिको सही

अभिलेखिकरण हुने व्यवस्था गरिएको छ न अधिकार प्रत्यायोजित प्रमुख कार्यकारी अधिकृतको नियुक्ति नै गरिएको छ । त्यसैगरी श्रम ऐनको दफा १० ले रोजगारीको प्रकार अन्तर्गत नियमित, कार्यगत, समयगत, आकस्मिक र आंशिक भनी वर्गीकरण गरेको छ । अधिकांश सहकारीमा करार वा अस्थायी प्रकृतिका कर्मचारी कार्यरत छन् भने कतिपयमा स्थायी र अस्थायी भनी वर्गीकरण गरेको पाइन्छ । अब क्रमशः प्रचलित मानव संशाधन नीतिलाई परिमार्जन गरी श्रम ऐन अनुसारको रोजगारीको व्यवस्था गर्नु उपयुक्त देखिन्छ । सहकारीमा अझै पनि नियुक्तिपत्र नभई काम गर्ने कर्मचारी पनि छन् । त्यसकारण सबै सहकारीले यथाशिघ्र नियुक्तिपत्रको व्यवस्था गर्नुपर्दछ । श्रम ऐनले प्रशिक्षार्थीलाई काममा लगाउन सक्ने व्यवस्था गरिदिएको छ । तर दैनिक आठ घण्टा र हप्तामा ४८ घण्टा काममा लगाएमा त्यसमा श्रमिक सम्बन्धी व्यवस्था लागु हुने भनिएको छ । त्यसमा पनि सहकारीहरूले व्यवहारिकतालाई हेरी प्रशिक्षार्थी वा श्रमिकको रूपमा काम लगाउनु आवश्यक देखिन्छ । श्रम ऐनको दफा २८ मा भएको व्यवस्था भन्दा बढी समय काममा लगाउनु पर्ने भएमा अतिरिक्त पारिश्रमिक दिनुपर्ने व्यवस्था छ । सो अनुसार रोजगारदाताले बढी समय काममा लगाउँदा नियमित रूपमा काम गर्दा पाउने आधारभुत पारिश्रमिकको डेढी पारिश्रमिक दिनुपर्ने व्यवस्था छ । यो व्यवस्थाको कार्यान्वयनका लागि रोजगारदाता संस्था सहकारी र कर्मचारी व्यवस्थापन बीच आपसी छलफल गरी अतिरिक्त कार्यसम्पादनलाई न्यूनिकरण गरी अत्यावश्यक अवस्थामा मात्र श्रम ऐनमा भएको व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने हुन्छ । त्यसैगरी ऐनको दफा ३६ मा वार्षिक तलब वृद्धि (ग्रेड) पाउने व्यवस्था छ जसमा एक वर्षको सेवा अवधि पुरा गरेको श्रमिकले मासिक रूपमा पाउने आधारभूत पारिश्रमिकको कम्तीमा आधा दिनको पारिश्रमिक वरावरको रकम प्रत्येक वर्ष वार्षिक तलब वृद्धि (ग्रेड) पाउनेछ भनिएको छ । सहकारीहरूमा ग्रेडलाई पुरस्कारका रूपमा विकास गरिएको छ । कार्यसम्पादन मुल्यांकनका आधारमा निश्चित अंक प्राप्त गर्ने व्यक्तिलाई मात्र ग्रेड दिने व्यवस्था छ भने यो ऐन अनुसार एक वर्ष पुरा गरेका सबै कर्मचारीलाई कम्तिमा आधा दिन वरावरको ग्रेडको सुनिश्चितता गर्नुपर्ने हुन्छ ।

श्रम ऐन २०७४ मा भएको विदाको उपभोगका लागि पनि सहकारी-सहकारीमा एकरूपता कायम गर्नुपर्ने देखिन्छ । छाता संगठनहरूको सहयोगमा विदा बीचको एकरूपता आवश्यक देखिन्छ । साप्ताहिक एक दिन, सार्वजनिक विदा १३ दिन, पारिश्रमिक सहितको १२ दिनको विरामी विदा, ६० दिनेको पारिश्रमिक सहितको सुत्केरी विदा र ३८ दिनको बेतलबी सुत्केरी विदा गरी जम्मा १४ हप्ताको सुत्केरी विदाको सुविधा श्रम ऐनमा उल्लेख भएकाले सो अनुसारको विदा व्यवस्थापन गर्नु आवश्यक छ । विदा सञ्चिति सम्बन्धमा ऐनको दफा ४९ मा श्रमिकले ९० दिनसम्म घर विदा सञ्चित गर्न सक्ने र विरामी विदा ४५ दिनसम्म सञ्चित गर्न सक्ने व्यवस्था गरेकाले सहकारीको नीति तथा कार्यविधिमा यो भन्दा फरक सञ्चित विदाको प्रावधान भएकाले यो ऐन अुनसारको विदा सञ्चित र बाँकी विदाको भुक्तानीको व्यवस्था गर्नु उत्तम देखिन्छ । त्यसैगरी विशेष विदा बाहेक अन्य विदा अधिकार होइन सहुलियत मात्र हो त्यसैले अधिकारका रूपमा दाबी गर्न पाइने छैन भन्ने कुरा पनि सहकारीका कर्मचारीलाई बुझाउनुपर्ने हुन्छ । श्रम ऐनमा व्यवस्था भएबमोजिम सहकारीमा कार्यरत कर्मचारीले आधार भुत पारिश्रमिकको आठ दसमलब ३३ प्रतिशत वरावरको रकम प्रत्येक महिना उपदान वापत सामाजिक सुरक्षा कोषमा जम्मा गर्नुपर्ने व्यवस्थालाई कडाईका साथ कार्यान्वयनमा ल्याउनु पर्दछ । यसअघि नै भएको उपदान कोषलाई समेत सामाजिक सुरक्षा कोषमा परिणत गरी त्यसको प्रभावकारी कार्यान्वयन आवश्यक छ । रोजगारदाताले प्रत्येक श्रमिकको कम्तिमा वार्षिक एक लाख रूपैयाँ वरावरको औषधी उपचार बीमा र कम्तिमा सात लाख रूपैयाँ वरावरको दुर्घटना बीमा गराउनुपर्ने श्रम ऐनमा व्यवस्था भएको र केही सहकारीले कर्मचारीको बीमा गराएको भएपनि यो ऐनमा भए अनुसारको बीमा गराउनु पर्ने देखिन्छ । त्यसैगरी श्रम ऐनको दफा ७४ मा बीस वा सो भन्दा बढी श्रमिक काम गर्ने प्रतिष्ठानमा रोजगारदाताले श्रमिकको समेत प्रतिनिधित्व हुने गरी सुरक्षा तथा स्वास्थ्य समिति गठन गर्नुपर्ने व्यवस्था गरेकाले सहकारीहरूमा पनि यसको गठन तथा कार्यान्वयन आवश्यक छ । कुनै महिला श्रमिक गर्भवती भएमा निजले स्वास्थ्य परीक्षण गराएको निस्सा पेश गरेपछि सामान्यतया निजको स्वास्थ्यमा प्रतिकुल असर नपर्ने गरी काममा लगाउनुपर्ने व्यवस्था छ । हकारीमा नगद संकलकका रूपमा धेरै महिला कर्मचारी कार्यरत भएकाले यो व्यवस्थाको कार्यान्वयन आवश्यक छ ।

खास गरी प्रतिष्ठानमा कार्यरत कर्मचारीको श्रम अधिकारलाई सुरक्षित गर्नका लागि जारी भएको श्रम ऐन २०७४ मा भएका व्यवस्थाहरूको कार्यान्वयनका लागि सहकारीका सञ्चालक, कर्मचारी व्यवस्थापन र सहकारीका छाता संगठनहरूले श्रम ऐन २०७४ को कार्यान्वयनका लागि व्यापक छलफल, बहस र नीति कार्यविधिको विकास र प्रयोग आवश्यक हुन्छ । विगतमा जुन प्रयोग भएको छ त्यसले सहकारीमा कार्यरत कर्मचारीहरूमा अस्थिरता र सहकारी संस्थाको मनोमानी देखिएकाले पनि त्यसको निराकरण र अन्तर्राष्ट्रिय बजारमा सहकारीका कर्मचारीको छबी उच्च बनाउनका लागि श्रम ऐनमा भएका व्यवस्थालाई आधार बनाई थप कर्मचारी मैत्री ऐनका लागि सबैको लबिङ आवश्यक छ ।

❑ ❑ ❑

# उत्कृष्ट व्यवस्थापकका आधारहरु (KAASH)



**बिनोद पराजुली,** व्यवस्थापक, कोलिय देबदह साकोस, देबदह, रूपन्देही

कुनै पनि व्यक्ति वा संस्था रातारात सफल र उत्कृष्ट बन्दैनन् । उत्कृष्ट हुनका लागि व्यक्तिमा लगनशीलता, परिश्रम, अनुशासन र संस्थामा नीति, विधि र प्रविधि अनिवार्य आवश्यकताका विषय हुन् । मानिसले आकर्षक र अनुकरणीय व्यक्तित्व निर्माण गर्ने सपना देखेका हुन्छन्, तर सपना देखेर मात्र हुँदैन । काममा गतिशीलता, बोलीमा माधुर्यता र निरन्तर सक्रियता हुनुपर्छ । एउटा वित्तीय संस्था कस्तो बनाउने, कुन गतिमा अगाडि बढाउने भन्ने कुरा कर्मचारी व्यवस्थापनमा निर्भर हुन्छ । सञ्चालकको काम नीति नियम बनाउनु हो भने व्यवस्थापनको काम नीति नियम अनुसार कार्ययोजना बनाई सञ्चालक मातहत रही सम्पूर्ण कर्मचारीहरूलाई साथमा लिई उत्कृष्ट कार्यसम्पादन गरी सदस्य मैत्री सेवा प्रदान गर्नु हो ।

सदस्य सेवाको प्रभावकारिता, कर्मचारी परिचालन र उत्पादकत्व, सञ्चालकसँगको सुमधुर सम्बन्ध सँगै नीति नियम निर्माणमा सहजीकरण, संस्थाको वार्षिक, त्रिवर्षिय योजना निर्माण, बजेट निर्माण र कार्यान्वयन सम्पूर्ण कार्यभार व्यवस्थापकमा निर्भर रहनेहुँदा संस्था सफलता र असफलताको कडि पनि व्यवस्थापक हुन्छ ।

तर्सथ सफल वित्तीय संस्थाका लागि सक्षम कर्मचारी र उत्कृष्ट व्यवस्थापक हुनुपर्छ । उत्कृष्ट व्यवस्थापकमा हुनु पर्ने केही अनिवार्य गुणहरूको बारेमा यहाँ परिचर्चा गर्दैछु ।

### १. Knowledge (ज्ञान)

(Knowledge is light and might too) ज्ञान प्रकाश हो जसरी अन्धकार हटाउन प्रकाश आवश्यक हुन्छ । त्यसरी नै अज्ञानता र असफलताका मार्गहरू बन्द गर्दै सफलताका शिखर आरोहण गर्न ज्ञान आवश्यक हुन्छ । Readers are leaders पढ्ुवाहरू नै अगुवाहरू हुन्छन् । स्कुल कलेज र डिग्रीका सर्टिफिकेट बिना पनि ज्ञान हासिल गर्न सकिन्छ । कुनै पनि वित्तीय संस्थामा बचत, ऋण लगानी, बजारको माग, ब्याजदर आदि विषयवस्तुमा गहिरो चिन्तन, चासो, अध्ययन पनि ज्ञान हो । बेलायती विख्यात विद्धान हब्सले भन्नुभएको छ “यदि मलाई एउटा रूख काटने समय ६ घण्टा उपलब्ध गराइयो भने ४ घण्टा म योजना मात्र बनाउछु" ।

उत्कृष्ट योजना बनाउने र योजनालाई व्यवहारिक कार्यन्वयन गर्ने ज्ञान हुनुपर्छ । एक विद्धानको भनाई छ : तिमी हाँस तिमीसँग संसार हाँस्छ तर तिमी रोयौ भने तिमी एक्लै रूनुपर्छ अर्थात आफना गुण क्षमताले सबै पक्षलाई आफुतर्फ केन्द्रित गर्ने क्षमता र ज्ञान हरेक व्यवस्थापकमा हुनुपर्छ ।

ज्ञानले मानिसलाई सुख सभ्यता र ऐश्वर्य प्रदान गरी उन्नतिका ढोकाहरू खोल्दछ । इच्छा शक्ति सहितको शिक्षा शक्ति अर्थात ज्ञानले सिर्जनशीलता वृद्धि गर्दछ । सिर्जनशीलताले अवसरलाई पछ्याइरहेको हुन्छ । तसर्थ एक व्यक्ति मात्र नभई सस्थानको समग्र विकास र पहिचानको लागि ज्ञान अति महत्वपूर्ण छ । ज्ञान भएमा अलमलको स्थिति हुँदैन । निश्चितापूर्वक आफ्नो गन्तव्यमा पुऱ्याउन सहयोग गर्छ । विषय वस्तुको ज्ञान र विषय विज्ञले सस्थाका समस्यालाई Challenge लाई अवसरको रूपमा लिई Change ल्याउन सक्छ ।

### २. Attitude (दृष्टिकोण)

Your Attitude determines your altitude तिमी कतिसम्म उठ्न सक्छौ भन्ने कुरा तिम्रो प्रकृति र प्रवृत्तिमा निर्भर हुन्छ । अन्तरीक्षयात्री डा. बनार्ट हेरिस “संसार परिवर्तन गर्नुमा त्यति महान्ता छैन, जति आफूले आफूलाई परिवर्तन गर्नुमा छ" । आज मानिस सुख र समृद्धिका लागि घर वास आफन्त भाषा, धर्म, सबै परिवर्तन गर्छन् । तर पनि उ सुखी र खुसी हुन सक्दैन र सौहार्द जीवन जीउन सक्दैन कारण उसले दृष्टिकोण बदल्न सक्दैन । लक्ष्य र कार्यक्षेत्र जेसुकै होस् तर सफलताको मुख्य आधार दृष्टिकोण नै हो ।

भनिन्छ सुन्दर संसार हेर्न सुन्दर आँखा चाहिन्छ सुन्दर आँखा सकारात्मक विचारबाट र सकारात्मक विचार व्यक्तिको दृष्टिकोणबाट बन्छ । यदि दृष्टिकोण सकारात्मक भयो भने मानिसको जीवन समृद्धि र सफलता तर्फ उन्मुख हुन्छ । अवसर खोज्न बाहिरी दुनियाँमा जानु पर्दैन । अवसर हाम्रै पैतलामुनि दबिएर बसेका हुन्छन् । केवल त्यसलाई बुझ्ने दृष्टिकोण हामीसँग हुनुपर्छ । आज हामी आफ्नो सानो भएकोमा भन्दा अरूको घर

ठूलो भएकोमा बढी चिन्तित छौं । यो स्वभाव र दृष्टिकोणले हामीलाई असफलताको मार्गमा डोऱ्याएको छ । दृष्टिकोणलाई वातावरण (Environment) अनुभव (Experience) र शिक्षा (Education) ले प्रभाव पार्छ । एक सफल व्यक्तिले हरेक समस्यामा अवसर देख्छ भने असफल व्यक्तिले हरेक अवसरमा समस्या देख्छ । अर्थात् जित्नेहरू सम्भावनालाई हेर्छन् भने हार्नेहरू समस्यालाई । जित्नेहरूको आँखामा सफलताको सपना हुन्छ भने हार्नेहरूले झुटो कसम खान्छन् । तसर्थ हामी सुखीराम बन्ने या दुःखीराम बन्ने सफल बन्ने या असफल आशावादी जीवन जिउने या निराशावादी यो हाम्रो दृष्टिकोणमा निर्भर हुन्छ । सकारात्मक प्रतिफलका लागि सकारात्म व्यवहार सकारात्मक कर्म सिद्धान्त र समर्पण भाव हुनुपर्छ । त्यसका लागि नयनमा सकारात्मक दृष्टिकोणको बिजारोपण गर्नुपर्छ ।

### ३. Action Oriented काममा प्रतिवद्ध

एउटा भनाई छ काम गर्दा कहिल्यै थाके नभन किनकी आफ्नै मुटुलाई हेरौ त यसले पनि थाके भनेर केही सेकेण्ड बिश्राम लियो भने हाम्रो हालत के हुन्छ ? तर्सथ आफुभित्रको आत्मविश्वास कहिल्यै टुट्न नदिउँ । असम्भव केही छैन संसारमा सक्छु, गर्छु भन्ने विश्वास जीवित हुनुपर्छ । काममा प्रतिवद्धहरूले नै संसारमा प्रभुत्व जमाएका छन् चाहे अनिल शाह, चाहे बिनोद चौधरी, मुकेश हम्बानी । काम विनाको माम, मान, सम्मानको कुनै अर्थ रहदैन । तसर्थ एक उत्कृष्ट वित्तीय संस्थाका लागि व्यवस्थापक पनि कामप्रति प्रतिवद्ध हुनुपर्छ । जब काममा गति हुन्छ तब व्यक्तित्व र नेतृत्व विकास पनि हुन्छ, सस्थाले पनि प्रगतीको उचाई छुन्छ । खराबबाट असल, असन्तुलनबाट सन्तुलन, प्रवाहहिनबाट प्रभावशाली, जटिलताबाट सरल, अनिश्चयबाट निश्चयपुर्ण, भ्रमबाट विवेकपूर्ण नेतृत्व विकासका लागि पनि व्यवस्थापन पक्ष क्रियाशिल, कर्मशिल बन्नुपर्छ ।

### ४. Skill (सीप)

हरेक मानिसले काम गर्नका लागि वा निर्दिष्ट उद्देश्य हासिल गर्नका लागि आफूमा विशिष्ट सिप हुन आवश्यक छ । भनिन्छ जित्नेहरू फरक काम गर्दैनन् त्यही कामलाई फरक तरिकाले गर्छन् । त्यही फरक तरिकाले काम सम्पन्न गर्नका लागि फरक स्वभाव सहितको फरक सिप चाहिन्छ । सिप आफैमा भएको सृजनशीलतालाई उजागर गर्नु हो वा सिर्जनालाई परिस्कृत गर्ने कार्य हो । धेरै मेहनत गरेर मात्र सफल भइने होइन । प्रष्ट उद्देश्य सहित उच्चतम सिप र सिर्जनशीलताद्वारा परिश्रमले मात्र सफलता हासिल हुन्छ । सिर्जनशीलता भनेको समस्या प्रतिको गम्भीर चासोबाट नै जन्मिन्छ । हामीले आफ्नो जिन्दगीको हतियारलाई उचित सिपबाट धारिलो बनाउनुपर्छ । यदि हतियार धारिलो भयो भने जस्तो सुकै युद्धलाई पनि जित्न सकिन्छ । भनिन्छ त्यहाँ पुग्छन् कवि जहाँ पुग्दैन रवि ' जहाँ पुग्दैनन् कवि त्यहाँ पुग्छन् अनुभवी' अर्थात आफ्नो हातमा विशिष्ट सिप क्षमता छ भने त्यो व्यक्ति संसारको हरेक क्षेत्रमा अघि बढ्छ । सिप विकासको माध्यमबाट हिजोको ढुङ्गे युगबाट आजको वैज्ञानिक युगमा आएको छ । सोँच विचार, वुद्धि विवेक, परिश्रम र सिपले नै महाकवि देवकोटा, सेक्सपियर र न्युटन बनाउँछन् । मण्डेला र बाराक ओबामा बनाउँछन् सुकरात र प्लेटो बनाउँछन् । आलस्य मानिसको बाधक हो तर सिपयुक्त संघर्ष नै सफलताको साधक हो । मागेर रोएर याचना गरेर पाएको उपलब्धिलाई सफलता मान्न सकिँदैन । तसर्थ संसारको जुनसुकै समस्यालाई यथार्थमा बदल्न सक्ने तागत भनेकै आफ्नो सिप क्षमता र योग्यता हो । यसलाई सधैं धारिलो बनाउनुपर्छ । त्यसैले आफूलाई परिस्कृत र परिमार्जित गर्दै विश्वव्यापी रूपमा भित्रिएका नयाँ प्रविधिका उपयोग सम्बन्धी व्यवहारिक सिप हुन आवश्यक छ ।

### ५. Habit (बानी)

बानीले पनि मानिसको हरेक क्रियाकलापलाई प्रभावित पार्छ । मानिसको व्यक्तित्व उसले लगाउने पोशाक, बोली वचन खानपान लगायतका कुरामा निर्भर गर्छ । जित्न, अघि बढ्न र पढ्न खोज्नु मानवीय स्वभाव हो । त्यसो भन्दैमा निष्ठासँग सम्झौता गरी गलत बाटो रोज्नु उचित होइन । गलत बाटोले ल्याएको स्याबासी र पुरस्कारले वास्तविक खुसी दिँदैन ।

जस्तो संगत त्यस्तै संस्कार
जस्तो संस्कार त्यस्तै व्यवहार
जस्तो व्यवहार त्यस्तै व्यापार
जस्तो व्यापार त्यस्तै प्रचार

आनीबानी जस्तो त्यस्तै जिन्दगानी तसर्थ विचार, आनीबानी, व्यवहार बदले जिन्दगी बदलिन्छ । विचार र सकारात्मक बानीले राम्रो भावना जगाउँछ । भावनाले कर्ममा पुऱ्याउँछ, कर्मले जिन्दगीको नक्सा बनाइदिन्छ । मानिसको मस्तिष्क बाँझो जमिन जस्तो हो । त्यो मस्तिष्कमा राम्रा आनीबानी विजारोपण गऱ्यौं भने सुन्दर हरियाली, रंगी विरंगी फूलहरू फुल्छन् र रमणीय बगैचा बन्छ भने सकारात्मक विचार, बानी खानपान र व्यवहार रोक्न सकेनौं भने त्यो बाँझो जमिनमा झारपात पलाउन पनि सकिन्छ जुन हेर्दैमा कुरूप हुन्छ । तसर्थ असल र उत्कृष्ट व्यवस्थापकमा असल अनुशासित अनुकरणीय बानी व्यहोरा हुनुपर्छ ।

### कर्मचारी/व्यवस्थापन पक्षका लागि केही उत्प्रेरक विचारहरू

१. दिनमा गरेको कामले राती आनन्दले सुत्न पाईयोस्, रातको कामले दिनमा कसैलाई मुख देखाउन लाज नहोस । वर्ष भरी यस्तो काम होस्, अरू सँग समस्याले हात फैल्याउन नपरोस, जीवनभर यस्तो काम होस्, रूदै जन्मिएर पनि रूवाउँदै मर्न पाइयोस् अर्थात् जन्म सामान्य होस तर मृत्यु ऐतिहासिक होस् ।

२. इतिहासमा उन्नतिको शिखरमा पुग्ने व्यक्तिहरू कुनै उच्च कुलमा, घरमा जन्मिएर भएका होइनन, उनीहरू उद्देश्यको उच्चताको कारणले भएका हुन तसर्थ तपाई उद्देश्य महान् होस् ।

३. काम गर्दा आइपर्ने समस्यालाई होइन, सम्भावनाहरूलाई हेर्नुहोस, हरेक समस्यामा अवसर हुन्छ,

त्यसलाई सामना गर्ने तागत र क्षमता हुनुपर्छ त्यो तत्परता सिर्जना गर्नुपर्छ । अवसरलाई पर्खने होइन सिर्जना गर्नुपर्छ । काम गर्दा बाहना होइन चाहना हुनुपर्छ ।

४. कसैले आफूलाई गाली गर्दा पनि आफू भित्र क्रोध होइन प्रेम उब्जाउन सक्ने असल मान्छेको पहिचान हो । जसले तिम्रो बाटोमा काँडा रोप्छ, उसको बाटोमा फूल ओच्छयाइदिनु भन्ने सन्त कविरको विचारलाई आत्मसाथ गरौं ।

५. हामी आफनो घर सानो भएकोमा त्यति चिन्तित छैनौ, जति अरूको घर ठूलो भएकोमा चिन्तित छौ । तसर्थ अरूको प्रगतीमा डाह नगरौ आफनो दुर्गतीको कारण खोजौ । अरूको उचाई घटाएर आफनो हाइट बढाउने प्रयत्न नगरौ । बिजेता कहिल्यै थाक्दैन, थाक्ने व्यक्ति बिजेता पनि बन्दैन तसर्थ फरकशैली, फरक सोच विकसित गरी उत्कृष्टता हासिल गरौ ।

६. हेरेर मात्र पाइला राखौ, सोचेर मात्र बोलौ, जानेर बुझेर मात्र व्यवहार गरौ, बितेको कुरामा शोक र आउने कुरामा चिन्ता नगरी वर्तमानमा चिन्तन गरी बाचौ यो नै सफलताको आधार हो ।

❑ ❑ ❑

# संस्थागत विकासमा साकोस जोखिम सुपरिवेक्षण कार्यक्रम उपलब्धीमूलक

नेफ्स्कूनद्वारा प्रवर्द्धित जोखिममा आधारित साकोस सुपरिवेक्षण कार्यक्रम (CURBS) मा आवद्ध भएपछि साकोसको संस्थागत विकास साथै जोखिम न्यूनिकरण भई समिति, उपसमिति र कर्मचारीहरूलाई समेत संस्था नीति, विधि र प्रविधिमा चल्नुपर्ने विषयको ज्ञान अभिवृद्धि भएको कार्यक्रमका सहभागी सहकारीकर्मीहरूले बताएका छन् ।




कोहलपुरस्थित मितेरी र संघर्ष दलित बचत तथा ऋण सहकारी संस्थाको संयुक्त आयोजना र नेफ्स्कूनको प्राविधिक सहयोगमा जोखिममा आधारित साकोस सुपरिवेक्षण कार्यक्रम अन्तर्गतको दोस्रो कार्यकुशलता तथा सिकाई व्यवस्थापन कार्यशालामा सहभागी सहकारीकर्मीहरूले उक्त विचार व्यक्त गरेका हुन् ।

मितेरी साकोसका कार्यवाहक अध्यक्ष डिल बहादुर रावतको सभापतित्वमा सम्पन्न कार्यक्रमलाई उद्घाटन गर्दै नेफ्स्कून फिल्ड कार्यालय बाँकेका फिल्ड कार्यालय व्यवस्थापन उपसमिति सदस्य मिना सिग्देलले साकोसको जोखिम न्यूनिकरण, गुणस्तर सुनिश्चितता, एकरूपता र दीगो विकासका निमित्त नेफ्स्कूनद्वारा सञ्चालित गुणस्तर सुनिश्चितता कार्यक्रमले प्रभावकारी भूमिका निर्वाह गरेको बताउनुभयो । संस्थाको वृद्धि विकासका निमित्त नीति, विधि र प्रविधिको अवलम्बनमा सञ्चालक, उपसमिती एवं कर्मचारीहरूले उच्चतम महत्व दिनुपर्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रमको सहजिकरण नेफ्स्कूनका कार्यक्रम अधिकृत सन्दिप राज ढकाल र फिल्ड कर्मचारी यम बहादुर डाँगीले गर्नुभएको थियो ।

कार्यक्रममा कर्वस् कार्यक्रममा आवद्ध ७ वटा साकोसका कर्वस् कार्यदलका संयोजक र व्यवस्थापक गरी ३७ जनाको सहभागिता रहेको थियो । सहभागी साकोस प्रतिनिधिहरूले साकोसको प्रगति प्रतिवेदन सहितको प्रस्तुतिकरण र छलफल समेत गर्नुभएको थियो । कार्यक्रममा उत्कृष्ट प्रस्तुतिकरण गर्ने नागरिक साकोसका व्यवस्थापक गोपाल बहादुर थापालाई पुरस्कृत समेत गरिएको थियो ।

कार्यशालामा सहभागी व्यवस्थापक एवं सहकारीकर्मीहरूले कर्वस् कार्यक्रमले साकोसका समिति उपसमितिहरूलाई थप उत्तरदायी एवं सक्रिय बनाउनुको साथै कर्मचारीको कार्यकुशलता वृद्धि गरी समग्र साकोसको जोखिम न्यूनिकरणमा उच्चतम महत्व दिएको बताएका थिए ।

कार्यशालामा साकोस एकरूपता, समन्वय, सहकार्य र गुणस्तर सुनिश्चितता, कार्यकुशलता अभिवृद्धि एवं व्यवस्थापन, नीति तथा कार्यविधि निर्माण, विधिगत रूपमा साकोस सञ्चालन, उच्चतम प्रविधि अवलम्बनमा जोड, पर्ल्स तालिम सञ्चालन गर्ने लगायतका विषयमा छलफल भएको थियो ।

# पाँचतारा साकोसको बृहत रक्तदान

पाँचतारा बचत तथा ऋण सहकारी संस्थाले ६२ औं राष्ट्रिय सहकारी दिवस तथा संस्थाको एघारौं वार्षिकोत्सवको अवसर पारेर चैत्र २० गते बृहत रक्तदान कार्यक्रमको आयोजना गरेको थियो । पाँचतारा साकोसको आयोजना तथा ब्लड डोनर्स एसोसिएसन नेपाल र काठमाण्डौ जिल्ला बचत तथा ऋण सहकारी संघ (कास्कूनको) संयोजनमा रक्तदान कार्यक्रम भएको हो ।




व्लड डोनर्स एशोसिएसन नेपाल (ब्लोदान) का केन्द्रीय अध्यक्ष सानु प्रजापतिको प्रमुख आतिथ्यतामा रक्तदान कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा बोल्दै अध्यक्ष प्रजापतिले रगतको विकल्पमा आजसम्म अन्य कुनै तत्व फेला नपरेको र रगतको प्रमुख श्रोत नै मानव भएकोले यसको पूर्तिका लागि मानिसले नै रक्तदान गर्नुपर्ने आवश्यकता बोध गराउँदै सबैजनालाई रक्तदान कार्यक्रममा सहभागी भई रक्तदान गर्न अपील गर्नुभएको थियो ।

ब्लोदान काठमाडौं पूर्वी भेगीय अध्यक्ष रवि रिमालले एक जनाले गरेको रक्तदानबाट ३ जनाको जीवन बचाउन सकिने हुँदा सबैलाई रक्तदानमा सहभागी हुन आव्हान गर्दै आफूले ५५ पटकभन्दा बढी रक्तदान गरिसकेको र रक्तदान गर्दा स्वास्थ्यमा कुनै असर नपर्नेमा ढुक्क रहन सुझाव प्रदान गर्नुभएको थियो ।

रगतको अभाव र यसले निम्त्याउने मानवीय क्षतिलाई मध्यनजर गर्दै संस्थाले सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा विगत ९ वर्षदेखि हरेक साल चैत्र २० गते नियमित रूपमा रक्तदान कार्यक्रम गर्दै आएको संस्थाका अध्यक्ष भोलानाथ पाठकले बताउनुभयो ।

रक्तदाताहरूलाई उत्प्रेरणा जगाउन रक्तदान गर्नेहरूलाई प्रमाणपत्र र टिसर्टको व्यवस्था गरिएको थियो भने पाँच पटक रक्तदान गर्ने रक्तदाताहरूलाई चाँदीको सिक्का उपहार दिने गरेको पनि संस्थाले जनाएको छ । कार्यक्रममा १४६ जनाले रक्तदान गरेका थिए ।

# स्मरण साकोसको बृहत रक्तदान

काठमाडौंस्थित स्मरण बचत तथा ऋण सहकारी संस्था लि.ले बैशाख ११ गते रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । काठमाडौं बचत तथा ऋण सहकारी संघ लि. (कास्कून) र व्लड डोनर्स एशोसिएसन नेपाल (BLODAN) को संयोजन तथा हिमाल ब्लड ट्रान्फ्युजन सेन्टरको प्राविधिक सहयोगमा स्मरण बचत तथा ऋण सहकारी संस्था लि.ले आयोजना गरेको कार्यक्रममा ६८ जनाले रक्तदान गरेका थिए ।




रक्तदान कार्यक्रमको आयोजना गरी मानवीय सेवामा प्रशंसनीय कार्य गरेको भन्दै हिमाल ब्लड ट्रान्फ्युजन सेन्टर र स्मरण साकोसले रक्तदाताहरूलाई छुट्टाछुट्टै प्रशंसा पत्र प्रदान गरेको थियो । स्मरण साकोसले हरेक नयाँ वर्षको आसपासमा संस्थाको क्लालेण्डर वितरण, शुभकामना आदान-प्रदान तथा रक्तदान कार्यक्रमको आयोजना गर्दै आएको छ ।

❑ ❑ ❑

# साकोसको गुणस्तरीयता र विश्वसनीयता



**गोपाल देउजा**, व्यवस्थापक, सुन्दरपुर साकोस, सुन्दरहरैचा-६, मोरङ

नेपालमा सहकारी अभियान वि.सं. २०१३ साल देखि शुरू भए तापनि स्पष्ट नीतिका रूपमा सहकारी ऐन २०४८ आएपछि त्यसैका आधारमा सुन्दरपुर बचत तथा ऋण सहकारी संस्था लि. सुन्दरहरैचा ६, मोरङको स्थापना सं. २०५४ मा केही अग्रज व्यक्तित्वहरूबाट भयो । विभिन्न आरोह अवरोहका तथा राजनीतिक उतार चढाब हुँदा हुँदै पनि अभियन्ताहरूको अथक प्रयासले अभियान अगाडि बढ्दै गयो । यही क्रममा संख्यात्मक रूपमा धेरै सहकारीहरू स्थापना भए । राज्यले सहकारी स्थापनाका लागि दर्ता खुल्ला गरे पनि तिनीहरूको अनुगमनलाई चुस्त रूपमा गर्न सकेन । जसको असर सहकारी अभियानमा गलत विचारहरू हावी भए र गलत व्यक्ति र विचारले गर्दा अभियानलाई प्रदुषित बनाउदा सिङ्गो अभियानलाई नै दोष लाग्यो । विकृतिको नियन्त्रणको लागि यस क्षेत्रका अभियान कर्मीहरूले गलत र सहीको स्पष्ट व्याख्या गर्दै जनता र राज्यलाई सु-सुचित गराउने कोसिस पनि जारी रह्यो ।

यसै दौरानमा राज्यको नीति बेला बेलामा परिवर्तन पनि भयो । राज्य संयत्रलाई नै प्रभावित पार्ने र आफु अनुकुल राज्यको नीतिको व्याख्या हुँदै गर्दा सहकारी ऐन २०७४ ले धेरै द्विविधाहरू निराकरण गऱ्यो । तर यस ऐनको कार्यान्वयनमा पनि शंका गर्ने ठाउँ देखियो । ऐनले स्पष्ट पार्न नसकेका विषयहरूलाई नियमावली मार्फत् सम्बोधन हुने प्रतिक्षामा सहकारीकर्मीहरू रहेका छन् ।

राज्यको तीन खम्बे अर्थ नीति अनुरूप सहकारी अभियानलाई सुदृढ बनाउन नयाँ सोच र असल अभ्यासहरू भएका छन् । तर समग्र वित्तीय क्षेत्रमा बैंकहरू र सहकारी कर्मी बीच विचारको खाडल छ । यसलाई राज्यले निराकरण गर्नु पर्दछ । सहकारी अभियान आफैमा अभ्यासरत अभियान हो । यसको अभ्यास पछिल्लो चरणहरूमा विशेष गरेर संघ र महासंघको अगुवाईमा गलत अभ्यासहरूलाई परिमार्जन गर्दै राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरको मापनमा दाँज्न योग्य सहकारीहरू बनेका छन् । कार्यक्रम सफल भएको अनुभूति हुन थालेको छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरको ब्राण्डहरूको प्राप्तिका लागि नियमनकारी निकाय र समन्वयकारी निकायको संयुक्त प्रयासद्वारा प्रारम्भिक संस्थाहरूलाई गुणस्तरीय र विश्वसनीय बनाउन PROBATION, ACCESS जस्ता कार्यक्रमहरू सञ्चालित छन् । यस्ता कार्यक्रमले संस्थाहरूलाई सहकारीमा गरिनु पर्ने असल प्रयास र नीतिको पालनाका साथै सुशासन कायम गरी दीगो र विश्वासिलो संस्थाका रूपमा स्थापित गर्न तथा जनताको वित्तीय आवश्यकता परिपूर्ति गर्ने वित्तीय संस्थाको रूपमा विकसित गर्न सके नेपाल जस्तो अर्थ व्यवस्था भएका मुलुकका लागि उपयोगि हुने देखिन्छ ।



# सिद्धार्थ साकोस गुणस्तर वृद्धि गर्न प्रतिवद्ध

बुटवलस्थित सिद्धार्थ बचत तथा ऋण सहकारी संस्था लि.ले संस्थाको गुणस्तर वृद्धिमा प्रतिवद्ध रहने जनाएको छ ।

चैत्र १ गतेदेखि ३ गतेसम्म सञ्चालित संस्थागत विकास तालिममा संस्थाका पदाधिकारी, सञ्चालक, व्यवस्थापक, कर्मचारी लगायत २२ जनाको सहभागिता रहेको थियो । संस्थाका अध्यक्ष सुर्य कुमारी साहीको अध्यक्षतामा सम्पन्न तालिम समारोहमा नेफ्स्कूनका सञ्चालक सदस्य कृष्ण नेपालको प्रमुख आतिथ्यता रहेको थियो ।

तालिम समापन समारोहमा बोल्दै सञ्चालक सदस्य नेपालले नेफ्स्कूनद्वारा प्रदान गरिने तालिम प्राविधिक रूपमा सक्षम भएको बताउँदै तालिमबाट प्राप्त ज्ञान सिप व्यवहारमा लागु गर्न र संस्थालाई विधि अनुरूप सञ्चालन गर्न आग्रह गर्नुभएको थियो ।

संस्थाका अध्यक्ष सुर्य कुमारी साहीले तालिमबाट सोचेभन्दा धेरै गुणा ज्ञान र उर्जा प्राप्त भएकोले संस्थालाई गुणस्तरीय र सुरक्षित बनाएर अगाडि बढ्न आजैबाट प्रतिवद्ध रहने बताउनुभयो । तालिम नेफ्स्कूनका बरिष्ठ तालिम अधिकृत बल्लभ तिमिल्सिनाले दिनुभएको थियो ।

# नेचुरल सहकारीको एटिएम सेवा

काठमाडौं जोरपाटीस्थित नेचुरल बचत तथा ऋण सहकारी संस्थाले सदस्यहरूमाझ सहज सेवा विस्तारका क्रममा बैशाख २४ गतेबाट एटिएम सेवा सुरू गरेको छ ।

सदस्य सेवा र समग्र वित्तीय कारोवारहरू पारदर्शी, सहज, छिटो, छरितो हुने भएकोले प्रविधिको प्रयोगमा जोड दिँदै नेचुरल सहकारीलाई आधुनिक प्रविधिमैत्री बनाउने उद्देश्यसहित संस्थाको १२ औं वार्षिक उत्सवको अवसरमा एटिएम सेवा सुरू गरिएको संस्थाका प्रमुख कार्यकारी अधिकृत विकल्प पाठकले बताउनुभयो ।



संस्थाले एससिटी नेटर्वकसँग सहकार्य गरी एटिएम सेवा सुरू गरेको र अब सहकारीका सदस्यले एससिटी नेटर्वकको एटिएम बुथमा गएर चाहेको समयमा तुरुन्तै पैसा निकाल्न र किनमेल गर्दा पनि कार्डको प्रयोग गर्न सक्ने संस्थाका प्रमुख कार्यकारी अधिकृत पाठकले जानकारी गराउनुभयो ।




संस्थाले १२ औं वार्षिक उत्सवको अवसरमा केन्द्रीय कार्यालय परिसरमा रक्तदान कार्यक्रमको आयोजना गरेको थियो ।

रक्तदान कार्यक्रममा संस्थाका सदस्य, स्थानीय, कर्मचारी, सञ्चालक समिति लगायतको उपस्थिति रहेको थियो । रक्तदानबाट ९२ पाउण्ड रगत संकलन गरिएको थियो ।

❑ ❑ ❑

# लमजुङमा आन्तरिक लेखापरीक्षण तालिम

सुरक्षित साकोस निर्माण र गुणस्तरीय सेवा प्रवाहका लागि लमजुङमा दुई दिवसीय आन्तरिक लेखा परीक्षण तालिम फागुन ९ गते सम्पन्न भएको छ । नेफ्स्कून फिल्ड कार्यालय लमजुङको आयोजनामा जनकल्याण साकोस बेशीसहरको सभाहलमा सम्पन्न तालिममा जिल्लाका १८ वटा साकोसहरूबाट १५ जना पुरूष र ८ महिला साकोसकर्मीहरूको सहभागिता रहेको थियो ।

तालिममा आन्तरिक लेखा परीक्षणको परिचय तथा अवधारणा, लेखा सुपरिवेक्षण समितिको काम, कर्तब्य र अधिकार, आन्तरिक लेखा परीक्षण प्रकृया, कानूनी प्रावधान, आन्तरिक लेखापरीक्षण योजना र चरणहरू र ध्यान दिनुपर्ने कुराहरू विषयमा प्रशिक्षण गरिएको थियो ।

नेफ्स्कूनका सञ्चालक सदस्य एवं फिल्ड कार्यालय लमजुङका संयोजक चण्डी प्रसाद शर्मा पौडेलले उद्घाटन गर्नुभएको उक्त तालिममा फिल्ड कार्यालय व्यवस्थापन उप समिति सदस्य महेन्द्र लाल श्रेष्ठ, जनकल्याण साकोसका व्यवस्थापक झम प्रसाद गुरूङको उपस्थिति रहेको थियो ।




तालिम समापनको क्रममा लमजुङ जिल्ला बचत तथा ऋण सहकारी संघ लि. का अध्यक्ष तथा फिल्ड कार्यालय लमजुङका व्यवस्थापन उपसमिति सदस्य दुर्गा भक्त धमला र जनकल्याण साकोसका अध्यक्ष तारा राज घलेको उपस्थितिमा सहभागीहरूलाई प्रमाणपत्र प्रदान गरिएको थियो । तालिम सहजिकरण तथा प्रशिक्षण युवा साकोस काभ्रेका व्यवस्थापक ज्ञानमणि न्यौपानेले गर्नुभएको थियो भने तालिम सञ्चालन तथा व्यवस्थापन सहजिकरण नेफ्स्कून फिल्ड कार्यालय लमजुङका ईन्चार्ज मनोज कार्कीले गर्नुभएको थियो ।

# सहकारी व्यवस्थापनमा महिला सहभागिताको भूमिका



**सरस्वती भुजेल (सरु),** व्यवस्थापक, शुक्लागण्डकी साकोस, दुलेगौडा, तनहुँ

मानव संशाधन व्यवस्थापनको केन्द्रविन्दु मानिस नै हो । संगठन र मानिस दुवैलाई एक अर्काको आवश्यकता पर्दछ । दुवै एक अर्काका परिपुरक हुन् । यो निरन्तर चलिरहने प्रक्रिया हो । संगठनको लक्ष्य प्राप्त गर्न मानव संशाधन महत्वपूर्ण हुन्छ । देशभरका ३४ हजार भन्दा बढी सहकारी संस्थामा ६० हजार भन्दा बढी कर्मचारी कार्यरत छन र यही जनशक्तिद्वारा ६३ लाख बढी सदस्यहरूलाई सहकारीको सेवा प्रदान गरिएको छ । सदस्यको कुल तथ्यांकमा ५१ प्रतिशत भन्दा बढी सदस्यहरू महिला नै रहेका छन् । त्यसैगरी महिलाद्धारा सञ्चालन गरिएका सहकारीको संख्या मात्र ४५ सय भन्दा वढी छ । अझ देशको तथ्यांक हेर्दा झण्डै ३९ प्रतिशत महिलाहरू सञ्चालक समितिमा रहेका छन् । सहकारी भन्ने वित्तिकै छरिएर रहेका सदस्यहरूको श्रम, पूँजी र सिपलाई अधिकतम परिचालन गरी आफ्नो सदस्यहरूको आवश्यकतालाई परिपूर्ति गर्दै सामाजिक एंव सांस्कृतिक उन्नयन, विकास र आर्थिक हितको लागि व्यावसायिक क्रियाकलाप सञ्चालन गर्नु हो ।

> "हामीले आरक्षणको भिख नमागि उच्च स्तरीय ज्ञान, कार्य दक्षता, कुशल नेतृत्व र स्वस्थ प्रतिस्पर्धा गर्ने क्षमता राख्नु पर्दछ ।"

एकका लागि सबै र सबैका लागि एक भन्ने मुल उद्देश्यका साथ स्थापित सहकारी संस्थाको झण्डै ४० प्रतिशत ओगटेको बचत तथा ऋण सहकारी संस्था (साकोस) आज सबैको वित्तीय संस्था वन्न पुगेको छ । सहकारी संस्थामा सस्तो ब्याजदरमा ऋण र सरल प्रक्रियामा बचत गर्ने बानीको विकास, सिपमुलक र जिवन उपयोगी ज्ञान, गुणस्तरीय वस्तु, दीर्घकालिन सेवा र प्रजातान्त्रिक व्यवस्थापन यसका गुण हुन भने अर्को समस्या भनेको सदस्यहरूको सहभागिता र संख्या हो । दिन प्रतिदिन खुलेका सहकारीहरूमा सदस्य बनाउने र अस्वस्थ प्रतिस्पर्धा पनि देख्न पाइन्छ भने सदस्यहरू बढी निष्क्रिय र प्रतिफल मात्र खोज्ने गर्दछन । सदस्यको सक्रिय भूमिका नभएकोले यसको विकासमा केही बाधा पुगेको छ । न्यून आय स्तर भएका र गरिबीको रेखामुनी रहेका मानिसहरू यसको पहुँचमा अझै आउन सकिरहेका छैनन् । जसको कारण सहकारीका व्यवस्थापकले सधै सदस्यता वृद्धि गरी सुरक्षित लगानीको लागि मात्र सोच्नुपर्ने वाध्यता हुन्छ । सहकारी संस्थाले आफ्नो व्यवस्थापनको लागि न्युन पारिश्रमिकमा कर्मचारीहरू नियुक्ति गर्न खोज्ने हुनाले कार्यरत कर्मचारीहरू दीर्घकालिन रूपमा कार्य नगर्ने र अन्यत्र जाने क्रम पनि बढिरहेको छ । यसको निराकरणको लागि वेलैमा सोच्न सकिएन भने क्षमतावान जनशक्ति बाहिरिन सक्दछ तसर्थ बेलैमा कर्मचारी व्यवस्थापनको लागि सोच्नु पर्दछ । यसरी सहकारीका राम्रा र नराम्रा पक्षलाई विश्लेषण गरी व्यवस्थापन गर्दै जाने र राज्यले पनि अझ प्रभावकारी कार्ययोजना, निति नियम र कार्यक्रम सञ्चालन गर्ने हो भने नेपालमा सहकारीको भविष्य उज्वल रहेको र अझ फस्टाउने कुरामा दुविद्धा छैन ।

यसको शीर्षकमा रहेर मैलै केही कुरा अभिव्यक्त गर्ने पर्ने हुन्छ । हाम्रो समाजमा भनौ या सहकारीमा महिला कर्मचारीलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आएको छैन । अझै भन्नुपर्दा व्यवस्थापकको रूपमा रहेर काम गर्ने महिला कर्मचारीहरू अत्यन्त कम देख्न पाइन्छ तर त्यसको तुलनामा अन्य तहमा कर्मचारीको संख्या भने यथेस्ट देखिन्छ । व्यवस्थापनले विश्वास नगरेर वा महिला भन्ने नजरबाट हेरेर उनिहरू सक्षम हुदा हुदै पनि बन्चित हुनु परेको छ । संलग्न महिला कर्मचारी हरूलाई पनि न्युनतम पारिश्रमिक र भेदभाव गर्ने चलन हटिसकेको छैन । छोरी बुहारीलाइ दिने हरेक अवसरको कमि, स्वयम निर्णयको स्वतन्त्रताबाट वञ्चित, पारिवारिक

जिम्मेवारीको एकोहोरो भारले गर्दा महिला सहभागिता अझ बढ्न सकेको छैन । अरूलाई दोष थुपार्न छाडेर हामी आफैले मुल्यांकन गरी हेर्ने हो भने म महिला हु भन्ने सोच, कमजोर मनोवल, स्वस्थ प्रतिस्पर्धामा नआउनु र आवश्यकता भन्दा बढी सहनशीलता पनि हामि महिलापछि पर्नुको कारण हो जस्तो लाग्छ । यी प्रस्तुत कमिकमजोरीहरूलाई चिर्दै जाने हो भने सहकारीमा महिला सहभागिता अझ प्रवल रूपमा आउने छ । हामीले आरक्षणको भिख नमागि उच्च स्तरीय ज्ञान, कार्य दक्षता, कुशल नेतृत्व र स्वस्थ्य प्रतिस्पर्धा गर्ने क्षमता राख्नु पर्दछ । हरेक मानिसमा शक्ति र शारीरिक बल हुन्छ तर काम गर्नका लागि क्षमता पनि हुनुपर्दछ । क्षमता भनेको ज्ञान, सिप, मनोवृतिले विकसित हुने सम्भावना हो । शारीरिक शक्ति र मानसिक क्षमताको संगम भएपछि मात्र मानव संशाधन हुन्छ । यसर्थ सहकारीमा मानव संशाधनको उचित प्रयोग गरी साकोस व्यवस्थापनको लागि महिला सहभागिता बढाउन सके स्थानिय समुदायमा सानो पूँजी भएका, आर्थिक अवस्था न्यून भएका, वित्तीय पहुँच नभएका जनताले सहकारीको लाभ लिन सक्नेछन र नेफ्स्कून आफ्नो लक्ष्य पुरा हुने कुरामा कुनै दुविद्धा हुने छैन ।

# दाङमा प्रदेश स्तरीय साकोस एकीकरण गोष्ठी

नेफ्स्कूनको आयोजना एवं जिल्ला बचत तथा ऋण सहकारी संघ लि. दाङको व्यवस्थापन सहयोगमा दाङको घोराहीमा बचत तथा ऋण सहकारी संस्थाहरूका लागि १ दिवसीय साकोस एकीकरण गोष्ठी फागुन २९ गते सम्पन्न भएको छ ।

जिल्ला बचत तथा ऋण सहकारी संघ लि. दाङका अध्यक्ष रूप बहादुर खत्रीको अध्यक्षतामा एवं नेफ्स्कूनका अध्यक्ष डी.बी. बस्नेतको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा नेफ्स्कूनका बरिष्ठ उपाध्यक्ष परितोष पौडेल, महासचिव चन्द्र प्रसाद ढकाल, लेखा संयोजक दामोदर अधिकारीले आ-आफ्नो ठाँउको सफल एकीकरणको उदाहरण दिदै अब साना, टुक्रे र कमजोर सहकारी बन्नुको साटो ठूला, बलिया र विश्वासिला सहकारी बन्नु पर्ने र सो को लागि एकीकरण नै उत्तम विकल्प भएको मत राख्नु भएको थियो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि बस्नेतले दोलखाको जिरीमा भएको सफल एकीकरणको प्रशंग उठाउँदै एकतामानै बल हुने बताउनु भयो । उहाले एकीकरण गर्नका लागि सबैले आ-आफ्ना व्यक्तिगत स्वार्थहरू त्यागी साझा विचारमा आउनु पर्नेमा जोड दिनु भयो । उहाँले सहकारी ऐन, सम्पत्ति शुद्धीकरण ऐन, कर समायोजन, दोहोरो सदस्यता, कोपोमिस, सफ्टवेयर, नेफ्स्कूनको अन्तरलगानी कार्यक्रम सम्बन्धमा सहभागीहरूलाई जानकारी गराउँदै नेफ्स्कूनले सञ्चालन गरेको जोखिममा आधारित साकोस



सुपरिवेक्षण कार्यक्रममा सहभागी भई स्वस्थ साकोस निर्माण गर्न सहभागी साकोसकर्मीहरूलाई आग्रह गर्नुभएको थियो ।




कार्यक्रममा नेफ्स्कूनका सञ्चालक, उपसमिति सदस्य, ५ नं. प्रदेश भित्रका जिल्ला बचत तथा ऋण सहकारी संघ लि.का अध्यक्ष एवं प्रतिनिधिहरू, सहकारीकर्मीहरू दाङ जिल्ला उद्योग वाणिज्य संघका पदाधिकारी, पत्रकार लगायत गरी १२० जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा जिल्ला बचत संघ दाङका उपाध्यक्ष हुमा डी.सी. ले स्वागत मन्तव्य राख्नुभएको थियो भने नेफ्स्कूनका सदस्य सेवा विभाग प्रमुख दुर्गा प्रसाद ढकालले साकोस एकीकरण सम्बन्धी कार्यपत्र प्रस्तुतिकरण गर्नु भएको थियो ।

# दीगो र सुरक्षित साकोसको आवश्यकता



**रामचन्द्र सुबेदी,** प्रमुख व्यवस्थापक, गैंडाकोट स्वाभिमान साकोस, गैंडाकोट-२, नवलपुर

नेपालमा सहकारीको सूरूवात भएको छैठौ दशक पार गरिरहँदा नेपालको कुल जनसंख्याको २१ प्रतिशत भन्दा बढी जनता सहकारीमा आवद्ध भएको पाइन्छ । २०१३ सालमा पहिलो सहकारी संस्थाको स्थापनाबाट सूरू भएको सहकारी अभियानले २०१६ सालमा पहिलो सहकारी ऐन जारी भएता पनि सरकारी नियन्त्रित सहकारी/साझा संस्थाको स्वरूपले जनताको मन जित्न सकेन । २०४६ सालपछिको राजनैतिक परिवर्तनको पृष्ठभूमिमा आएको सहकारी ऐन २०४८ ले नेपालमा सहकारीको विकास र विस्तारलाई उर्वर बनायो । पञ्चायत कालमा जनमानसमा सुशुप्त अवस्थामा रहेको सहकारीको भावना सहकारी ऐन २०४८ ले प्रस्फुटित गरायो । जनतालाई समूह तथा सहकारी संस्थाहरूमा संगठित भई सशक्तिकरणका विविध आयाममा सहभागी हुन, आर्थिक क्रियाकलापहरूमा सक्रिय रहन अभिप्रेरित गरायो । जसको फलस्वरूप करिव ३५ हजारको हाराहारीमा सहकारी संस्थाहरूको स्थापना भई ६३ लाख भन्दा बढी सदस्यहरू आवद्ध भएका छन् । त्यस मध्ये १३ हजार भन्दा बढी बचत तथा ऋण सहकारी संस्थाहरूको उपस्थिति रहेको छ । यसरी ४८ साल देखि ७४ सालसम्मको अवधि सहकारी सम्बन्धी चेतनाको विकास, बचत तथा ऋण सहकारी संस्थाहरूको तीव्र विकास र विस्तार भएको उर्वर समयको रूपमा लिन सकिन्छ । सहकारी संस्थाको उर्बर समयमा संस्थाहरूको मात्रात्मक विकास त भयो तर यसको गुणात्मक विकासको क्षेत्रमा दिर्घकालिन असर पार्ने किसिमले कार्य हुन सकेन । यसै बिचमा सहकारीको मुल्य मान्यता सिद्धान्त विपरित हुने गरी केही सहकारी संस्थाका गतिविधिहरूले सहकारी अभियानमा ठेस पनि लागेको छ । सदस्यहरूको सहकारी सम्बन्धी अर्धचेतना, सञ्चालकहरूको लोभिपापी मनस्थिति, व्यवस्थापनको अकुशलताको कारण केही सहकारी संस्थाहरू धरासायी बन्न पुगेका छन् । हाल जनमानसमा सहकारी सम्बन्धी दृष्टीकोण र चेतनामा भएको विकास, दिनानुदिन विकसित सामाजिक आर्थिक परिघटनाहरूले सहकारी सञ्चालन र व्यवस्थापनमा नयाँ प्रविधि, सिप विधिहरूको आवश्यकता देखिएको छ । सहकारीले सदस्यको जिवस्तरमा सकारात्मक परिवर्तन ल्याउने उद्देश्य लिएको हुनुपर्दछ । सदस्य केन्द्रित सहकारी संस्थाले सहकारीका अन्तर्राष्ट्रिय सिद्धान्तहरू एवं मुल्य मान्यताहरूलाई आत्मसात गर्दै सहकारीको दीगो विकास र सदस्यहरूको सन्तुष्टीलाई सहकारी संस्थाको केन्द्र विन्दुमा राखेर संस्थागत कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गर्ने हो भने मात्र सदस्यहरूको हितको लागि भनेर स्थापना गरिएको संस्थाको दुरदृष्टी साकार पार्न सकिने छ । त्यसका लागि मुख्य तीन आधार जरूरी छन् ।

- सञ्चालकहरूमा एकापसमा सहकार्य, समन्वय र सकारात्मक चिन्तन, छलफल सहितको सक्रियता चाहिन्छ ।
- कर्मचारीमा दक्षता, इमान्दारिता र लगनशीलता सहितको अठोट चाहिन्छ ।
- सदस्यहरूमा सहकारी संस्थाको बारेमा सचेतना र सक्रियता चाहिन्छ ।



# चण्डेश्वरी साकोस संस्थागत गुणस्तर सुधारमा अगाडि बढ्दै

काभ्रेस्थित चण्डेश्वरी साकोसका सञ्चालकहरूको क्षमता अभिवृद्धि तालिम नेफ्स्कूनको प्राविधिक सहयोगमा चैत्र १३ गते सम्पन्न भएको छ । उक्त तालिममा संस्थाका सञ्चालक सदस्य, लेखा समिति सदस्य, कर्मचारी लगायत १६ जनाको सहभागिता रहेको थियो । प्रमुख अतिथि नेफ्स्कूनका सञ्चालक भीम गुरूङले साकोस गुणस्तर सुनिश्चितताका कार्यक्रम साकोसको गुणस्तरीय विकास र दीगो सक्षमताका लागि उपयोगी रहेको बताउँदै संस्थाले यसै वर्ष एक्सेस ब्राण्ड लिन सफलता मिलोस् भन्दै शुभकामना प्रदान गर्नुभएको थियो । तालिम रणनीतिक योजना निर्माण, ऋण व्यवस्थापन, कानूनी उत्तरदायित्व र सुशासन, कर्मचारी सञ्चालक समिति अन्तरसम्बन्ध, मानव संशाधन व्यवस्थापन, एक्सेस अडिट अगाडि सम्पन्न गर्नुपर्ने व्यवस्थापन प्रतिवद्धता लगायतका विषयवस्तुहरूमाथि केन्द्रीय रहेको थियो ।

# काभ्रेमा प्रदेश स्तरीय आन्तरिक सुशासन तथा लेखा सुपरिवेक्षण अभिमुखीकरण




नेफ्स्कून ३ नं. प्रदेश कार्यालय बनेपाको आयोजनामा ३ नं. प्रदेश स्तरीय आन्तरिक सुशासन तथा लेखा सुपरिवेक्षण अभिमुखीकरण कार्यक्रम चैत्र १८ सम्पन्न भएको छ ।

कार्यक्रममा दोलखा, रामेछाप, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, काठमाडौं, भक्तपुर, ललितपुर, धादिङ, चितवन र मकवानपुर जिल्लाका जिल्ला बचत तथा ऋण सहकारी संघ र साकोसका लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरू तथा प्रतिनिधिहरू सहित १४४ जनाको सहभागिता रहेको थियो ।

नेफ्स्कूनका सञ्चालक सदस्य तथा ३ नं. प्रदेश उपसमिति संयोजक दिपक पनेरूको अध्यक्षतामा आयोजित कार्यक्रमको उद्घाटन नेफ्स्कूनका अध्यक्ष डी.बी. बस्नेतले गर्नुभएको थियो ।

कार्यक्रममा नेफ्स्कूनका सञ्चालक सदस्य उद्धव सापकोटा, लेखा सुपरिवेक्षण समिति संयोजक दामोदर अधिकारी, काभ्रेपलाञ्चोक जिल्ला बचत संघका अध्यक्ष रामहरी के.सी., नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत शिवजी सापकोटा लगायत विभागीय प्रमुखहरूको उपस्थिति रहेको थियो ।

उद्घाटन कार्यक्रममा बोल्दै नेफ्स्कूनका अध्यक्ष डी.बी. बस्नेतले लेखा सुपरिवेक्षण समितिको भूमिका साकोस सञ्चालनमा महत्वपूर्ण हुने भएकोले आजको यस कार्यक्रमबाट लेखा सुपरिवेक्षण समितिको प्रभावकारितामा थप सहयोग पुग्ने जानकारी गराउँदै कार्यक्रमको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

कार्यक्रममा स्वागत मन्तव्य राख्दै सञ्चालक उद्धव सापकोटाले नेफ्स्कूनले विभिन्न प्रदेशमा प्रदेश स्तरीय आन्तरिक सुशासन तथा लेखा सुपरिवेक्षण कार्यक्रमको आयोजना गरी बचत तथा ऋण सहकारी संस्थाहरूमा सुशासन कायम गराउन र संस्थागत सुदृढीकरणमा सहयोग पुगेको बताउनुभयो ।

नेफ्स्कूनका लेखा सुपरिवेक्षण समिति संयोजक दामोदर अधिकारीले आन्तरिक सुशासन तथा लेखा सुपरिवेक्षण समितिको भूमिका सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यत्रपत्रमा लेखा सुपरिवेक्षण समितिले संघ संस्था सञ्चालनमा निभाउनुपर्ने भूमिका तथा आन्तरिक सुशासन सम्बन्धी विषयहरूमा सामुहिक अन्तरक्रिया गरिएको थियो ।



# सहकारी विकासमा स्थानीय तहको भूमिका



**बालकृष्ण धोजु,** व्यवस्थापक, भक्तपुर साकोस, भक्तपुर

नेपालको संविधानले मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा आधारित राज्य व्यवस्था स्थापना गरेको छ । यसैको माध्यमद्वारा मुलुकमा दीगो शान्ति, सुशासन, विकास र समृद्धिको अपेक्षा गरेको छ । संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहको एकल अधिकार सूची (क्रमशः अनुसूची ५, ६ र ८) का साथै साझा अधिकार सूची (अनुसूची ७ र ९) समेतमा सहकारी नियमन, सहकारी संस्था वा सहकारी विषय राखिएको छ । संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा उल्लिखित संघ, प्रदेश र स्थानीय तहका अधिकारहरूको कार्य विस्तृतीकरणमा अन्य कुराका अतिरिक्त स्थानीय सहकारी संस्था दर्ता, अनुमति, खारेजी र विघटन स्थानीय तहको अधिकारभित्र पर्ने गरी प्रस्ट पारिएको छ । तदनुसार स्थानीय तहबाट सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी, विघटन र नियमन समेतका कार्यहरूमा सङ्घ, प्रदेश र स्थानीय तहको क्षेत्राधिकारको सीमाङ्कन देहायबमोजिम गरेको छ :

**क. स्थानीय तह** : स्थानीय तहसम्म कार्यक्षेत्र भएका सबै प्रारम्भिक संस्थाहरू;

**ख. प्रदेश** : एक स्थानीय तहभन्दा बढी प्रदेशसम्म कार्यक्षेत्र भएका सबै सङ्घसंस्थाहरू र

**ग. सङ्घ** : एक प्रदेशभन्दा बढी कार्यक्षेत्र भएका सबै संघसंस्थाहरू ।

सहकारी संस्थाको दर्ता लगायतका नियमन कार्यका लागि स्थानीय तहको सहकारी ऐन आवश्यक हुन्छ । कानूनी व्यवस्थाका लागि सहकारी तथा गरिबी निवारण मन्त्रालय र सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबीचको सहकार्यमा सहकारी ऐन, २०७४ का प्रावधानसँग समेत तादात्म्य रहने गरी तयार पारिएको स्थानीय तहको नमुना सहकारी ऐन जस्ताको तस्तै वा त्यसमा स्थानीय रूपमा समायोजन गर्नुपर्ने भए गरेर वा आफ्नै सहकारी ऐन बनाई संविधानको धारा ५७ को उपधारा (४) बमोजिम गाउँ सभा वा नगर सभाबाट पारित गरी लागू गर्न सक्ने व्यवस्था गरिएको छ ।

पारित ऐन अनुसार स्थानीय तहको क्षेत्राधिकारमा पर्ने सहकारी र क्षेत्राधिकारभित्र नपर्ने तर स्थानीय निकायको भुगोल भित्र सञ्चालित सहकारी क्षेत्रको नियमन गर्दछ । आफ्नो क्षेत्राधिकार भित्र पर्ने सहकारी संस्थाहरूको तथ्यांक व्यवस्थापन, नियमन, अनुगमन, दर्ता र खारेजीसम्मका प्रशासनिक कार्य गर्न स्थानीय तहमा सहकारी शाखाको आवश्यकता पर्दछ । सहकारी संस्थाको संख्याको आधारमा कर्मचारी दरबन्दीको व्यवस्था गरी शाखामा दक्ष्य जनशक्तिको नियुक्ति गर्न सकेमा सहकारीको मर्म अनुसारको नीति निर्माणमा टेवा पुग्दछ ।

सहकारी मार्फत गरिबी निवारणमा सरकार प्रतिवद्ध छ । तसर्थ विना आर्थिक भार र प्रशासनिक झन्झट रहित सञ्चालित सहकारी संस्थालाई स्थानीय तहले कर असुल गर्ने निकायको रूपमा हेरिर्नु हुँदैन । सरल सहज ढंगबाट सहकारीलाई सुचि तथा व्यवसाय दर्ता गरी स्थानीय निकायले अभिभावको भूमिका निभाउनुपर्दछ । स्थानीय तहले सहकारीमा संकलित बचतको सुरक्षामा नीतिगत तथा समन्वयकारी भूमिका रहन्छ । सहकारी सिद्धान्त, मूल्यमान्यता परिपालनाको नियमन गरी सहकारीमा सुशासन र पारदर्शिताको सुनिश्चितता गराई सहकारी मार्फत आर्थिक विकास र सामाजिक रूपान्तरणको कार्यमा स्थानीय निकायको अहम भूमिका रहन्छ ।

सहकारी संस्थाको विकासको लागि स्थानीय तहले तपसिलका कार्यहरू गर्नुपर्ने देखिन्छ ।

१) सहकारी शाखाको स्थापना गरी दक्ष जनशक्तिको नियुक्ति गर्नुपर्ने,

२) आवश्यक सहकारी ऐन नियम र मापदण्ड जारी गर्ने,

३) स्थानीय तहबाट सम्बन्धित जिल्ला संघहरूको समन्वयमा सहकारी संस्था दर्ता, अनुगमन, तालिम र प्रवर्द्धन गर्ने,

४) सहकारी सम्बन्धी औपचारिक तथा अनौपचारिक तालिम र शिक्षाको व्यापकतामा जोड दिने,

५) सम्बन्धित विषयगत संघमा सदस्यता अनिवार्य गरी संघलाई सशक्त बनाउने ।

६) सहकारी मार्फत लगानी गर्न सबै आर्थिक क्षेत्र खुल्ला गर्नु पर्ने,

७) सहकारी उद्योगको स्थापनामा

सरकारको सहभागिता तथा सहजिकरण गर्नु पर्ने,

८) सरकार, सहकारी र नीजि क्षेत्र साझेदारी कार्यक्रमको अवधारणा कार्यान्वन गर्नुपर्ने,

९) अस्वस्थ प्रतिस्पर्धाको नियन्त्रण, व्यावसायिक कारोवारमा वृद्धि र सबल सहकारी निर्माणको लागि सहकारी संघ संस्थाहरको एकीकरण गर्नुपर्ने,

१०) साख सूचना केन्द्रको व्यवस्था गर्ने,

११) कालो सुचीको अभिलेखीकरण गरी असुलीमा सहजीकरण गर्ने,

१२) गैरसमुदायमुखी सहकारी संस्थालाई निरूत्साहित गरी समुदायमुखी बनाउनमा जोड दिनुपर्ने,

१३) सहकारी मार्फत उत्पादन र वितरण गर्ने परिपाटीको विकासमा जोड दिनुपर्दछ ।

उल्लेखित कार्य स्थानीय तहले प्रभावकारी ढंगबाट गर्न सके सहकारी मार्फत समुदायको विकासमा महत्वपूर्ण भूमिका हुने देखिन्छ । समुदायको आर्थिक, सामाजिक र सांस्कृतिक विकासको लागि स्थापित सहकारीको विकासबाट मात्र स्थानीयको चौतर्फी विकासमा टेवा पुग्दछ । संविधानले सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनाद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राज्यले लिएको छ । तसर्थ संविधानले तय गरेको लक्ष्य हासिल गर्न यथासिघ्र स्थानीय तहले सहकारी मैत्री भूमिका निभाउनुपर्ने देखिन्छ ।

# सुनसरीमा साकोस एकीकरण अभिमुखीकरण




सुनसरी जिल्ला बचत तथा ऋण सहकारी संघ लि. को आयोजना, नेफ्स्कूनको प्राविधिक सहयोग र ईटहरी उप-महानगरपालिका र महिला साकोसको समन्वयमा बचत तथा ऋण सहकारीहरूको एकीकरण सम्बन्धी अभिमुखीकरण फागुन १३ गते सुनसरीमा सम्पन्न भएको छ ।

नेफ्स्कूनका महासचिव चन्द्रप्रसाद ढकालको प्रमुख अतिथ्यता तथा नेफ्स्कूनका लेखा समिति संयोजक दामोदर अधिकारीको विशेष आतिथ्यतामा सम्पन्न कार्यक्रममा सुनसरी जिल्लाका बचत ऋण सहकारीका अभियान कर्मीहरूको सक्रिय सहभागिता रहेको थियो ।

कार्यक्रमका प्रमूख अतिथि ढकालले एकीकरण कसैको दवाव नभई अभियानको सशक्तिकरणका लागि संघले विकास गरेको नयाँ रणनीति भएको बताउनु भयो । साकोस एकीकरण दीगो अभियान निर्माणका लागि आधार भएको र सहकारी सिद्धान्तको मर्म अनुसार आएकोले स्थानीय स्तरमा स्वस्फुर्त रूपमा एकीकरण अभियानमा संलग्न हुन अनुरोध गर्नु भयो । नेपालका सहकारी कानून तथा अभ्यासहरूले एकीकरण बाध्यकारी बन्दै गएकोले अभियानको अस्तित्व रक्षा तथा गुणात्मक सेवा प्रवाहको औजारको रूपमा संघले कार्यक्रम अघि सारेको बताउनु भयो ।

कार्यक्रमका विशेष अतिथि अधिकारीले एकीकरणको यात्रा लामो र कठिन रहेको तर अभियानको क्षमता विकास तथा सदस्यहरूको विद्यमान वित्तीय आवश्यकता पुरा गर्न एकीकरण निर्विकल्प माध्यम भएकोले अभियानकर्मीहरू मनैदेखि त्यागको भावना सहित सक्रिय हुनु पर्ने बताउनु भयो । कार्यक्रममा एकीकरणको अवधारणा तथा सवालहरू सम्बन्धी कार्यपत्र प्रस्तुत गरी अभियानकर्मीहरूको बीचमा अन्तरक्रिया सञ्चालन भएको थियो ।

कार्यक्रममा उपस्थित साकोसहरूको एकीकरणका लागि आएको सामुहिक प्रतिवद्धताले सुनसरीको बचत ऋण अभियान समृद्ध बन्ने भन्दै नेफ्स्कूनका पूर्व उपाध्यक्ष अमृता सुब्बाले यस कार्यक्रमबाट आफु उत्साहित भएको बताउनु भयो । कार्यक्रममा सहभागीहरूले सहकारीमा विद्यमान दोहोरो सदस्यता, दोहोरो ऋण, प्रविधिको न्यून प्रयोग तथा आपसका व्यावसायिक क्षमता विकासमा एकीकरण फलदायी हुने ठहर गरिएको छ ।



# वित्तीय साक्षरताको ज्ञान



**केदार तिमल्सिना,** व्यवस्थापक, विलियन्स साकोस, न्यूरोड, काठमाडौं

पैसाको प्रयोग र व्यवस्थापन सम्बन्धमा सुसुचित हुने र प्रभावकारी निर्णय लिने क्षमताको विकास गर्न वित्तीय साक्षरता आवश्यक छ । सदस्यहरूलाई मुख्यत आम्दानी, खर्च, बजेट, बचत, ऋण, बिमा लगानी र विप्रेषणका विषयहरूमा साक्षर बनाउनु पर्दछ । यसले प्रत्येक व्यक्ति, सदस्यहरू एवं संस्थाको मासिक, अर्धवार्षिक, वार्षिक आम्दानी, खर्च, बचत आदिको उचित व्यवस्थापन गर्न सिकाउँछ । सदस्यहरूको आर्थिक अवस्था माथि उकास्नको लागि सदस्यहरूलाई वित्तीय रूपमा साक्षर बनाउनु पर्दछ । संख्यात्मक रूपमा सहकारी संस्थाको संख्यामा वृद्धि भएको तथ्यांकहरू सार्वजनिक भईरहँदा वित्तीय संस्थाहरूको पहुँच सबै ठाउँमा पुग्न सकिरहेको छैन । वित्तीय साक्षरता मार्फत सदस्यहरूको पहुँच वित्तीय संस्थासम्म पुऱ्याउनु आवश्यक छ ।

बचत भनेको के हो? बचत किन गर्नुपर्छ ? बचत कसरी बढाउन सकिन्छ ? भन्ने विषयमा विस्तृत छलफल गराउनु पर्दछ । बचत गर्न आम्दानी भएको रकमबाट बचतको लागि रकम छुट्याएर मात्र खर्च गर्नु पर्दछ । अनिवार्य बचतले मात्र बचत हुन्छ । बचत भनेको भविष्यको साहारा हो, भन्ने विषयमा जानकारी गराउनुपर्दछ । यसमा मानव जीबन चक्र र त्यसमा गरीने क्रियाकलाप र आवश्यक पर्ने अनुमानित बजेटको बारेमा पनि छलफल गर्ने गर्नुपर्छ । हामीले बचत गर्नको लागि औपचारिक तथा अनौपचारिक संस्थाको बारेमा जानकारी गराउनु पर्दछ । आफ्नो नजिक रहेका वित्तीय संस्थाहरूको सूची तयार गरी औपचारिक र अनौपचारिक छुट्याउनु पर्दछ । औपचारिक तथा अनौपचारिक संस्थाहरूको फाईदा बेफाईदा बारे चर्चा गरी औपचारिक संस्थामा कारोवार सञ्चालन गर्न प्रोत्साहन पनि गर्नुपर्दछ ।

वित्तीय साक्षरतामा अर्को महत्वपूर्ण विषय भनेको ऋण हो । ऋणको परिचय, ऋण कहिले चाहिन्छ ? ऋण लिनुका कारणहरू, ऋण लिनु र स्वः लगानीका फाईदा बेफाईदा, ऋणको वर्गीकरण, असल र खराब ऋणको विशेषता फाईदा बेफाईदा, ऋण लिँदा ध्यान दिनुपर्ने कुराहरू, ऋण सेवा प्रदायकको छनौट, ऋण लिँदा ध्यान दिनुपर्ने कुराहरू, ऋणको योजना र ऋण लिन सक्ने क्षमताको पनि जानकारी गराउनु पर्दछ ।

पारिवारिक बजेट एक महत्वपूर्ण पाटो हो । परिवारको वर्तमान आर्थिक अवस्था कस्तो छ ? परिवारमा हुने आम्दानी तथा खर्चहरूको वर्गीकरण गर्नुपर्दछ । विशेष गरी आम्दानी कम र खर्च बढी हुन्छ भन्ने बुझाईलाई चिर्नको लागि आम्दानी तथा खर्चलाई शुक्ष्मरूपमा विश्लेषण गर्न आवश्यक छ । खर्चको वर्गीकरण गर्दा आवश्यक खर्च पूर्वानुमान गर्न सकिने खर्च, ऋणको किस्ता भुक्तानी, एच्छिक खर्च भैपरी आउने खर्च जस्ता शीर्षक बनाएर वर्गीकरण गर्नु पर्दछ । खर्चलाई प्राथमिकीकरण गर्नु पर्दछ, जस्तो ऋण तिर्ने दैनिक खर्च चलाउने, भविष्यको लागि बचत गर्ने कुरालाई प्राथमिकतामा राख्नु पर्दछ । खर्चको चुहावट कसरी हुने गर्दछ र त्यसको रोकथामका उपायबारे पनि जानकारी गराउनु पर्दछ । हामीले पारिवारी बजेट बनाएर कार्यान्वयनमा ल्याउनु पर्दछ ।

पारिवारीक बजेटमा आम्दानी र खर्चको शीर्षकहरूलाई राम्ररी विश्लेषण गरेर लेख्नु पर्दछ । प्रत्येक महिना आम्दानीको शीर्षकहरूमा कती आम्दानी हुन्छ र खर्चको शीर्षकहरूमा कति खर्च हुन्छ, अनुमान गरेर लेख्नुपर्दछ । कुल आम्दानी भन्दा कुल खर्च कम भयो भने बचत हुनसक्छ । साथै कुल खर्च बढी र कुल आम्दानी कम भयो भने घाटा बजेट बन्दछ । यदि त्यस्तो भएका आम्दानीको नयाँ श्रोत पहिचान गर्ने र खर्चलाई पनि घटाउन सक्नेसम्म घटाउनु पर्दछ । बजेटको पूर्ण कार्यान्वयनको लागि दैनिक रूपमा हुने आम्दानी तथा खर्चलाई टिपोट गरेर राख्नु पर्दछ ।

वित्तीय साक्षरतामा अर्को महत्वपूर्ण कुरा वित्तीय व्यवस्थापनको नियम बनाएर स्वः नियमन गर्न आवश्यक हुन्छ जस्तै आफ्नो परिवारको वित्तीय लक्ष्यहरूको निर्धारण गर्ने, आफ्नो श्रोत र साधन हेरी खर्च गर्ने, आवश्यक भएमा मात्र ऋण लिने, ऋणको भाखा न-नघाउन खर्च गर्न सतर्कता अपनाउने, आफ्नो लगानी र प्रतिफलको तुलना गर्ने, समय सँगसँगै पैसाको मुल्यको तुलना गर्ने, लगानी गर्दा आवश्यक जोखिम बहन गर्ने, बचत गर्ने, लगानी र सम्पत्तिको विविधिकरण गर्ने जस्ता कुराहरूमा विशेष ध्यान दिनु आवश्यक छ ।

# चितवनका साकोसकर्मीहरुबीच ऋण र ऋणी सदस्यहरुको बीमा सम्बन्धी अभिमुखीकरण

बचत तथा ऋण सहकारी संस्थाहरूमा लगानी भएको ऋण र ऋणि सदस्यहरूको बीमा सम्बन्धमा नेफ्स्कूनका प्रतिनिधिहरू, सिटिजन्स् लाईफ ईन्सुरेन्सका प्रतिनिधिहरू र चितवनका साकोसकर्मीहरूबीच बैशाख १५ गते चितवनमा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

नेफ्स्कूनमा आवद्ध विभिन्न बचत तथा ऋण सहकारी संस्थाका ३७ जना साकोस प्रतिनिधिहरूको उपस्थिति रहेको उक्त कार्यक्रममा संघका अध्यक्ष डी.बी. बस्नेत, कोषाध्यक्ष केशव प्रसाद पोखेल, सञ्चालक सदस्य शान्ती अधिकारी, चितवन फिल्ड व्यवस्थापन उपसमिति सदस्य गोपाल प्रसाद गौतम, तेजेन्द्र बहादुर खड्का लगायतको उपस्थिति रहेको थियो ।

अभिमुखीकरण कार्यक्रमका अवसरमा अध्यक्ष डी.बी बस्नेतले ऋण जोखिम सुरक्षा, सहकारी नियमावली र कर सम्बन्धी व्यवस्थाका विषयमा आफ्नो धारणा राख्नुभएको थियो ।

कार्यक्रममा सिटिजन्स लाईफ ईन्सुरेन्सका बरिष्ठ व्यवस्थापक रिता पाठकले सहकारी बीमा र सहकारी संस्थाहरूको लगानी सुरक्षाका लागि ऋणि सदस्यहरूको अनिवार्य बीमा गराउनुपर्ने विषयमा प्रकाश पार्नुभएको थियो ।

# सदस्यसँग नेफ्स्कून कार्यक्रम

सदस्यसँग नेफ्स्कून कार्यक्रम अन्तर्गत मकवानपुरको हेटौंडाका २३ सदस्य संस्थाहरूमा संघका पदाधिकारी र कर्मचारीहरूद्वारा डोर टु डोर कार्यक्रम सम्पन्न भएको छ । बैशाख ११ देखि १३ गतेसम्म सञ्चालनमा रहेको उक्त कार्यक्रममा नेफ्स्कूनका बरिष्ठ उपाध्यक्ष परितोष पौड्याल, महासचिव चन्द्र प्रसाद ढकाल, सञ्चालक सदस्य शान्ती अधिकारी, स्थानीय सहकारीकर्मीहरू, नेफ्स्कून कर्मचारी लगायतको उपस्थिति रहेको थियो । उक्त टोलीद्वारा हेडौंटाका सदस्य संस्थाहरूमा डोर टु डोर कार्यक्रमको आयोजना गरी साकोसका गतिविधि, नेफ्स्कूनको सेवा प्रभावकारिताको अवस्था, संघ प्रतिको गुनासो लगायतका विषवस्तुहरूमा छलफल तथा अन्तरक्रिया भएको थियो ।




छलफलका क्रममा संघको तर्फबाट साकोसमा विद्यमान समस्याहरूको सामाधान गर्ने तथा भावि योजनामा साकोसका सुझावहरूमा रणनैतिक योजना बनाई नेफ्स्कूनका कार्यक्रम तथा सेवाहरूलाई अझ गुणस्तरीय र प्रभावकारी बनाउने प्रतिवद्धता व्यक्त गरिएको थियो ।

संघको नेतृत्वमा गएको दुई छुट्टा छुट्टै टोलीले डोर टु डोर कार्यक्रम अन्तर्गत हेटौंडामा सञ्चालित संजीवनी, साईराम, हेटौडा, श्रमिक, महिला मिलन, महिला सेवा, प्राकृतिक, महिला जनचेतना, महिला जनशक्ति, महामति, महिला जागरण, महिला आवाज, चौघडा, जनकल्याण, हातेमालो, सुरक्षित, परिवर्तन महिला, बागेश्वरी महिला, युवा, मकवानपुर नमुना, सुखसमृद्ध, पंचरत्न साकोसहरू र जिल्ला बचत तथा ऋण सहकारी संघ मकवानपुरसम्म पुगेको थियो ।

कार्यक्रम समापनको दिन बैशाख १३ गते कार्यक्रममा सहभागी सम्पूर्ण साकोसहरू, हेटौंडा उपमहानगरपालिकामा सञ्चालित २६ साकोसका प्रतिनिधिहरू लगायतको उपस्थितिमा पुन समीक्षात्मक कार्यक्रम भएको थियो ।

# ब्राण्डेड साकोसले सदस्यको व्यवसाय र तिर्न सक्ने क्षमताको आधारमा मात्रै ऋण दिन्छ



**रन बहादुर थापा**, व्यवस्थापक, जनउत्थान साकोस, रूपन्देही

चिया पसलको गन्थन.. ब्राण्डेड संस्थामा सदस्यहरूलाई अनुहार हेरेर ऋण दिन्छन् ।

सर्वसाधारण – "..... सहकारी ब्राण्डेड संस्था भन्छन तर त्यहाँ त अनुहार हेरेर ऋण दिन्छन् रे नि ?"

अर्को सहकारीकर्मी, "हो हो त्यहाँ त्यस्तै छ । मेरोमा आउनुस न मेरोमा त सबैलाई एकै नास ऋण सुविधा छ । कसैलाई भेदाभाव गरिन्न ।"

यस्ता चिया गफबाट सिकेको कुरा – के ब्राण्डेड सहकारीहरूले अनुहार हेरेरै ऋण दिएको हो त ?

हो सदस्यहरूलाई ऋण दिँदा कसैलाई पनि भेदाभाव गर्नु हुँदैन त्यसमा दुईमत छैन तर ऋण व्यक्तिलाई होइन व्यवसायलाई हो । व्यवसाय भनेको फरक फरक हुन सक्छ जस्ले तिर्न सक्ने क्षमता देखाउछ । हो वास्तवमा ब्राण्डेड सहकारीले पक्कै ऋण दिने बेलामा हेरेरै दिने हो तर अनुहार होइन उसको तिर्न सक्ने क्षमता हेरेर दिने हो । तिर्न सक्ने क्षमता नहेरी दिएको ऋणले सहकारी र सदस्य दुवैलाई डुबाउछ ।

वास्तवमा हेर्ने हो भने अहिले ब्राण्डेड सहकारीको भन्दा अन्य साधारण सहकारीको भाका नाघेको ऋण बढी हुनुको मुख्य कारण नै यही हो । सबै सदस्यहरूलाई आउनासाथ यति दिने भनेको छ त्यसैले ऋण दिएकोले उनीहरूको मासिक तिर्न सक्ने क्षमता हुँदैन जस्ले गर्दा किस्ता तिर्न नसकेर ऋणको भाका नाघ्छ । तर ब्राण्डेड सहकारीहरूमा सदस्यहरूको मासिक तिर्न सक्ने क्षमता हेरेर ऋण दिने गर्दछन जस्ले गर्दा भाका नाघेको ऋण कम हुन्छ । यहाँ मासिक तिर्न सक्ने क्षमता भनेको परिवारको मासिक आमदानीबाट सबै खर्च तथा भविष्यको योजनाको लागि बचत समेत कटाएर बचेको रकम नै उसको तिर्न सक्ने क्षमता हो । जस्तै कुनै परिवारको मासिक आम्दानी २५०००/– छ भने परिवार चलाउन र भविष्यको योजनाको लागि गर्ने बचत सहित १२०००/– मासिक खर्च छ भने त्यसको तिर्न सक्ने क्षमता भनेको १३०००/– हो । अब उसको त्यही रकमले मासिक तिर्दा कति वर्षमा कति ऋण चुक्ता गर्न सक्छ त्यसैको आधारमा ऋण प्रवाह गर्नु भनेको तिर्न सक्ने क्षमताको आधारमा ऋण दिनु हो । अझ यसरी तिर्न सक्ने क्षमता मात्र होइन अन्य चार कुराहरूको पनि विश्लेषण गरी ऋण दिनु पर्छ । त्यसैले ऋण स्वीकृत गर्नु अघि ५ सी विश्लेष्ण गर्नुपर्छ भनेको यहि हो । यहा ५ सी भनेको पहिलो सी को अर्थ Capacity to Pay (तिर्न सक्ने क्षमता), दोश्रो सी को अर्थ Character (चरित्र), तेश्रो सी को अर्थ Collateral (धितो), चौथो सी को अर्थ Condition (अवस्था), पाँचौ सी को अर्थ Capital Structure (पूँजीको बनावट) हो ।

अब सबै सहकारीहरूले यसरी ५ सी को विश्लेषण नगरिकन सबैलाई वरावर ऋण दिनु भनेको आँखा भएका र नभएकालाई नि:शुल्क फिल्म हेर्ने सुविधा दिए जस्तै हो । त्यसैले आँखा चिम्लेर हो हो भन्ने सहकारी अभियानकर्मीहरूले पनि यस बारे बुझ्नु जरूरी छ नत्र भने एक दिन आफैले खनेको खाल्डोमा आफै परिन्छ । समय छँदै सचेत होऔं र अरूलाई पनि सचेत गराऔं । अब हामी सबै मिलेर सदस्यहरूलाई तिर्न सक्ने क्षमताको विकासको लागि सदस्यहरूलाई क्षमतावान बनाउन पहल गरौं ।

यसरी क्षमता नहेरीकन दिएको ऋणले सदस्यलाई पनि गरिब बनाउँछ । सबै सदस्यहरू व्यवसायमा सफल हुन सक्छन् भन्ने कुनै ग्यारेन्टी हुँदैन । सबै सदस्यहरू व्यवसाय गर्न दक्ष र क्षमतावान हुन्छन् भन्न सकिन्न । केही सदस्यहरू ऋण पाए गरिहालौ न त भनेर आएका हुन्छन । पूर्व तयारी नगरिकन र व्यवसायिक योजना विना ऋण माग गर्छन् । जसले भोली उसले गर्न खोजेको व्यवसाय अनुभव र क्षमताको अभावले असफल हुन सक्छ जस्को दोषी सदस्य मात्र होइन हामी ऋण दिने सहकारी पनि हो । किनकी उसको पुरा विश्लेषण नगरिकन ऋण दिनु र उसको व्यवसायिक योजना विना सजिलो तरिकाले दिइएको ऋणलाई ऋणीले पनि त्यति महत्व नदिन सक्छ र व्यवसायमा हेलचेक्राई हुन सक्छ । दुख गरेर लिएको ऋण र आफ्नो पनि आर्थिक तथा भौतिक लगानी (पूँजी वा सिप अनुभव) भएको व्यवसायमा उसको पनि माया हुन्छ र दुख गर्न सिक्छ र सफल पनि हुन्छ होइन भने राजाको घोडा मेरो हिं हिं भने झै पाराले चलाउँदा भोली दुर्घट्ना हुन सक्छ । त्यसैले ऋण दिंदा ५ सी विश्लेषण अनिवार्य गरौ । गर्नका लागि होइन सहकारी र सदस्य दुवैलाई सुरक्षित राख्न गरौं ।

ऋण व्यक्तिलाई होइन व्यवसायलाई दिने चलनको शुरूवात गरौं ॥

# सहकारीकर्मीहरूद्वारा थाइल्याण्ड र भियतनामका बचत सहकारीहरुको अध्ययन




नेपालको बचत तथा ऋण सहकारी अभियानकर्मीहरूको एक टोलीले थाइल्याण्डको बैंकक र भियतनामका उत्कृष्ठ सहकारीहरुको शैक्षिक अध्ययन अवलोकन भ्रमण सम्पन्न गरेका छन् ।

२०१९ मे १० देखि १५ सम्म आयोजित उक्त अध्ययन भ्रमणमा नेफ्स्कूनका पूर्व सञ्चालक द्वय इन्द्रराज ज्योती पौडेल, खेम सापकोटा, नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत शिवजी सापकोटा, विकू बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष केशव सापकोटा, सञ्चालक समिति, लेखा समिति लगायत उच्च व्यवस्थापनका कर्मचारीहरू, कल्याणकारी साकोस, सामुदायीक साकोस, चन्द्रागिरी साकोस, जनउत्थान साकोस, कोलिय साकोस, पाँचतारा साकोस लगायत अन्य केही बचत तथा ऋण सहकारी संस्थाका व्यवस्थापकहरू सहितको टोली सहभागी भएको थियो ।

एशियाली स्तरको (एक्सेस) ब्राण्ड प्राप्त गर्न सफल नेपालका बचत तथा ऋण सहकारी संस्थाका प्रतिनिधि सम्मिलित उक्त टोलीले बैंकक र भियतनामको क्रेडिट युनियन मुभमेन्ट, क्रेडिट युनियनमा नयाँ प्रविधिको प्रयोग विधि र बचत तथा ऋण सहकारी संस्थाको सदस्य सेवा प्रभावकारीता विधिको सम्बन्धमा अध्ययन अवलोकन गरेका थिए ।

थाइल्याण्डको सहकारी

शैक्षिक अध्ययनका क्रममा पचन्द्रागिरी साकोसका प्रमुख कार्यकारी अधिकृत कृष्ण कुमार श्रेष्ठले आज भन्दा ४७ वर्ष अगाडि स्थापना भएको थाइल्याण्डको St. Peter Credit Union Cooperative Ltd. को अध्ययन अवलोकन गर्ने अवसर प्राप्त भएको र थाइल्याण्डकै उत्कृष्ठ यस सहकारीको कूल सम्पत्ती झण्डै १२ खरब रूपैयाँ रहेको, संस्थाले सदस्यहरूलाई विभिन्न हितकारी कार्यक्रमहरू मार्फत जन्मदेखि मृत्युसम्म साथ र सहयोग



पुऱ्याउँदै आएको कुरा जानकारी गराउनुभयो । उहाँले थाइल्याण्डको सवैभन्दा उत्कृष्ठ संस्था हुनुको बलियो पक्ष नै संस्थाको भाखा नाघेको ऋण पूर्ण रूपमा नियन्त्रित अवस्थामा रहनु नै प्रमुख पक्ष रहेको बताउनुभयो ।

शैक्षिक अध्ययनमा सहभागी उक्त टोलीले बचत तथा ऋण सहकारी संस्थामा प्रविधि प्रयोगमा एकरूपता र संस्थागत विकासका लागि बैंकक र भियतनामका प्रारम्भिक क्रेडिट युनियन, राष्ट्रिय सहकारी बैंक र क्रेडिट युनियन फेडेरेसनको मोडालिटीको बारेमा छलफल तथा अध्ययन अवलोकन गर्नुभएको थियो ।

# सहकारी मार्फत समृद्धिको यात्रा सम्भव



**रन्जीत अर्याल,** व्यवस्थापक, श्री बज्रवाराही साकोस, थाहा न.पा. ६, बज्रवाराही, मकवानपुर

नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सहकारी बिभागको तथ्यांक अनुसार नेपालमा हाल ३४,५१२ वटा सहकारी संस्थामा ६३,०५,५८१ सदस्य आवद्ध छन् भने ६०, ५१७ जना प्रत्यक्ष रोजगारीमा संलग्न छन् । सहकारी क्षेत्रमा रहेको जनसंख्याको ठूलो हिस्सा सहकारी मार्फत आर्थिक, सामाजिक र सांस्कृतिक सवलताको पक्षमा स्वयंसेवीको भूमिकामा खटिरहेका छन् ।

सहकारीको पहुँच प्रत्येक समुदायमा छ, सुगमदेखि दुर्गमसम्म भन्ने कुरा तथ्यांकमा देखिन्छ । आज सबै क्षेत्र कृषि, उद्योग, व्यापार व्यवसाय, पर्यटनमा सहकारीको उपस्थिति प्रभावकारी बन्दै गइरहेको छ । सहकारीको संख्यात्मक बृद्धि सँगै आज यसको गुणात्मक र दीगो संस्थागत विकासका लागि सोच्नुपर्ने आवश्यकता सृजित भएको छ । के साचै सबै सहकारी संस्था सहकारी मुल्य मान्यता र सिद्धान्तमा सञ्चालित छन् त ? सहकारी मार्फत नेपाललाई कसरी सम्मृद्ध बनाउन सकिन्छ । यस विषयमा सोच्नुपर्ने आवश्यकता देखिन्छ ।

विश्वका धेरै राष्ट्रहरू सहकारी मार्फत सम्मृद्ध र सम्पन्न भएका छन । नेपाललाई पनि समृद्ध र समुन्नत राष्ट्र बनाउनमा सहकारी क्षेत्रको भूमिका मत्वपूर्ण रहनेमा कसैको दुई मत छैन । नेपालको संविधान २०७२ ले पनि आर्थिक विकासका प्रमुख तीन खम्बामध्ये सहकारीलाई प्रमुख एक खम्वाको रूपमा उल्लेख गरेको छ । आज सहकारी संस्थाहरू प्रत्येक समुदायमा स्थापना भई रहदा सबै संस्थाको उद्देश्य एउटै हुँदा हुँदै पनि सबै सहकारीहरूले मुल्यमान्यता मर्म अनुसार काम गर्न सकेको देखिदैन ।

समृद्धीको यात्रा सहकारी मार्फत गर्न सहकारी संस्थाहरूले सर्बप्रथम गर्नुपर्ने काम भनेको सदस्यलाई सहकारी शिक्षा दिई सहकारी भनेको समुदायमा बसोबास गर्ने मानिसहरूलाई आर्थिक, सामाजिक र सांस्कृतिक रूपमा उत्थान गर्ने उद्देश्यले खोलिएको संस्था हो, भन्ने कुरा आम सदस्य र सर्वसाधारणमा बुझाउन आवश्यक देखिन्छ । सहकारी एउटा सामुदायमा आधारित संस्था हो, जुन सदस्य केन्द्रित हुन्छ, जहाँ सदस्य भनेका मालिक हुन किनकी सबै सदस्यको संस्थामा लगानी हुन्छ भने त्यही सदस्य अन्य बैंक वितीय संस्थामा ग्राहक मात्र हुन्छ, ग्राहक र मालिकको भूमिका, महत्व बुझाउन आवश्यक छ । जसले सदस्यको चेतनाको स्तरमा त वृद्धि हुन्छ नै संस्थाको पनि संस्थागत विकासमा ठूलो भूमिका खेल्छ, यसैगरी वितीय साक्षरता के हो, कसरी हामी वितीय रूपमा साक्षर बन्ने, कसरी धेरै आम्दानी गर्ने, कसरी त्यसको प्रयोग गर्ने, कसरी हाम्रा अनावश्यक खर्च कटौती गरी बचतलाई जोड दिने र भविष्यमा आर्थिक र मानसिक रूपमा बचत मार्फत समृद्ध सक्षम बन्ने भन्ने कुरा बुझाउन आवश्यक छ, "बचत भनेको बचाएर चलाउने तरिका हो" बचतको अर्थ बचत खातामा पैसा जम्मा गर्नुमात्र होईन, यो त जहाँ तही लागुहुने कुरा हो । तपाईले सबैतिर लागुगर्न सकिने सुत्र हो बचत । ऋणको सदुपयोगिता कसरी गर्ने, ऋणका जोखिमहरू के के हुन, यो कसरी भुक्तानी गर्ने, कसरी व्यवसायको वृद्धि र विकासमा उच्चतम सदुपयोग गरी ऋणको माध्यमबाट समृद्धिको मार्ग कोर्ने भन्ने बुझाउनु आवश्यक छ । कसरी सदस्यलाई समक्ष बनाउने भन्ने किसिमको योजना सहित अघि बढ्नुको विकल्प छैन । सदस्यलाई उत्पादनशील क्षेत्रमा लगाई कुल ग्राहस्थ उत्पादनमा वृद्धि गरी व्यापार घाटा कम गर्न सकिन्छ । अब सहकारी संस्थाले सबै क्षेत्रमा उपस्थिति मात्रै हैन त्यस्ता क्षेत्रमा सहकारीको बर्चस्व कायम गर्न सक्नुपर्छ । संस्थामा आवद्ध सदस्यहरूलाई सिपमुलक तालिम प्रदान गरी आयआर्जनका अन्य बाटोहरू पहिल्याउनुपर्छ भने त्यो सिपको प्रयोगबाट उत्पादित वस्तु तथा सेवाको बजारीकरणको माध्यम पनि सहकारी संस्था बन्नुपर्छ, जसले गर्दा सदस्यले विना संकोच वस्तु तथा सेवाको उत्पादन गर्नसक्छन् । सम्भावित क्षेत्रमा लगानी गरी त्यस्ता क्षेत्रमा सहकारीले गुणात्मक सुधार ल्याउनुपर्छ । कृषि, पर्यटन, उद्योग, व्यवसाय सबै तिर यसरी काम गर्न सकियो भने सहकारी मार्फत समृद्धीको यात्रामा नेपाललाई लैजान सकिन्छ ।

आज नेपालको अवस्था हेर्दा कुल ग्राहस्थ उत्पादनमा ठूलो योगदान रहेको विप्रेषणको पैसा जताबाट आयो त्यतै गईरहेको तथ्यांकले देखाउँछ ।

विप्रेषणको ठूलो हिस्सा बिलासिताको वस्तु तथा सेवा मार्फत बाहिरै गएको देखिन्छ, जसले गर्दा नेपालीले विदेशमा रगत र पसिना गरी कमाएको पैसाले देश चल्न त चलेको हुन्द तर दीगो हुन सक्दैन भने अर्का तिर त्यही नेपालीले विदेशमा कमाएको पैसा विदेशी वस्तु तथा सेवा मार्फत विदेश तिरै गईरहदा त्यी देशहरू मात्र समृद्ध बन्दैछन् । अब सहकारी मार्फत स्वदेशमै विदेशी वस्तुसँग प्रतिपर्धा गर्नसक्ने वस्तु तथा सेवाको उत्पादन गर्नुपर्छ । युनाईटेड नेशनको सन् २०१८ को तथ्यांक अनुसार नेपालमा ८०० भन्दा बढी थरिका वस्तु तथा सेवामा आयात गरी रू १६ खर्ब ५९ अर्ब ४८करोड ७५ लाख बराबरको रकम जुन नेपालको वार्षिक बजेट भन्दा बढी छ, नेपालबाट बाहिरिएको तथ्यांकले देखाउछ । अब साचै समृद्ध बन्ने हो भने सहकारीले यस्ता तथ्यांक सदस्यलाई देखाएर बुझाउन आवश्यक छ, स्वदेशी वस्तुको उत्पादन र उपभोगमा सहकारी संस्थाले प्रवर्द्धन गर्नु आवश्यक छ । जसले नेपाली उत्पादनमा वृद्धि गरी आयातलाई प्रतिस्थापन र निर्यातमा वृद्धि गर्न सहयोग पुग्छ । यति गर्न सकियो भने नेपाललाई सहकारी मार्फत समृद्धिको यात्रामा अघि बढाउन सकिन्छ कि ।

# सिन्धुलीमा लघुवित्त तथा उद्यमशीलता विकास गोष्ठी

नेफ्स्कूनको आयोजना, कमलामाई नगरपालिका सिन्धुलीको सह-आयोजना, उद्योग वाणिज्य संघ सिन्धुलीको सहयोग र जिल्ला बचत तथा ऋण सहकारी संघ सिन्धुलीको व्यवस्थापन सहयोगमा सिन्धुलीमा एक दिवसीय सहकारी मार्फत लघु वित्त तथा उद्यमशीलता विकास विषयक कार्यशाला गोष्ठी फागुन २६ गते सम्पन्न भएको छ ।




"साकोस मारफत समाबेशी आर्थिक विकास र जीवनस्तर परिवर्तन भन्ने मुल नाराका साथ आयोजित उक्त गोष्ठीमा रामेछाप, चरिकोट, नवलपरासी, मकवानपुर, सर्लाही, महोतरी, धनुषा र सिन्धुली जिल्लाका विभिन्न साकोसका सञ्चालक समितिका सदस्य, साकोसका सदस्यहरू एवं सहकारी अभियन्ताहरू र उद्योगी व्यवसायीहरू सहित १६६ जनाको सहभागिता रहेको थियो ।

नेफ्स्कूनका सञ्चालक सदस्य तथा लघुवित्त तथा उद्यमशीलता उपसमितिका संयोजक चन्द्राकुमारी खड्काको अध्यक्षतामा आयोजित गोष्ठीको उद्घाटन प्रदेश सभा सांसद विनोद खड्काले गर्नुभएको थियो ।

प्रमुख अतिथि एवं प्रदेश सांसद खड्काले सहकारी संस्थाहरूमा सुशासन कायम गर्न र सहकारीमा देखिएका समस्याहरूको समाधान गर्न सबै पक्ष एकजुट भएर लाग्नुपर्ने बताउँदै सहकारीमा संकलित पूँजी उत्पादनशील क्षेत्रमा परिचालन गर्नुपर्ने र सदस्य र सदस्यका परिवारलाई उद्यम तथा सिप विकासका तालिम प्रदान गर्नुपर्ने विषयमा जोड दिनुभएको थियो ।

कार्यक्रममा विशिष्ट अतिथि, अतिथिहरूमा कमलामाई नगरपालिका सिन्धुलीका मेयर खड्ग खत्री, नेफ्स्कूनका बरिष्ट उपाध्यक्ष परितोष पौड्याल, कोषाध्यक्ष केशव प्रसाद पोखरेल, सञ्चालक सदस्य गोमा नेपाल, राष्ट्रिय सहकारी बैंकका सञ्चालक सदस्य ध्रुव नारायण यादव, सर्लाही जिल्ला बचत संघका अध्यक्ष बाबुराम घिमिरे, सिन्धुली जिल्ला बचत संघका अध्यक्ष विमला श्रेष्ठ लगायत केन्द्रीय दुग्ध सहकारी संघ, केन्द्रीय उपभोक्ता सहकारी संघका अध्यक्ष रहनुभएको थियो ।

गोष्ठी उद्घाटन सत्रलाई संवोधन गर्दै संघका बरिष्ठ उपाध्यक्ष परितोष पौड्यालले साकोसहरूले नीति, विधि र प्रविधिमा एकरूपता कायम गर्दै दीगो संस्थागत विकासका लागि साकोसको पूँजी उद्यम विकासमा परिचालित हुनुपर्ने बताउनुभयो ।

संघका कोषाध्यक्ष केशव प्रसाद पोखेलले अब बचत तथा ऋण सहकारीले बचतको कारोवार मात्रै गर्ने हैन उत्पादनका सम्भावित क्षेत्रहरू पहिचान गरी समुदायको संकलित पूँजीको परिचालन गरेर स्थानीय उत्पादन र रोजगारी सिर्जना गर्न तर्फ ध्यान दिनुपर्ने बताउनुभयो ।

सहकारीमार्फत लघु वित्त तथा उद्यमशीलता विकास विषयक कार्यपत्र नेफ्स्कूनका सदस्य सेवा विभाग प्रमुख दुर्गाप्रसाद ढकालले प्रस्तुत गर्नुभएको थियो । सहकारी मार्फत उद्यमशीलता विकासका अनुभव तथा जीवन भोगाइको सम्बन्धमा सहभागी सदस्य पार्वती खड्का, बिमला खड्का थापा, निर्मल रानामगर लगायतका लघु उद्यमी सदस्यहरूले आफ्ना धारणा प्रस्तुत गर्नुभएको थियो ।

❑ ❑ ❑

# सामुदायिक साकोसका सञ्चालकहरुको क्षमता अभिवृद्धि तालिम



सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.पनौती ४ टौखालले आफ्ना नवनिर्वाचित सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिका सदस्य तथा कर्मचारीहरूका लागि ४ दिवसीय क्षमता अभिवृद्धि तालिम CUDCC चैत्र ८ गते सम्पन्न गरेको छ ।

तालिम कार्यक्रमको उद्घाटन नेफ्स्कूनका अध्यक्ष डी.बी. बस्नेतले गर्नु भएको थियो । उद्घाटन सत्रमा बोल्दै अध्यक्ष बस्नेतले साकोस अभियानको सुदृढीकरणका लागि साकोस सञ्चालकहरूको भूमिका महत्वपूर्ण रहने बताउँदै क्षमता विकासले नै अभियानलाई दीगो र सबल बनाउन सकिन्छ, यसका लागि हामी सबै नै एकसाथ छौं भन्नुभयो । नयाँ टीम बनेको छ, अभियानप्रति यहाँहरूको साथ र सहयोगको पूर्ण विश्वासका साथ सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभयो ।

उक्त उद्घाटन कार्यक्रममा संस्थाका संस्थापक अध्यक्ष तथा प्रमुख सल्लाहाकार शम्भुलाल श्रेष्ठ, पूर्व अध्यक्ष दीपक थापा लगायतले मन्तव्य राख्नु भएको थियो ।

तालिममा नेफ्स्कूनका प्राचार्य संजयराज तिमिल्सना र बरिष्ठ कार्यक्रम अधिकृत बल्लभ तिमल्सिनाले सहभागीहरूलाई अन्तरक्रियाका माध्यामबाट ज्ञान सिप र धारणाको विकास गराउनु भएको थियो ।

तालिमका सहभागीहरूलाई राष्ट्रिय सहकारी बैंकका अध्यक्ष के.बी. उप्रेतीले तालिम प्रमाणपत्र प्रदान गर्नुभएको थियो । तालिम समापनका क्रममा बोल्दै अध्यक्ष उप्रेतीले तालिममा सिकेका कुराहरूलाई व्यवहारमा उर्तान सकेमात्र तालिमको सार्थकता हुनेकुरा व्यक्त गर्दै सहयोग, सहकार्य र अभिभावकको भूमिका निर्वाह गर्न आफुहरू तत्पर रहेको बताउनुभयो ।

---

# साकोस जोखिम विश्लेषण कार्यशाला

## गुणस्तर सुनिश्चितता कार्यक्रममा सहभागी हुने प्रतिवद्धता

नेफ्स्कून फिल्ड कार्यालय ईटहरी, सुनसरीको आयोजना तथा नेपाल सरकार सहकारी विभागको सहयोगमा सुनसरी जिल्लाको धरानमा फागुन १४ गते आयोजित एक दिने साकोस जोखिम विश्लेषण कार्यशालामा (SARAW) धरानका साकोसहरूले संघले सञ्चालन गरेको गुणस्तर सुनिश्चितताका कार्यक्रमहरूमा सहभागी हुने सामुहिक प्रतिवद्धता व्यक्त गरेका छन् ।



संघका कोषाध्यक्ष केशव प्रसाद पोखरेलको प्रमूख आतिथ्यतामा सम्पन्न कार्यक्रममा धरानमा सञ्चालित सत्ताइस वटा बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष तथा व्यवस्थापकहरूको सहभागिता रहेको थियो । कोषाध्यक्ष पोखरेलले गुणस्तर सुनिश्चितताका लागि नेपाल सरकार र अभियानको सहकार्यको कारण अभियानमा विद्यमान जोखिमहरू न्यूनीकरण मार्फत सदस्य साकोसहरूको क्षमता विकासमा सहयोग पुग्ने बताउनु भयो । वित्तीय अनुशासनको प्रत्याभुति मार्फत नेपालको साकोस अभियानलाई दीगो बनाउन संघले शुरू गरेका कार्यक्रमहरूमा सदस्यहरूको सहभागिताले बल पुगेको बताउनु भयो ।

जोखिम विश्लेषण कार्यशालाले संघको गुणस्तर सुनिश्चितताको कार्यक्रममा सहभागी नभएका सदस्य साकोसहरूको सामुहिक रूपमा जोखिम परीक्षण गरी सुरक्षित रूपमा अगाडि बढ्ने रणनीति निर्माणका लागि सहकारी विभाग समेतको सहभागितामा अद्यावधिक गरिएको साकोस शिघ्र जोखिम परीक्षण मार्ग निर्देशिका बमोजिम सञ्चालन हुँदै आएको छ । यसबाट सदस्य साकोसहरूमा विद्यमान जोखिम पहिचान आफै गरी स्व विकासका कार्यक्रमहरू सञ्चालन गर्न सदस्य साकोसहरूलाई सहज भएको छ ।

कार्यक्रममा सहभागी सबै साकोसहरूले आगामि चैत्र ११ गते सामुहिक रूपमा प्रोबेशन वा कर्वस् कार्यक्रममा सहभागी हुन सम्फौता गर्ने कार्ययोजना सहित कार्यक्रम सम्पन्न भएको थियो ।

# काठमाडौंमा साकोस जोखिम व्यवस्थापन अन्तरक्रिया




चावहिलस्थित स्पष्ट बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आयोजना र नेफ्स्कूनको प्राविधिक सहयोगमा काठमाडौंका बचत तथा ऋण सहकारी सस्थाहरूको उल्लेख्य सहभागिता सहित जोखिम व्यवस्थापन सम्बन्धी अन्तरक्रिया चैत्र २ गते सम्पन्न भएको छ ।

कार्यक्रमको उद्घाटन नेफ्स्कूनका बरिष्ठ उपाध्यक्ष परितोष पौड्यालले गर्नुभएको थियो । उद्घाटन सत्रमा बोल्दै बरिष्ठ उपाध्यक्ष पौड्यालले सबै बचत तथा ऋण सहकारी संस्थाहरूमा जोखिम विद्यमान छ, जोखिमको मात्रा र स्वरूप फरक हुन सक्छ, त्यसलाई हामीले समयमै पहिचान गरी समाधानको निम्ति पहल गर्न ढिलाई गर्न नहुने बताउनुभयो । समृद्ध राष्ट्र र समुन्नत नागरिक निर्माणको अभियान वित्तीय अवसर, वित्तीय पहुँच र प्रविधिको सहकार्य मार्फत सदस्यहरूको गुणस्तरीय जीवन र संस्थाको दीगो विकास सम्भव हुने भएकोले बचत तथा ऋण सहकारी संस्थाहरू एकै नीति, विधि र प्रविधिमा सञ्चालन हुनुपर्नेमा जोड दिनुभएको थियो ।

बचत तथा ऋण सहकारी संस्थाहरूमा जोखिमको पहिचान, जोखिम समाधानका विधि, जोखिम विश्लेषण र व्यवस्थापनका सम्बन्धमा संघका सदस्य सेवा विभाग प्रमुख दुर्गा प्रसाद ढकालले प्रस्तुतिकरण गर्नुभएको थियो ।

कार्यक्रममा कास्कूनका निवर्तमान अध्यक्ष केशव प्रसाद दंगाल, कास्कूनका सचिव सालिक राम पुडासैनी, आयोजक साकोसका अध्यक्ष, पदाधिकारी, कर्मचारी लगायत काठमाडौंका १७ बचत तथा ऋण सहकारी संस्थाहरूबाट ३१ जना साकोस प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

सहकारी क्षेत्र सुदृढीकरण/संस्थागत सुशासन प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि नेफ्स्कूनले काठमाडौं लगायत देशव्यापी रूपमा साकोस अनुगमनको कार्य समेत शुरू गरेको छ ।

❑ ❑ ❑

# भुकम्पको पीडा र सहकारीको प्रेरणाबाट उद्यमी



**छत्र प्रसाद धमला**

सुर्खेत फिल्ड कार्यालय प्रमुख
नेफ्स्कून



२०७२ बैशाख १२ गतेको विनासकारी भुकम्पले हामी सवैलाई  ठूलो पीडा दियो । यो विनासकारी भुकम्पपछि धेरै जिल्लाहरू प्राभावित भए । धेरै मानिसहरू घरवार विहिन बने भने धेरैले ज्यान गुमाउन पुगे । घरबास उठेपछि सवैजना ओत लाग्ने छानो बनाउने चिन्तामा थिए । त्यसका लागि नेपाल सरकार तथा अन्य सहयोगी संस्थाहरूको सहयोगमा पुनः निर्माणको काम विस्तारै सुरू हुने क्रम अगाडि बढ्यो ।  सोही समयमा कर्णाली प्रदेशको सुर्खेत जिल्ला अन्तरगर्त गुर्भाकोट नगरपालिकाका ५ जना युवा समूहले भुकम्प रहित इटा उद्योग स्थापना गर्ने सोच बनाएका रहेछन् । इटा उद्योग सञ्चालनका लागि यी ५ युवाहरू गणेश कुमार चन्द, घनश्याम ओली, दिपेश शर्मा, बम बहादुर पुन मगर र मन्जु पुनको सक्रियतामा एक सञ्चालक समिति गठन गरे । इटा उद्योगका अध्यक्ष गणेश कुमार चन्द जनजागरण साकोसका व्यवस्थापक पनि हुन् । गुर्भाकोटस्थित जनजागरण साकोस र नमुना साकोसबाट ऋण लिएर उनीहरूको यस समूहले धेरै खाले प्रविधिहरूको प्रयोग गरी भुकम्प प्रतिरोधी संरचनाहरूको निर्माण गर्न थाल्यो ।




भूकम्प प्रतिरोधी ईट्टा उद्योग सञ्चालन सम्बन्धमा उद्योगका अध्यक्ष चन्द आफ्नो अनुभव यसरी व्यक्त गर्नुहुन्छ,  शुरूमा हामीले  CSEB (Compressed Stablized Brick Earth) प्रयोग गरी निर्माण गर्न सकिने भुकम्प प्रतिरोधी संरचनाहरूको बारेमा जानकारी लियौ । यो इन्टरलकिङ्ग ईट्टा भुकम्प प्रभावित जिल्लाहरू गोरखा, धादिङ, काभ्रे लगायतका जिल्लामा पुन : निर्माणका लागि प्रयोग गरेको पाइयो, जुन पोलेको ईट्टाभन्दा बलियो, प्लाष्टर गर्नु नपर्ने तथा यसमा रहेको इन्टरलकिङ्ग प्रविधिले थोरै मात्र छड प्रयोग गरेर पनि भुकम्प प्रतिरोधी घर निर्माण हुने र लागत पनि ३०% सम्म कम लाग्ने पाइयो । यो इन्टरलकिङ्ग ईट्टामा स्थानीय कच्चा पदार्थको प्रयोग हुने तथा स्थानीय जनशक्तिको प्रयोग गर्न सकिने र यो इन्टरलकिङ्ग ईट्टा वातावरण मैत्रि भएकोले स्थानीय स्तरमा उत्पादन सुरू गर्नका लागि प्रक्रिया अगाडि बढायौं । जसका लागि हामीले विभिन्न सामाजिक संजालको माध्ययमबाट यो ईट्टा उत्पादन गर्न प्रयोग गरिने मेसिन तथा उपकरणहरू उपलब्ध गराउन सक्ने संस्थाको खोजीमा लाग्यौं । त्यसै क्रममा हामीले Build Up Nepal नामको संस्थासँग समन्वय गरी शुरूमा विधिवत् रूपमा ठेगाना गुर्भाकोट-१२, सुर्खेतमा रहने गरी भेरी आवास प्रा. लि. नामको कम्पनी दर्ता गर्‍यौं। जसमा लगानीको

लागि जनजागरण साकोसबाट २० लाख र नमुना साकोसबाट रू ५ लाख तथा प्रत्येक शेयर सदस्यबाट थप ३ लाख गरी जम्मा रू ४० लाखको लगानी जुटाइयो । त्यसपछि Build Up Nepal मार्फत मेसिन खरिद तथा अन्य तालिम लिई २०७५ मंसिर १४ देखि विधिवत् रूपमा उत्पादन शुरू गर्‍यौं । पोलेको रातो ईट्टा प्रयोग गरिरहेको यो परिवेशमा हाम्रो ईट्टाको बजार बढाउनु वास्तवमै चुनौती थियो । तर पनि स्थानीय स्तरमा तथा न.पा. स्तरीय अन्तरक्रिया कार्यक्रम गरी हामीले यो ईट्टाको उपयोगिताका बारेमा छलफल गर्‍यौं । त्यस पश्चात् मानिसहरूलाई यसको बारेमा जानकारी भयो र यस ईट्टाप्रति मानिसको आकर्षण बढ्न थाल्यो । २०७५ माघ महिना बाट उत्पादन सुरू गरेको ३ महिनाको छोटो अवधिमा अहिले हामीले १५ भन्दा बढी घर निर्माणका लागि इट्टा उपलब्ध गराइसकेका छौं करीब ३० हजार भन्दा बढी इटा उत्पादन गरी ८ लाख भन्दा बढीको बिक्री गर्न सफल भएका छौं भने एक महिना पछिसम्मको उत्पादन हुने ईट्टा बुक भएको छ । ज-जसले हाम्रो ईट्टा प्रयोग गरी घर निर्माण गर्नुभयो, उहाँहरू कम लागतमा निर्माण भएको बलियो घरमा बस्न पाउँदा सन्तुष्ट हुनुहुन्छ । उहाँहरू मार्फत नै हाम्रो ईट्टाको बारेमा सकारात्मक सन्देश पुगेका कारण हामीले विज्ञापनका लागि अतिरिक्त खर्च गर्नुपरेको छैन । यसको माग स्थानीय स्तरमा उच्च छ । साथै हाल प्रत्यक्ष रूपमा ६ जनालाई प्रत्यक्ष रोजगारी श्रृजना गर्न सफल भएका छौं र अप्रत्यक्ष रूपमा स्थानीय व्यापारी, ट्याक्टर, जे.सि.वि., घर निर्माणका लागि मिस्त्री, लेवर आदिलाई समेत रोजगारी दिई वैदेशिक रोजगारीमा जान विवश युवाहरूलाई स्वदेशमानै स्वरोजगार गराउन सफल भएको छौं । भुकम्प प्रतिरोधी यस प्रविधिको प्रयोग गरी संरचना निर्माणमा सहयोग गर्न पाएकोमा हामी अत्यन्तै खुसी छौं ।

छोटो समयमा राम्रो सफलता मिलेपछि यतिवेला उनीहरूमा धेरै हौसला बढेको छ । ५ जनाको साझेदारीमा सञ्चालन भएको भेरी आवाश प्रालिका २ जना सञ्चालक जनजागरण साकोस र १ जना नमुना साकोसका कर्मचारी हुन् । अर्को १ जना व्यापारी हुन भने एक जना भेरी आवास प्रालिमा कर्मचारी प्रमुखको रूपमा काम गरिरहेका छन् । सहकारी संस्थामा लामो समय काम गरेको र सामुहिक व्यवसायमा विश्वास प्राप्त भएकै कारण यस उद्योगको शुरूवात गर्ने हौसाला मिलेको उनीहरू बताउँछन् । उनीहरू अब लगतै टायल, होम पाईप विजुलीको पोल उत्पादन गर्ने उद्योग समेत सञ्चालन गर्ने तयारीमा रहेका छन् । उनी भन्छन्, हाम्रो उद्देश्य भनेको कम लागतमा भुकम्प रहित संरचना निर्माण र युवाहरूलाइ रोजगारी सिर्जना गर्ने रहेको छ । योजनामा रहेका बस्तुको उत्पादन गर्न सकेको खण्डमा हामीले ५० जना लाई प्रत्यक्ष रोजगारी दिन सक्छौ । साथै स्थानीय युवालाई स्वरोजगार वनाउने लक्ष्यका साथ हामीलाई कर्जा लगानी गर्ने जनजागरण साकोस गुर्भाकोट १२ र नमुना साकोस गुर्भाकोट ८ लाई आभार व्यक्त गर्दै भविष्यमा पनि सहकारी मार्फत युवा उद्यमशीलता श्रृजना गर्न सहयोग गरिने अपेक्षा राखेका छौं । यसका साथै उक्त कार्य गर्न हौसाल प्रदान गर्ने साथीहरू, आफन्तजन लाई धन्यवाद दिन चाहान्छौ "। सहकारीलाई कर्मथलो बनाएर पनि एउटा सफल युवा उद्यमी समूह निर्माण गर्ने उद्देश्य बोकेर आज यो ५ जनाको युवा समूहले समुदायमा उदाहरणीय काम गरेको छ भने हजारौं मानिसहरूलाई बलियो आवाश निर्माणको लागि योगदान पुर्‍याएको छ । उद्यमी युवा हातहरूलाई रोजगारी दिएको छ । समुदायको श्रम, सिप र पूँजीको परिचालन समुदाय मार्फत नै गराएर स्थानीय विकासमा महत्वपूर्ण टेवा पुगेको छ । सहकरीमार्फत समुदायको आर्थिक, सामाजिक रुपान्तरणमा लाग्ने सपना बोकेर अगाडि बढेका युवाहरूका लागि यो अध्ययन सामग्री प्रेरणाको स्रोत बन्ने विश्वास छ ।







हाम्रो उद्देश्य भनेको कम लागतमा भुकम्प रहित संरचना निर्माण र युवाहरुलाइ रोजगारी सिर्जना गर्ने रहेको छ ।

# १० बुँदे घोषणा पत्र जारी गर्दै दोलखा बृहत सहकारी सम्मेलन २०७६ सम्पन्न




सहकारी अभियानको आगामी कार्य दिशा, आर्थिक रूपान्तरणका लागि उद्यमशीलता भन्ने नारा सहित दोलखामा आयोजित बृहत सहकारी सम्मेलन १० बुँदे घोषणापत्र जारी गर्दै शनिबार सम्पन्न भएको छ ।

सहकारीमा स्थानीय सरकारको आवधिक नीति तथा लक्ष्यलाई योगदान पुग्ने गरी सहकारी क्षेत्रको तीन वर्षे मध्यमकालीन कार्यदिशा तय गर्ने उद्देश्य सहित जिल्ला सहकारी संघ र जिल्ला बचत तथा ऋण सहकारी संघ दोलखाको संयुक्त आयोजना सम्मेलन सम्पन्न भएको हो । दोलखा जिल्लामा सहकारीको उत्पादन तथा सहकारी गतिविधिहरूको बृहत प्रदर्शनी सहित पहिलो पटक आयोजित सम्मेलन सहकारीकर्मीहरूको उत्साहजनक सहभागितामा सफलतापूर्वक सम्पन्न भएको छ ।

सम्मेलनले उद्यमशीलता मार्फत आर्थिक समृद्धिमा योगदान गर्न अन्तर सहकारी र स्थानीय तहबीच साझा बुझाई र सहमति विकास गरी आगामी दिनमा ठोस् योजनाका साथ अगाडि बढ्ने लक्ष्य सहित सहकारी उद्यमशीलता मार्फत आर्थिक समृद्धिका लागि दोलखा घोषणापत्र २०७६ जारी गरेको छ ।

सम्मेलन उद्यमशीलता, आर्थिक समृद्धि, सहकारी सुशासन तथा सहकारी र स्थानीय तह साझेदारीका लागि विद्यमान कानूनी, नीतिगत तथा व्यवस्थापकीय सवालहरू पहिचान गरी सो को प्राथमिकताका साथ कार्यन्वयन गर्ने, उद्यमशीलता र सहकारी सूचना व्यवस्थापन सम्बन्धी जिल्लास्तरीय डिजिटल प्रविधि विस्तारको काम अघि बढाइने लगायतका विषयमा केन्द्रित रहेको जिल्ला सहकारी संघ दोलखाका अध्यक्ष हेमन्त चौलागाईले बताउनुभयो ।

सम्मेलनमा दोलखा जिल्लामा सहकारी विकासको वर्तमान अवस्था, दोलखामा सहकारी उद्यमशीलता वर्तमान अवस्था र भविष्यको बाटो, सहकारी व्यवस्थापन र उद्यमशीलतामा स्थानीय सरकारको भूमिका, संघीय संरचनामा सहकारी संगठन कानूनी व्यवस्था र विकास नीतिहरू, दीगो विकास लक्ष्य प्राप्तिका लागि सहकारी क्षेत्रको कार्ययोजना, सहकारी विकासमा जनशक्ति व्यवस्थापन सक्षम नेतृत्व, दक्ष कर्मचारी र सुशासन, आर्थिक रूपान्तरण र उद्यमशीलताका लागि सहकारी नेतृत्व लगायतका ६ विषयबस्तुमा कार्यपत्र प्रस्तुतीकरण भएको थियो ।



# सहकारी उद्यमशीलतामार्फत आर्थिक समृद्धिका लागि

## दोलखा सहकारी घोषणापत्र २०७६

### २८ बैशाख २०७६, चरिकोट दोलखा

दोलखामा मूलतः विगत २७ वर्षदेखि विकास हुँदै आएको सहकारी अभियानले संगठन र पूँजी निर्माणमा सशक्त भई आर्थिक, सामाजिक विकासमा उत्साहजनक उपलब्धीरू हासिल भएका छन् । यो अवधिमा प्राप्त भएका उपलब्धीहरु निरन्तर विकासको गतिमा भए तापनि सामर्थ्य र अवसरहरूको तुलनामा गरिबी निवारणको क्षेत्रमा अपेक्षाकृत नतीजा हासिल हुन सकिरहेको छैन । यो अवस्थालाई आत्मसात गर्दै अबका दिनहरूमा सहकारी उद्यमशीलताको माध्यमबाट आर्थिक समृद्धि हासिल गर्न सहकारी पुनर्जागरणका साथ अघि बढ्ने उद्देश्यसहित मिति २७(२८ बैशाख २०७६ मा दोलखा जिल्लाको भीमेश्वर नगरपालिकाको केन्द्र चरिकोट बजारमा आयोजित दोलखा बृहत सम्मेलनमा आयोजक संस्था जिल्ला सहकारी संघ लि. दोलखा, बचत तथा ऋण सहकारी संघ लि. दोलखा, जिल्लाका १०० भन्दा बढी सहकारी संस्था, ९ वटा स्थानीय पालिकासहित जिल्ला समन्वय समिति, राजनीतिक दल, संघीय संसदका माननीय सदस्यहरू, प्रदेशसभाका सदस्यहरू, जिल्लामा कार्यरत गैरसरकारी संस्थाहरू, स्रोत व्यवस्थापन सम्वद्ध सामुदायिक संस्थाहरू, उद्योग वाणिज्यसंघ लगायतका निजी क्षेत्रहरू, केन्द्रीय बचत तथा ऋण सहकारी संघ, राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय सहकारी बैंक, सहकारी विभाग, विभिन्न मिडियाका सञ्चारकर्मीहरूसहित भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री माननीय पदमा अर्यालज्यूको प्रमुख आतिथ्यमा ३५० भन्दा बढी संस्थागत प्रमुख तथा प्रतिनिधिहरूको सहभागितामा सम्पन्न दोलखा बृहत सहकारी सम्मेलनबाट सहकारी उद्यमशीलतामार्फत आर्थिक समृद्धिका लागि दोलखा सहकारी घोषणापत्र, २८ बैशाख २०७६ जारी गर्दछौं ।

१. आर्थिक समृद्धिका प्रयत्नहरूलाई 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय लक्ष्य हासिल गर्न केन्द्रित गर्नेछौं । यसका लागि सहकारी क्षेत्रका अन्तर्राष्ट्रिय सिद्धान्त र मूल्य मान्यता, दीगो विकास लक्ष्य, राष्ट्रिय दीर्घकालीन सोच, सहकारी ऐन, नीति, नियमावली तथा मापदण्डहरू, स्थानीय आवश्यक्ता, अवसर र सामर्थ्यको आधारमा रहेर काम गर्न सोही अनुसारको संस्थागत संरचना, दक्ष जनशक्ति र योजना प्रणाली विकासका लागि तत्कालै योजना बनाई अघि बढ्नेछौं ।

२. संस्थाको संगठन, प्रशासन तथा आर्थिक प्रणालीलाई सुशासन, पारदर्शी, प्रतिस्पर्धी र प्रभावकारी बनाउनका लागि सहकारीको आधारभूत मापदण्डलाई एकरूपता र प्रविधियुक्त बनाउने छौं ।

३. उद्यम विकासको माध्यमबाट आर्थिक रूपान्तरणमा योगदान गर्ने ठोस् कदम अघि चाल्न आगामी आर्थिक वर्षको आरम्भमै सहकारी र स्थानीय तहबीचको संयुक्त योजना तथा रणनीति तयार गर्नेछौं ।

४. सहकारी उद्यमशीलता विकास र आर्थिक रूपान्तरणका योजनाहरू समयसापेक्ष, सहज, प्रभावकारी र वैज्ञानिक रूपमा सञ्चालन गर्न विद्यमान ऐन, नियम, नीति, निर्देशिका, मापदण्ड, प्रशासन संयन्त्र, सहकारी व्यवसाय विविधकरणको सहजता, बजेट विनियोजन तथा अन्तरसरकारी समन्वयलाई सो अनुकुल बनाईदिन सबै तहका सरकारहरूसँग जोडदार माग गर्दछौं ।

५. जिल्लामा रहेका सबै सहकारीमा आर्थिक रूपान्तरणमैत्री नीति, विधि, प्रविधि र रणनीतिको प्रयोग तथा पूँजी निर्माणका लागि सम्बन्धित सबै पक्षलाई अभिप्रेरित र आपसी सहकार्य गर्नेछौं ।

६. सहकारी संस्थाहरूको वार्षिक योजना तथा कार्यक्रममा दीगो विकास लक्ष्यको कार्यढाँचा विकास गरी अघि बढ्नेछौं ।

७. जिल्लामा रहेका सहकारीमा कर्मचारी व्यवस्थापन, सेवा सुविधा, सार्वजनिक विदा लगायतका निर्णयहरूमा एकरूपता कायम गर्दै अघि बढ्नेछौं ।

८. सहकारीमार्फत गरिने उद्यमशीलता प्रवर्द्धनका लागि तिनै तहका सरकारसँग समन्वय कायम गर्न पहल गर्नेछौं । यसका लागि जिल्ला समन्वय समितिको संयोजनमा सांसद, छाता संगठनका प्रतिनिधि र सहकारी संस्थाका प्रतिनिधिसमेतको सहभागिता र परामर्शमा अघि बढ्न पहल गर्नेछौं ।

९. आर्थिक सामाजिक समृद्धिका अधिकतम लक्ष्यहरू हासिल गर्नका लागि सक्षम र प्रभावकारी संस्थागत संरचनाको आवश्यक्ता र जिल्लाको अवस्थालाई मध्यनजर राख्दै सहकारी एकरूपता र एकीकरणलाई अघि बढाउनेछौं । साथै, प्रचलित ऐन तथा नियमावली अनुसार सञ्चालन हुन नसक्ने संस्थालाई अनिवार्य एकीकरणका लागि जोड दिनेछौं ।

१०. यो घोषणापत्रको कार्यान्वयन, अनुगमन, संयोजन तथा समन्वय गर्नका लागि यसै सम्मेलनमार्फत आयोजक संस्थाहरू र स्थानीय तहका प्रतिनिधिहरूको पाँच सदस्यीय दोलखा सहकारी उद्यमशीलता प्रवर्द्धन समन्वय समिति गठन गरी अघि बढ्नेछौं ।

जय सहकारी ।

# सदैव झझल्काई रहने अन्तर देशीय सहकारी सिकाई यात्रा.........



**नविन राज दाहाल**

बरिष्ठ प्रशासकीय अधिकृत
नेफ्स्कून

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफ्स्कून) को सहयोगमा बंगलादेशको बचत तथा ऋण सहकारी केन्द्रीय संघवीच विगत १३ वर्षदेखि हुँदै आएको सद्भावना आपसी भ्रमण यस वर्ष पनि सम्पन्न भयो । यस वर्ष बंगलादेशबाट १९ जना सहकारी अभियन्ताहरू आउनु भएको थियो । यस भ्रमण कार्यक्रममा बंगलादेश सरकारको सहकारी विभागको उप रजिष्ट्रार एक जना, सहकारी विकास अधिकृत २ जना र १६ जना बंगलादेशको क्रियाशलि सहकारीहरूको सञ्चालक र व्यवस्थापकहरू हुनुहुन्थ्यो । सहकारीको अनुभव आदान प्रदानको कार्यक्रम दोलखा, ललितपुर, भक्तपुर र काठमाडौं जिल्लाहरूभित्रको अनुसरणीय अभ्यासमा अग्रणी स्थानमा रहेको केही बचत तथा ऋण सहकारी संस्थाहरूको अन्तरनिहित सिकाईलाई अन्तरसाथ सहित यस भ्रमण आयोजना गरिएको थियो । यस सिकाई अवलोकन भ्रमणले दुई देशबीचको अन्तर सहकारीको अभ्यासलाई अझ प्रभावकारी बनाउन ठूलो योगदान पुग्ने विश्वास लिएको छ ।

दोलखा, ललितपुर, भक्तपुर र काठमाडौं जिल्लाहरूको सहकारीहरू अवलोकनले स्थायीत्व, सदस्यलाई दिने सेवा र सास्कृतिक मुल्य मान्यताको जर्गेना गर्दै सहकारीको एकरूपता प्रणाली विकास भएको पायौं । सहकारी अभ्यासको कदममार्फत राज्यले आर्थिक समृद्धिका लागि योजनावद्ध रूपमा लिएको पूँजी निर्माण र परिचालनमा सहकारीहरूको अग्रणी स्थान रहेको हामीले देख्ने र सुन्ने अवसर पायौँ । सदस्य-सदस्य विचको पारस्परिक सम्बन्ध र सहकारीले स्थानीयतहमा उद्यमशिलता विकासमा पुऱ्याएको योगदान, सहयोगले हामी सवैमा राज्य समृद्धिको यात्रामा छ भन्ने अन्तरनिहित महसुस भयो । बंगलादेशबाट पाल्नुहुने सम्पूर्ण सहकारी अभियन्ताहरूले नेपालमा सहकारीको कार्यवन्यन अभ्यास देख्दा अधिक खुशी हुनुभएको पायौं । छिमेकी राष्ट्रले सहकारी मार्फत आर्थिक समृद्धिको चित्रण कार्यवन्यनले समुदायको आर्थिक तथा वित्तीय क्षमता अभिवृद्धि हुनेमा कुनै दुईमत नभएको महसुस गर्नुभयो ।

**सहकारी र संघमा भएको हेराई र अनुसरणीय अभ्यासहरू :**

| स्थान | अवलोकन | अनुसरण गर्न सकिने सिकाईहरू |
|---|---|---|
| • जिल्ला बचत तथा ऋण सहकारी संघ, ललितपुर | • संघले जिल्लामा रहेको बचत तथा ऋण सहकारी संस्थाहरूलाई सुशासनको क्षेत्रमा सहजीकरणको भूमिका निर्वाह गरेको ।<br>• अन्तर सहकारी बीचमा आपसी सद्भाव कायम राख्न जिल्लामा अग्रणी योगदान पुऱ्याएको ।<br>• नयाँ आगमन सहकारी नीति नियमको विषयमा जानकार गराउँदै सहकारी अभियानलाई जिल्लामा उच्चतम दिशा तर्फ उन्मुख गरेको । | • सहकारी सुशासन र नीतिगत व्यवस्थाको विषयमा समय समयमा प्रारम्भिक सहकारीहरूलाई उजागर गरिएमा सुशासनको सवलीकरणमा सहज हुने रहेछ ।<br>• जिल्ला बचत तथा ऋण सहकारी संघको अभ्यासमा सुशासन पद्धति विकासमा जवाफदेही, उत्तरदायी, पारदर्शी, सहभागिता र कानूनी मुल्य मान्यतामा सहकारीहरूको अभ्यास हुनुपर्छ भन्ने अवधारणाका साथ योजनावद्ध रूपमा कार्यान्वयन पक्षलाई अगाडि सारेर सहमतिमा हिड्ने हो भने अवश्य लक्षित दिशा प्राप्त गर्न सकिदो रहेछ । |

| स्थान | अवलोकन | अनुसरण गर्न सकिने सिकाईहरू |
|---|---|---|
| | | ● महिला उद्यमशीलता, युवा लक्षित कार्यक्रम तथा रोजगार सिर्जना गर्ने खालका कार्यक्रममा विषेश जोड दिई सहकारी अभियानलाई योजनावद्ध रूपमा कार्यवन्य गर्दा सहज हुदोरहेछ ।<br>● राज्यले लिएको आर्थिक समृद्धिको पाटोमा विकासका पाइला अगि सारिँदा नेतृत्वमा वस्ने कर्ताले योजनालाई सुक्ष्मीय रूपमा केलाई सहकारी योजना निर्माणमा सहजीकरण गर्दा थप पूँजी निर्माण तथा परिचालन पद्धति प्रभावकारी हुनेरहेछ । |
| ● एकीकृत फ्रेण्डसीप साकोस, जिरी, दोलखा<br>● मिलिजुली साकोस, दोलखा,<br>● हाम्रो जनकल्याण साकोस, दोलखा<br>● पदमावती साकोस, ललितपुर<br>● उपकार साकोस, भक्तपुर | ● समूहहरूको झुण्ड,<br>● संस्थागत विकास,<br>● संस्था दिगोपना,<br>● आयको श्रोत परिचालन,<br>● कुशल नेतृत्व,<br>● समुदाय र संस्कृतिको जर्गेना,<br>● समुदाय प्रतिको चासो, हातेमालो अभ्यास<br>● सामुदायिक भावना,<br>● पूँजी निर्माणमा सदस्यलाई हौसला, मितब्ययीता, आर्थिक रूपान्तरणमा सहजीकरण, उद्यम विकासको योजना, नेतृत्वको महिला सकृयता, सद्भावमैत्री वातावरणको सृजना, नेफ्स्कूनको वढोत्तरीमा उत्साह,<br>● अन्तराष्ट्रिय सम्वन्धमा उत्साह..... | ● संस्थाको दिगोपनाको लागि कुशल नेतृत्वकर्ताको ठूलो भूमिका हुनेरहेछ र हामीले पनि कुशल नेता छान्नुपर्ने रहेछ ।<br>● कुनै पनि समस्या आइपरेमा पछाडि हट्ने होइन कि समस्याको समाधान खोजेर अगाडि बढ्यो भयो सदस्य र संस्थाहरू पूँजी निर्माण गर्न सक्दा रहेछन् ।<br>● सहकारी संस्था र स्थानीय सरकारको संयुक्त योजना र कार्यवन्यनको दिशा निर्माणमा सहकार्य गरिनु पर्नेरहेछ जसले गर्दा राज्यको तर्फबाट नीतिगत समस्या आईपर्दा सरकारको भूमिका तथा सहयोग प्राप्त हुनेरहेछ ।<br>● उद्यमशीलता विकासमा सहकारीले योजना बनाई सञ्चालकहरूको अग्रसरतामा स्थानीयतहमा आय आर्जनको पाटोमा विश्लेषण गरी परिचालन गर्दा सदस्य र सञ्चालकमा काम गर्ने उत्साह जाग्दो रहेछ ।<br>● पूँजी निर्माण जति सजिलो छ त्यसभन्दा कठिन सही लगानी र परिचालन हो । परिचालनको पक्षमा सहकारी सम्वेदनशील नहुने हो भने सहकारीले सदस्य घरधुरीलाई झन गरिब बनाउन सक्नेरहेछ ।<br>● सहकारीले सदस्यहरूको आर्थिक पक्षको पाटोमा प्रारम्भिक सर्भेक्षण गरी लगानी उपयोगीताको वातावरण बनाउनु पर्ने रहेछ ।<br>● सदस्यको चाहना विश्लेषण गरी पूँजीको प्रवाह गरिदाँ सही लगानी र उक्त लगानीको प्रतिफल प्राप्त हुने रहेछ ।<br>● साकोसको पूँजीको परिचालन नीतिलाई समय समयमा समिक्षा गरिनु पर्ने रहेछ ।<br>● सञ्चालकको नेतृत्व उत्पादन, वजार, रणनीति, नीति कार्यवन्यनमा पनि हुनुपर्ने रहेछ ।<br>● सदस्यहरूलाई दुई भागमा (हुने खाने र हुँदा खाने) विभाजन गरी लगानीको प्रवृत्तिलाई समिक्षा गरिनु पर्नेरहेछ । |

अन्तमा : यस दुई देशीय अन्तर सिकाई अवलोकन भ्रमणले नेपालको सहकारी अभ्यास, आर्थिक समृद्धिमा सहकारीको भूमिका अग्रणी रहेको कुरा र अनुसरण गर्नुपर्ने ज्ञानलाई सदैव झ-झल्काउने अपेक्षा लिएको छु । सदस्यसँगको अन्तर जिज्ञासा, सहकारी प्रतिको उत्तरदायित्व, प्रतिवद्धता र अन्तरनिहित योजनाहरू गुम्सिएको पाएका छौं । यसको अनुसरण अभ्यास समुदाय स्तरमा हेर्न र सुन्न पाइनेछ भन्ने लाग्छ । जसरी हामी अन्य स्थानमा अवलोकन अध्ययनका लागि गएका थियौं त्यसैगरी अन्य समुदाय पनि नमुना अभ्यासहरू हेर्न पाउने वातावरण सिर्जना हुनेछ भन्ने आशा सहित सम्पूर्ण सहकारी अभियन्ताबाट सुझावको लागि अपेक्षा राख्दछु ।

❑ ❑ ❑

# २०७५ फाल्गुन – २०७६ बैशाख मसान्तसम्म नेफ्स्कूनद्धारा सदस्यता प्रदान गरिएका संघ/संस्थाहरूको विवरण

| क्र.सं. | संस्थाको नाम | ठेगाना |
|---|---|---|
| १ | सुर्यगंगा साकोस | बर्दघाट ४, नवलपरासी |
| २ | स्वतन्त्र साकोस | दमक ६, झापा |
| ३ | बाशुलिङ्ग बहुउद्देश्यीय साकोस | सुर्नया २, बैतडी |
| ४ | गोठपानी साकोस | गोठपानी १, रामेछाप |
| ५ | शिवगढी साकोस | राप्ती १, दाङ |
| ६ | सशक्तिकरण महिला साकोस | तुलसीपुर ७, दाङ |
| ७ | गोल्डेनगेट साकोस | दमक ६, झापा |
| ८ | ढल्केवर साकोस | ढल्केवर ५, धनुषा |
| ९ | इनरूवा साकोस | इनरूवा ४, सुनसरी |
| १० | नव प्रभात महिला साकोस | देवदह ७, रूपन्देही |
| ११ | विरानमुनी साकोस | सिजुवा ८, मोरङ |
| १२ | समाधान साकोस | चन्द्रागिरी ५, काठमाडौं |
| १३ | अग्रज महिला साकोस | चागुनारायण ५, भक्तपुर |
| १४ | हमार साकोस | लम्की चुहा १, कैलाली |
| १५ | बागमती साकोस | बागमती ११, सर्लाही |
| १६ | आकाश गंगा साकोस | बरहथवा ६, सर्लाही |
| १७ | डाइनामिक युवा साकोस | बनेपा ४, काभ्रे |
| १८ | नाग्रेगगर्चे महिला साकोस | नाग्रेगगर्चे २, काभ्रे |
| १९ | पानस साकोस | बनेपा ८, काभ्रे |
| २० | तिनलाल साकोस | अनामनगर ३५, काठमाडौं |
| २१ | त्रिशुल साकोस | सिद्धार्थनगर ९, रूपन्देही |
| २२ | पटाकसार साकोस | ओमसनिया १, रूपन्देही |
| २३ | सहज साकोस | बुटवल ७, रूपन्देही |
| २४ | शिखर साकोस | सिद्धार्थनगर १२, रूपन्देही |
| २५ | मोतेश्वर आपसी साकोस | मोतीनगर ५, ललितपुर |
| २६ | हाइटेक श्री साकोस | नयाँबानेश्वर ३१, काठमाडौं |
| २७ | गोरखनाथ साकोस | बाह्रविसे ९, सिन्धुपाल्चोक |
| २८ | आइडियल साकोस | राजविराज ४, सप्तरी |
| २९ | विदेह साकोस | घोडघास ३, धनुषा |
| ३० | लेखापढी साकोस | लगनखेल ५, ललितपुर |
| ३१ | इन्द्रायणी साकोस | सानेपा २, ललितपुर |
| ३२ | सचेत महिला साकोस | बुटवल १३, रूपन्देही |
| ३३ | चन्द्र रत्न साकोस | नयाँबानेश्वर ३१, काठमाडौं |
| ३४ | सघन साकोस | प्यूखा २२, न्यूरोड |

| क्र.सं. | संस्थाको नाम | ठेगाना |
|---|---|---|
| ३५ | कन्भिनेन्ट साकोस | महावौद्ध २७, काठमाडौं |
| ३६ | हंसबाहिनी साकोस | दमक ९, झापा |
| ३७ | न्यू जागृति साकोस | दमक १, झापा |
| ३८ | सुर्यदर्शन साकोस | दमक ६, झापा |
| ३९ | पुर्विद्धार साकोस | मेचीनगर १०, झापा |
| ४० | जनआस्था साकोस | शिवसताक्षी ८, झापा |
| ४१ | बुद्धनगर कल्याणकारी साकोस | बिर्तामोड ५, झापा |
| ४२ | बिर्तामोड साकोस | बिर्तामोड ५, झापा |
| ४३ | सुनकोसी साकोस | बिर्तामोड ५, झापा |
| ४४ | माँ लक्ष्मी साकोस | बिर्तामोड ५, झापा |
| ४५ | शिखर साकोस | बिर्तामोड ५, झापा |
| ४६ | मोडल साकोस | दमक ६, झापा |
| ४७ | उद्धार साकोस | दमक ६, झापा |
| ४८ | न्यू पाथिभरा साकोस | शरणामति , झापा |
| ४९ | आकाशगंगा साकोस | बिर्तामोड(५, झापा |
| ५० | आवद्ध साकोस | बिर्तामोड(४, झापा |
| ५१ | गृहलक्ष्मी साकोस | मेचीनगर ९, झापा |
| ५२ | समृद्धि साकोस | भद्रपुर ५ झापा |
| ५३ | शिखा साकोस | दमक ६ झापा |
| ५४ | सुर्यकिरण साकोस | दमक ६ झापा |
| ५५ | गौरवशाली साकोस | बिर्तामोड ५, झापा |
| ५६ | धनलाभ साकोस | बिर्तामोड ५, झापा |
| ५७ | सिम्रीक साकोस | बिर्तामोड ४, झापा |
| ५८ | सुरूगां कन्काई साकोस | कन्काई ३, झापा |
| ५९ | ज्ञानोदय शिक्षक साकोस | भद्रपुर ८, झापा |
| ६० | मातृभूमी साकोस | दमक ६, झापा |
| ६१ | बहुभाषि साकोस | इटहरी २०, सुनसरी |
| ६२ | ऐश्वर्य महिला साकोस | इटहरी १२, सुनसरी |
| ६३ | पूजा साकोस | नासमना ३, भक्तपुर |
| ६४ | चन्द्रावती साकोस | जीराभवानी ३, पर्सा |
| ६५ | एग्रो साकोस | कालिमाटी १३, काठमाडौं |
| ६६ | शिक्षक कल्याण साकोस | निलकण्ठ ३, धादिङ |
| ६७ | तामाकोसी साकोस | चाबहिल ७, काठमाडौं |
| ६८ | छहारी साकोस | सूर्यविनायक ४, भक्तपुर |
| ६९ | एकता साकोस | रामारोशन १, अछाम |
| ७० | स्वाभिमान साकोस | गल्छी ७, धादिङ |
| ७१ | सुलभ साकोस | घोराही १५, दाङ |
| ७२ | गणपती साकोस | भरतपुर २, चितवन |

| क्र.सं. | संस्थाको नाम | ठेगाना |
|---|---|---|
| ७३ | शुभकामना साकोस | खैरहनी १, चितवन |
| ७४ | दिग्दर्शन साकोस | रत्ननगर १५, चितवन |
| ७५ | पचरती साकोस | खैरहनी ५, चितवन |
| ७६ | स्वकीय साकोस | कागेश्वरी ९, काठमाडौं |
| ७७ | मनवा साकोस | पर्सागढी १, पर्सा |
| ७८ | नारी संकल्प साकोस | कोटेश्वर ३२, काठमाडौं |
| ७९ | कन्काई साकोस | कोटेश्वर ३२, काठमाडौं |
| ८० | सूर्यदेव साकोस | नयाँबानेश्वर १०, काठमाडौं |
| ८१ | गोरखा साकोस | ताल्छिखेल १४, ललितपुर |
| ८२ | निसीखोला साकोस | निसीखोला ५, बागलुङ |
| ८३ | खुंगा ढोरपाटन साकोस | ढोरपाटन १, बागलुङ |
| ८४ | उज्वल साकोस | पोखरा ९, कास्की |
| ८५ | जीविका साकोस | पोखरा ३, कास्की |
| ८६ | चापाकोट पोखरा साकोस | पोखरा ७, कास्की |
| ८७ | देबीदोभान महिला साकोस | निसीखोला १, बागलुङ |
| ८८ | श्रीबृद्धि साकोस | पोखरा १०, कास्की |
| ८९ | नव प्रतिभा साकोस | बडिगाउ २, बागलुङ |
| ९० | वेगनास साकोस | पोखरा ३१, कास्की |
| ९१ | श्रमिक साकोस | पोखरा ३१, कास्की |
| ९२ | श्री अरनिको नमूना साकोस | गट्ठाघर ३, भक्तपुर |
| ९३ | सत्य साकोस | कोटेश्वर ३२, काठमाडौं |
| ९४ | अँकुर साकोस | मध्यपुर ठिमी २, भक्तपुर |
| ९५ | सहस्रधारा साकोस | नयाँबानेश्वर १०, काठमाडौं |
| ९६ | सिसिआई साकोस | नयाँबानेश्वर ३१, काठमाडौं |
| ९७ | आरूबारी साकोस | गोकर्णेश्वर ८, काठमाडौं |
| ९८ | पाबसा साकोस | चण्डोल ४, काठमाडौं |
| ९९ | सहयात्री साकोस | चाँगुनारायण २, भक्तपुर |
| १०० | कीर्ति साकोस | प्यूखा २२, काठमाडौं |
| १०१ | हनुमानढोका साकोस | खिचापोखरी २२, काठमाडौं |
| १०२ | सुमधुर साकोस | तिलोत्तमा १०, रूपन्देही |
| १०३ | भैरब साकोस | बुटवल ९, रूपन्देही |
| १०४ | अमरदीप साकोस | पत्थरकोट १, कपिलबस्तु |

| क्र.सं. | संस्थाको नाम | ठेगाना |
|---|---|---|
| १०५ | प्रेम साकोस | गौरीपुर ११, धनुषा |
| १०६ | मनासलु साकोस | नयाँबजार ७, गोरखा |
| १०७ | आशुतोष साकोस | मैतीदेवी ३२, काठमाडौं |
| १०८ | राप्ती साकोस | घोराही १५, दाङ |
| १०९ | शिवालिक साकोस | तुलसीपुर ५, दाङ |
| ११० | प्यूठान साकोस | बाग्दुला ८, प्यूठान |
| १११ | सम्पन्न लक्ष्मी महिला साकोस | सामाखुशी ३, काठमाडौं |
| ११२ | जाँते साकोस | लेटाङ ९, मोरङ |
| ११३ | सम्झना महिला साकोस | बिराटनगर ६, मोरङ |
| ११४ | स्वस्तिक साकोस | मध्यपुर ठिमी ६, भक्तपुर |
| ११५ | उपयोगी साकोस | हेटौडा ११, मकवानपुर |
| ११६ | प्राकृतिक साकोस | हेटौडा १२, मकवानपुर |
| ११७ | कुमारी साकोस | मध्यपुर ठिमी ४, भक्तपुर |
| ११८ | मोलुङ साकोस | कौशलटार ३, भक्तपुर |
| ११९ | हिन्चोक भैरव साकोस | सुर्यविनायक ४, भक्तपुर |
| १२० | घरपरिवार साकोस | सुर्यविनायक ४, भक्तपुर |
| १२१ | दिगो एकता महिला बिकास साकोस | विरेन्द्रगर ०६, सुर्खेत |
| १२२ | साझा साकोस | वीरेन्द्रनगर ०९, सुर्खेत |
| १२३ | ओयसीस साकोस | विरेन्द्रनगर ०६, सुर्खेत |
| १२४ | स्वस्थानी महिला विकास साकोस | विरेन्द्रनगर ०६, सुर्खेत |
| १२५ | अर्नामेन्ट साकोस | गोकर्णेश्वर ०५, काठमान्डौं |
| १२६ | हाम्रो त्रिवेणी साकोस | बौद्ध ०६, काठमान्डा |
| १२७ | अग्रगति साकोस | हेटौंडा ०१, मकवानपुर |
| १२८ | यातायात मजदुर साकोस | चन्द्रपुर ०६, रौतहट |
| १२९ | सेनानुङ साकोस | बनेपा १०, काभ्रेपलाञ्चोक |
| १३० | आत्मनिर्भर साकोस | झिमरूक ०५ , प्युठान |
| १३१ | दुधरास साकोस | तुल्सीपुर १८, दाङ |
| १३२ | सजिलो साकोस | घोराही १८, दाङ |
| १३३ | सुर्योदय साकोस | घोराही १५, दाङ |
| १३४ | उमंग साकोस | बनेपा १०, काभ्रेपलाञ्चोक |

# २०७५ फाल्गुन – २०७६ बैशाख समान्तसम्म संस्थाको उद्देश्य परिवर्तन भएर वा एकीकरण भएका कारण संघको सदस्यता खारेजीमा परेका संस्थाहरुको विवरण

| क्र.सं. | संघ/संस्थाको नाम | ठेगाना | कारण |
|---|---|---|---|
| १. | सानिमा साकोस | ललितपुर | उद्देश्य परिवर्तन भई बहुउद्देश्यीय भएकोले |
| २. | जनमुखी साकोस | बर्दिया | सदस्यता नं. ६९७ सँग एकीकरण भई साकोसको नाम परिवर्तन भएकोले |

# नेफ्स्कून आवासीय साकोस तालिम केन्द्र निर्माणको तयारीमा

नेफ्स्कूनले आफ्ना तालिम तथा शिक्षाका कार्यक्रमहरूलाई थप प्रभावकारी बनाउने उद्देश्यसहित काभ्रेपलाञ्चोक जिल्लाको बनेपा न.पा. १२ मा आवासीय साकोस तालिम केन्द्र निर्माणका लागि आवश्यक जमिन खरिद गरेको छ ।

नेपाल सरकार, सरोकारवाला निकायहरू, विकास साझेदार एवम् सदस्य संघ संस्थाहरूको सहकार्यमा आगामी आर्थिक वर्ष देखि उक्त जग्गामा तालिम केन्द्र निर्माणको कार्य थालनी गरिने संघले जनाएको छ ।



पाँचवटा तालिम कक्ष सहितको आवासीय भवनहरू र एक हजार जना क्षमता भएको सभाहल निर्माण गर्ने लक्ष्य सहित संघले यहि बैशाखमा २० रोपनी जग्गा खरिद गरेको हो ।

# आकाशदीप साकोस संस्थागत गुणस्तर वृद्धिमा प्रतिवद्ध

जीरी दोलखा स्थित आकाशदीप बचत तथा ऋण सहकारी संस्थाले संस्थाको जोखिम न्यूनिकरण गरी स्वस्थ्य र प्रतिस्पर्धि संस्थाको रूपमा अघि बढ्न प्रतिवद्ध रहेको जनाएको छ । चैत्र ८ देखि १० गतेसम्म सञ्चालित संस्थागत विकास तालिममा संस्थाका पदाधिकारीहरू, सल्लाहकार, व्यवस्थापक एवं कर्मचारीहरू सहित २२ जनाको सहभागिता रहेको थियो ।

तालिम समापनको अवसरमा बोल्दै संस्थाका अध्यक्ष मरिज बहादुर खड्काले यो तालिमले सहभागीहरूलाई सहकारीले नीति विधिमा संस्था सञ्चालन गर्न बुझाईमा एकरूपता कायम भएको र संस्थाको वृद्धि विकासका लागि विभिन्न रणनीतिहरूको बारेमा जानकारी हुनाले कार्यान्वयन गर्न हौसला मिलेको बताउनुभयो । नेफ्स्कूनका वरिष्ठ कार्यक्रम अधिकृत प्रेमनाथ वाग्ले र तालिम अधिकृत केशव प्रसाद दाहालले तालिममा सहजीकरण गर्नुभएको थियो ।

## २०७५ फाल्गुन–२०७६ बैशाख मासन्तसम्म नेफ्स्कूनका विभिन्न तहमा नियुक्त कर्मचारीहरुको विवरण

| क्र.सं. | नाम | पद | नियुक्ती मिति |
|---|---|---|---|
| १ | कल्पना पराजुली | सचिवालय अधिकृत, केन्द्रीय कार्यालय | २०७५/१२/०१ |
| २ | पेशल कुमार खड्का | बरिष्ठ व्यवसाय सहायक, भक्तपुर | २०७५/१२/०१ |
| ३ | निश्चल खतिवडा | कार्यालय सहायक, लेटाङ | २०७५/१२/१० |
| ४ | डिल्लिराम तिम्सिना | कार्यालय सहायक, झापा | २०७५/१२/१५ |
| ५ | गौरी तिमल्सिना | कार्यालय सहायक, केन्दीय कार्यालय | २०७६/०१/०१ |

# नेफस्कून फिल्ड कार्यालय सम्बन्धी जानकारी

| क्र.सं. | फिल्ड कार्यालय | स्थापना मिति | सम्पर्क नं. | ईमेल |
|---|---|---|---|---|
| १ | चावहिल | २०७० असार १५ | ०१-४४७९५४४ | chabahilfo@nefscun.org.np |
| २ | ललितपुर | २०७१ बैशाख १० | ०१-५५३२६५० | lalitpurfo@nefscun.org.np |
| ३ | चितवन | २०५८ कार्तिक २५ | ०५६-५७२१५१ | chitwanfo@nefscun.org.np |
| ४ | नेपालगञ्ज, बाँके | २०६३ आश्विन १ | ०८१-५२७५९१ | bankefo@nefscun.org.np |
| ५ | ईटहरी, सुनसरी | २०६० पौष १३ | ०२५-५८४८०५ | sunsarifo@nefscun.org.np |
| ६ | दोलखा | २०६७ आश्विन २ | ०४९-४२१६८४ | dolkhafo@nefscun.org.np |
| ७ | सर्लाही | २०७० जेठ १८ | ०४६-५३०६८७ | sarlahifo@nefscun.org.np |
| ८ | रूपन्देही | २०७१ असार २१ | ०७१-५४०३६८ | rupandehifo@nefscun.org.np |
| ९ | कञ्चनपुर | २०७१ बैशाख २४ | ०९९-५२५२०५ | kanchanpurfo@nefscun.org.np |
| १० | पोखरा, कास्की | २०७२ फागुन १२ | ०६१-५३३३८९ | pokharafo@nefscun.org.np |
| ११ | झापा | २०७२ फागुन १२ | ०२३-५८५३५५ | jhapafo@nefscun.org.np |
| १२ | कलंकी, काठमाडौँ | २०७३ भाद्र १५ | ०१-५२३४३५० | kalankifo@nefscun.org.np |
| १३ | दाङ | २०७३ आश्विन २० | ०८२-५६१८०९ | dangfo@nefscun.org.np |
| १४ | डडेलधुरा | २०७३ आश्विन १८ | ०९६-४१०१२७ | dadeldhurafo@nefscun.org.np |
| १५ | बीरगञ्ज, पर्सा | २०७३ मंसिर १२ | ०५१-५२८१०६ | parshafo@nefscun.org.np |
| १६ | लमजुङ्ग | २०७३ पौष २० | ०६६-५२१०९३ | lamjungfo@nefscun.org.np |
| १७ | सुर्खेत | २०७४ माघ ४ | ०८३-५२५७६० | surkhetfo@nefscun.org.np |
| १८ | बनेपा,काभ्रे | २०७४ फागुन ७ | ०११-६६२७५४ | banepafo@nefscun.org.np |
| १९ | न्यूरोड, काठमाडौं | २०७५ बैशाख १० | ०१-४२४१३५९ | newroadfo@nefscun.org.np |
| २० | जनकपुर, धनुषा | २०७५ असार २८ | ०४१-५९०५९० | janakpurfo@nefscun.org.np |
| २१ | धादिङ | २०७५ भाद्र १७ | ०१०-५२१२९९ | dhadingfo@nefscun.org.np |
| २२ | मकवानपुर | २०७५ आश्विन १७ | ०५७-५२३७१२ | makawanpurfo@nefun.org .np |
| २३ | लेटाङ्ग, मोरङ्ग सम्पर्क कार्यालय | २०७५ मंसिर १७ | ०२१-५६०६०५ | letangfo@nefscun.org.np |
| २४ | भक्तपुर | २०७५ मंसिर २६ | ०१-६६३७१५१ | bhaktapurfo@nefscun.org.np |

नेफस्कून

**नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफस्कून)**
केन्द्रीय कार्यालयः नयाँ बानेश्वर, काठमाडौं
फोन नं.: ०१-४७८१९६३, ४७८०२०१, फ्याक्स नं.: ०१-४७८३०७१
इमेलः nefscun@nefscun.org.np,
वेबसाइटः www.nefscun.org.np

# संस्थागत गुणस्तर सुनिश्चितताका लागि प्रोबेशन कार्यक्रम

**प्रोबेशनमा सहभागिताः गुणस्तर र व्यावसायिकता**

PROBATION
Program for Building Absolute & Professionalization

## Program for Building Absolute and Professionalization (PROBATION)

**पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम**






## कार्यक्रमका उद्देश्यहरु

- प्रमाणीकरण मार्फत संस्थाको स्तरिकरण गरी गुणस्तर सुनिश्चित गर्ने
- वित्तीय रुपमा स्वस्थ तथा सुरक्षित रहँदै सदस्य मैत्री प्रतिस्पर्धात्मक सेवा प्रवाह गर्न सक्षम बनाउने
- साकोसको योजनाबद्ध विकास तथा व्यवसायिक सेवा प्रवाहमा गुणस्तरको सुनिश्चितता गर्ने

### गुणस्तर मापनका लागि प्रयोग गरिने औजारहरु

वित्तीय व्यवस्थापनको लागि
**PEARLS**

संस्थागत सुशासन तथा व्यवस्थापनको लागि
**HIMAL**

### पुँजीको आधारमा सहभागिता शुल्क

| | |
|---|---|
| रु. ५ करोड सम्म | रु. ७५,००० |
| रु. ५ देखि १० करोड सम्म | रु. १,००,००० |
| रु. १० करोड भन्दा माथि | रु. १,२५,००० |

# NECOS

LITE

PLUS

ULTIMATE

## "साकोस अभियानको आफ्नै सफ्टवेयर" नेकोस

**परिचयः**

नेपालमा सञ्चालित वित्तीय कारोवार गर्ने सहकारीहरूको लेखा प्रणालीमा एकरूपता कायम गर्न तथा कारोवारलाई सुरक्षित, चुस्त, दुरूस्त तथा पारदर्शी बनाउनको लागि नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. द्वारा यस नेकोस सफ्टवेयरको विकास गरिएको हो ।

## नेकोस सफ्टवयरका विशेषताहरू

- नेफ्स्कूनद्वारा विकास गरिएको सबैभन्दा विश्वासीलो एवं भरपर्दो सफ्टवेयर,
- नविनतम् प्रविधिमा आधारित, मजबुत सुरक्षा प्रणाली मार्फत तथ्याङ्कको सुरक्षा गर्ने,
- सहकारीको सम्पूर्ण वित्त व्यवस्थापनको लागि सक्षम सफ्टवेयर,
- सहकारीलाई आवश्यक पर्ने सबै प्रकारका प्रतिवेदनहरू समेटिएको,
- सहकारी चार खाता समावेश भएको,
- डिभिजन सहकारी प्रतिवेदन, पर्ल्स प्रतिवेदन र लोन एजिङ समावेश भएको,
- संस्थाको आवश्यकता बमोजिम Customized Report तयार गर्न सकिने,
- SMS, E-Necos सुविधा भएको तथा ATM नेटवर्क जडान गर्न मिल्ने,
- ऋणको किस्ता तथा आवधिक बचत म्याच्युरिटीको पुर्व सूचना दिने,
- प्रयोगकर्ताले चाहेको समयमा तथा कम्प्युटरद्वारा स्वचालित तरिकाले व्याकअप लिन सकिने,
- सफ्टवेयरको प्रयोगकर्ता अनुसार क्षेत्राधिकार तय गर्न सकिने,
- कम्प्युटर सम्बन्धी सामान्य ज्ञान भएको व्यक्तिले समेत सजिलै सञ्चालन गर्न सकिने,
- वेभमा आधारित (Web Based) सफ्टवयर भएकोले एउटै मात्र कम्प्युटरमा जडान गरी एकै साथ LAN मार्फत २५३ वटा कम्प्युटर मार्फत सञ्चालन गर्न सकिने,
- ईन्टरनेट/ईन्ट्रानेट मार्फत असिमित कम्प्युटर तथा प्रयोगकर्ताले एकै साथ सञ्चालन गर्न सकिने,
- सेवा केन्द्रहरूको कारोवार छुट्टाछुट्टै सेवा केन्द्रमा प्रविष्टी हुने, सेवा केन्द्र अनुसार छुट्टाछुट्टै एवं एकमुष्ट वित्तीय प्रतिवेदनहरू तयार हुने,
- सेवा केन्द्रहरूको छुट्टाछुट्टै दैनिक खाता बन्दी (EOD) को व्यवस्था भएको,
- भुक्तानी पुर्जा (चेक), शेयर प्रमाण पत्र तथा कारोवारका बिल, भौचरहरू प्रिन्ट गर्न सकिने,
- हरेक प्रतिवेदनहरू एक्सेल, पिडिएफमा एक्स्पोर्ट गर्न सकिने ।